
# लेखापरीक्षण प्रतिवेदन
# चितवन
## २०७२।७३




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ। जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ। आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ। यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ। यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ। यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ। प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१. | जिल्ला अदालत | ३ |
| ३.२. | आन्तरिक राजश्व कार्यालय | ३ |
| ३.३. | भरतपुर अस्पताल विकास समिति | १५ |
| ३.४. | वीरेन्द्र वहुमुखी क्याम्पस | १८ |
| ३.५. | विपि कोईराला क्यान्सर अस्पताल | १९ |
| ३.६. | कृषि तथा वन विज्ञान विश्व विद्यालय परीक्षा नियन्त्रक कार्यालय | २५ |
| ३.७. | जिल्ला जनस्वास्थ्य कार्यालय | २६ |
| ३.८. | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान (केन्द्रिय कार्यालय) | २८ |
| ३.९. | मालपोत  कार्यालय | ३० |
| ३.१०. | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान (त्रि.वि) | ३२ |
| ३.११. | शैक्षिक तालिम केन्द्र | ३३ |
| ३.१२. | स्कुल अफ हेल्थ साइन्स | ३४ |
| ३.१३. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ३४ |
| ३.१४. | जिल्ला शिक्षा कार्यालय | ३५ |
| ३.१५. | जिल्ला विकास समिति | ३६ |
| ३.१६. | स्थानीय विकास कोषको सचिवालय | ४४ |
| ३.१७. | सिंचाई विकास डिभिजन | ४४ |
| ३.१८. | जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय | ४६ |
| ३.१९. | नारायणी लिफ्ट, खगेरी सिंचाई व्यबस्थापन डिभिजन | ४७ |
| ३.२०. | भूमिगत जल सिंचाई निर्देशनालय | ४९ |
| ३.२१. | भूमिगत जल सिंचाई विकास डिभिजन | ५० |
| ३.२२. | जिल्ला कृषि विकास कार्यालय | ५२ |
| ३.२३. | जिल्ला पशु सेवा कार्यालय | ५४ |
| ३.२४. | राष्ट्रिय मकैवाली अनुसन्धान कार्यक्रम | ५६ |
| ३.२५. | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ५८ |
| ३.२६. | डिभिजन सडक कार्यालय | ५९ |
| ३.२७. | नारायणघाट मुग्लिङ्ग सडक आयोजना | ६९ |
| ३.२८. | यातायात व्यबस्था सेवा कार्यालय | ७३ |
| ३.२९. | यान्त्रीक कार्यालय | ७३ |
| ३.३०. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ७४ |
| ३.३१. | शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय | ८१ |
| ३.३२. | जिल्ला वन कार्यालय | ८४ |
| ३.३३. | चितवन राष्ट्रिय निकुञ्ज | ८७ |
| ३.३४. | जिल्ला प्रशासन कार्यालय | ९२ |
| ३.३५. | जिल्ला कारागार कार्यालय | ९३ |
| ३.३६. | जिल्ला प्रहरी कार्यालय | ९४ |
| ३.३७. | मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र | ९५ |

३.३८. सशस्त्र प्रहरी वल गढीमाई गण ९५
३.३९. सशस्त्र प्रहरी विपद् व्यबस्थापन तालिम केन्द्र ९६
३.४०. सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय ९७
४. आन्तरिक लेखापरीक्षण ९८
अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क १००
अनुसूची २ : बेरुजूको स्थिति १०२
अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण १०४
अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली १०५

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्ने, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ४७ कार्यालयको विस्तृत र ३८ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ८५ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.२६ अर्ब ५३ करोड २५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ५६ कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा ९९९ र रु.८३ करोड ६० लाख ६७ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउँन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ४६ कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समायोजन भएको ४२३ दफा र रु.७२ लाख १४ हजार मिलान गरी ५५ कार्यालयको दफा ५७६ र रु.८३ करोड २३ लाख ३ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको क्रममा रु.४ लाख ३३ हजार र प्रतिक्रियाबाट रु.६ हजार समेत रु.४ लाख ३९ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.२० करोड ९२ लाख ७४ हजार, अनियमित रु.२४ करोड ५७ लाख ७३ हजार र पेश्की रु.३७ करोड ७२ लाख ५६ हजार रहेको छ। यस सम्वन्धी विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी वमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला अदालत

१. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । अदालतको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी सामनको मूल्य खुलाई नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, प्रत्येक निजामति पदको कार्यविवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तिमा आई पर्ने संभावित जोखिम क्षेत्रहरुको पहिचान र सो को निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको र तालुक कार्यालयले निरीक्षण नगरेकोले जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) वमोजिम तोकिएको समयमा स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पठाउनु पर्ने उल्लेख छ । तर आषाढ महिनामा मात्र रु.८६,४२,०००। खर्च गर्ने अख्तियारी पठाएको देखियो । समयमा अख्तियारी नपठाउँदा कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्न नसकी सेवा प्रवाहमा असर पर्ने हुँदा तालुक कार्यालयले समय मै खर्च गर्ने अख्तियारी पठाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **बढी ग्रेड :** यो बर्षको तलबी प्रतिबेदन पारि भए अनुसार एक हल्का सवारी चालकले ५६०। ग्रेड पाउनेमा रु.८४०। ग्रेड भुक्तानी दिएको हुँदा बढी ग्रेड भुक्तानी दिएको वार्षिक रु.३६४०। असुल हुनुपर्दछ ।

४. **लगत :** अदालतको तहशिल शाखाबाट प्राप्त विवरण अनुसार २०७२ आषाढ मसान्तमा २०७२।०७३ को निम्ति रु.२१४७३२९५।- लगत कायम भई यो वर्ष रु.१३४३१९८५।- समेत यो वर्षको रु.३४९०५२८०।- कायम हुनुपर्ने देखिन्छ । तर रु.३४९०३१५५।- कायम भई रु.२१२५।- फरक परेको रकम हिसाव मिलान हुनुपर्दछ ।

५. **धरौटीतर्फ :** प्राप्त आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु.३,६१,१८०५०।-, यस वर्षको आम्दानी रु.३,३५४३७६६।-, सदरस्याहा ८७,४४,२२५।-, फिर्ता रु.१,६५,९४,९५२।- गरी धरौटी बाँकी रु.४,४३,२२,६३८।- हुनुपर्नेमा बैंक अनुसार बाँकी रु.४,३९,२५,२७३।- देखिएकोमा फरक रकम रु.३,९७,३६५।- मध्ये रु.२,१३,३३५।- मिति २०७३।४।१२ मा धरौटी खातामा जम्मा भएको देखियो । बाँकी फरक रु.१,८४,०३०।- को हिसाब मिलान नभएको भनी गत वर्ष औंल्याएकोमा हाल सम्म पनि हिसाब मिलान गरेको छैन ।

## आन्तरिक राजस्व कार्यालय

१. **आय विवरण** : आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र दफा ९८ वमोजिम म्याद थप भएकोमा सो म्याद भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने ३६७२५ करदातामध्ये २३३४६ (६३.५७) प्रतिशतले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ । जस मध्ये डे १ १५५२३ विवरण (४२.२६) प्रतिशत र डे३ ७८२३ विवरण (२१.३१) प्रतिशत) रहेका छन । कानूनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने १३३७९ करदाता (३६.४३ प्रतिशत) को खोजि गरी आय विवरण दाखिला गर्न लगाउनु पर्दछ ।

१.१ मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका गत वर्षसम्म ६१८३ करदाताहरुमा यो वर्ष ५१९ थप भई ६७०२ मध्ये ६८५ ले स्थगन ३७९ खारेज गरेकोले बाँकी ५६३८ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा १००४ (१७.८० प्रतिशत) ले डेबिट विवरण, २२६१ (४०.०९

प्रतिशत) ले क्रेडिट विवरण, १०९७ (१९.४५ प्रतिशत) ले शुन्य विवरण पेश गरेको र २१७४ ( ३८.५५ प्रतिशत) ले विवरण पेश नगरेको र ६५ (१.१५ प्रतिशत) नखुलेको देखिन्छ। यसबाट डेबिट विवरण बुझाउने करदाताको सँख्या न्युन देखिएकाले (डेबिट भन्दा क्रेडिट २२५.२० प्रतिशत अर्थात २.२५ गुणाले बढी) बजार अनुगमन गरी यस्ता विवरणको छानवीन बढाउनु पर्ने देखिन्छ।

१.२ कार्यालयको अभिलेखबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या २४८७९ रहेकोमा ती करदाताले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरेको अभिलेख रहेको पाइएन। कार्यालय अन्तरगत दर्ता भएका करदाताहरुले आर्थिक वर्ष २०७२।७३ को अन्त्यमा १००४ ले डेबिट कर विवरण पेश गरी २०,३९,१०,४७८।- डेबिट रकम देखाएकोमा सो सबै डेबिट रकम दाखिला गरे नगरेको सम्बन्धमा नियमित रुपमा अनुगमन हुनु पर्दछ।

१.३ अन्तःशुल्क ऐन, २०५८ को दफा १०क मा अन्तःशुल्क निर्धारण र असुल गर्नुपर्ने दायित्व भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोबारको विवरण सो महिना समाप्त भएको पच्चीस दिनभित्र अन्तःशुल्क विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ। यस कार्यालय अर्न्तगत इजाजतपत्र लिएका व्यक्ति, फर्म, कम्पनी वा संस्था एवं अद्यावधिक रुपमा नवीकरण गराएका व्यक्ति, फर्म वा संस्थाको अभिलेख राखेको पाइएन। नवीकरण नगर्ने एवं विवरण दाखिला नगर्ने करदाताको खोजी गरी विवरण दाखिला गर्न लगाउनु पर्दछ। आयकर तर्फ आय विवरण पेश नगर्ने १३३७९ करदाताहरुले आर्थिक कारोबार गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनु पर्दछ।

२. **राजस्वको आर्थिक विवरण** : आर्थिक कार्यवधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष माप्त भएको ३५ दिन भित्र लगती राजस्व रकम र असुल हुन बाँकी रकम तथा हसवली राजस्व समेतको कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। उक्त आर्थिक विवरणको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छः

२.१. गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा रु.१,५५,९३,३५,००५।- लगत बाँकी भए पनि यस वर्षको आर्थिक विवरणमा गतवर्षसम्मको लगत बाँकी रु.१,५६,२४,४९,०१३।- कायम गरेको देखिन्छ। गत वर्षको रकममा रु.३१,१४,००८।- बढाई जिम्मेवारी सारेको छ। यस वर्ष जिम्मेवारी सरेको रकम समेतमा रु.८५,३१,५३,८४६।- मिन्हा गरेकोमा मिन्हा भएको सम्बन्धमा आर्थिक ऐन, २०७२ को दफा २२ मा आयकर ऐन, २०३१ बमोजिमको आय र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेको होटल, मनोरञ्जन, ठेक्का कर र विक्रि कर ऐन बमोजिम २०७० असार मसान्तसम्म लगत कायम भई असूल हुन नसकेको बक्यौता कर मध्ये रु.२० हजार सम्मको कर र सोमा लाग्ने व्याज मिन्हा गर्ने व्यवस्था अनुसार रु.२४ लाख २२ हजार, कर फछ्र्यौट आयोगवाट संझौता अनुसार एक डिष्टिलरीको रु.८२ करोड ५४ लाख ८४ हजार, एक फर्मास्यूटिकल्स प्रा.लि. को बिभागको आदेशले पुन कर निर्धारण आदेश अनुसार घटि कर निर्धारण गरेको रु.१ करोड ५ लाख ४६ हजार प्रमुख रहेका छन। यस वाहेक विगत वर्षको कर असूलीको भौचर रु.३६ लाख ७७ हजार यो वर्ष प्राप्त भएकोले सो समेत मिन्हामा राख्ने गरेको छ। कायमी लगत रकम रु.९९,९५,८०,२६२।- यस वर्ष असुल गर्नुपर्नेमा रु.१६,७१,०८,९९३।- (१७ प्रतिशत) असुल भई रु.८३,२४,७१,२७१।- आगामी वर्षको लागि जिम्मेवारी सारेको छ।

२.२. गत वर्षसम्मको बाँकी रु.७०,९९,५५,७७८।- र यो वर्ष थप भएको रु.१२,२५,१५,४९३।- समेत आर्थिक वर्षको अन्तमा कुल लगत बाँकी रु.८३,२४,७१,२७१।- पुगेको छ। उक्त वक्यौतामा विवादित करका सम्बन्धमा पुनरावेदन दिएको रकम रु.१९,५६,४७,०००।- समेत रहेको छ।

२.३. यो वर्ष विभिन्न करदाताबाट असुल भएको मूल्य अभिवृद्धि कर रु.४०,७७,९८९।- लाई हसवली आम्दानीमा देखाइएको छ। नियमानुसार कार्यालयले असुल गर्ने सम्पूर्ण राजस्व रकम आर्थिंक विवरणमा समावेश गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर तर्फ ७२३ करदाताले २०७३ आषाढ मसान्तसम्मको वक्यौता रु.२३,१६,०४,२२९।- आर्थिक विवरणमा लगतमा समावेश गरेको देखिएन।

कार्यालयबाट कर परीक्षण गरी रु.३,०७,४२,०००।- मूल्य अभिबृद्धि कर निर्धारण गरेकोमा सो रकमलाई माग किताबमा चढाई आर्थिक वर्षको अन्तसम्म असुल नभएको अवस्थामा राजश्वको आर्थिक विवरणमा लगत बाँकीमा देखाएको छैन ।

३. **कर निर्धारणमा गुणस्तरीयता** : एक डिष्टिलरीको २०५६।५७ मा आगोलागि भई ५० हजार क्वीण्टल मोलासिस विग्रिएको अवस्थाको जानकारी र त्यसमा स्वयं कार्यालयको भौतिक नियन्त्रण हुदा हुदै र तत्कालीन अवस्थामा प्रहरी मुचुल्का समेत तयार भएको ५ वर्ष व्यतित भएता पनि २०६२।१।११ मा विग्रेको र प्रयोग गर्न नसक्ने रु.५० हजार क्वीण्टल मोलासिसवाट सवै भन्दा उच्च गुणस्तरको स्थानीय मदिरा उत्पादन गरेको ठहर गरी रु ८१ करोड ९४ लाख ८४ हजार अन्तशुल्क छलेको ठहऱ्याइ अन्तशुल्क निर्धारण गरेकोमा कर फछ्र्यौट आयोगले रु ६० लाख कायम गरेको एक फर्मास्युटिकलको आर्थिक वर्ष २०६६।६७ को आयकर कार्यालयले मिति २०७२।१२।२८ को आर्थिक वर्ष २०६६।६७ र २०६९।७० को क्रमशः रु ३८ लाख १० हजार र ९६ लाख ५८ हजार कर निर्धारण गरेकोमा विभागवाट २०७३।२।१९ को प्राप्त आदेश पश्चात गरिएको पुन कर निर्धारणवाट क्रमशः रु ७ लाख ४९ हजार र रु २२ लाख ५५ हजार गर्नुले कर निर्धारणमा गुणस्तरीयता देखिएन । तसर्थ कर निर्धारणमा गुणस्तरियता नदेखिएकोले यसमा सम्वद्ध निकायको ध्यान जानु पर्दछ ।

कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७२।४।१ देखि २०७३।३।३१ सम्म २२७७ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.३६,९९,२७,०५४।- नेपाल सरकारले मूल्य अभिबृद्धी कर फिर्ता दिनु पर्ने सम्भावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाइएको छैन । क्रेडिट कर विवरण पेश गर्ने करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता छनौट गर्दा १३३६ रहेका छन । सो मध्ये सबैभन्दा बढि अवधि देखि निरन्तर क्रेडिटमा रहेका करदाताहरु निम्न रहेका छन । मुल्य अभिबृद्धि करमा रकम क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका सम्बन्धमा कार्यालयबाट बिशेष निगरानी राखी वास्तविक क्रेडिटको अवस्था एकिन गरी मु.अ.कर डेविटमा ल्याउन प्रभावकारी पहल गर्नुपर्दछ ।

४. **वक्यौता राजस्व असुली** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ मा कर असुल गर्न सक्ने तरिका उल्लेख छ । आयकर ऐन, २०५८ को दफा १०९ मा कर वक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनु पर्ने व्यक्ति वा निजको रकम जिम्मा लिने व्यक्ति समेतलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्न सक्ने व्यवस्था छ । अन्तःशुल्क ऐन, २०५८ को दफा १०ज मा अन्तःशुल्क अधिकृतले अन्तः शुल्क असुल गर्ने तरिका उल्लेख गरेको छ । वक्यौता असुली सम्बन्धमा कार्यालयबाट भएका कारवाहीको मूल्यांकन गर्न कार्यालयमा रहेको माग असुली किताब तथा करदाताको फाइल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।

४.१. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बाँकी रहेको कर रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्तसम्म ६६०१ करदाता रहेको र ती करदाताले कर वापत रु.२३,१६,०४,२२९।- दाखिला गर्न बाँकी रहेको छ । जसमध्ये रु.१ लाखभन्दा बढि बाँकी राख्ने ३५५ करदातासँग मात्र रु.१८,९९,३०,७२०।- बाँकी रहेको छ । बाँकी रकम असुल गर्न कार्यालयले आवश्यक सक्रियता र कानून अनुसार असुल गर्न प्रयास भइरहेको जनाएको छ ।

४.२. यस कार्यालय अन्तर्गत रहेका करदाताहरु मध्ये विभिन्न करदाताहरुसँग मिति २०७३ आषाढ मसान्तसम्म गत वर्षको आयकर रु.१२,३७,५८,७१७।- अन्तःशुल्क रु.६६,३५,३५,४०७।- पारिश्रमिक कर रु.९६,५८,५८३।- बहाल कर रु.८१,७९,१२९।- बिक्रिकर रु.२,४७,०९,३३९।- र ठेक्का कर

रु.३८,३३६।- मूल्य अभिवृद्धि करमा दर्ता नभएकासँग रु.२०,७१,८५१।- र अन्य रु.५,७३,८७६।- समेत गरी रु.८३,२४,७१,२७१।- कर असुल गर्न बाँकी रहेको छ ।

४.३. आर्थिक वर्षको अन्तमा असुल गर्न बाँकी आयकर तथा अन्तःशुल्क (मूल्य अभिबृद्धि कर बाहेक) वक्यौता राजस्व रु.८३,२४,७१,२७१।-मध्ये एक प्रा.लि.को २०७०।७१ को रु.७,१८,९५,०००।- का सम्बन्धमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन परेको कारणबाट कर रकम विवादित रहेको कार्यालयको अभिलेखबाट देखिन्छ । आयकर ऐन, २०५८ को दफा ११(८) मा निवेदन परेको साठी दिनभित्र विभागले निर्णय दिई सक्नु पर्ने व्यवस्था रहेकोमा तद्नुसार भएको देखिएन ।

४.४. आर्थिक वर्षको अन्तमा असुल गर्न बाँकी आयकर तथा अन्तःशुल्क (मूल्य अभिबृद्धि कर बाहेक) वक्यौता राजस्व रु.८३,२४,७१,२७१।- मध्ये करदाताहरुको कर निर्धारणका सम्बन्धमा राजश्व न्यायाधिकरणमा पुनरावेदन परेको कारणबाट कर रकम रु.२,६६,२९,५८०।-विवादित रहेको कार्यालयको अभिलेखबाट देखिन्छ ।

करदाताको कारोवार एवं चल अचल सम्पत्ति रोक्का गरेर वक्यौता असुल गर्न सकिने कानूनी व्यवस्था रहेतापनि वक्यौता असुली कार्य प्रभावकारी हुन सकेको छैन । आयकर ऐन, तथा मूल्य अभिवृद्धि कर कानूनको व्यवस्था अनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न करदाताहरुको खोजतलास गरी टुंगो लगाउने, सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही गर्न सक्ने कानूनी व्यवस्थाको पालना गरी वक्यौता असुलीलाई प्रभावकारी वनाउनु पर्दछ ।

५. **राजश्व असुली तथा दाखिला** : कार्यालयको राजश्व असुली तथा दाखिला एवं बैंक विवरण अनुसार श्रेस्तामा रु.५ हजार घटि भए पनि आर्थिक विवरणमा रु.१२,१३,८७,८४,४७४।- उल्लेख गरेको छ । परासी र कावासोती रा.वा.वैंकमा जम्मा भएको यस कार्यालयको कार्यक्षेत्रको राजस्व रु.२,९६,६७,६०१।- प्रगतिको लागि मात्र उल्लेख गरेको छ । आर्थिक विवरण कोष तथा लेखा नियन्त्रकको कार्यालय, नवलपरासीवाट पेश हुने कार्यालयले जनाएको छ ।

६. **करको दायरा विस्तार** : आयकर ऐन, २०५८ को दफा ७८ मा कुनै पनि व्यक्तिलाई आयकर ऐनको प्रयोजनको लागि प्रयोग गरिने कुनै आय विवरण वा अन्य कागजातमा स्थायी लेखा नम्बर उल्लेख गर्न आन्तरिक राजस्व विभागले आदेश दिन सक्ने व्यवस्था छ । आयकर नियमावली, २०५९ को नियम २३ मा निर्धारण योग्य आय आर्जन गर्न चाहाने वा आयकर ऐनको परिच्छेद १७ अन्तर्गत कर कट्टी गर्नुपर्ने दायित्व भएका जुन सुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बर लिनु पर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु अघि कारोबार दर्ताको लागि मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने व्यवस्था छ । अन्तः शुल्क ऐन, २०५८ को दफा ८ मा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिकी वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न चाहाने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनु पर्ने व्यवस्था रहेको छ । यस सम्बन्धी व्यहोरा देहाय अनुसार रहेका छन्:

कार्यालयको वार्षिक प्रतिवेदन अनुसार यसवर्ष दर्ता भएका करदाताहरुको संख्या ४१३३ वटा देखाएकोमा आन्तरिक राजश्व विभागको वार्षिक प्रतिवेदनमा ४०९३ वटा दर्ता भएको देखाएको छ । मूल्य अभिबृद्धिकर तर्फ कार्यालयको अभिलेखबाट यस वर्ष ५२० करदाता दर्ता भएको देखिएकोमा विभागको प्रतिवेदनमा यस वर्ष ५१८ करदाता दर्ता भएको देखिन्छ । अन्तःशुल्क तर्फ दर्ता प्रणालीलाई सूचना प्रविधिको माध्यामममा समावेश गरेको पाइएन । कार्यालयको अभिलेखबाट ३६३ करदाता यसवर्ष दर्ता भएको देखिन्छ । कार्यालयको वार्षिक प्रतिवेदन अनुसार ३०८ करदाताले स्थायी लेखा नम्बर र ६८५ ले मूल्य अभिवृद्धिकर स्थगन गराएको उल्लेख गरेको छ । २५०९ करदाताले आयकर र ३७९

करदाताले मूल्य अभिबृद्धिकर दर्ता खारेजी गरेको देखिन्छ। आयकर व्यक्तिगत तर्फ ३५१० दर्ता भएकोमा विभागको प्रतिवेदनमा ३३२० देखाएको छ। यसरी तथ्यांकमा फरक परेकोले यसमा सुधार हुनुपर्दछ।

७. **अनुगमन** : प्राइभेट फर्म सम्बन्धी मापदण्ड, २०७१ को दफा १२ मा आयात निर्यात, स्थानीय खुद्रा व्यापार र स्थानीय थोक व्यापारको उद्देश्य राखी दर्ता हुने प्राइभेट फर्मको वर्गीकरण र न्युनतम पूँजीको सिमा कायम गरिएको छ। सो अनुसार रु.५० लाखभन्दा बढि पूजी देखाई यस कार्यालयको कार्य क्षेत्रभित्र दर्ता भएका प्राइभेट फर्मको विवरण सम्बन्धित निकायबाट लिई ती फर्महरु मूल्य अभिबृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिबृद्धिमा दर्ता भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने देखिन्छ।

८. **अनुमानित करको विवरण** : आयकर ऐन, २०५८ को दफा ९४ मा किस्तावन्दीमा कर दाखिला गर्ने र दफा ९५ मा दाखिला गर्नुपर्ने अनुमानित करको विवरण बुझाउनु पर्ने व्यवस्था रहेको छ। सहकारी संघसस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड, २०६८ बमोजिम रु.एक करोडभन्दा बढि बचत परिचालन गर्ने संस्था वा संघ वा बैंकको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा मापदण्डमा तोकिएको ढाँचामा लङफर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा सहकारी संस्थाको प्रतिवेदन साथ उक्त प्रतिवेदन समावेश गरेको पाइएन।

९. **कागजातको ढाँचा** : कम्पनी ऐन, २०६३ अन्तरगत दर्ता भएका कम्पनीहरुले कम्पनी रजिष्टारको कार्यालयले मिति २०५८।२।१ मा नेपाल राजपत्रमा प्रकाशन गरेको ढाँचामा कम्पनीको वार्षिक आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था भएकोमा यस वर्ष कर परीक्षण भएका कुनै पनि कम्पनीको वित्तीय विवरण सो ढाँचा अनुरुप तयार गरी पेश गर्ने गरेको देखिएन र कर परीक्षण प्रतिवेदनमा ढाँचा पालना नभएको सम्बन्धमा उल्लेख गर्ने गरेको देखिएन।

१०. **करपरीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ आन्तरिक राजस्व विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। कर परीक्षणका लागि करदाताको छनौट गर्दा आयकर, मूल्य अभिवृद्धि कर र अन्तशूल्क तर्फ विभिन्न शीर्षकगत आधारमा करदाता छनोट गर्ने व्यवस्था रहेको छ। तर आन्तरिक राजश्व विभाग एवं कार्यालयले तोकिएका आधारलाई उपयुक्त भार दिई उच्च अंक आउने करदाताहरुमध्येबाट करदाता छनौट गरेको अभिलेख रहेको देखिएन।

कर परीक्षणबाट निर्धारण भएको आयकर रु.२ करोड ४ लाख ५४ हजार, मूल्य अभिवृद्धि कर रु.१ करोड ३३ लाख ८२ हजार, अन्तःशुल्क रु.६१ लाख १२ हजार तथा अन्य रु.७६ लाख ५६ हजार र रु.११ करोड १५ लाल ४८ हजार सञ्चित नोक्सानी घटाइएको मासिक प्रतिवेदनबाट देखिन्छ। यसबाट दर्ता भएका सबै आय विवरणहरुको कर परीक्षण गर्ने नीति अवलम्बन गरिएमा नेपाल सरकारको राजश्वमा थप योगदान हुने भएकाले जोखिमका क्षेत्र पत्ता लगाई करपरीक्षणको दायरा बढाउनु आवश्यक देखिएको छ।

११. **सञ्चालकबाट लिएको ऋण वा सापटी** : आयकर ऐन, २०५८ को दफा ११(ख) मा राष्ट्रिय महत्वका आयोजना, लगायत ३०० भन्दा वढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशत भन्दा वढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग वाहेक अन्यत्र लगानी गरेकोमा लगानीको स्रोत खोजिने व्यहोरा उल्लेख छ। आन्तरिक राजस्व विभागको मिति २०६९।०९।२९ को परिपत्रबाट समेत सञ्चालकवाट प्राप्त सापटीको रकम बैंक मार्फत प्राप्त हुनुपर्ने, सापटीको स्रोत एकीन गरी सापटी लगानीको रकममा कानुन अनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नु पर्ने उल्लेख गरेको छ। कार्यालयले यो वर्ष सञ्चालकबाट लिएको सापटीको सम्बन्धमा छानवीन गरेको देखिएन। साथै उक्त सापटी रकमको लेनदेन वैंक मार्फत भएको देखिएन। यसबाट कर दायित्वमा असर पर्ने अवस्था देखिएकोले छानविन हुनुपर्दछ।

१२. **ऋण पूंजीको अनुपात र आर्थिक कारोवार** : करदाताको वासलातमा रहने पूंजीको स्रोत मध्ये शेयर, ऋण मुख्य रहेका हुन्छन्  ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पूंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई बैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको देखियो । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पुंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका ३ करदाताको अवस्था २०:१ देखि ३०:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा परेको प्रभाव, यस सम्वन्धमा कानुनी व्यवस्था नभएकोले ऋण र पूंजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गदै अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नुपर्दछ ।

१३. **शिक्षा सेवा शुल्क** : नेपाल सरकारले निजी शिक्षण संस्थाले उठाउने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा शिक्षा सेवा शुल्क असुल गनें व्यवस्था गरेको छ तर यस्ता संस्थाहरुले भर्ना शुल्क तथा मासिक शिक्षण शुल्कका अलावा मासिक रुपमा अन्य शुल्कहरु समेत उठाउने गरेको देखिन्छ । यस्ता ६ शिक्षण संस्थाहरुले विद्यार्थीबाट लिने कुल शुल्कमध्ये १२.६६ देखि ४८.७६ प्रतिशतसम्म कर नलाग्ने गरी अन्य शुल्क उठाएको छ । भर्ना तथा अन्य शुल्क सम्बन्धी मापदण्ड निर्धारण हुनु पर्दछ ।

१४. **स्वास्थ्य सेवा कर** : आर्थिक ऐन, २०७२ को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामूदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी विजक मूल्यको पाँच प्रतिशतका दरले स्वास्थय सेवा कर लगाई असुल गरिने व्यवस्था छ । यस वर्ष २०७२।०७३ कार्यालयले रु.१० करोड ६८ लाख ५१ हजार शुल्क असुल गर्ने लक्ष्य भएकोमा रु.४ करोड ८२ लाख २० हजार मात्र असुल भएको देखाएको छ । कार्यालयको अभिलेखबाट ८ अस्पतालले स्थायी लेखा नम्बर लिएको देखिन्छ । यस जिल्लामा कारोबार स्थल राखी सम्बन्धित निकायमा दर्ता भएका निकायले स्थायी लेखा नम्बर लिए नलिएको र आय विवरण एवं शुल्क दाखिला गरे नगरेको सम्बन्धमा कायांलयलले विद्युतीय माध्यममा अभिलेख खडा गरी प्रभावकारी रुपमा अनुगमन गर्नुपर्दछ ।

१५. **सामाजिक सुरक्षा कर** : आर्थिक ऐन, २०७२ तथा आयकर ऐन, २०५८ को अनुसूची -१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक दुई लाख पचास हजार रुपैयासम्म रोजगारीको आय भएमा उक्त आयमा एक प्रतिशतका दरले र दम्पत्तीको हकमा वार्षिक तीन लाख रुपैयासम्म रोजगारी आय भएमा एक प्रतिशतका दरले कर लाग्ने, यस्तो कर रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असूल गरिने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ। यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.९,२२,१४,०९०।- असुल भई राजस्व खातामा दाखिला भएको छ । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नु पर्ने देखिन्छ ।

१६. **संशोधित कर निर्धारण** : मू..अ.कर ऐन २०५२ को दफा २० तथा आयकर ऐन २०५८ को  दफा १०१ मा दफा ९९ र १०० वमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्य वमोजिम न्यायोचित आधारमा समायोजन गर्ने विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ । उपरोक्त व्यवस्था वमोजिम प्रत्येक वर्ष विभाग तथा कार्यालयबाट निश्चित करदाता छनौट गरी कर परीक्षण गर्ने प्रचलन छ। यसरी कर परीक्षणवाट यो वर्ष रु १,२०,९८,४८२। मा संशोधित कर निर्धारणवाट रु ७७,३७९। अर्थात ०.६४ प्रतिशत थप योगदान दिएको देखियो ।

१७. **पोल्ट्री व्यवसाय** : सबैभन्दा राम्रो पोल्ट्री व्यवसाय रहेको चितवन जिल्लामा साना ठूला गरी ६४ वटा पोल्ट्री व्यवसाय संचालनमा रहेको पोल्ट्री व्यवसायी संघको अभिलेखबाट देखिन्छ । स्थापना

काल देखि निरन्तर संचालनमा ५ पोल्ट्री व्यवसायी करदाताको वित्तिय स्थिति विश्लेषण गर्दा सवै नोक्सानीमा रहेको देखियो । यसवाट आयकरमा तिनीहरुको योगदान नै देखिदैन । साथै मिस म्याचको स्थिति पनि निकै ठूलो परिमाणमा रहेको देखिन्छ । करदाताको व्यवसायिक स्थितिको यथार्थ आकलन गर्न थप अध्ययन विश्लेषण गर्नुपर्ने देखिन्छ ।

१८. **पूर्ण करपरीक्षण :** पूर्ण करपरीक्षणतर्फ नमुना छनौटको आधारमा परीक्षण गरिएका करदाताको फाइल परीक्षण गर्दा देखिएका व्यहोरा देहाय वमोजिम छन् :

**१८.१.** एक मेडिसिन डिष्ट्रिव्युर्टसको आर्थिक वर्ष २०७०।७१ को कार्यालयले संशोधन कर निर्धारण गर्दा १४ वटा फर्मबाट रु.१,१९,७४,११३।- खरिद गरेको विवरण सम्वन्धित विक्रेताले प्रमाणित गरेको आधारमा देखाउनुपर्नेमा रु.१,१०,०३,८०२।- मात्र खरिद गरेको देखाएकोले छुट खरिद रु.९,७०,१००।- को आयकर ऐन, २०५८ को अनुसूची १ को अनुसार २५ प्रतिशतले रु.२,४२,५२७।- कर र दफा १२० अनुसार लाग्ने शुल्क, जरिवाना व्याज समेत हिसाव गरी असूल गर्नुपर्दछ ।

**१८.२.** एक ठेक्कापट्टाको कारोबार गर्ने करदाताले रु.१,०२,१३,०९१।- करयोग्य आय देखाई २०७१।०९।१० मा पेश गरेको २०७०।०७१ आय विवरणमा कार्यालयले ०७२।०५।०२ मा गरेको पूर्ण कर निर्धारणबाट खुद आय रु.१,१४,९०,०३५।- कायम गरेको फाइल परिक्षण गर्दा निर्माण सेवाले गत वर्ष सम्म रु.१,३६,९८,९५०।- बैंकबाट ऋण लिएकोमा यो वर्ष रु.१०,७१,११,७४१।- ऋण लिई सोको व्याज खर्च रु.७२,९२,९३८।- दावी गरेको छ । अर्को तर्फ वासलातमा प्राप्त हुनुपर्ने भनि एक संयूक्त उपक्रमबाट रु.२५,००,०००।- र अर्को एक संयूक्त उपक्रमबाट रु.५१,००,०००।- समेत रु.७६,००,०००।- देखाएको छ । सोको कुनै आम्दानी देखाएको पाइएन । तसर्थ वित्तिय संस्थाबाट ऋण लिई अन्य लाई लगानी गरेको रकम व्यवसायसंग असम्बन्धित देखिएकोले औषत व्याज दर ७ प्रतिशत ले रु.५,३२,०००।- खुद आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ४ अनूसूची १ वमोजिम २५ प्रतिशत कर रु.१,३३,०००।- दफा १२० (क) वमोजिम जरिवाना र सोमा लाग्ने व्याज समेत असुल गर्नुपर्दछ ।

**१८.३.** एक प्लाष्टिकजन्य उत्पादनको कारोबार गर्ने करदाताले २०७१।०७२ को आय विवरणमा करयोग्य आय रु.६०,३३,०७४।- देखाई पेश गरेकोमा कार्यालयले पूर्णकर परिक्षणबाट रु.६२,४९,२०१।- कर योग्य आय कायम गरी कर निर्धारण गरेकोमा करदाताले यो वर्ष रु.६,०२,३८,३८७।- ऋण लिइ व्याज खर्च रु.२७,२८,६७५।- लेखेको छ । निजले पेश गरेको वासलात अनुसार लिनुपर्ने हिसाबमा गत वर्ष सम्म रु.२,६५,३५९३६।- भएकोमा यस वर्ष रु.४,३९,३५,४०७। देखिएको छ । करदाताले आसामी नउठाई वैकबाट ऋण लिएको पाइयो । यस सम्बन्धमा सर्वोच्च अदालतको मिति २०६८।०५।०६ को निर्णयानुसार व्यवसाय संचालन गर्न आफूसँग नगद रकम नभएको भनि कुनै आर्थिक वर्षमा ऋण लिने करदाताले ऋणमा तिरेको व्याज खर्च कट्टी गर्ने तर अन्य कुनै व्यक्ति वा फर्मलाई व्याज लिई वा जुनसुकै शर्तमा सापटी वा ऋण दिएको अधिविकर्स सुविधा वा आय आर्जन गर्न उपयोग भएको भन्न नसकिने अवस्था रहेको हुन्छ भनि उल्लेख भएको हुँदा ऋणको समानुपातिक व्याज खर्च रु.१७,५८,१३६।- लाई अमान्य गरी करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ४ अनुसुची १ अनुसार २५ प्रतिशत कर रु.४,३९,५३४।- र दफा १२० वमोजिम जरिवाना तथा सोमा लाग्ने व्याज समेत हिसाव गरी असुल हुनुपर्दछ ।

**१८.४.** एक ग्याँसको कारोवार गर्ने करदाताले करयोग्य प्राय रु.३,७८,८४,२१६।- देखाई आय वर्ष २०७०।०७१ को आय विवरण पेश गरेकोमा कार्यालयबाट पूर्ण कर परिक्षण गर्दा करयोग्य आय रु.४,८२,४९५।- कायम गरी संशोधित कर निर्धारण गरेकोमा करदाताले यो वर्ष बैंक बाट रु.९,९०,११,५७८।- ऋण लिई व्याज खर्च रु.५३,३८,०४४।- दावी गरेको छ । सो व्याज खर्च मध्ये पूर्ण कर परिक्षणबाट पूर्ण रुपमा नयाँ अशिंयारहरु आएको शेयर स्वामित्व पूर्णरुपमा नयाँ अंशियारहरुमा आउनु भन्दा अघिको मितिसम्मको ऋण रकममा तिनुपर्ने व्याज आयकर ऐन,

२०५८ को दफा ५७ अनुसार खर्च कट्टी गर्न नपाउने भनि २०७१।०२।- सम्मको समानुपातिक व्याज रु.४६,७९,९३९।- अमान्य गरेको छ । बाँकी व्याज खर्च रु.६,५८,१०५।- का सम्बन्धमा नयाँ सन्चालकहरु २ जनालाई सापटी रु.३,७४,५८,७६०।- दिएको पाइएको र सो सापटी रकम बाट कम्पनीले कुनै आम्दानी प्राप्त गरेको नदेखिएकोले सो व्याज खर्च रु.६५८,१०५।- समेत खुद आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ४ अनूसूची १ अनुसार २५ प्रतिशत कर रु.१,६४,५२६।- र दफा १२०(क) वमोजिम जरिवाना र व्याज समेत हिसाब गरी असूल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा (३) क अनुसार गैर बासिन्दा संस्थासँग भएको आय ठेक्का वा करारमा ५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । करदाताले ग्यास ढुवानीको लागि संझौता गरी यो वर्ष ढुवानी भाडा वापत रु.२,५६,६७,५५३।- खर्च लेखेकोमा नियमानुसार कर कट्टी गरेको देखिएन । तसर्थ नियमानुसार लाग्ने कर असूल गर्नुपर्दछ ।

करदाताको मिसम्याच रिपोर्ट अनुसार रिपोर्टिङ्गले देखाएको खरिद र रिपोर्टेडले देखाएको विक्री र रिपोर्टिङ्गले देखाएको विक्री रिपोर्टेडले देखाएको  खरिद बराबर हुनुपर्दछ । १५ पार्टीहरुलाई देखाएको विक्री रु ६,५५,१४,१८८।- एकिन गर्न सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई पठाईएकोमा सोको जवाफ प्राप्त गरी कर दायित्व एकिन गर्नुपर्नेमा जवाफ प्राप्त गरेको देखिएन । यस सम्बन्धमा थप छानविन गरी कर दायित्वमा पर्ने असर एकिन गर्नुपर्दछ ।

१८.५. एक निर्माण तथा सप्लाई सम्बन्धी करोबार गर्ने करदाताले आर्थिक वर्ष २०७०।०७१ को आय विवरण कर योग्य आय रु.११,१९,०९५।५४ देखाई पेश गरेकोमा कार्यालयले गरेको पूर्णकर परिक्षण बाट रु.१२,२८,२८९।- करयोग्य आय कायम गरेकोमा करदाताले पेश गरेको अग्रिम आयकर कट्टी क्रेडिट विवरण अनुसार रु.२,३०,१९५।- क्रेडिट लिएको छ । जसको आधारमा यो वर्षको विक्री रु.१,५५,५४,२८९।- हुनुपर्नेमा वित्तिय विवरणमा रु.१,५३,५२,८७४।- मात्र देखाएकोले घटि विक्री देखाएको रु.२,०१,१४५।- आयमा समावेश गरी आयकर ऐन २०५८ को दफा ४ अनुसूची १ अनुसार २५ प्रतिशत कर रु.४०,२८३।- दफा १२० (क) अनुसार जरिवाना  त्यस्तै मू.अ.कर ऐन, २०५२ अनुसार १३ प्रतिशत मू.अ.कर रु.२६,१९३।- र सत प्रतिशत जरिवाना  समेत हिसाब गरी असूल गर्नुपर्दछ ।

१८.६. एक कन्स्ट्रक्सनको कारोवार गर्ने करदाताले आय वर्ष २०७०।०७१ को आय विवरणमा करयोग्य आय रु.७०,५७,२०२।- देखाई पेश गरेकोमा कार्यालयले गरेको पूर्ण कर परिक्षणबाट करयोग्य आय रु.७४,९५,०३५।- कायम गरी कर निर्धारण गरेको फाइल परिक्षण गर्दा मिसम्याच प्रतिवेदन अनुसार करदाताले एक सप्लायर्सबाट रु.२४,४४,२३१।- खरिद देखाएकोमा यसै कार्यालयको कार्य क्षेत्रका करदाताले रु.१५,५२,०२२।- मात्र विक्री गरेको उल्लेख छ । यसबाट रु.८,९२,२१०।- घटि खरिद गरेको पाइएकोले बढि प्रत्यक्ष खर्च दावी गरेको रकम कर योग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ४ अनूसूची १ वमोजिम २५ प्रतिशत कर रु.२,२३,०५३।- दफा १२० (क) वमोजिम शुल्क व्याज  समेत हिसाव गरी असूल गर्नुपर्दछ ।

१८.७. निर्माण सामाग्रीको खरिद विक्री गर्ने यस करदाताले आ.ब. ०७०।०७१ को करयोग्य आय रु.७,५४,०१३।८० देखाई आय विवरण पेश गरेकोमा कार्यालयबाट पूर्ण लेखापरिक्षण बाट करयोग्य आय रु.८,६४,७३०।- देखाई कायम गरी कर निर्धारण गरेकोमा करदाताको रिटर्न डिटेल अनुसार २०७१ आषाढ मसान्त सम्म कार्यालयले असूल गर्न बाँकी मूल्य अभिवृद्धि कर रु.४,१५,७०५।- छ । तर वासलातमा लिन बाँकी मू.अ.कर रु.३३,५८३।- उल्लेख गरेकोले रिटर्न डिटेल र वित्तिय विवरणमा रु.५,८६,७०६।- फरक छ । सो रकम आयकर ऐन २०५८ को दफा ४० वमोजिम निशर्त भएको मानी दफा ४ अनूसूची  १ वमोजिम २५ प्रतिशत कर रु.१४६,६७७ र दफा १२० (क) वमोजिमको जरिवाना तथा व्याज समेत हिसाब गरी असूल गर्नुपर्दछ ।

१८.८. एक मोटरसाइकल खरिद विक्रीको कारोबार गर्ने करदाताले आर्थिक वर्ष २०७१।०७२ को आय विवरणमा करयोग्य आय रु.२६,७२,५८७।- देखाई पेश गरेकोमा कार्यालयले पूर्ण कर परिक्षणबाट खुद आय रु.२८,९३,१४१।- कायम गरी कर निर्धारण गरेको फाइल परिक्षण गर्दा वासलात अनुसार करदाताले एक इन्टरप्राइजेजलाई रु.९,३३,७१३।- तिनुपर्ने देखाएको छ। गत वर्ष सम्म कुनै तिर्नुपर्ने रकम नदेखिएको र यो वर्ष समेत वाइपास इन्टरप्राइजेज सँग कारोबार भएको नदेखिएकोले उक्त दायित्वलाई आयकर ऐन, २०५८ को दफा ४० वमोजिम निशर्त भएको मानी ऐनको दफा ४ अनूसूची १ वमोजिम २५ प्रतिशत कर रु.२,३३,४२९। दफा १२०(क) वमोजिम जरिवाना र व्याज समेत असूल हुनुपर्दछ ।

१८.९. एक ग्यास उद्योग सन्चालन गर्ने करदाताले आय वर्ष २०७१।०७२ को खुद नोक्सान रु.२,१७,३२,०५९।- देखाई आय विगवरण पेश गरेकोमा कार्यालयले खुद नोक्सान रु.१,९७,६७,५३९।- कायम गरेकोमा करदाताको आर्थिक वर्ष २०७०।०७१ को पूर्ण कर परिक्षण प्रतिवेदनका खुद नोक्सान रु.७२,९९,५४२।- र यो वर्षको वित्तिय विवरण अनुसारको खुद नोक्सान रु.९८,४४,१४२।- समेत नोक्सान रु.१,७७,४३,६८५।- हुनुपर्नेमा रु.२,१७,३२,०५९।- देखाएको छ। खुद नोक्सान वढी देखाएको रु.३९,८८,३७४।- का सम्बन्धमा कर परिक्षण प्रतिवेदनले समेत खुद नोक्सानी घटाएको नदेखिएकोले नोक्सानी घटाउनु पर्ने देखिएको छ ।

१८.१०. एक ट्रेडिङ्ग प्रा लि.ले आय वर्ष २०७०।०७१ को खुद आय रु.१६,६८४।- देखाई आय विवरण पेश गरेकोमा कार्यालयले गरेको पूर्णकर परिक्षणबाट रु.८१,२४३।- कायम गरेकोमा वासलात अनुसार यो वर्ष रु.६७,८१,१५६।- वैंक ऋण लिई सोको व्याज खर्च रु.९,२०,६३१।- लेखेको छ। वासलातको अनूसूची १ अनुसार पेश्की तथा पाउनुपर्ने हिसाव भनि रु.१,१०,६६,२८०।- देखाएको छ । सो सम्बन्धमा पूर्ण कर परिक्षणको लागि कार्यालयले सोको विस्तृत विवरण माग गरेकोमा सो समेत पेश गरेको देखिएन। व्यवसायको लागि भनि ऋण लिने र सोको व्याज खर्च दावी गर्ने र व्यवसायिक प्रयोजन बाहेक लगानी गरेको हुनसक्ने देखिएकोले थप छानविन गरि आयकर ऐन, २०५८ अनुसार त्यस्तो व्याज खर्च रु.९,२०,६२१।- छुट नहुने हुँदा खुद आयमा समावेश गरी ऐनको दफा ४ अनूसूची १ अनुसार २५ प्रतिशत कर रु.२,३०,१५६।- र दफा १२०(क) वमोजिम जरिवाना तथा व्याज समेत हिसाव गरी असूल गर्नुपर्दछ ।

१८.११. एक मदिरा उत्पादन तथा विक्रीको कारोबार गर्ने करदाताले आय वर्ष २०७२।०७३ को आय विवरण करयोग्य आय रु.१४,१९,८४०।- देखाई आय विवरण पेश गरेकोमा करदाताले स्थिर सम्पत्ति विवरण अनुसार भवन निर्माणतर्फ गत वर्षसम्म ४७,५७,९७७।- भएकोमा यो वर्ष रु.४७,१३,६८९।- थप गरी रु.८८,७१,६६६।- पूँजिकृत गरेको छ। आयकर ऐन, २०५८ को दफा ८ (३) अनुसार ५० लाख भन्दा बढिको व्यवसायिक स्थाई संरचना अमानतबाट निर्माण गरेको भए मू.अ.कर लाग्ने खरिद घटाएर बाँकीमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। कर लाग्ने र नलाग्ने खरिदको विवरण पेश नगरेकोले सम्पूर्ण निर्माण कार्य छानविन गरी अमानतबाट गराएकोमा १३ प्रतिशत ले मूल्य अभिवृद्धि कर रु.६,१२,७७९।- र २५ प्रतिशत जरिवाना समेत असूल गर्नुपर्दछ ।

**१८.१२.** एक ठेक्कापट्टाको कारोबार गर्ने करदाताले आर्थिक वर्ष २०७२।०७३ को आय विवरण करयोग्य आय रु.३,३३,११,६१०।- देखाई ०७३।०९।२८ मा आय विवरण पेश गरेकोमा नाफा नोक्सान हिसाबको अनूसूची १३ मा ठेक्का आय रनिङ विलबाट रु.४,१७,०७,१००।- र दिनुपर्ने हिसावरु.६,३५,४५,७१३।- समेत कारोवार अंक रु.१०,०९,९८,५९७।- बाट दिनुपर्ने हिसाव रु.१,५२,४८,७१०। घटाई विनियम नाफा कायम गरेको सम्बन्धमा दिनुपर्ने विवरण संलग्न गरेको छैन ।

१८.१३. एक तेल उत्पादन गर्ने करदाताले गर्ने करदाताले आर्थिक वर्ष २०७२।०७३ को आय विवरण करयोग्य आय रु.१,४६,४५५।- देखाई पेश गरेकोमा दुई बैंकबाट ऋण रु.३,९५,५८,७८८।- देखाई व्याज खर्च रु.४१,५२,२३६।- लेखेको तथा ह्रास खर्च रु.८,७८,८२१।- दावी गरेकोमा सो खर्च लाई

पुष्टी गर्ने कागजात पेश गरेको देखिएन । करदाताले पेश गरेको आय विवरणमा करयोग्य आय रु.२,०३,०५५।- बाट कर छुटको संस्थालाई दिएको विवरण समावेश नगरी रु.५६,६००।- घटाएको देखियो । सो रकम आयकर ऐन, २०५८ अनुसार छुट नहुने हुँदा खुद आयमा समावेश गरी ऐनको दफा ५ अनूसूची १ अनुसार २५ प्रतिशत कर रु.१४,१५०।- र दफा १२० को जरिवाना तथा व्याज समेत हिसाव गरी असूल गर्नुपर्दछ ।

१८.१४. एक पेट्रोलियम पदार्थको करोबार गर्ने करदाताले आर्थिक वर्ष २०७२।०७३ को आय विवरण पेश गरी विवरण अनुसार कर योग्य आय रु.३,०२२८१।- देखाएकोमा करदाताले पेश गरेको वासलातमा यो वर्ष वैंकबाट ऋण रु.१,९८,८५,५६३।- लिई व्याज खर्च रु.१७,९४,७९९।- छुट लिएको छ । तर प्रा.लि.ले रु.१,४५,००,०००।- संचालक लाई सापटी दिएको रकममा औषत बैंक व्याज दर ९।०२५ प्रतिशतले हुने रु.१३,०८,६२५। खुद आयमा समावेश गर्नुपर्नेमा रु.४,८६,०८१।- मात्र समावेश गरेको पाइएकोले बाँकी रु.८,२२,५४३।- खुद आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ४ अनूसूची १ अनुसार २५ प्रतिशत कर रु.२,०५,६३६। र दफा १२० (क) वमोजिम जरिवाना र व्याज समेत असूल गर्नुपर्दछ ।

करदाताले चालु दायित्वतर्फ एक ग्यास उद्योगलाई दिनुपर्ने रु.५०,५४,२६९।- देखाएको छ । यो वर्ष उद्योगसँग कुनै कारोबार समेत गरेको देखिदैन । गत वर्ष सम्म समेत कुनै रकम तिर्नुपर्ने देखिएन । उक्त दायित्वलाई आयकर ऐन, २०५८ को दफा ४० वमोजिम निशर्ग भएको मानी आयकर ऐन, २०५८ को दफा ४ अनूसूची १ अनुसार २५ प्रतिशत कर रु.१२,६३,५६७ र दफा १२० (क) वमोजिम जरिवाना तथा व्याज समेत हिसाब गरी असूल गर्नुपर्दछ ।

१८.१५. ग्यासको कारोवार गर्ने एक करदाताले आर्थिक वर्ष २०७२।०७३ को पेश गरेको आयव्ययको अनुसूची ५ मा व्याज खर्च रु.३०,६०,१५४।- देखाएको छ भने वित्तिय विवरणमा रु.४२,०२,२०९।- व्याज खर्च देखाई रु.११,४२,०५५।- फरक परेको छ । तसर्थ बढि व्याज खर्च दावी गरेको रु.११,४२,०५५।- खुद आयमा समावेश गरी ऐनको अनुसूची -१ अनुसार २५ प्रतिशत कर रु.२,८६,२६३।- र दफा १२० (क) बमोजिम जरिवाना र लाग्ने व्याज समेत हिसाव गरी असुल गर्नुपर्दछ ।

१८.१६. एक पेण्टिङ्गको कार्य गर्ने करदाताले आर्थिक वर्ष २०७२।७३ को आय विववरण पेश गर्दा मूल्य अभिवृद्धि कर क्रेडिट गतवर्षको रु.४३,१८९।- र यस वर्षको रु.१०,४७,८३९।- समेत रु.१०,९१,०२९।- मात्र देखाउनुपर्नेमा वित्तीय विवरणमा रु.१३,१३,८३२।- देखाई फरक विवरण पेश गरेको छ । साथै मूल्य अभिवृद्धि करको क्रेडिट अनुपातमा विक्रि समेत थप हुन सक्ने भएकोले त्यस वर्ष पनि अध्ययन विश्लेषण हुनुपर्दछ ।

गतवर्ष रु.२२ करोड ४२ लाख २६ हजार विक्री गर्दा तलबमा रु.७८ लाख ७६ हजार खर्च लेखेकोमा यो वर्ष रु.२५ करोड ३८ लाख ४५ हजार विक्री गर्दा तलबमा रु.१ करोड ४८ लाख १५ हजार (गत वर्ष भन्दा ८८ प्रतिशत बढी खर्च लेखेको सम्बन्धमा व्यवसाय सँग सम्बन्धित हो होइन आवश्यक छानविन हुनुपर्दछ ।

१८.१७. मिल्कको कारोवार गर्ने एक करदाताको आर्थिक वर्ष २०६९।७० र २०७०।७१ सम्म २ वर्षको कुल बिक्रि रु.७९,७६,१८,६२८। रहेको छ । उक्त विक्री मध्ये मूल्य अभिवृद्धि कर नलाग्ने विक्री १९.९८ प्रतिशत रहेको छ । निजले ३ वर्षको अवधिमा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर रु.१,५६,६३,७७४।- समानुपातिक हिसाव कट्टी गर्दा १९.९८ प्रतिशतले रु.३१,२९,६२२।- नपाउने मूल्य अभिवृद्धि कर क्रेडिट देखिन्छ । तर निजले रु.६,३००।- मात्र डेबिट देखाएकोले सो घटाई बाँकी समायोजन नगरेको ३१,२३,३२२।- मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४० अनुसार समानुपातिक क्रेडिट नमिलेको असूल गर्नुपर्दछ ।

१८.१८. एक मदिरा स्टोर्सले आर्थिक वर्ष २०७१।०७२ मा एक ब्रुअरीसँग रु.१,४०,३९,२१६।- बराबरको कारोबार गरेकोमा हालसम्म आय विवरण पेश नगरेकोले उक्त कारोवारलाई खुद आय कायम गरी आयकर ऐन २०५८ को अनुसूची १ अनुसार २५ प्रतिशतले रु.३५,०९,८०४।- कर र लाग्ने शुल्क जरिवाना समेत नियमानुसार हिसाव गरी असूल गर्नुपर्दछ ।

१८.१९. एक खाद्य भण्डारले एक फ्लोर मिलसँग आर्थिक वर्ष २०७०।७१ मा रु.१,४४,५२,५५०।- बराबरको कारोबार गरेको देखियो । तर निज करदाताले डे.१ मा रु.१५,२५,८९५।- मात्र करोबार गरेको देखाएकोले घटी कारोबार देखाएको रु.१,२९,२६,६५५। मा आयकर ऐन, २०५८ को अनूसूची १ अनुसार २५ प्रतिशत रु.३२,३१,६६३।- र त्यसमा लाग्ने शुल्क व्याज र जरिवाना समेत नियमानुसार असूल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१८.२०. एक स्कूलले आय विवरण साथ पेश गरेको आर्थिक वर्ष २०७१।७२ को लेखापरिक्षण प्रतिवेदनमा विद्यार्थीबाट उठाएको मासिक शुल्क रु.१,५७,५८,२५५।- मा १ प्रतिशत शिक्षा सेवा शुल्कले रु.१५७,५८२।- राजश्वमा जम्मा गर्नुपर्नेमा रु.९७,१६०।- मात्र दाखिला गरेकोले घटी दाखिला गरेको रु.६०,४२२।- र सोमा लाग्ने शुल्क जरिवाना समेत नियमानुसार असूल गर्नुपर्दछ ।

१८.२१. एक ढुवानी सेवाले आर्थिक वर्ष २०७१।७२ मा एक .ब्रुअरी प्रा.लि.सँग ८९,०८,४१०।- बराबरको कारोबार गरेको देखियो तर एक ढुवानी सेवाले पेश गरेको डे.१ मा रु.५ लाख मात्र कारोबार गरेको देखिएकोले रु.८४,०८,४१०।- घटी देखाएकोले आयकर ऐन २०५८ को अनूसूची अनुसार २५ प्रतिशतले रु.२१,०२,१०२।- र शुल्क जरिवाना व्याज समेत नियमानुसार असूल गर्नुपर्दछ ।

१८.२२. एक अटोको कारोवार गर्ने एक .अटोमोबाइल्स प्रा.लि.सँग २०७१।७२ मा रु.९६,२६,२८७।- बराबरको कारोबार गरेको छ । तर निज करदाताले उक्त आयवर्षको आय विवरण पेश गरेको नदेखिएकोले उक्त कारोबार रकमलाई खुद आयमानी आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशतले हुने रु.२४,०६,५७०। मूल्य थप शूल्क जरिवाना समेत हिसाब गरी असूल गरी राजश्व खातामा दाखिला गनुपर्दछ ।

१८.२३. एक ढुवानी सेवाले एक ब्रुअरी प्रा.लि.सँग रु.८३,६८,६७३।- को कारोबार गरेको देखियो । तर निजले सो समेतको आय विवरण पेश नगरेकोले उक्त कारोबार रकमलाई खुद आय मानी आयकर ऐन २०५८ को अनुसूची १ अनुसार २५ प्रतिशतले रु.२०,९२,१६८।- थप शुल्क जरिवाना समेत हिसाव गरी असूल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१८.२४. एक हस्पिटलले आय वर्ष २०७१।७२ को आय विवरण पेश गर्दा सेवा शुल्क वापत रु.९९,३३,२३२।- आय गरेकोमा आर्थिक ऐन, २०७१ को दफा ७ अनुसार ५ प्रतिशत स्वास्थ्य कर असूल गर्दा रु.४,९६,६६१।- हुनेमा रु.१,७०,४६९।- मात्र असूल भएको देखिएकोले घटी असूल गरेको रु.३,२६,१९१।- नियमानुसार व्याज, शुल्क र जरिवाना समेत असूल गर्नुपर्दछ ।

१८.२५. एक शैक्षिक सस्थाले आय वर्ष २०७२।०७३ को आय विवरण पेश गर्दा आफू मध्ये मासिक शुल्क रु.४,६७,८०,९७१।- र भर्ना शुल्क रु.८५,४३,२८१।- समेत रु.५,५३,२४,२५३।- असूल गरेको संलग्न लेखापरिक्षण प्रतिवेदनमा देखिएकोले आर्थिक ऐन, २०७२ को दफा ८ अनुसार १ प्रतिशत का दरले असूल गर्दा रु.५५,३२४।- राजश्व दाखिला हुनुपर्नेमा रु.१,४०,८५५।- मात्र असूल भएको देखिएकोले घटी शिक्षा सेवा शुल्क रु.४,१२,३८७।- राजश्व असूल गर्नुपर्दछ ।

१८.२६. यस कार्यालयको कार्यक्षेत्रको करदाता एक अस्पतालले आयवर्ष २०७२।७३ को आय विवरण पेश गरेकोमा स्वास्थ्य सेवा आय रु.२,५९,३४,८९०।- गरेकोमा उक्त आयमा ५ प्रतिशत का दरले १२,९६,७४४।- राजश्वमा जम्मा गर्नुपर्नेमा रु.९,७२,०२२।- मात्र जम्मा गरेको देखिएकोले घटी दाखिला गरेको स्वास्थ्य कर रु.३,२४,७२२।- असूल गर्नुपर्दछ ।

**१८.२७.** यस कार्यालयको कार्य क्षेत्रमा एक अस्पताल प्रा.लि.को २०७१।०७२ को कर विवरण पेश गर्दा संलग्न लेखापरिक्षण प्रतिवेदनमा फार्मेसीको विक्री कटाई बाँकी रु.३,७५,८५,६३१।- स्वास्थ्य सेवा विक्री गरेकोमा सोभा स्वास्थ्य सेवा कर ५ प्रतिशतले हुने रु.१८,७९,२८१।- दाखिला गर्नुपर्नेमा रु.१०,७८,६३७।- मात्र दाखिला गरेको देखिएकोले घटी दाखिला गरेको रु.८,००,६४४।- असूल गरी नियमानुसार शुल्क जरिवाना र व्याज समेत असूल गर्नुपर्दछ ।

१८.२८. पशु आहारा उत्पादन गर्ने तथा कुखुराको चल्ला विक्रि गर्ने करदातावाट २०६९।७० को आय विवरण पेश गरेकोमा यो वर्ष रु.७,१२,६००।- ऋण लिई सवारी साधन खरिद गरेको भनिएकोमा खरिद मिति र ह्रास खर्च खुल्ने विवरण पेश नभएको हुँदा उक्त सवारी साधन खर्च मान्य हुने देखिएन । प्रशासनिक खर्च अन्तर्गत करदाताले यो वर्ष मर्मत खर्च रु.२,३३,१७४।- खर्च लेखेकोमा आयकर ऐन, २०५८ को दफा १५ अनुसार ह्रास आधार रकमको ७ प्रतिशत भन्दा बढि खर्च गर्न नमिल्ने प्रावधान छ । ह्रास आधार रु.२१,१७,७८४।- को ७ प्रतिशतले रु.१,४८,२८५।- मात्र खर्च लेख्न मिल्ने हुँदा बढि खर्च लेखेको रु.८४९२९।- लाई करयोग्य आयमा समावेश गरी करको दर २५ प्रतिशतले हुने रु.२१,२३२।- असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

१८.२९. एक साधारण व्यवसाय गर्ने यस करदाताले आय वर्ष २०७२।७३ को आय विवरण पेश गरेकोमा करदाताले प्रस्तुत गरेको लेखापरीक्षण रिपोर्ट अनुसार वासलातमा रु.४३,८२,८७४६।- ऋण देखाएकोमा सो .ऋणको व्याज खर्च भुक्तानी आय विवरणमा रु.३१,१५,७३९।- देखाएको छ । आय विवरणमा व्याज खर्च लेखेता पनि पुनः प्रशासनिक खर्चमा विभिन्न पार्टीलाई व्याज खर्च रु.३,५३,६८३।- उल्लेख गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार उक्त व्याज खर्चलाई करयोग्य आयमा समावेश गरी करको दर २५ प्रतिशतले हुने रु.८८,१७०।- कर असुल गर्नुपर्दछ ।

वासलातमा स्थायी सम्पत्ति रु.१२,३३,६८३।- उल्लेख गरी ह्रास खर्च रु.२,७१,१०४।- आय विवरणमा उल्लेख भएकोमा करदाताको के कति स्थायी सम्पत्ति हो सो खुल्ने विवरण पेश नभएको हुँदा उक्त ह्रास खर्च मान्य हुने देखिएन ।

१९. **क्षति नोक्सानी** : अन्तशुल्क नियमावली, २०५९ को नियम २३ (क) मा वियर उत्पादन गर्ने इजाजतपत्र वालाले तयारी वियरको अन्तिम रुपमा बोतलवन्दी भन्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतलवन्दी भएपछिको बोटल काउण्टरले देखाएको परमाणको मौज्दात कमि र पाश्चराइजेश्न, प्याकेजिङ्ग तथा गोदाम भण्डारण गर्दा टुटफुट वा विग्रीएर बोतलमा प्रयोग हुन नसक्ने अवस्थाको क्राउनकर्कको मौज्दातको कमिको विवरण निश्चित ढाँचामा मासिक रुपमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नुपर्नेछ र यसरी पेश भएको विवरण अन्तःशुल्क अधिकृतले १५ दिन भित्र जाँच गर्नुपर्नेछ । जाँच गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतलबन्दी भए पछिको बोतल भण्डारण गर्दा टुटफुट वा विग्रीएको वियरको भौतिक परीक्षण गर्दा बढीमा २ प्रतिशतसम्म मौज्दात कमिको मिनाहा दिन सक्ने व्यवस्था छ ।

कार्यालयको कार्य क्षेत्र अन्तर्गतका एक वियर उद्योगले पेश गरेको मासिक तथा वार्षिक विवरण अनुसार जर्ति मिन्हाको लागि मासिक रुपमा विवरण पेश गरेको देखियो । तर कार्यालयवाट १५ दिन भित्र जाँच गरी मनासिव देखिएमा मिन्हा दिने अन्यथा अन्तःशुल्क निर्धारण गर्नुपर्नेमा कार्यालयले जाँच गरी कारवाही टुङ्गो लगाएको देखिएन । तसर्थ फ्लोमिटर विग्रिएको अवस्थामा करदाताले फ्लोमिटर देखाएको परिमाण भन्दा बोतलबन्दीले देखाएको परिमाण घटि नहुने हुँदा १.५ प्रतिशत जर्ति पाउने देखिएन । उत्पादित वियरको आधारमा मात्र गणना हुने हुँदा फ्लोमिटर तर्फको नोक्सानी पाउने नदेखिएकोले पाश्चरराइजेशन र प्याकिङ्गतर्फको अधिकतम जर्ति २ प्रतिशत सम्म मिन्हा दिँदा पनि एक ब्रुअरीले सो भन्दा बढि दावि गरेको जर्ति मिन्हा नदिई सो वापतको अन्तः शुल्क रु.१२,२३,५७,३५१।- र सोमा लाग्ने व्याज र जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

अन्तःशुल्क नियमावली, २०६९ को नियम २३ (१) मा १ प्रतिशत भन्दा वढि जर्ति गएमा करदाताले मासिक रुपमा पेश गरेको विवरणको आधारमा १५ दिन भित्र जाँच गरी २ प्रतिशतले हुन रु १३,८७,०२,५६३।- सम्म जर्ति मिन्हा गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७३।१०।२६ सम्म पनि सो अनुरुप ३ वियरका करदाताको जर्ति मिन्हा गरेको छैन । जर्ति मिन्हा नभएको अवस्थामा करदाताले दावि गरेको २ प्रतिशतसम्मको जर्तिलाई समेत छानविन गरी कर दायित्व एकिन गर्नुपर्दछ ।

२०. **मासिक विवरण :** आर्थिक ऐन, २०६९ मा सवै प्रकारका पेण्टस्मा मुल्यमा ५ प्रतिशतले अन्तःशुल्क लाग्ने व्यवस्था छ । करदाताले पेश गरेको आय वर्ष २०७२।७३ को अन्तः शुल्क सम्बन्धी वार्षिक तथा मासिक विवरण इनामेल पेण्टस्, डिष्टेम्पर पेण्टस्, एक्ट्राकेयर वेश, याक वेश, प्राइमर र अन्य पेण्टस् आदि विक्रि गरेको देखिन्छ । करदाताले भन्सार दरवन्दीको ३२१० अन्तर्गत आयात हुने वाल पुट्टी तथा टायल पुट्टी विक्रि गर्दा अन्तःशुल्क असुल गरेको छैन । जुन सामान अन्तःशुल्क लाग्ने देखिन्छ । तर करदाताले अन्तःशुल्क नलाग्ने सामान विक्रि गरेको देखियो । अन्तःशुल्क योग्य सामान विक्रि गर्दा अन्तःशुल्क नलिएको सम्वन्धमा थप छानाविन गरी सो विक्रिमा विक्रि मुल्यको ५ प्रतिशतले लाग्ने र सो मा लाग्ने जरिवाना सो को मुल्य अभिवृद्धि कर समेत छानाविन गरी असुल गर्नुपर्दछ ।

वाल पुट्टी ८०७४ व्याग तथा टायल पुट्टी २४४ व्याग को प्रति इकाई विक्रिदर फाइल साथ पेश नगरेको तर करदाताले आर्थिक वर्ष २०७२।७३ को वित्तीय विवरण अनुसारको विक्रि रु.२५,३८,४५,०१४।- मा लग्ने अन्तःशुल्क रु.१,२६,९२,२५१।- असुल गर्नुपर्नेमा फाइल साथ मासिक अन्तःशुल्क निर्धारण फारममा मासिक विवरण तथा अन्तःशुल्क जम्मा गरेको भौचर समेत संलग्न गरेको नपाइएकोले एकिन गरी असूल गर्नुपर्दछ ।

२१. **प्रतिलब्धि दरः** उद्योग विभागवाट स्वीकृत नर्म्स अनुसार प्लाष्टिकमा सामान उत्पादन गर्ने उत्पादकले १०२ के.जि. कच्चापदार्थवाट १०० के.जि. तयारी सामान उत्पादन गर्नुपर्ने अर्थात उपलब्धि दर ९८.०३ प्रतिशत निर्धारण गरको छ । तर २ प्लाष्टिकका सामान उत्पादन गर्ने उद्योगहरुले उद्योग विभागले निर्धारण गरेको नर्म्स भन्दा कम दरमा उत्पादन देखाएकोले घटि उत्पादन देखाएको सामानको विक्रि मुल्यको अन्तःशुल्क ऐन, २०५८ को दफा ३ अनुसार मोलको ५ प्रतिशतले हुने अन्तःशुल्क रु १३,५६,७०३।- तथा ऐनको दफा १६ अनुसार शतप्रतिशत जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

२२. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजश्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा प्रचलित कानून बमोजिम खडा भएको कार्य सञ्चालन तथा अन्य सार्वजनिक कोषको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था रहेको छ । यसका लागि महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण कार्यविधि निर्देशिका, २०६८ कार्यान्वयनमा ल्याएको छ । कार्यालयले राजश्व एवं मूल्य अभिबृद्धि कर कोषबाट भएको खर्चको आन्तरिक लेखापरीक्षण गराएको छैन ।

## भरतपुर अस्पताल विकास समिति

१. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । अस्पतालको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा प्रत्येक निजामति पदको कार्यविवरण बनाई लागु नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको,उद्देश्य प्राप्तीमा आई पर्ने संभावित जोखिम क्षेत्रहरुको पहिचान र सो को निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक कार्यालयले निरिक्षण नगरेको, घर जग्गाको लगत राखेपनि अधिकांशको मूल्य नखुलेको र जग्गा धनी दर्ता प्रमाण पुर्जा नभएको,भुक्तानी जनाउने छाप नलगाएको, कर्मचारीको

तलवी प्रतिवेदन पास नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **जग्गाको उपयोग** : भरतपुर अस्पतालको स्वामित्वमा ३०-११-०६ विगाह जग्गा रहेको छ । सो मध्ये ९ बिगाहा जग्गा कलेज अफ मेडिकल साइन्स भरतपुर, चितवनलाई २०५३ सालमा ४९ वर्षको लागि लिजमा उपलब्ध गराएको, नेपाल नेत्रज्याति संघलाई २०४०।९।१३ को मन्त्रिपरिषद्को निर्णयानुसार आँखा अस्पताल सञ्चालन गर्न स्वामित्व हस्तान्तरण नहुने गरी ४ बिगाह जग्गा उपलब्ध गराएको, त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, भरतपुर क्याम्पसलाई अ.न.मि. विस्तार कार्यक्रम सञ्चालन गर्न ७ विगाह अस्पतालकै स्वामित्व रहने गरी २०३३।१।२८ मा नेपाल सरकारको निर्णयानुसार दिएकोमा यसका अतिरिक्त उक्त परिषद्को मध्य क्षेत्र क्षेत्रीय कार्यालयसमेत सोही स्थानमा सञ्चालन भइ रहेको समेतको परीक्षण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन्:

२.१ सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को बुँदा १४(२)मा लिज रकम निर्धारण गर्दा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको चालु वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने व्यवस्था छ । मालपोत कार्यालयको न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसार मेडिकल मार्गमा रहेको कलेज अफ मेडिकल साइन्सको ९ बिगाहा जग्गाको प्रतिकठ्ठा रु.२५लाखले रु.४५ करोड हुने र सोही कार्यनीतिको अनुसूची १ को सेवा/व्यवसायअन्तर्गत खण्ड (ङ) मा निजी मेडिकल कलेजको लागि १ प्रतिशत लिज रकम लिने दर तोकेकोले सोभन्दा न्यून गर्न कार्यनीतिले नदिने भएकोले रु.४५ करोडको १ प्रतिशतले रु.४५ लाख सो मेडिकल कलेजबाट असुल हुनुपर्नेमा रु.१५ लाखसमेत रु.२४ लाखमात्र प्राप्त भएकोले प्रतिवर्ष रु.२१ लाख नोक्सान परेकोले असुल हुनुपर्दछ ।

२.२ कलेज अफ मेडिकल साइन्ससँग भएको सम्झौताको शर्तअनुसार प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि गर्ने व्यवस्था भए तापनि जग्गाको लिज रकममा १० प्रतिशत वृद्धिले २०६२।६३ देखि २०७२।७३ सम्मको रु.६७ लाख ७८ हजार हालसम्म अस्पतालले प्राप्त नगरेकोले उक्त कलेजबाट ब्याजसहित हिसाब गरी असुल गर्नुपर्दछ ।

२.३ नेपाल नेत्रज्योति संघअन्तर्गत सन्चालित भरतपुर आँखा अस्पताललाई ४ बिगाह जग्गा भोगाधिकारको रुपमा प्रयोग गर्न दिएकोमा नेपाल सरकारलाई २०७२।७३ मा मात्र पनि ४ बिगाहाको प्रति कठ्ठा रु.२५ लाखले रु.२० करोडको १ प्रतिशतले हुने रु.२० लाख नोक्सान परेको छ । यसतर्फ अस्पताल सचेत हुनुपर्दछ ।

३. **उपकरण** : अस्पतालमा रहेका विभिन्न उपकरण तथा मेसिनहरु चालु अवस्थामा राख्नुपर्नेमा अपरेशन वार्डमा रहेको ओटी लाइट प्रयोग हुन नसकि प्रयोगविहिन अवस्थामा रहेको पाइयो । तसर्थ यस्ता अत्यावस्कीय मेसिन उपकरण चालु अवस्थामा राख्नुपर्दछ ।

४. **खपतको अभिलेख** : प्रत्येक वार्डमा खपत हुने औषधि तथा अन्य औषधिजन्य सामानको आम्दानी र खपतको अभिलेख अद्यावधिक राख्नुपर्नेमा आमा सुरक्षा, अपरेशन वार्डमा रजिष्ट्ररमा राखेको तर आम्दानी खर्च र बाँकी देखिने रेकर्ड नरहेको, सामाजिक इकाइमा औषधिको परिमाण समेत खुल्ने रेकर्ड नरहेको र ल्याव तर्फ कुनै पनि रेकर्ड नरहेकोले ती सामान अभिलेखमा आम्दानी खर्च र बाँकी देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५. **निशुल्क औषधि** : स्वास्थ्य सेवा विभागबाट निशुल्क औषधि खरिद गर्ने प्रकृया सम्वन्धि निर्देशिका, २०७२ मा औषधिको प्रत्येक पत्ता बोतल, भाइल टयूब र सो को प्याकिङ्गमा समेत नेपाल सरकारद्धारा निशुल्क वितरणको लागि भन्ने वाक्यांश अनिवार्य रुपमा लेख्नु पर्नेमा यस अस्पतालबाट आमा सुरक्षा खर्चको लागि रु.१,२८,२९,०४६।- र लक्षित समूहलाई निशुल्क उपलब्ध गराएको

रु.१,०१,१५,०६३।- समेत रु.२,२९,४४,१०९।- मा विभिन्न औषधिमा नेपाल सरकारद्वारा निशुल्क वितरणको लागि भन्ने वाक्यांश लेखेको पाइएन । यसमा अस्पातलको ध्यान जानुपर्दछ ।

६. **अनुगमन तथा सुपरिवेक्षण** : "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका, २०६५ को दफा ९(१) अनुसार आमा सुरक्षा कार्यक्रमको व्यवस्थापन, अनुगमन, समिक्षा , प्रचार प्रसार र मुल्यांकन स्वास्थ्य सेवा विभाग तथा क्षेत्रीय स्वास्थ्य निर्देशनालय र जिल्ला जनस्वास्थ्यबाट हुने उल्लेख छ। निर्देशिकाको दफा ९(६) अनुसार अनुगमन तथा सुपरिवेक्षणको फारमको ढांचा अनुसूचि ७ मा तोकिएकोमा अनुगमन भएको अभिलेख, अनुगमन तथा सुपरिवेक्षण फाराम लेखा परिक्षण अवधिमा पेश भएन।

७. **प्रतिवेदन :** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ को दफा १०(१) अनुसार आमा सुरक्षा कार्यक्रम संचालन गर्ने जिल्लाका सवै स्वास्थ्य संस्था हरुले अनुसूची ६ र १० भरी प्रत्येक महिनाको ७ गते भित्र HIMS -32 आकस्मिक प्रसुती सेवाको अनुगमन को अनुसूची ६(क) समेत संकलन गरी जिल्ला स्वास्थ्य कार्यालयले स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखा र सम्बन्धित क्षेत्रिय स्वास्थ्य निर्देशनालय पठाउनु पर्ने उल्लेख छ। सो बमोजिमको प्रतिवेदन लगातार ४ महिना सम्म प्राप्त नभएमा सम्बन्धित स्वास्थ्य संस्थालाई "आमा सुरक्षा कार्यक्रममा "बिनियोजित रकम रोक्का गरिने समेत व्यवस्था भएकोमा अस्पतालले उपर्युक्त बमोजिम प्रतिवेदन सम्बन्धित निकायमा पठाएको देखिएन। निर्देशिका अनुसार तालुक निकायबाट विनियोजित बजेट रोक्का पनि गरेको छैन।

८. **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद संझौता बमोजिमको काम तोकिएको म्यादमा हुन नसकेमा निजले सार्वजनिक निकायलाई संझौता रकमको साधारणतया प्रतिदिन संझौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । तर अस्पतालले २ आपूर्तिकर्तासँग उपकरण खरिद गर्न संझौता गरेकोमा संझौता बमोजिमको म्याद भित्र उपकरण सप्लाई गरेको नदेखिएकोले नियममा भएको व्यवस्था अनुसार पूर्व निर्धारित क्षतिपूर्ति रु १२,५११। असुल गर्नुपर्दछ ।

९. **कालोसूची** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा स्वीकृतिको लागि छनौट भएको वोलपत्रदाता खरिद सम्झौता गर्न नआएमा वा सम्झौता वमोजिमको दायित्व पुरा नगरेमा कालो सूचीमा राख्नुपर्ने उल्लेख छ । अस्पतालले विभिन्न फर्निचरहरु खरिद गर्न सवैभन्दा कम कबोल गर्ने एक निर्माण सेवाले कबोल गरेको रु.२४,२९,९२४।- स्वीकृत गरेकामा निर्माण सेवाले कार्य गर्न नसक्ने भनि दोश्रो घटीवाला को रु.२९,२१,२८१।- स्वीकृत गरेको छ । संझौता बमोजिम कार्य गर्न नसक्ने निर्माण सेवालाई नियमावलीको व्यवस्था अनुरुप कालोसूचीमा राख्न पठाएको देखिएन । विडवन्ड अस्पतालमा नगदै जम्मा गरेको रकम रु १,१२,५००।- धरौटीमा रहेकोले जफल संचयकोष दाखिला गर्नुपर्दछ ।

१०. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम खरिद गरी वा नगरी र अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी सामान ७ दिन भित्र मूल्य समेत खुलाई आम्दानी बाध्नु पर्ने व्यवस्था छ । एक कर्मचारीले कार्यक्रम संचालन गर्नको लागि विभिन्न जिन्सी सामानहरु खरिद गरेको आधारमा रु.१,३५,०००।- पेश्की फछ्र्योट गरेकोमा टोनर जिन्सी खातामा आम्दानी नबाँधी खर्च लेखेको छ ।

११. **नापी किताव** : अस्पतालको हाताभित्र माटो खन्ने र पुर्ने काम गरे वापत एक कन्स्ट्रक्सनलाई रु.४,८०,३००।- भुक्तानी दिएकोमा सो कार्यको नापि किताव पेश हुनुपर्दछ ।

१२. **अग्रिम कर**ः आयकर ऐन, २०५८ को दफा ८९ अनुसार रु.५०,०००।- भन्दा बढिको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कटाई भुक्तानी दिनुपर्ने व्यवस्था छ। एक बुक सेन्टरवाट नसिंङ्ग कलेजको निम्ति पुस्तक खरिद गरे वापत रु.१,९९,८९८।- भुक्तानी खर्च लेखेकोमा अग्रिमकर १.५ प्रतिशतले रु.२,९९८।- असुल गरी राजस्व दाखिला हुनुपर्दछ।

त्यस्तै आयकर ऐन, २०५८ को दफा ८८ अनुसार परामर्श सेवा शुल्क भुक्तानी गर्दा भू.अ. करमा दर्ता नभएमा यदि कुनै फर्मको कर विजकको अग्रीम कर १५ प्रतिशत कटाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर अस्पतालवाट परामर्श सेवा वापत कर विजक विल बेगर दुई परामर्शदातालाई रु.५,४४,४७३।- भुक्तानी दिदा रु ७४,०५३। घटि कर कटा गरेको रकम असुल हुनुपर्दछ ।

१३. **पेश्की बाँकी** : आर्थिक वर्षको अन्त्यसम्मा एक कर्मचारीको नाममा रु ५०,०००। र नेपाल विद्युत प्राधिकरणसंग रु ४,३४,४२८।- पेश्की बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१४. **सुविधाः** अस्पताल विकास समितितर्फ कार्यरत करारका कर्मचारीहरुलाई तलव सुविधाको अतिरिक्त १० देखि ८० प्रतिशतसम्मको भत्ता दिइएको छ। सेवाग्राहीलाई सेवा दिए बापत प्राप्त सेवा शुल्क रकम अस्पतालको भौतिक विकासमा सदुपयोग गर्नुपर्नेमा करारका कर्मचारीलाई अतिरिक्त सुविधा दिनु नियमसंगत देखिएन ।

१५. **बढी भुक्तानी** : एनेस्थेसिया मेसिन ढुवानी गरेको एक कर्मचारीलाई रु.१६,५००।- भक्तानी दिएकोमा बिल रु.१५,०००।- मात्र भएको हुँदा रु.१,५००।- बढि भुक्तानी असुल गर्नुपर्दछ ।

१६. **अग्रिम कर** : दक्ष प्रसुति तालिम कार्यक्रम अन्तर्गत संयोजक तथा प्रशिक्षक समेत ९ जनालाई प्रशिक्षक भत्ता भुक्तानी रु ४,९२,७५०। दिँदा पारिश्रमिक कर कट्टि गर्न छुट भएको रु ७३,९१२।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

१७. **दाखिला** : बोलपत्र दस्तुर वापत रकम रु.४,८५,२५०।- राजस्व खातामा आम्दानी वाध्नु पर्नेमा समितिको खातामा आम्दानी बाँधेको पाइएकोले उक्त रकम राजस्व खातामा आम्दानी बाँध्नुपर्दछ ।

१८. **समितिको आय** : समितिमा प्रााप्त हुनुपर्ने आयको हिसाव दुरुस्त राख्नुपर्दछ । समितिको आयको लगत रजिष्टर परीक्षण गर्दा देखिएका व्यहोरा देहायानुसार छन्:

१८.१. एक ठेकेदारसंग २०७२/०७३ मा प्लाष्टिक र सिसा जन्य सामान उठाउने कार्य गर्न २०७२/०३/२९ मा प्रति महिना रु.१०,०००।- का दरले रु.१,२०,०००।- बुझाउने सम्झौता गरेकोमा रु.६०,०००।- असूल भएको र २०७२ माघ देखि निज ठेकेदार फरार रहेकोले आवश्यक कारवाही गरी ठेक्का फायल टुँगो लगाउनु पर्दछ ।

१८.२. एक व्यक्तिसंग पार्किङ्ग शुल्क उठाउने कार्यको लागि प्रति महिना रु.१६,५००।- का दरले गतवर्ष सम्झौता लाई निरन्तारता दिने गरी सम्झौता भएकोमा २०७३।०८।२६ सम्ममा रु.७५,०००।- समेत बाँकी रहेकोमा कार्यालयका कर्मचारीहरुको पार्किङ्ग शुल्क वापत प्रतिमहिना रु.५,०००।- कट्टा गर्ने समितिको निर्णय भएतापनि तद्नुसार ठेक्का सम्वन्धि कार्यको टुँङ्गा लगाएको छैन । आवश्यक प्रकृया पुरा गरी फायल टुँगो लगाउनु पर्दछ ।

१९. **उठाउन बाँकी** : विभिन्न ६ संस्थासँग गत विगतदेखि समेत लिन बाँकी देखिएको रु २४०४८५१३।- निजहरुसँगको सम्झौता वमोजिम असुल गर्नुपर्दछ ।

## वीरेन्द्र बहूमूखी क्याम्पस

१. **धरौटीः** धरौटी लागत अध्यावधिक गरी प्रयोजन समाप्त भएका धरौटी यकिन गरि आम्दानी गर्नूपर्नेमा नियमित तर्फको अनूसुची २ मा रु.९६०७६८१।- र आन्तरिक तर्फको अनूसुची २ मा रु.१०५४६२५१।- धरौटी रहेको पाइयो । अनूसुची २ (क) को ढांचा अनूसार धरौटीको कच्चावारी

नराखेको कारण प्रयोजन समाप्त भएको धरौटी तथा दायित्व यकिन गर्न सक्ने अवस्था देखिएन । तसर्थ धरौटी बांकिको व्यक्तिगत अभिलेख राखि प्रयोजन समाप्त भएका धरौटी तथा दायित्व एकिन गरी लेखा स्रेता आवधिक गर्नू पर्दछ ।

२. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । क्याम्पसको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी सामानको ह्रास कट्टी नगरेको, वेरुजुको लगत नराखेको, खरिद योजना तथा खरिद इकाई गठन नगरेको, सम्वन्धित शीर्षकमा समयमानै अग्रिम कर दाखिला नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

३. **पेश्की बांकि** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५० को नियम २८,२९,३० बमोजिम समयमै पेश्की फछ्र्यौट गर्नूपर्नेमा नियमित तर्फको अनूसुची ४ मा रु.१७८४५६।- र आन्तरिक तर्फको अनूसुची ४ मा रु.२६२९००।- समेत कुल रु.४४१३५६।- पेश्की फछ्र्यौट नगरेकोले नियमानुसार व्याज समेत असुल गर्नुपर्दछ ।

४. **कर विजक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) अनुसार रु.५०००। भन्दा वढिको सामान खरिद गर्दा मूल्य अभिवृद्धि कर भएका फर्मसंग विजक विल लिइ सामान खरिद गर्नू पर्नेमा एक छापाखानाबाट विजक वेगर रु.७०००।- को सामान खरिद गरेको देखियो । उक्त रकम असुल गर्नुपर्दछ ।

५. **वोलपत्र** : केन्द्रीय कार्यालयको स्विकृति वेगर रु.३३३४६४६।- का निर्माण सामाग्रीहरु तथा रु.१२००००।- शैक्षिक सामाग्रीहरु खरिद गरेको नियमसम्मत देखिएन ।

६. **दाखिला** : मूख्य लेखा सहायकको जिम्मामा रहेको विद्यार्थी आम्दानी रु.४३५३३३७- र अन्य आम्दानी रु.२४९१५।- समेत रु.४३७३२५२।- वैक दाखिला गर्नू पर्नेमा २०७३ आषाढ मसान्तसम्म रु.४३४९८१२।- मात्र वैक दाखिला भएकोले नपूग रु.२८४४०। २०७२।५।१३ मा मात्र वैक दाखिला गर्न लगाएको ५ । यसरी ढिला आम्दानी वैक दाखिला गर्ने कर्मचारीलाइ आवश्यक कारवाही गर्नुपर्दछ । यस्तै मूख्य लेखा सहायकको जिम्मामा रहेको विद्यार्थी आम्दानी रु.५८२३२९।- मध्ये २०७३ आषाढ मसान्तसम्म ५८०३०२८।- मात्र वैक जम्मा भएकोले नपूग रु.२०२६५।- २०७३।५।१२ मा मात्र जम्मा भएको हूदा यस्ता कर्मचारीलाइ आवश्यक कारवाही गर्नुपर्दछ ।

७. **गतवर्षको भुक्तानी** : शिक्षण सहायकलाई गत बर्षको छुट भएको पारिश्रमिक भनि २०७१ पौष देखि जेठ सम्म सात महिनाको १३३ कक्षाको कर कट्टि पश्चात २५१३२।- भूक्तानी भएकोले गत वर्षको रकम भूक्तानी गर्दा केन्द्रिय कार्यालयको स्विकृती लिएको देखिएन

८. **उपदान कोष** : त्रि.वि.वि व्यवस्था तथा संचयकोष सम्बन्धि नियम २०५० को दफा ६(२) अनूसार १० प्रतिशत रकम रु ११७८०००। र आर्थिक वर्ष २०७१।७२ को रु १०९७३३०।- समेत त्रि.वि. निवृत्तिभरण उपदान कोषमा दाखिला गर्नु पर्नेमा क्याम्पसमा संचालित विभिन्न कार्यक्रमहरुबाट अतिरिक्त आम्दानी स्वरुप विद्यार्थीहरुबाट उठेको रकम क्याम्पस विकास कोषमा राखेको रु.११७८१०००।- निवृत्तिभरण तथा उपदान कोषमा दाखिला गर्नुपर्दछ ।

९. **हिसाव मिलान** : खरिद सम्बन्धि दायित्वमा देखिएको रु.२६६६०००। लाई रिभर्स गरी हिसाव मिलान गनूपर्ने, त्यस्तै त्रि.वि. कम्प्युटर ऋणमा जिम्मेवारी न्युन देखिएको रु.४७३३।- हिसाव मिलान गर्नुपर्दछ । लिलामवाट आम्दानी भएको रु.८२५०००। र अन्य दायित्वमा राखिएको रु.२३०३१४। समेत आम्दानी वाँध्नूपर्दछ ।

## बि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल

१. **अनुदान** : यो वर्ष अस्पताललाई रु.८१,८९,६०,०००।- को बजेट तथा कार्यक्रम स्वीकृति भएकोमा रु.६३,२३,६६,०००।- निकाशा लिएको र यो वर्ष अस्पतालको आन्तरिक श्रोत समेत कूल बजेट खर्च

रु.४६,९५,७४,५३७।- भएको आधारमा नेपाल सरकार तर्फको रु.१६,२७,९१,४६२।- बचत भएको देखिन्छ । सरकारी निकाय समिति एवम् बोर्डहरुलाई सशर्त पूँजिगत अनुदानतर्फ मात्र रु.५६,००,००,०००।- मध्येबाट उपकरण खरिद तथा कार्यक्रम गर्न कार्यक्रम स्वीकृत भई आएकोमा रु.९,२३,८५,०००।- उपकरण खरिद र भवन निर्माणमा रु.३,२६,६७,०४५।- खर्च गरी ३ कार्यक्रमहरु संचालन नै नगरी पूँजिगत अनुदान रु.३७,४६,६६,०००।- निकाशा लिनु उपयुक्त देखिएन ।

नेपाल सरकारवाट पूँजिगत अनुदान रु.२४,९६,१३,९५५।- प्राप्त गरी रु.१२,५०,५२,०४५।- चालु कार्यहरुमा खर्च गरेको देखिन्छ । यसरी महत्वपूर्ण मेशिनरी तथा उपरकण खरीद गर्न विनियोजित बजेट चालु प्रकृतिका कार्यहरुमा खर्च गर्न उपयुक्त देखिएन । चालु प्रकृतिका कार्यहरुलाई नपुग हुने बजेट माग गर्दा चालु तर्फ कै कार्यक्रम स्वीकृत गराई सो अनुरुप खर्च गर्नुपर्दछ ।

२. **सञ्चालन नतिजा** : अस्पतालले गत बर्ष आन्तरिक श्रोत तर्फ रु.११ करोड ८५ लाख ४४ हजार तथा नेपाल सरकारको अनूदान रु.४१ करोड २ लाख ९० हजारसमेत रु.५२ करोड ८८ लाख ३४ हजार जम्मा आम्दानी भएकोमा यो बर्ष आन्तरिक श्रोत तर्फ रु.११ करोड ९ लाख ९९ हजार तथा नेपाल सरकारको अनूदान रु.६३ करोड २३ लाख ६६ हजारसमेत रु.७४ करोड ३३ लाख ६५ हजार प्राप्त भएकोमा यो बर्ष २१ करोड ४५ लाख ३० हजार बढेको छ। आन्तरिक आम्दानी बाहेक गत बर्षको तूलनामा ४०.५६ प्रतिशतले बृद्धि भएको छ । संस्थालाई आत्मनिर्भर बनाउन सञ्चालन आयमा बृद्धि गरी वा खर्चमा कटौती गरी दिर्घकालिन आयका उपायहरु समेत अवलम्बन गरी संस्थालाई दिगो बनाउनु पर्दछ ।

३. **जगेडा कोष** : अस्पताल सञ्चालक समितिको २०६०।४।२९ को (६९औं) बैठकको निर्णय अनूसार दिर्घकालिन अस्पताल जगेडा कोष स्थापना गरी बार्षिक आम्दानीको २० प्रतिशत रकम जम्मा गर्ने नीति रहेकोमा यो बर्षको अन्त्यसम्ममा सो कोषमा रु.५,२२,६०,८३३।- मौज्दात रहेको देखिन्छ । रकम अभावको कारणले खर्च लेखेको तर दाखिला गर्न बांकी रु.१४ करोड भएकोमा शूरु देखि हालसम्म जम्मा हुनुपर्ने कूल रकम स्पष्ट हुने विवरण तथा अभिलेख तयार गरेको देखिएन । सोको स्पष्ट विवरण तथा अभिलेख राखी उक्त कोषमा जम्मा गर्नुपर्ने रकम नीति अनुसार जम्मा गर्नुपर्दछ ।

४. **कर्मचारी कल्याण कोष** : कर्मचारी सम्बन्धी सेवा शर्त सूविधाको लागि कर्मचारी प्रशासन नियमावली २०६६ को परिच्छेद ९ र १० मा भएको व्यवस्था अनूसार अवकास एवं उपदानको लागि व्यवस्था गर्न कर्मचारी कल्याण कोषमा मौज्दात तर्फ रु.५ करोड ६३ लाख ५० हजार रहेको र रकम अभावको कारण रु.७ करोड गत विगत बर्ष देखि खर्च लेख्दै आएकोमा यो बर्ष १ करोड थप समेत रु.१३ करोड ६३ लाख ५० हजार वांकी देखिएको छ। समय अनूसार उपदान, संचित विदा, सेवा अवधिको आधारमा कोषमा हालसम्म नियमावलीको प्रावधान अनूरुप कति रकम जम्मा हूनुपर्ने हो सोको खर्च र भूक्तानीको मापदण्ड र सो सम्बन्धी विमाङ्की मूल्याङ्कन रहेको देखिदैन । साथै कोषमा हालसम्म संचय हुनुपर्ने रकम सम्बन्धी यथार्थ विवरण समेत तयार गरेको छैन ।

५. **उपचार खर्च** : अस्पतालको कर्मचारी प्रशासन नियमावली २०६६ को नियम ८९ मा प्रत्येक कर्मचारीले सेवा अवधिको आधारमा पद अनूसार २१ महिना, १८ महिना र १२ महिनाको तलव वरावरको औषधी उपचार रकम उपलब्ध गराउने व्यवस्था छ । सोही नियमावलीको नियम ९२ (२) मा अस्पतालमा स्थायी रुपले बहाल रहेका कूल कर्मचारी संख्याले खाइपाइ आएको एक महिनाको तलव बरावरले हुन आउने रकम समितिले प्रत्येक बर्ष कोषमा जम्मा गर्ने उल्लेख छ । सो अनूसार कोषमा यो वर्षसम्ममा रु.६५ लाख मौज्दात रहेको तर कोषमा दाखिला गर्न वांकी गत बर्ष सम्मको रु.७ करोड समेत रु.८ करोड रहेको छ । दाखिला गर्न वांकी समेत रु.९ करोड ६५ लाख रहेको छ । कर्मचारीको सेवा अवधि एवं पारिश्रमिकको आधारमा कोषमा जम्मा गर्नुपर्ने

रकमको यथार्थ विवरण तथा अभिलेख तयार गरेको देखिएन । सेवा अवधि तथा मासिक तलवको आधारमा कोषमा रकमको व्यवस्था गर्नुपर्दछ ।

६. **अक्षय कोष** : गरिब असहायको लागि सेवा एवं सुविधा वापत राहत दिने उद्देश्यले विगत वर्षमा खोलिएको दुई मुद्धती खातामा रु १ करोड जिम्मेवारी सार्दै ल्याएको छ । सो पूँजिबाट प्राप्त हुने ब्याज आय पूँजिकरण नगरेको र उक्त कोषको उद्देश्यलाई प्रतिफल मुखी बनाउन संचालन निर्देशिका समेत बनाएको पाइएन । बर्षान्तमा कोषमा व्याज समेत रु.१ करोड १ लाख २६ हजार रहेको देखिएको छ । यो बर्ष प्राप्त हुनुपर्ने व्याज प्राप्त गरेको छैन ।

७. **औषधि उपचार कोष :** विपन्न नागरिक औषधी उपचार कोष सञ्चालन र विपन्न नागरिकलाई औषधी उपचार आर्थिक सहायता उपलब्ध गराउनको लागि औषधी उपचार आर्थिक सहायता सम्बन्धि कार्यविधि निर्देशिका २०६५ अनुसार यो कार्य सञ्चालन हूँदै आएकोमा २०६७ मा विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०६७ स्वीकृत भई लागू भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७१ बनाई लागू गरेको र सोही निर्देशिका अनूसार मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सस, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इञ्जूरी र सिकलसेल एनिमिया रोगहरु लागेमा विरामीको उपचारको लागी मृगौला प्रत्यारोपण भएमा रु.२ लाख र अन्यमा प्रति विरामी बढीमा रु.एक लाख उपलब्ध गराउने ब्यवस्था रहेको छ । सोको लागी रु.१६ करोड ६२ लाख ९८ हजार ८ सय ४२ खर्च भएको देखिएको छ ।

८. **प्राप्त हुन बाँकी** : विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता प्राप्त विवरण अनूसार यो बर्ष विपन्न नागरिक औषधी उपचार आर्थिक सहायताको लागि नेपाल सरकारबाट रु.१४,१५,५१,२६७- प्राप्त भएकोमा जम्मा खर्च रु.१६,६२,९८,८४२।- भएकोमा र गत बर्षको रु.३,८०,११,६६५।- समेत रु.६,२७,५९,२४०।- प्राप्त हून वांकी रहेको देखिएको छ । विपन्न नागरिकलाई उपचार गर्ने समयमा नै भूक्तानी नगर्दा उपचारमा कठिनाई पर्ने भएकोले खर्च भूक्तानी गर्नको लागि उक्त आर्थिक सहायताको रकम समयमै प्राप्त गर्ने र भुक्तानी गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

९. **कार्यक्रम र प्रगति** : अस्पतालले वार्षिक कार्यक्रम सम्पादन गरी तोकिएको ढांचा अनुरुप प्रगती विवरण तयार गर्नु पर्दछ । यो वर्ष सम्पादन गर्न तोकिएको बार्षिक कार्यक्रम मध्ये रु.३२ करोड ७६ लाखको पेट स्क्यान मेशिन खरीद गर्ने काम नभएको र अन्य कार्यमा शत प्रतिशत प्रगति भएको प्रगति विवरण पेश हुन आएको छ । तर संचालित विभिन्न कार्यक्रमहरुको कार्यक्रमगत खाता राखेको छैन । कार्यक्रमगत खाता तयार नगर्नाले पेश गरेको प्रगती भिडाई हेर्ने आधार भएन । तसर्थ कार्यक्रमगत खर्च अभिलेख खाता तयार गरी वार्षिक लक्ष्य बमोजिमको प्रगति विवरण तयार गर्नुपर्दछ ।

१०. **बजेट खर्च** : अस्पतालको बार्षिक स्विकृत बजेट रु.२,०६,५०,४६,०००।- भएकोमा खर्च रु.४६,७६,२२,४७७।- भई बार्षिक बजेटको तुलनामा खर्च २२.६५ प्रतिशत मात्र भएको देखिएकोछ । बार्षिक बजेट अनुसार बजेट व्यवस्था नगरी खर्च गर्नाले लक्षित कार्यक्रम पुरा नहुने हुँदा बजेट निर्धारण यथार्थताको आधारमा गरी श्रोत जुटाउने र लक्षित कार्यक्रम पुरा गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । अस्पतालको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण नगरेको, जिन्सी सामानको मूल्य खुलाई नराखेको, पुराना सामान नियमानुसार लिलाम विक्री नगरेको, मर्मत अभिलेख नराखेको, आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा नगरी वार्षिक रुपमा गर्ने गरेको, निरीक्षण पुस्तिका नराखेको, दरवन्दी वमोजिम कर्मचारीको पदपूर्ति नभएको,

हाजिरी अभिलेख अद्यावधिक नगरेको, उद्धेश्य प्राप्तीमा आईपर्ने जोखिम पहिचान गरी सोको जोखिम रजिष्टर खडा गर्ने र संभावित जोखिम न्यूनिकरण गर्न गरेको प्रयासको विवरण तयार नगरेको, कर्मचारीलाई कार्य बर्गिकरण अनुरुप अधिकार प्रत्यायोजन नगरेको, आम्दानी र बैङ्क दाखिला विवरण मासिक रुपमा तयार गर्ने नगरेको, सामान खरिद गर्दा लागत अनुमान र प्राविधिक स्पेशिफिकेशन तयार नगरेको, गत वर्षको खर्चलाई समेत चालु वर्षमा लेख्ने गरेको, लागत अनुमान तयार नगरी मर्मत गर्ने गरेको, बिलबुक नविकरण गर्दा जरिवाना तिरेको, सट्टा बिदाको लेजर तयार नगरेको, हाजिर खातामा अनुगमनको अभाव देखिएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

१२. **कार्यालय निरीक्षण** : सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ बमोजिम तालुक निकायले कार्यालयको निरीक्षण गरी निरीक्षणका क्रममा देखिएका सुधारका क्षेत्रहरु बारेमा सम्बन्धित निकायलाई जानकारी गराउनुपर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट विभिन्न समयमा अस्पतालको निरीक्षण गरेको अस्पतालले जनाए पनि निरीक्षणमा देखिएका व्यहोरा उल्लेख गरेको अभिलेख लेखापरीक्षणको क्रममा पाइएन ।

१३. **उपकरण** : अस्पतालमा प्राप्त भएका उपकरणहरुलाई दुरुस्त राखि सेवा प्रवाह प्रभावकारी गराउनु पर्दछ । लेखापरीक्षणको क्रममा अवलोकन निरिक्षण गरेका प्रमुख ५ वटा उपकरणहरु मध्ये बायोकेमेष्ट्री एनालाइजर, हाई इनर्जि लिन्याक २३०० , भेन्टिलेटर २ चालु हालतमा रहेको देखिएन । तसर्थ उल्लेखित चालु हालतमा नरहेका उपकरण मर्मत गरी शिघ्र संचालनमा ल्याई सेवा प्रभाह प्रभावकारी बनाउनु पर्दछ ।

१४. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार तोकिए वमोजिको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा रिएजेन्ट किट खरिद गर्न एक ट्रेडिङ्ग कन्सर्नबाट कोटेशन लिई सोही कोटेशनलाई आधार मानी रु.१८,३१,५५४।- को लागत अनुमान तयार गरी बोलपत्रको सूचना प्रकाशन गरकोमा सोही ट्रेडिङ्ग कन्सर्नको मात्र बोलपत्र परेको भनि रु.१८,३१,५६३।- को वोलपत्र स्वीकृत गरी खरिद गरेकोमा पर्याप्त प्रतिस्पर्धा नभएको सम्वन्धमा एक मात्र आधिकारीक बिक्रेता भएकोले अन्य प्रतिस्पर्धामा आउने नसक्ने अस्पतालले जवाफ दिएको छ ।

१५. **खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने उल्लेख छ। तर नियमावलीको प्रावधान विपरित दुई विक्रेतावाट रु ११,४३,८९२।- टुक्रा टुक्रा पारी खरिद गरेको नियमसम्मत देखिएन ।

मर्मत कार्यको लागि कपर पाईप, ट्रलिको चक्का खरिद गर्न माग भएको कोटेशनमा ३ वटा फर्मको कोटशन प्राप्त भएकोमा सवै भन्दा घटी रु.१,१०,८७५।- एक सप्लायर्सले मूल्य अभिवृद्धि कर समेतमा दिने उल्लेख गरेकोमा अस्पताललाई थप दायित्व रु.२९,१३२।- पर्ने गरी कोटेशन नै पेश नगर्ने अर्को एक इन्टरप्राइजेजबाट रु.१,४०,००७।- मात्र खरिद गरी बढी भुक्तानी गरेको रु.२९,१३२।- असुल गर्नुपर्दछ ।

१६. **पेश्की** : आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट हुन बाँकी पेश्की वी.पी. कोइराला आर्थिक प्रशासन नियमावली, २०६६ को नियम ३९ बमोजिम फछ्र्यौट हुनुपर्दछ। पेश गरेको विवरण अनुसार अर्थिक वर्षको अन्तमा गत विगत वर्षहरुको पेश्की बाँकी रु.५,०६,५६,३६६।- भएकोमा आर्थिक वर्ष २०७२।०७३ मा गएको पेश्की मध्ये ३ कर्मचारीसंग रु.१६३०७०।- र एक मेडिकल संग रु.१३३०२७६।- समेत रु.१४,९३,३४६।- पेश्की रकम असल फछ्र्यौट गर्नुपर्दछ ।

१७. **सम्झौता** : अस्पताल र साझा स्वास्थ्य सेवा विच २०७०।११।६ मा भएको सम्झौता २०७०।१२।१२ मा समाप्त भैसकेको देखिन्छ। सोको म्याद हाल सम्म थप भएको देखिएन। सम्झौताको बुँदा नं. ३ अनुसार विक्रि कक्षबाट नगद विक्रि भएको खुद्रा विक्रिको ७ प्रतिशत र अस्पताललाई दिएको उधारो विक्रिमा ५ प्रतिशत रकम अस्पताललाई मासिक रुपमा साझाले बुझाउनु पर्ने उल्लेख छ।

सो अनुरुपको रकम साझाले मासिक रुपमा अस्पताललाई बुझाउनु पर्नेमा आर्थिक वर्ष २०७२।०७३ मा कुनै रकम बुझाएको देखिएन । सम्झौता नविकरण नभएको अवस्थामा अर्को व्यवस्था नभएसम्म ९ प्रतिशत रकम कट्टा गरी हिसाव गर्ने गरी २०७३।५।८ मा उल्लेख गरी साझाले २०७२।०७३ मा नगद विक्रि रु.४,७६,४७,९५३।- भएको भन्ने स्वयं घोषणाको आधारमा कुनै आधिकारीक रुपमा प्रमाणित वित्तिय विरण बेगरको रकमको ०७२ चैत्र १३ सम्मको विक्रि रु.३,३७,५०,६३३। र ०७२ चैत्र १४ बाट रु.१,३८,९७,३१९।- भएको आधार लिई रु.३६,१३,३०३।- बाट कर रु.३,४६,९९७।- कट्टा गरी रु.३२,६६,३०९।- र उधारो विक्रि अस्पतालकै अभिलेखबाट देखिएको रु.११,९७,३९,९९२।- म्याद समाप्त नहुन्जेलको ५ प्रतिशत र समाप्त पछि ९ प्रतिशत ले रु.७८,१६,१४५।- प्राप्त गरी कूल रु.१,१०,८२,४५१। मिति ०७३।६।२० मा अस्पतालले आम्दानी बाधेको देखिन्छ । तसर्थ साझाले विक्रि गरेको रकम आधिकारीक रुपमा प्रमाणित गरी सम्झौता अनुरुपको रकम लिनु पर्दछ । सम्झौताको म्याद थप गर्ने तर्फ अस्पताल प्रशासनको ध्यान जानुपर्दछ ।

१७.१. एक कार्गो सर्भिसबाट सामान अस्पताल सम्म ल्याएवापत सेवा शुल्क रु.१,२१,४००। भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कर विजक नभएकोमा १५ प्रतिशत अग्रिम कर कटाउनु पर्नेमा १.५ प्रातिशत कर कटाएको हुँदा निजको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने अन्यथा घटि कर १६,३८९। असूल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१७.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० को उप नियम ८ अनुसार चालु आर्थिक वर्षमा भुक्तानी दिनु पर्ने रकम बजेटको आभावमा भुक्तानी दिन नपुग्ने भएमा आगामी आर्थिक वर्षबाट भुक्तानी दिने गरी दायित्व सिर्जना हुने गरी भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई भुक्तानी दिन सक्ने व्यवस्था छ । अस्पतालबाट यो वर्ष भुक्तानी दिन बाँकीको अभिलेख वेगर एक कर्मचारीको ३ महिनाको तलव रु.९७८४२।- र एक कर्मचारीको दैनिक तथा भ्रमण भत्ता रु १७४००।- भुक्तानी दिएको नियमसम्मत देखिएन ।

१८. **भवन निर्माण :** भवन निर्माणको लागत रु.६६,१८,८३,५९३।-भई ठेक्का कबोल रु.६०,१९,९२,७९१।- मा एक निर्माण व्यवसायीले २०७२।५।२० सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का कबोल गरेकोमा उक्त २०० बेडको हस्पिटल हालसम्म पनि निमार्ण सम्पन्न भएको छैन । निर्माण व्यवसायीले विभिन्न कारण देखाई म्याद थप माग भएकोमा अस्पताल विकास बोर्डको बैठकले मिति २०७२।१२।२४ मा पुनः १५ महिना म्याद थप गरेको देखिन्छ ।

१९. **बैठक भत्ता** : बैठक भत्ता भुक्तानी खर्च लेखेकोमा सम्वन्धित व्यक्तिको भरपाई हुनुपर्नेमा ३ व्यक्तिहरुले बैठक भत्ता रु ३८२५।- बुझेको भरपाई पेश भएन ।

२०. **वढी भुक्तानी :** एक कर्मचारीको रु.१,५०,०००। पेश्की फछ्र्यौट समेत रु.१,८६,३१२। खर्च लेखेकोमा विल भरपाई अनुसार रु.१,८२,२६२। पेश्की फछ्र्यौट खर्च लेख्नुपर्नेमा रु.१,८६,३१२। खर्च लेखेकोले रु.४,०५०। बढी पेश्की फछ्र्यौट खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

२१. **जिन्सी आम्दानी** : अस्पतालको निम्ति आवश्यक सामान भन्सारबाट छुटाएको तथा प्लेन टिकटको विल अनुसार एक कर्मचारीलाई रु.२,९७,४३३।- भुक्तानी दिएकोमा विदेशबाट प्लेन मार्फत आएका सामान एकिकृत जिन्सी खातामा आम्दानी जनाउनु पर्दछ ।

२२. **भ्रमण विल :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(१०) अनुसार भ्रमणमा जाने कर्मचारीले भ्रमण आदेश तथा भ्रमण विल अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था छ । यस अस्पतालमा कार्यरत ३ कर्मचारीलाई रु २२४९२। भ्रमण विल संलग्न नराखी भुक्तानी दिएको नियमसम्मत देखिएन ।

२३. **बित्त विभाग :** एक्रुअल बेसिसमा बित्तीय विवरण तयार नगरेको सरकारी तथा स्वास्थ्य करकोषबाट प्राप्त रकमको छुट्टै आम्दानी र खर्चको लेखा श्रेस्ता नराखी एकै ठाँउमा राखेको, प्रत्येक विभागमा सानो नगदी कोष जस्ता खर्च हुने भए पनि सानो नगदी कोष खडा गरी नियमको पालना नगरेको,

आर्थिक प्रशासन नियमावलीको नियम ४ मा कर्मचारी कल्याणकोष लगायत विशेष कोष खडा नगरी एकमुष्ट रु.८ करोडको ब्यवस्था गरेको, विरामीको लागी मात्र धरौटी राख्ने, त्यसबाट विरामी चार्ज गर्ने गरी छुट्टै धरौटी खाता नखोलेको, खरिद योजना तयार नगरको, खरिद ऐन २०६३ मा सिलबन्दी कोटेशनको हद रु.१० लाख बोलपत्रको हद रु.१० लाख भन्दा बढि भए पनि यस अस्पतालको नियममा क्रमशः १ लाख ५० हजार देखी १५ लाख सम्म र रु.१५ लाख भन्दा बढी भन्ने उल्लेख गरी सार्वजनिक खरिद ऐनको पालना नभएको, विभिन्न बैंकमा २० बटा खाता खोली रु.९ करोड ३७ लाख ८९ हजार निस्क्रिय रुपमा राखेको छ ।

अपरेशन थिएटरको लागी २०७३ बैशाख महिनामा स्टोरबाट चिनी १० के.जी. र चिया ५ के.जी. भएको देखिन्छ भने सोही महिनाको जनरल भौचर नं. ३२९ मिति २०७३।३।८ बाट रु.८१,१५०।- भुक्तानी गर्दा रु.८६००।- को सोही सोही अपरेशन थिएटरकै चिया र चिनी खरिद गरेको उल्लेख छ यसमा आवश्यक नियन्त्रण हुनुपर्दछ ।

२४. **आय तर्फ** : आम्दानी अभिलेख गर्न सफ्टबेयर र लेखा अभिलेखमा मध्ये अन्यमा रु ३९,४५०। समेत ४ शिर्षकमा रु ५२,१००। फरक परेकोमा बास्तविकता पत्ता लगाई हिसाव मिलान गर्नुपर्दछ । यस्तै आय तर्फ लेखाबाट मात्र ओ.पी.डी. टिकटको आय रु.१४,५२,०९२।- र एम्बुलेन्स सेवाको रु.६०७४८०।- को आय सफ्टबेयरमा अभिलेखीकरण गर्नुपर्दछ ।

२५. **सेवामा छुट** : क्यान्सर सेवा समाजका अध्यक्षको सिफारिसमा यो वर्ष १५७३ विरामीलाई रु.२२,७३,७१३। बराबरको सेवा छुट दिएको छ । एकल सिफारिसको आधारमा दिइने छुटमा समनता हुने संभावना नरहने भएकोले निर्देशिका तयार गर्नुपर्दछ ।

२६. **खरिद** : खरिद नियमावली, २०६६ को नियम ११४ अनुसार खरिद गरी ल्याएको सामान स्पेशिफिकेशन तथा परिमाण बमोजिम भए नभएको जाँच गरी सामान दाखिला नगरेको,खरिद कार्यमा टेण्डर गरेको अभिलेख नराखेको , खरिद नियमावली, २०६६ को नियम ९ मा लगत अनुमान तयार गर्न विभिन्न आधारको खरिद इकाइले पूर्ण पालना नगरी ३ वटा कोटेशनको औषतको आधारमा लिने गरेको, टेण्डरमा प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्ने देखिएको छ ।

२६.१. **ग्लोव**, व्याण्डेज, कटन, टेप र अन्य सम्वन्धित सामान खरिद गर्न एक ट्रेडिङ्गसँग २०७२।६।२४ मा रु.७९,९६,५००। मा संभौता भएकोमा आपूर्ति गरिएका सामानसँग भेरिफिकेशन हुने गरी नमुना सुरक्षित साथ नराखेको र ती सामान गुणस्तर मूल्यांकन उपसमितिको २०७२।५।२७ को निर्णय अनुसार मात्र खरिद गरेको छ ।

२६.२. एक सप्लायर्सवाट डिजेल फिल्टरको भुक्तानी दिँदा बोलपत्रको दर अनुसार रु.४।- प्रति गोटाको दरले दिनुपर्नेमा रु.४,९९६। का दरले भुक्तानी दिएको देखिएकोले ३ वटाको रु.११,९८८। बढि भुक्तानी भएको रकम असुल गर्नु पर्दछ ।

२७. **व्याज** : संकटग्रस्त नारायणी विकास वैंकमा फिक्स डिपोजिष्टमा रकेको रु.७,७३,५०,०००। मा रु.२,२०,४२,११५। व्याज प्राप्त हुनुपर्नेमा हालसम्म प्राप्त नभएकोले हिसाव गरी व्याज प्राप्त गर्नुपर्दछ ।

२८. **पेश्की** : टाउँको, नाक, कान, घाँटी अनुसन्धान कार्यक्रममा सहायक प्रमुख पब्लिक हेल्थ अफिसरको नाममा रहेको रु.२,५०,०००। पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

आर्थिक वर्ष ०६२।६३ देखि ०६३।६४ सम्म ८ पार्टीलाई दिएको पेश्की रु.६९,३७,५९२।- हालसम्म फरफारक नभएकोले शिघ्र फरफारक गर्नु ध्यान दिनुपर्ने देखियो । यसै गरी यो वर्ष पनि समयमा पेश्की फछ्र्यौटको लेखांकन नगरेको देखिएको छ । यसमा सुधार हुनुपर्दछ ।

२९. **बढी भुक्तानी** : एक आपूर्तकलाई रु.६,२६,०८७।- भुक्तानी गरेकोमा विल नं. १ मा रु.१,२४,३००। हुनुपर्नेमा रु.१,४२,३००। भुक्तानी भएकोले अग्रिम कर बाहेक रु.१७,७६०। असुल गर्नुपर्दछ ।

## कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण नगरेको, खरिद योजना तथा खरिद इकाई गठन नगरेको, स्थीर सम्पत्तिको ह्रास कट्टी नगरेको, मर्मत कार्य गर्दा लागत अनुमान तयार नगरेको, रसिद नियन्त्रण खाता नराखेको, जिन्सी खाता अद्यावधिक गरी नराखेको, धान वापतको आम्दानी रु.८३,९४०।- धरौटी खातामा राखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **धरौटी** : धरौटीको लगत अध्यावधिक गरी प्रयोजन समाप्त भएका धरौटी यकिन गरी आम्दानी गर्नुपर्नेमा रु.२,९८,२७८।- धरौटी तथा दायित्व रहेको पाइयो । अनूसूची २ (क) को ढाँचा अनुसार धरौटीको कच्चावारी नराखेको कारण प्रयोजन समाप्त भएको धरौटी तथा दायित्व यकिन गर्न सक्ने अवस्था देखिएन । तसर्थ धरौटी बाँकीको व्यक्तिगत अभिलेख राखि प्रयोजन समाप्त भएको धरौटी तथा दायित्व यकिन गरी फरफारक गर्नुपर्दछ ।

३. **पेश्की बाँकी** : विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली, २०६९ को परिच्छेद ७ वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्नेमा रु.७,८९,८३१।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोमा उक्त पेश्की समयमै असुल फछ्र्यौट गर्नु पर्ने देखिन्छ । साथै वित्तिय विवरण साथ पेश्की फछ्र्यौट बाँकीको विवरण नभएकोले विवरण संलग्न राखि पेश्की फछ्र्यौट नगर्नेसँग नियमावली अनुसार व्याज समेत असुल हुनुपर्दछ । यस कार्यालयको दायित्व विवरणमा देखाएको रु.२९,८२७।- मध्ये कर्मचारीको आयकर रु.८,४२५।- संचितकोष दाखिला गर्नुपर्दछ ।

४. **आर्थिक सहायता** : विश्वविद्यालयको नियममाआर्थिक सहायता वितरण गर्ने सम्बन्धमा कुनै व्यवस्था नभएतापनि रु.१३,०००।- आर्थिक सहायता भुक्तानी दिएको नियमसम्मत देखिएन ।

५. **निकासा भन्दा बढी खर्च** : कृषि तथा वन विज्ञान विश्वविद्यालयको बजेट र रकमान्तर सम्बन्धी व्यवस्थामा रकमान्तर स्वीकृत गराई खर्च गर्न सकिने उल्लेख छ । तर कार्यालय उपकरणमा रु २९६९।,विविध सम्पत्तिमा रु १७,३४०। र रु ३८९३। समेत रु २४,२१२। निकासा भन्दा बढी खर्च भएको सम्वन्धमा विश्वविद्यालय सभाबाट समर्थन हुनुपर्ने देखिन्छ ।

६. **पूर्वनिर्धारित क्षतिपूर्ति** : उत्तरपुस्तिका छपाई वापत एक स्टेशनरी उद्योगलाई कोटेशन मार्फत २०७३।०१।१९ मा कार्यालयमा सामान आइपुग्ने गरी कार्यादेश दिएकोमा उक्त उद्योग बाट रु.९,८६,१९८।- उत्तर पुस्तिका २०७३।२।१९ मा मात्र कार्यालयमा प्राप्त भएको हुँदा ढिलो उत्तरपुस्तिका दाखिला गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति वापत प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले रु.१३,८०९।- असुल हुनुपर्दछ ।

७. **सोझै खरिद** : कृषि तथा वन विश्वविद्यालय को आर्थिक प्रशासन नियमावली २०६९ को नियम ५८(१) अनुसार विश्वद्यिालयको लागि आवश्यक पर्ने सामान खरिद गर्न, मर्मत गर्न वा छपाई वा अन्य प्रयोजनको लागि बजारबाट साझै खरिद गर्न गराउनको लागि निकायप्रमुखले संभव भएसम्म सम्बन्धित बिक्रेता वा आपूर्तिकर्ता वा सम्बन्धित मर्मतकर्ता वा छापाखाना वा संगठित संस्था वा व्यक्तिको कम्तीमा ७ (सात) संख्याको सूची आफ्नो संगठन वा निकायमा राखिने वा राख्न लगाउने व्यवस्था छ । तर फर्निचर रु ८८,९३१। र छपाई रु ३२,०९२। समेत रु १,२१,०२३। का सामान खरिदमा उक्त नियमको पालना गरेको पाईएन ।

८. **कर बिजक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ को उपनियम (२) अनुसार सार्वजनिक निकायले पाच हजार रुपैया भन्दा बढि रकमको मालसामान खरिद गर्दा वा निर्माण

कार्य गराउँदा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेमा  कार्यालयले विविध सम्पत्ति रु १०,१००। र परिक्षा खर्च रु १२,६००। समेत रु २२,७००। खर्चमा उक्त नियमको पालना भएन ।

९. **विल भर्पाइ** : ३ वटा भौचरबाट फर्निचर रु १३५९०। कार्यालय उपकरणमा रु ७७९७०। र छपाईमा रु ३२०९२।- र अन्य खर्चमा समेत रु १३५३७०।- खर्च लेखेकोमा सो को विल भरपाई पेश भएन ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।  कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा इन्धन खर्चको लगबुक नराखेको, खरिद भएका मालसामानको गुणस्तर परीक्षण नगरेको, खरिद योजना नबनाएको , प्रत्येक निजामति पदको कार्यविवरण बनाई लागु नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने संभावित जोखिम क्षेत्रहरुको पहिचान र सो को निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक कार्यालयले निरिक्षण नगरेको, घर जग्गाको लगत राखेपनि अधिकांशको मूल्य नखुलेको र जग्गा धनी दर्ता प्रमाण पुर्जा नभएको, भुक्तानी जनाउने छाप नलगाएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **वढी तलव** : एक जनस्वास्थ्य निरिक्षक २०७२।०६।१७ मा अनिवार्य अवकास भएको निजको संचित विदाको अभिलेखवाट देखिन्छ । तर आश्विन २०७२ मा निजले रु.१६,२६८।- माात्र तलव भत्ता पाउनेमा रु.२१,१४०।- भौ.नं. १०।२०७२।०६।२९ वाट निजको वैंक खातामा जम्मा भएको हुँदा बढि तलव बैंक जम्मा भएको रु.४,८७२।- असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ । यस्तै एक अ.हे.व. २०७२।१०।१५ मा अनिवार्य अवकास भएको निजको संचित विदा तथा विरामी विदाको अभिलेखवाट खुल्न आएको र तलवि भपाई अनुसार २०७२ माघको पुरै महिना तलव रु.२४,७००।- बैंक खातामा जम्मा भएको हुँदा बढि तलव खाएको रु.१२,३५०।- असुल गरी राजश्व खातामा दाखिला हुनुपर्दछ ।

३. **मर्मत अभिलेख** : सवारी साधन कुन कुन मर्मत भएको हो सो विवरण विलवाट खुलेको नदेखिएको र म.ले.प. फा. नं. २ समेत नराखी गाडी मर्मत गरे वापत रु.८९,७४८।- खर्च लेखेकोमा विल अनुसार रु.८३,७४८।- मात्र हुने हुँदा रु.५,९९९।८३ बढि खर्च लेखेको समेत असुल हुनुपर्दछ ।

४. **वढी खर्च**:: विभिन्न सवारी साधन तथा मोटरसाइकल मर्मत गरे वापत रु.१,२४,२६५।- को विल संलग्न गरी भुक्तानी भएकोमा विल रु.९५,११५।- को मात्र भएको हुँदा रु.२९,११०।- बढि खर्च लेखेको असुल गरी राजस्व खाता दाखिला हुनुपर्दछ । त्यस्तै झोला खरिद र सवारी इन्धनको विल अनुसार रु.१,९६,२५०।- खर्च लेखेकोमा विल अनुसार रु.१,९३,००१।- मात्र हुने हुँदा रु.३,२४८।- बढि भुक्तानी दिएको असुल हुनुपर्दछ ।

५. **भर्पाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार विल भरपाई सहितको लेखा राख्नुपर्नेमा ७७।०७३।०३।२३ वाट बैठक भत्ता भुक्तानीमा ५ जनाको रु ४,२५०।- बुझेको देखिएन ।

६. **पारिश्रमिकः** एक कर्मचारीको वार्षिक पारिश्रमिक तलव भत्ता, पोशाक, ओभारटाइम भत्ता समेत वार्षिक रु.३,०८,८७५।- मा कर छुट रु.३,००,०००।- कटाई आयकर ऐन, २०५८ को दफा ४ अनुसार कर योग्य रु.८८७५।- को १५ प्रतिशतले हुने पारिश्रमिक कर रु.१,३३२।- असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ ।

७. **अनुदान** : ग्रामिण सामुदायिक आधारभूत स्वास्थ्य तथा नमूना गाँउ कार्यक्रमको निम्ति बाँदरझुला कविलास, चौकिडाँडा, कोराकको खहरे समेत ४ गाविसलाई अनुदान रु ६,६०,०००।  सम्वन्धित

स्वास्थ्य केन्द्रको खातामा रकम जम्मा गरेकोमा विल भपाई पेश र प्रगति पेश भएन। सामुदायिक स्वास्थ्य इकाईको नाम नामेसी वेगर ती इकाईलाई संचालन वापत रु.४,८०,०००।- खर्च लेखेको छ।

८. **क्षयरोग नियन्त्रण** : लेखापरीक्षणमा प्रस्तुत वैंक नगदि किताव अनुसार यो वर्ष पेश्की रु.११,९२,५००।- र पेश्की फछ्र्योट रु.१०,८८,५००।- भई रु.१,०४,०००।- पेश्की बाँकी रहेको देखिएकोमा फछ्र्योट गर्ने पेश्कीको फाँटवारी र खर्चको फाँटवारीमा पेश्की बाँकी देखाएको छैन। उक्त रकम असुल हुनुपर्दछ।

९. **पूँजीगत खर्च** : लागत अनुमान कार्य मूल्यांकन र कार्यसम्पादन प्रतिवेदन वेगर भवन निर्माण, काँडेतार लगाए वापत मंगलपुर,नारायणी र पटिहानी स्वास्थ्य चौकि लाई रु ६०००००। खर्च लेखेको छ। मोटरसाइकल खरिद गरेवापत रु.१,६८,७५०।- भुक्तानी खर्च लेखेकोमा विल अनुसार रु.१,६६,३५०।- मात्र हुने हुँदा रु.२,४००।- बढि खर्च लेखेको रकम असुल हुनुपर्दछ।

१०. **एड्स कार्यक्रम** : एड्स समन्वय समितिको मिति २०७२।०८।१३ मा बैठक बसे वापत रु.१६,३००।- खर्च लेखेकोमा बैठक भत्ता वापत कर कट्टी भएको रु.२,४४५।- को वैंक भौचर पेश भएन। एड्स सम्बन्धी विभिन्न ठाउँमा जनचेतना कार्यक्रम संचालन गरेवापत जनस्वास्थ्य निरिक्षकको रु.१०,००,०००।- पेश्की फछ्र्योट गरेकोमा बिल भपाई अनुसार रु.९,८४,५८०।- मात्र भएकोले रु.१५,४२०।- बढि पेश्की फछ्र्योट गरेको रकम असुल हुनुपर्दछ।

११. **बढी भुक्तानी**: जुटपानी हेल्थपोष्टमा कार्यरत एक डाक्टरलाई मिति २०७३।०२।१४ - २।१६ सम्म दैनिक भत्ता रु.रु ८६००।- भुक्तानी दिएकोमा भ्रमण विल रु.४,३००।- को मात्र हुने हुँदा रु.४,३००।- बढि भुक्तानी दिएको असुल हुनुपर्दछ।

१२. **निशुल्कको लोगो** : कार्यक्रमको कार्य संचालन निर्देशिका २०७२ पेज नं. ४ मा नं ९ मा औषधिको प्रत्येक पत्ता, बोतल माइल टयूव र सोको प्याकिङ्गमा सकेत "नेपाल सरकार छाप निशुल्क वितरणको लागि" भन्ने वाक्याशं अनिवार्य रुपमा लेख्नुपर्नेमा यस जिल्लावाट खरिद भएको रु.३१,६१,५००।- मा औषधिमा उक्त वाक्याशं लेखेको देखिएन। यसले ती औषधिको प्रयोग निशुल्क प्रयोजनमा नै खर्च भएको छ भन्न सकिएन।

१३. **औषधिको म्याद** : निर्देशिका अनुसार खरिद गरी स्टोर दाखिला हुने मितिमा कम्तिमा १८ महिनाको म्याद हुनपर्ने व्यवस्था छ। तर विभागवाट प्राप्त औषधि मध्ये भिटामिन वि. कम्प्लेल्स २०७२।०८।१५ देखि २०७३।०१।२६ सम्ममा ११,९१,५००।- टयावलेट प्राप्त भएको र हालसम्म (२०७३।१०।०२) पनि २०१६ जनवरीमा नै म्याद समाप्त भएको १,६०,००० टयावलेट बाँकी रहेको देखियो।

**१४. खरिद प्रक्रिया** : प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम संचालन निर्देशिका २०७३ अनुसार जिल्लावाट खरिद गर्नुपर्ने गुणस्तरीय औषधि तथा सो को परिणाम निर्धारण गर्न विगत वर्षको वार्षिक खपत परिमाण, हालको मौज्दात परिमाण, स्टक आउट भएको अवधिको परिमाण समेतलाई ध्यानमा राखि बजेटको परिधि भित्र रही खरिद गर्नुपर्नेमा तद्अनुसार नगरी एक आपूर्तकवाट रु.३१,६१,५००।- को विभिन्न औषधि खरिद गरी २०७३।०३।२४ मा दाखिला गरेको छ। यसै गरी औषधि खरिद गर्दा केन्द्र, क्षेत्र र जिल्लावाट खरिद हुने हुँदा तीनवटै निकायवाट खरिद गरिने औषधि र परिमाणवारे समन्वय गरी खरिद गर्नुपर्ने निर्देशिकामा उल्लेख भए पनि तदअनुसार भएको देखिएन। औषधि समयमा नै खरिद गरी वितरण गर्नुपर्नेमा २०७३।०३।२४ मा मात्र दाखिला भएको र गुणस्तरीयताको प्रमाण पनि आपूर्तकवाट पेश नभएको र चालु वर्षमा औषधि वितरण भएको देखिएकोले आवश्यकताको पहिचान समेत गरेको देखिएन।

## कृषि तथा वन विज्ञान विश्वविद्यालय, केन्द्रीय कार्यालय

१. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार कुनैपनि काम गर्नु पूर्व लागत अनुमान तयार गर्नु पर्दछ । छात्रावासको माथिको फ्लोर निर्माण गरेवापत साना साना कामदारहरुको ज्याला रु.४६,४००। र कृषि सम्वन्धि विभिन्न उपकरण मर्मत गरेवापत रु.१,५२,८८१। लेखेकोमा लागत अनुमान पेश भएन ।

२. **विल भरपाई :** आर्थिक कार्यविधिमा नियमावलि, २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने भएपनि बैठक खर्च रु.२६,२००। लेखेकोले १५ प्रतिशत अग्रिमकर रु.३९३०। कट्टा गरी खुद भुक्तानी भएको रु.२२,२७०। भएकोमा ३ जनाले रु ८५००। बुझेको भरपाई पेश भएन ।

३. **अग्रिम आयकर** : आयकर, २०५८ को दफा ८९ अनुसार अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । एक प्रा.लि.वाट कृषि सम्बन्धी सामानहरु खरिद गरी रु ७,६४,७२१। भुक्तानी दिएकोमा १.५% अग्रिम आयकर कट्टा गरेको नदेखिएकोले रु ११,४७१।- असुल हुनुपर्दछ ।

४. **कर विजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार तोकिएको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । एक स्टोर्सलाई आवास गृह रङ्गरोगनको कार्यको लागि मूल्य अभिवृद्धि कर समेत रु.३८,२०९। भुक्तानी गर्दा तोकिएको ढाँचामा विजक जारी नगरी विजक नं. ११७ हातले लेखेको देखिएकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

५. **मुल्य अभिवृद्धिकरमा दर्ता** : सार्वजनिक खरिद ऐन, २०६३ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति वा संस्थासँग मात्र कारोवार गर्नुपर्ने व्यवस्था छ । तर विश्वविद्यालयले एक व्यक्ति र २ संस्थासँग विविध र कम्प्युटर मर्मत गराएकोमा मू.अ.कर प्रयोजनको लागि दर्ता नभएकोसंग रु १,६०,९१०। वरावरको खरिद गरेको नियमसम्मत देखिएन ।

६. **अन्य आम्दानी तर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को निम ९(५) मा कार्यालयमा नगद वा वैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटि सम्वन्धित खातामा आम्दानी जनाउनु पर्ने र नियम १० मा राजश्व लेखा अध्यावधीक गरी राख्नु पर्ने व्यवस्था छ । विश्वविद्यालयको अन्य आम्दानी रु.१,११,८०,४७६।- वास्तविक आम्दानी हो भन्ने एकिन गर्न सकिएन । विश्वविद्यालयले आम्दानी खर्च र वाँकी स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता तथा दैनिक आम्दानी खाता प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । वागवानी तर्फ असार महिनाको आम्दानी रु.२,७१,७७०।- आम्दानी खातामा आम्दानी वांधेको नपाइएकोले आम्दानी खातामा जम्मा गरेको प्रमाण पेश गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा विश्वविद्यालयको रणनीतिक योजना तयार नगरेको, स्थिर सम्पत्तिको ह्रास कट्टी नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, विश्वविद्यालयको बार्षिक बजेटको समयगत समिक्षा नगरेको, पशु विकास फार्म तर्फ दुधको कुपन बिक्रिबाट आम्दानी बाध्नुपर्नेमा कतिपय अवस्थामा सिधै नगद प्राप्तिलाई आम्दानी बाँधेको, अन्तर विभागीय तथा केन्द्र विभागीय कारोबारलाई अधावधिक गरी नराखेको, स्थिर सम्पत्तिको जोखिम न्यूनीकरण गर्न विमालेख तथा भौतिक परीक्षण गराउने नगरेको, त्रि.वि.बाट कर्मचारीहरुको लिएको ऋण वापत तलवबाट कट्टा गरेको रकम समयमा दाखिला नगरेको, जिन्सी सम्बन्धी मौज्दातको अवस्था जांच सम्बन्धि कार्य नभएको, पुरानो पेश्की फछ्र्यौट नभई थप पेश्की दिएको, सार्वजनिक निकायले खरिद सम्बन्धी काम कारबाहिको लागि खरिद एकाई गठन नगरेको, खरिद सम्बन्धि कामकारबाहिको लागि लागत अनुमान तयार नगरेको, सम्बन्धित

बिक्रेता वा आपूर्तिकर्ता वा संगठित संस्था वा ब्यक्तिको कम्तीमा ७ (सात) संख्याको सूची आफ्नो संगठन वा निकायमा राखिने वा राख्न लगाउन व्यवस्था भएता पनि यो नियमको पालना नगरिएको, कर्मचारी तथा पदाधिकारीहरुलाई दिईने ईन्धन सुविधा तोकिएको भन्दा बढी दिएको, कर्मचारी हाजिरी रजिष्ट्रर अधावधिक नरहेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

८. **लेखा** : केन्द्रीय विभागले अन्य बिभाग/संकायलाई जनाएको निकाशा र अन्य बिभाग/संकायले आफ्नो खातामा केन्द्रबाट प्राप्त गरेको निकाशा बिच ४ निकायमा रु २८,९२,२२४।- फरक देखिएको छ ।

९. **सोझै खरिद** : कृषि तथा वन विज्ञान विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ५९(१) अनुसार विश्वविद्यालयको लागि आवश्यक पर्ने सामान खरिद गर्न, मर्मत गर्न वा छपाई वा अन्य प्रयोजनको लागि बजारबाट सोझै खरिद गर्न गराउनको लागि निकाय प्रमुखले सम्भव भएसम्म सम्बन्धित बिक्रेता वा आपूर्तिकर्ता वा सम्बन्धित मर्मतकर्ता वा छापाखाना वा संगठित संस्था वा ब्यक्तिको कम्तीमा ७ (सात) संख्याको सूची आफ्नो संगठन वा निकायमा राखिने वा राख्न लगाउने व्यवस्था भएपनि रु१,६६,६७५।- का फर्निचर एउटै व्यक्तिवाट खरिद गरेको नियमसम्मत देखिएन ।

१०. **कर बिजक** : सार्वजनिक खरिद नियमावलीको नियम १९ को उपनियम (१) अनुसार सार्वजनिक निकायले पांच हजार रुपैया भन्दा बढि रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउंदा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेमा रु ३२,६८०।- सेवा र मर्मत खर्चमा नियमको पालना गरेको देखिएन ।

११. **विल भर्पाई** : बस्तु तथा सेवाको आपूर्तिकर्तालाई रकम भुक्तानी गरिसके पछि आपूर्तिकर्ताबाट भुक्तानीको सुनिश्चितको लागि भर्पाइ लिनुपर्ने मान्यता भएता पनि रु ८०,०००।- अवस्थामा आपूर्तिकर्ताको भर्पाइ भौचर साथ संग्लग्न रहेको पाइएन ।

१२. **लेखा शीर्षक** : विश्वविद्यालयको आर्थिक व्यवस्थापन प्रणाली पुस्तिकाको ब्याख्या अनुसार खर्चहरुलाई सम्बन्धित लेखा शीर्षकमा लेखाङ्कन हुनुपर्नेमा ४ खर्च शिर्षकमा रु २३,७६,८९६।- फरक पारी खर्च गरेको नियमसम्मत देखिएन ।

१३. **पेश्की** : विश्वविद्यालय आर्थिक प्रशासन नियमावली,२०६९ को नियम ३८ मा कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्कीको रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हून नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हून वांकी रहेको पेश्की रकमको नामनामेसि सहितको के के वापत पेश्की गएको हो सो समेत खूलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने उल्लेख रहेको छ । सोही नियमावलीको नियम ३९ मा अधिकार प्राप्त अधिकारीले प्रत्येक आर्थिक वर्षको आषाढ महिनाको श्रेस्ता दाखिल गर्दा सो आर्थिक वर्ष भरिमा गएको र विगतको जिम्मेवारी सरेको पेश्की मध्ये फछ्र्यौट गर्नूपर्ने म्याद नाघेको र ननाघेको विवरण, नाम, नामेसी र कारण समेत खूलाई फांटवारी पेश गर्नुपर्ने उल्लेख भएकोमा कर्मचारी र विद्यार्थी समेत १६ जनालाई रु १०,४७,०००।- पेश्की दिएकोमा फछ्र्यौट भएको छैन ।

१४. **कर्मचारी संचयकोष** : आयकर ऐन २०५८ को दफा ९०(१) बमोजिम अग्रीम कर कट्टि गनुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरिसक्नु पर्ने प्रावधान रहेकोमा सो भएको पाइएन । साथै विश्वद्यिालयले कर्मचारी तथा पदाधिकारीहरुको संचय कोष कट्टि, र ऋण वापत कट्टि गरेको रु ३४,२१९।६७ समेत सम्बन्धित खातामा समयमा दाखिला गरेको पाइएन ।

१५. **खरिद** : यस कार्यालयका लागि २०७२।७२२ भौचर नं.३२२ बाट मसलन्द सामान रु६१,८६७- को खरिद भएकोमा सानो/ठूलो गरी एक हजार प्रति नेपाली खामको लागि माग फारम र सोही बमोजिम एक हजार खामको लागि खरिद आदेश स्वीकृत भएकोमा सानो/ठूलो गरी १२५० प्रति नेपाली खाम खरिद भएको देखियो । यसरी २५० प्रति खाम मुल्य रु.७,५००।- को खरिद स्वीकृत खरिद आदेश भन्दा बढि भएको देखिएको हुदा खरिद आदेशको पूर्णरुपमा पालना भएको देखिएन ।

## मालपोत कार्यालय

१. **भोगाधिकारको जग्गा** : सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ को दफा २१ मा विगतमा भोगाधिकारमा दिएको जग्गा यसै कार्यनीति बमोजिम विभागले सूचना प्रकाशन गरेको ६ महिना भित्र लिजमा परिणत गर्नुपर्ने व्यवस्था भएको र २०७३।२।२८ मा विभागले सूचना जारी गरेको भए तापनि यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत ५८ विगघा १९ कट्ठा २ धुर (५८-१९-२) को जग्गा कार्यनीति अनुसार लिजमा परिणत भएको देखिएन । तसर्थ कार्यनीति २०७१ (संशोधन २०७२) अनुसार लिजमा परिणत गरी भोगाधिकारको जग्गाको अभिलेख तथा उपयोग यथार्थपरक वनाउनु पर्दछ ।

२. **एकल स्वमित्व** : भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६ (ख) १ ले मोही लागेको जग्गाको जग्गावाला र मोहीले बाँडफाँड गरी लिने व्यवस्था भएता पनि तद्नुसार हालसम्म गरेको पाइएन ।

३. **केन्द्रीय लगतः** सरकारी, सार्वजनिक एवं गुठी जग्गाको केन्द्रीय लगत तयार गर्नुपर्नेमा तद्नुसार नगरेको सम्वन्धमा छलफल गर्दा ३५५ कित्ता सार्वजनिक वाटोको रुपमा कायम गरी छ विगाहा ५ विघाहा १७ कट्ठा ८.५ धुर रेकर्ड राखेको प्रगति विवरणमा देखिए तापनि सोको वेग्लै अभिलेख राखेको देखिएन । तसर्थ केन्द्रीय लगत तयार गनुपर्ने देखिन्छ ।

४. **वैकको मुल्य र न्युनतम मूल्यांकन** : नौ वटा रजिष्ट्रेशन पारितमा वैंकले तथा वित्तिय संस्थाले रु २,३१,२४,०००। मूल्यांकन गरी ऋण प्रवाह गरेकोमा मालपोत कार्यालयको मूल्यांकन पुस्तिका अनुसार रु ९१,८२,०००। मात्र मूल्यांकन गरी रजिष्ट्रेशन दस्तुर असुल गरेको छ ।

५. **मूल्यांकन** : कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि मुल्यांकन गर्दा स्पष्ट हूने गरी कूनै पनि जग्गाको मुल्यांकन नछुट्नेगरी तयार गर्नू पर्दछ । यस कार्यालयले यो बर्ष मुल्यांकन गर्दा शारदानगरको ३ ख (साविक)को मुल्यांकन भएको देखिएन । यसले गर्दा २९१४ क देखि २९१९ सम्मका २ विगा ८ कठ्ठा १७.५ धुर जग्गा विक्री गर्दा रु.६७,६०,०००।-मुल्यांकन गरेको देखियो । यसैगरि शारदानगर ३ ख कै जग्गा रजिष्ट्रेशन नं.२२५४ (क) वाट १ विगा १४ कठ्ठा १७.२ धुर जग्गाकोको मुल्यांकन रु.३४,५०,०००।- गरेको छ । विना आधार न्युनतम मुल्यांकन गर्ने प्रथा वन्द गरी स्पष्ट र व्यवस्थित वनाउने प्रयास गर्नु पर्दछ ।

६. **घर वाटो सिफारिस** : मालपोत ऐन, २०३४ को दफा ८ र रजिष्ट्रेशन प्रयोजनको लागि विभागवाट प्रकाशित प्रकृया अनुसार स्थानीय निकायबाट घरवाटो सिफारिस हूनूपर्ने व्यवस्था छ । त्यसैको आधारमा मुल्यांकन छुट्याउन सकिने स्थिति रहेतापनि २० वटा रजिष्ट्रेशन गरी ७८,६४,०००।- मूल्यांकन गरेकोमा घर वाटो सिफारिस संलग्न गरेको छैन भने २ वटा रजिष्ट्रेशनमा वाटोको प्रकार खूलेको छैन । तसर्थ घरवाटो सिफारिस वेगर गरिएको मुल्यांकन समय सापेक्ष छ भन्न सकिएन ।

७. **घटी रजिष्ट्रेशन र लाभकर** : घर जग्गा खरिद विक्री को रजिष्ट्रेशन प्रयोजनको मुल्यांकन अनूसार लाग्ने दरमा रजिष्ट्रेशन र पूँजीगत लाभकर असुल गर्नूपर्नेमा ४४ वटा रजिष्ट्रेशन पारितमा तदनूसार नगरी घटी असुल गरेकोले घटी गरेको रजिष्ट्रेशन रु.३,४८,१२८।- र लाभ कर रु.१,९८,३७५।- समेत असुल गर्नुपर्दछ ।

८. **एकीकृत भू-सुचना प्रणाली** : घर जग्गाको अभिलेख राख्न मालपोत र नापी कार्यालय वीच समन्वयात्मक तथा एकीकृत भु -सुचना प्रणालीको माध्यमवाट व्यवस्थित जग्गाको अभिलेख

राख्नुपर्नेमा तदनूसार नभएको कारण नापी कार्यालयवाट प्राप्त ट्रेस प्रमाणितको आधारमा अभिलेखिकरण गरी रजिष्ट्रेशन पारित गर्ने गरेको छ। तसर्थ सेवा प्रवाहमा छिटो छरितो गर्न तथा जग्गाको अभिलेख व्यवस्थित गर्न एकीकृत भु -सुचना प्रणालीको विकास गर्नुपर्दछ।

९. **एकीकृत जग्गा धनी पुर्जा** : एउटै व्यक्तिको विभिन्न ठाउंमा रहेको जग्गा तथा भवनलाई एकिकृत गरी एउटै जग्गा धनी पुर्जा दिने व्यवस्था गर्नूपर्नेमा तदनूसारको व्यवस्था गर्ने कार्य यस मालपोत कार्यालयमा भएको पाइएन। यस सम्बन्धमा छलफल गर्दा कूनै व्यक्तिले आफुसंग भएको जग्गा धनी पुर्जा वैंकमा धितो राख्ने र अर्को जग्गा खरिद गरेमा निजलाई अर्को जग्गा धनी पुर्जा दिनै पर्ने अवस्थाका कारण पनि व्यवहारिक कठिनाईको कारण एकीकृत जग्गा धनी पुर्जा दिन पुर्णतः नसकेको जानकारी प्राप्त भएको छ। यद्यपी एकीकृत जग्गा धनीपुर्जा वनाउने तर्फ कार्यालय सजग रहेको कार्यालयले जनाएको छ।

१०. **रजिष्ट्रेसन** : यस वर्ष रजिष्ट्रेसन पास भएका लिखतहरुको नमूना छनौटको आधारमा परीक्षण गर्दा देखिएका व्यहोरा देहाय वमोजिम छन् :

१०.१. रजिष्ट्रेसन नम्बर २२ ग बाट कल्याणपूर ८ क को शाखा पिच बाटो भएको कि.नं.८८४४, क्षेत्रफल ०२-६ र अन्य बाटो भएको कि.नं.२०३६, क्षेत्रफल ०-०-११.२५ भएको जग्गा एपेक्स डेभलपमेन्ट बैंकले एक व्यक्तिलाई रु.५४,५०,०००।- मा विक्री गरेकोमा रु.४८,३९,७९३।- खर्च कटाई बाँकी रु.६,१०,३०७।- को ५ प्रतिशत पुंजिगत लाभकर दस्तुर तिरेको पाईयो। बैंकले एक व्यक्तिबाट २०७०।११।२७ मा लिलाम सकार गरेको प्रमाण प्राप्त भएन। तसर्थ सकार गरेको प्रमाणपत्र नराखेको कारण निज बैंकले खरिद मूल्य घटाएको एकिन गर्न सकिएन।

१०.२. रजिष्ट्रेशन नम्बर ७७३ बाट एक व्यक्तिले अर्को व्यक्तिलाई विक्रि गरेको जग्गा नारायगढ ३ स्थित कित्ता नं.५ को १६७.४५ वर्ग मी. क्षेत्रफल भएको जग्गा र सोमा वनेको घरको मुल्यांकन रु ३३,५४,५००।- गरी सोको ४ प्रतिशत ले रजिष्ट्रेशन दस्तूर रु १,३४,१५०।- असूल गरेको देखिन्छ। तर सो घर जग्गा निजले कहिले कून मुल्यमा प्राप्त गरेको थियो सोको प्रमाण संलग्न गरेको देखिएन। नियमानूसार छुट पाउने खर्च कट्टागरी गरी पुंजिगत लाभ कर असूल गर्नूपर्नेमा असूल गर्न छुट भएको देखिएकोले नियमानूसार ५ प्रतिशत ले लाग्ने रु १,६७,७२५।- पुंजिगत लाभकर असूल गर्नुपर्ने देखिएको छ ।

१०.३. रजिष्ट्रेशन नं. १०८४(ख) बाट एक व्यक्तिले विक्रि गरी अर्को व्यक्तिले खरिद गरेको भरतपुर ३ को कित्ता नं. १७८ को ३०८.१३ वर्ग मी क्षेत्रफल भएको जग्गा र सोमा वनेको घर समेतको मुल्यांकन रु ७७,६७,०००।- गरेको देखिन्छ। सो जग्गामा १० वर्ष भन्दा अघि घर वनेको भनि पुंजिगत लाभकर छुट दिएकोमा १० वर्ष भन्दा अघि सो जग्गामा घर वनेको थियो भन्ने प्रमाण संलग्न राखेको पाइएन।

१०.४. रजिष्ट्रेशन नं. १८८२(ख) बाट एक व्यक्तिले विक्रि गरी अर्को व्यक्तिले खरिद गरेको नारायणगढ ४ क को ०-०-६.३३ क्षेत्रफलको जग्गा र सोमा वनेको घर समेतको मुल्यांकन रु ३६,००,०००।- गरेको छ। पुंजिगत लाभकर घोषणा फारममा एक विक्रेताले ५ वर्ष भित्र अर्थात २०६९।१०।८ मा अर्को व्यक्ति संग सो घरजग्गा खरिद गरेको प्रमाण राखी खरिद गरेको मुल्य रु १९,०५,५००।- कट्टा गरी वांकी रु १६,९४,५००।- मा ५ प्रतिशत ले पुंजिगत लाभकर रु ८४,७२५।- असुल गर्नूपर्नेमा छुट भएको देखिएकोले असूल गरी राजस्व खातामा दाखिला गर्नु पर्दछ।

१०.५. रजिष्ट्रेशन नं. १७१८(क)बाट कठार गा.वि.स.६(क) कि.नं.२३५को ज.क्षे. २-०-० ऋणिले अर्को व्यक्तिलाई रु ९ लाख थैली कायम गरी विक्रि गरेकोमा न्युतनम मुल्यांकन अनूसार कठार गा.वि.स.मा घडेरी योग्य जग्गा प्रतिकठ्ठा २,५०,०००।- मुल्यांकन भएकोले तद्नुसार मुल्यांकन गर्दा रु १ करोड मूल्य कायम हूने भएकोले घटी मुल्यांकन रु १० लाखको पुंजिगत लाभकर २.५

प्रतिशतले २५,०००।- र रजिष्ट्रेसन ४ प्रतिशतले ४०,०००।- समेत रु ६५,०००।- असूल गरी राजश्व खातामा दाखिला हुनु पर्दछ ।

११. **थ्रेसहोल्ड हाराहारिको लिखत** : आयकर ऐन, २०५८ को दफा २ को उपदफा (९)को गैह्र व्यवसायी करयोग्य सम्पत्ति अन्तर्गत खण्ढ ४ मा प्राकृतिक व्यक्तिले रु ३० लाख वा सो भन्दा बढि मुल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पुंजिगत लाभकर ऐनको दफा ९५(क) ३ मा तोकिएको दर अनूसार रजिष्ट्रेसन गर्दाको वखतमा कर असूल गर्ने व्यवस्था छ । तर कार्यालयमा १० सेवा ग्राहिबाट रु.२९,१५,०००।- देखि रु २९,७५,०००।- सम्मको मुल्यांकनको आधारमा थैली कायम गरी रु ३० लाखको सीमालाइ आधार बनाएर कम रजिष्ट्रेशन लिखत पारित गरेको कारण पुंजिगत लाभकर असूल हून नसकेको स्थिति छ ।

१२. **दरभाउ पत्र** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक नियमले पच्चिस हजार रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौज्दुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । तर रु २,१७,१६२। खरिद गर्दा विना दरभाउपत्र खरिद गरेको छ ।

१३. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ अनुसार प्रमुख मालपोत अधिकृतको पारिश्रमिक आयकर कट्टी गर्न छुट भएको रु.२४९८८। को १५ प्रतिशतले हुने रु ३७४८। कर राजश्व दाखिला गर्नुपर्दछ ।

१४. **ग्रेड** : यो वर्ष तलब खर्च लेख्दा तलवी प्रतिवेदन भन्दा बढी ग्रेड खर्च लेखेको १८ कर्मचारीहरुबाट रु ८१,५२०। असुल गर्नुपर्दछ ।

१५. **गत बर्षको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० (७) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भए भुक्तानी दिन बाँकी विवरण प्रमाणित गराई राख्नुपर्नेमा तदनुसार नगरी एक ट्रेड लिंकको २ वटा विलबाट रु.१६,४९८। भुक्तानी दिएको नियमित देखिएन ।

## कृषि तथा पशु विज्ञान अध्ययन संस्थान (त्रि.वि.तर्फ)

१. **पूंजिगत सम्पत्ति** : त्रि.वि. लेखा कार्यप्रणाली २०५१ अनुसार क्याम्पसले लेखा तथा वित्तिय विवरण तयार गर्नु पर्नेमा वासलातको पूंजिगत सम्पत्ति (अनुसूचि-१) मा रु.१,५७,४०,०९५।- लेखांकन गरेको छ । तर सम्पत्ति खाता परीक्षण गर्दा पूजिगत सम्पत्ति र सोको मुल्य खुलाई खातामा प्रविष्ट गरेको पाइएन । सम्पत्ति खाता प्रमाणित समेत गरेको छैन ।

२. **जिन्सी व्यवस्थापन** : त्रि.वि. आर्थिक बर्ष प्रशासन तथा संचयकोष सम्बन्धी नियम, २०५० र त्रि.वि. लेखा कार्य प्रणाली कार्य प्रणाली २०५१ बमोजिम क्याम्पसले प्रत्येक बर्ष जिन्सी निरिक्षण जिन्सी सामानहरुको यथार्थ अवस्था देखिने जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा जिन्सी निरिक्षण गरेको पाइएन । जिन्सी निरिक्षण नगरेकोले जिन्सीको पर्याप्त तथा उचित संरक्षण, संभार र उपयोग भएको छ भन्न सक्ने अवस्था छैन ।

३. **रसिद नियन्त्रण** : त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्पत्ति नियम २०५० बमोजिम केन्द्रबाट प्राप्त नगदी रसिद मध्ये गत आर्थिक वर्षको कति नगदी रसिद बांकी छन् सोको विवरण सहित क्याम्पसले रसिद नियन्त्रण खाता तयार गरेको छैन । तसर्थ यो बर्ष वास्तविक कति नगदी रसिद प्रयोग गरेको थियो भन्न सक्ने अवस्था समेत नभएकोले रसिद नियत्रण खाता व्यवस्थित गर्नुपर्दछ ।

४. **बढि खर्च** : त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धि नियम, २०५० तथा त्रि.वि. लेखाप्रणाली २०५१ बमोजिम विनियोजित वजेट भन्दा बढी खर्च गर्न नसकिने व्यवस्था छ । तर तलव, सेवा शुल्क वैंक व्याज, कृषि सम्वन्धी खर्च र छात्रवृत्ति खर्च शिर्षकहरुमा विनियोजित बजेट भन्दा बढि रु ५२,४४,५८४। खर्च गरेको पाइएकोले नियमित भएन ।

५. **भ्रमण खर्च** : क्याम्पसमा सवारी साधनको उपलब्ध हुंदाहुंदै क्याम्पस प्रमुखले सो सवारी साधन चल्न नसक्ने पुष्टी नगरी पटक पटक गरी रु.२५७००। विभिन्न स्थान गएर फर्किएको ट्याक्सी भाडा भुक्तानी गरेको देखिएकोले नियमित मान्न सकिएन ।

६. **पेश्की** : त्रि.वि. कार्यकारी परिषद्को निर्णय नं. २३३ मिति २०६८/१२/०९ को बैठकबाट प्रगति भए अनुसार पेश्की समयमै फछ्र्यौट नगर्दा १२ प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने निर्णय भए बमोजिम आर्थिक विवरणको अनुसूची-४ अनुसार विभिन्न पेश्की बांकी नदेखिएकोले रु.२५,२३,५१९।- असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

७. **धरौटी तथा दायित्व** : विद्यार्थीबाट प्राप्त धरौटी राखेको रकम भन्दा रु.२३,०८८। बढि फिर्ता खर्च लेखेकोले हिसाव मिलान गर्नुपर्ने देखिएको छ ।

८. **अग्रिम कर** : आर्थिक बर्षको अन्तसम्म पनि विभिन्न भुक्तानीहरुमा कट्टा गरेको अग्रिम आयकर मध्ये रु.७,३१४।५० राजश्व खातामा दाखिला गरेको नपाइएकोले अविलम्ब राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

९. **दायित्व हिसाव मिलान** : खरिद सम्बन्धि दायित्व रु.१३,५६८। र निर्माण सम्बन्धी दायित्व रु.१,०१,८७६।- र अन्य दायित्व रु.११,८६,५९२।- गत विगत बर्षहरु देखि जिम्मेवारी सार्दै आएको देखिएकोले हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

## शैक्षिक तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । केन्द्रको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन माथी कारवाही नगरेको, सवै जिन्सी सामानको मूल्य खुलाई नराखेको, रु २५ हजारभन्दा बढी रकमको सामान खरिद गर्दा वि छनौट तथा लागत अनुमान तयार नगरेको, निजामति पदको कार्यविवरण बनाई लागु नगरेको,समयमा पेश्की फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने संभावित जोखिम क्षेत्रहरुको पहिचान र सो को निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक कार्यालयले निरिक्षण नगरेको, घर जग्गाको लगत राखेपनि अधिकांशको मूल्य नखुलेको र जग्गा धनी दर्ता प्रमाण पुर्जा नभएको, भुक्तानी जनाउने छाप नलगाएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) वमोजिम तोकिएको समय भित्र अख्तियारी पठाउनु पर्ने उल्लेख छ । तर २०७२।११।२६ मा रु २८,८०,०००, २०७३।१।२७ मा रु १५,०७,४५०। २ बजेट उपशिर्षकको रु ११,०७,९५०। आषाढ महिनामा मात्र खर्च गर्ने गरी अख्तियारी पठाएको देखियो । समयमा अख्तियारी नपठाउँदा कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्न नसकी सेवा प्रवाहमा असर पर्ने हुँदा तालुक कार्यालयले समय मै खर्च गर्ने अख्तियारी पठाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३. **अग्रिम आयकर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार आपूर्ति वापतको भूक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गरी राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस केन्द्रले मर्च्यूअल क्लास कार्यक्रम संचालन गर्न विभिन्न २० वटा विद्यालयहरु छनौट गरी विद्यालयले पेश गरेका फर्निचर तथा फर्निसिडका विभिन्न विकेताका विल संलग्न गरी पेश गरेको आधारमा प्रति विद्यालय रु १,४०,०००। का दरले रु २८,००,०००। भुक्तानी गरेकोमा उपरोक्त अनुसारको समान सन्चालक समितिको निर्णयमा समान प्राप्त भएको उल्लेख गरेको तर दाखिला गर्ने परिपार्टी नभएको भन्ने जानकारी प्राप्त भएको साथै अग्रिम कर कट्टागरेको नपाइएकोले रु २८,८८७ कट्टा गरी सम्वन्धित राजश्व खातामा दाखिला हुनुपर्दछ ।

४. **वढी तलव वृद्धि भुक्तानी** : निजामती सेवा ऐन २०४९ दफा ७ (ख) वमोजिम निजामती कर्मचारीहरुको तलवि प्रतिवेदन अनुसार एक वरिष्ठ प्रशिक्षकलाई रु २३४०।- ग्रेड दिनु पर्नेमा रु ३१२०। ग्रेड दिई प्रति महिना रु ७८०।- का दरले २०७२ चैत्र महिना सम्मको चाडवाड खर्चसमेत १० महिनाको रु ७८००। र क.सं. कोष थप रु ७०२। समेत बढि ग्रेड दिएको रकम असुल हुनुपर्दछ ।

## कोष तथा लेखा नियन्त्रण कार्यालय

१. **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन २०४९ को दफा ७ अनूसार जिल्ला स्थित सरकारी कार्यालयहरुले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वाट तलवी प्रतिवेदन पारित गराइ मात्र तलव खर्च लेख्नूपर्ने व्यवस्था छ । यस कार्यालयले जिल्ला स्थित ५६ सरकारी कार्यालयहरुको तलवी प्रतिवेदन पारित गर्नूपर्नेमा सो मध्ये ५२ वटा कार्यालयहरुको मात्र तलवी प्रतिवेदन पारित गरी ४ वटा कार्यालयको तलवी प्रतिवेदन पारित गराएको देखिएन । पारित भएका तलवी प्रतिवेदन मध्ये ४९ वटा कार्यालयहरुको पूर्णरुपमा र ३ वटा कार्यालयको कैफियत सहित तलवी प्रतिवेदन पारित गरेको देखियो । तसर्थ ऐन को प्रावधान वमोजिम सम्पुर्ण कार्यालयहरुको पुर्णरुपमा तलवी प्रतिवेदन पारित गर्नू र गराउनू पर्ने दखिन्छ ।

२. **धरौटी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६७(२)मा वैक खातामा धरौटी रकम जम्मा भएको तर कार्यालयको धरौटी खातामा कस्ले के वापत धरौटी राखेको हो स्पष्ट नभई वैकको खातामा त्यसै रहिरहेको धरौटी रकम राजश्व खातामा जम्मा गर्नूपर्ने व्यवस्था छ । कार्यालयको धरौटी वांकीको व्यक्तिगत विवरण अनूसार विगत वर्षहरुको नाम नामेसी नखूलेको धरौटी वांकी रु.६४,२३०।६४ देखिन्छ । नियमावलीको व्यवस्था अनूसार उक्त रकम राजश्व खातामा आम्दानी वाध्नूपर्ने देखिएको छ ।

३. **आन्तरिक लेखा परिक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २ मा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तयार गरी लागू गरेका आन्तरिक लेखापरिक्षण निर्देशिका अनुसारको कार्यविधि अपनाई आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । यस कार्यालयले आन्तरिक लेखापरीक्षण गर्नु पर्ने कार्यालय संख्या ६८ रहेकोछ । सो कार्यालयहरुको बारेमा जानकारी हासिल गरी जोखिम मूल्यांकन गर्न पर्याप्त सूचना संकलन गरी इकाइगत लेखापरीक्षण योजना तथा कार्यक्रम तयार गरी लेखापरीक्षणमा परीक्षण मूल्यांकन गर्ने विषयहरु र लेखापरीक्षण क्षेत्र एवं कार्यविधि निर्धारण गरी कार्यालयहरुको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा सम्पन्न गर्नु पर्नेमा यस कार्यालयले आन्तरिक लेखापरीक्षण गर्न जोखिम मूल्यांकन गरी इकाइगत लेखापरीक्षण तयार नगरी चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी वार्षिक लेखापरीक्षण प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ। तसर्थ कार्यालयले आन्तरिक लेखापरीक्षण गर्नु पर्ने ६८ वटा निकायहरुको जोखिम पहिचान गरी लेखापरीक्षणको इकाइगत योजना तथा कार्यक्रम तयार गरी लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४. **आन्तरिक लेखा परिक्षण वेरुजु** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २ मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजुको लगत कट्टा गराउनु पर्ने भनी उल्लेख गरे अनुसार आन्तरिक लेखापरीक्षणबाट देखिन आएका बेरुजुहरु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि फछ्र्यौट गर्ने गराउने गरेका छैनन ।

## स्कूल अफ हेल्थ साईन्स (सिटिभिटि तर्फ)

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा

लक्ष्य वमोजिम प्रगति हासिल नगरेको, दरवन्दी वमोजिम पदपूर्ति नभएको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, राजश्वको दैनिक आम्दानी खाता नराखेको, घर जग्गाको लगत राखे पनि अधिकांशको मूल्य नखुलेको, भुक्तानी जनाउने छाप नलगाएको, छाना मर्मत गरी रु.५५,७२,३४४।- एक निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **आर्जन तर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(५) मा कार्यालयमा नगद वा बैक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने र नियम १० मा राजश्व लेखा अद्यावधि गरी राख्नुपर्ने व्यवस्था छ । स्कूल अफ हेल्थ साइन्सले आर्जन तर्फ दैनिक आम्दानी खाता राखेको पाइएन । नगदी रसिद प्रयोग गर्दा नगदी रसिदको आम्दानी खर्च र बाँकी स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नगदी रसिद आम्दानी खर्च र बाँकी देखिने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । दैनिक आम्दानी खाता र रसिद नियन्त्रण खाताको अभावमा स्कूल अफ हेल्थ साइन्सको आर्जन तर्फको रु.१,७६,२१,२१५।- बास्तविक आम्दानी भन्ने एकिन गर्न सकिएन ।

३. **जग्गा विवाद** : स्वास्थ्य सेवा विभागले नेपाल सरकारको निर्णयानुसार नक्सामा छुट्याइएको जग्गाको स्वामित्व अस्पतालकै नाममा रहे गरी जग्गा चलन गर्न आवश्यक निर्माण गर्न सक्ने शर्तमा त्रिभुवन विश्वविद्यालय अर्न्तगत संचालित भरतपुर क्याम्पसलाई दिएको जग्गा त्रिभुवन विश्वविद्यालय चिकिसा शास्त्र अध्ययन संस्थान र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् विच त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्को २०५२।४।१९ को निर्णयानुसार भरतपुर क्याम्पसमा संचालित अ.न.मि. विस्तार क्याम्पस, भरतपुरमा भएका चल अचल सम्पत्तिहरु प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्को कार्यक्रम संचालनको लागि उपयोग गर्न दिने शर्तमा हाल स्कूल अफ हेल्थ साइन्स संचालन भइरहेकोमा हाल भरतपुर अस्पतालले जग्गा दिन अस्पताल विकास समितिको निर्णय गरी माग गरेको यस स्कूल अफ हेल्थ साइन्स संचालनमा समस्या रहेको अवस्था छ । तसर्थ यथाशिघ्र जग्गाको विवाद समाधान गरी निर्वाध रुपमा स्कूल अफ हेल्थ साइन्स अर्न्तगत विभिन्न शैक्षिक कार्यक्रम संचालन गर्न सक्ने वातावरण निर्माण गनुपर्ने देखिएको छ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना नबनाएको, प्रत्येक निजामति पदको कार्यविवरण बनाई लागु नगरेको समयमा पेश्की फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने संभावित जोखिम क्षेत्रहरुको पहिचान र सो को निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, तालुक कार्यालयले निरिक्षण नगरेको, निम्नघर जग्गाको लगत राखेपनि अधिकांशको मूल्य नखुलेको र जग्गा धनी दर्ता प्रमाण पुर्जा नभएको, भुक्तानी जनाउने छाप नलगाएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाका पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **राजीनामा पछिको निकासा** : माडी मा.वि. बसन्तपुरका मा.वि. तृतीय शिक्षक रामकृष्ण क्षेत्री ०७२।९।०७ मा अवकाश भएको आधारमा मासिक तलब जम्मा रु.२५,४००। का हिसावले दोश्रो चौमासिक निकासा रु.३०,४८०। दिनुपर्नेमा रु.३९,९७३। दिएको देखिएकोले बढी निकासा रु.९४९३। सम्बन्धित विद्यालयबाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३. **बढी निकासा** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ अनुसार २० जना भन्दा कम विद्यार्थी भएको विद्यालयहरुलाई रु.११,०००। का दरले मात्र विद्यालय कर्मचारीको तलब निकासा दिनुपर्नेमा

९ विद्यालयहरुमा २० जना भन्दा कम विद्यार्थी भएपनि रु.३०,०००। का दरले निकासा दिएको देखिएकोले बढी निकासा रु १,७१,०००। सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने देखिएको छ ।

४. **पुष्टयाई पेश नभएको** : कार्यक्रम संञ्चालन निर्देशिका अनुसार विद्यालयलाई जाने पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा जनक शिक्षा सामाग्री केन्द्र लि.ले तोकेको मूल्यसूची लाई आधार मानी सोही मूल्यसूची अनुरुपको रकम निकासा दिनुपर्नेमा जनक शिक्षा सामाग्री केन्द्र लि.ले तोकेको मूल्य र ऐच्छिक विषयहरुको हकमा ऐच्छिक विषय अध्ययन गर्ने कक्षा ९, १० विषयगत विद्यार्थी पहिचान गरी निकासा दिनुपर्नेमा सो भन्दा वढी दरमा रकम निकासा दिएको र ११ र १२ को मूल्य सूची समेत पेश नगरी रु.१,३६,९७,५७७- निकासा दिएको छ ।

५. **पि.सि.एफ नन-स्यालरी** : शिक्षा विभाग कार्यक्रम कार्यन्वयन निर्देशिका २०७२।७३ अन्तर्गत पि.सि.एफ.का आधारमा ननस्यालरी अनुदान (प्रति विद्यार्थी मसलन्द) को लागी माध्यमिक तह को लागि प्रति विद्यार्थी रु.१८०।- का दरले १६५३७ विद्यार्थीको रु २९,७६,६६०। मात्र विद्यालयलाई निकासा दिनु पर्ने व्यवस्था भएतापनि रु ३४,८०,३३०। खर्च लेखेको देखिएकोले वास्तविक निकासा दिनुपर्ने भन्दा रु.५,०३,६७०।- बढी खर्च लेखेको रकम विद्यालयवाट फिर्ता प्राप्त गरी वेरुजु खातामा दाखिला गर्न पर्ने देखिएको छ ।

६. **निकासाको प्रक्रिया** : शिक्षा विभागले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७२।०७३ मा भौतिक सुविधा विस्तारको कम्पोनेण्टहरुमा भौतिक सुविधा विस्तारको लागि पहिलो किस्ता उपलब्ध गराए पछि विद्यालयबाट व्यहोर्नुपर्ने रकम सहितको कामको नापी र मूल्याङ्कन गरी दोस्रो किस्ता उपलब्ध गराउनुपर्ने र अन्तिम किस्ता भुक्तानी गर्नु पूर्व कार्यसम्पन्न भई सकेपछि नापी अध्यावधीक गरि निर्मित कक्षा कोठाको फोटो लिई मात्र अन्तिम किस्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ। निर्देशिकाको उक्त व्यवस्था विपरित हुने गरि विभिन्न विद्यालयलाई पहिलो किस्ताको नापी नलिई कार्यसम्पन्न नै नभएको अवस्थामा दोस्रो किस्ता निकासा दिएको देखियो। निर्देशिकाको पालना गरी खर्च गर्नुपर्ने तथा कार्य सम्पन्न प्रतिबेदन पेश हुनु पर्ने १४५ विद्यालयको रु.१०,३२,५०,०००। देखिएको छ ।

७. **प्राविधिक मुल्यांकन भन्दा बढी खर्च** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार बस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धा गरि खरिद कार्यमा सशासनको प्रत्याभुति गर्नुपर्नेमा तदअनुसार नगर्नुको अतिरिक्त प्राविधिकबाट नापजाच गरि पेश गरेको कार्य सम्नन्न प्रतिवेदन तथा सो कार्य सम्पन्न गर्न विद्यायलले पेश गरेको खर्चको तुलना गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने २१२ विद्यालय मध्ये ९० विद्यालयले कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको रु.७ करोड १० लाख ३९ हजार भन्दा रु.७२ लाख ८५ हजार बढी खर्च गरेको छ । तर कार्य सम्पन्न प्रतिवेदन भन्दा बढी खर्च हुनुको कारण प्रष्ट भएन । तसर्थ यसमा छानविन हुनुपर्दछ ।

८. **पारीश्रमिक कर** : आयकर ऐन, २०५८ अनुसार ६ कर्मचारीहरुको पारिश्रमिक कर रु २१,९९७ छुट भएकोले असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले यस वर्ष वार्षिक खरिद योजना बनाएकोमा उक्त योजना आंशिक रुपले कार्यान्वयन भएको छ । समयमै पेश्की फछ्र्यौट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा व्याज लिने गरेको छैन । दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा कार्यान्वयन भएको छ। जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी राख्ने सम्वन्धमा केही जिन्सी समानको मूल्य खुलेको छैन । खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी

भएको जनाउने छाप लगाई राखेको छैन । परियोजनाले उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।

१.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) अनुसार आन्तरिक लेखापरीक्षण शाखाले बेरुजूको लागत राख्ने, अनुगमन गर्ने, सम्परीक्षण गर्ने र असूलको लागि ताकेता गर्ने जस्ता कार्यहरुको गरेको देखिएन । आन्तरिक लेखापरीक्षकले औल्याएका बेरुजूहरु अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै फछ्र्यौट गरी सोको लगत कट्टा तथा सुझाव पुर्णरुपले कार्यान्वयन गरेको देखिएन ।

१.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिकमा ठेक्का व्यबस्था १ वटा मात्र र अन्य ठेक्का व्यवस्था तेस्रो चौमासिकमा ६ वटा (८५.७१ प्रतिशत) ठेक्का व्यवस्था गरेकोले नियमको पालना भएको देखिएन ।

१.३. कार्यालयले पेश गरेको आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार ७३५ कार्यक्रम तथा योजनाहरुमध्ये यो वर्ष २५, ५० र ७५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरुको संख्या क्रमश: १२, ९ र ६४३ रहेको छ भने २३ कार्यक्रमको प्रगति शून्य रहेको छ ।

प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।

२. **खर्च स्थिति** : कुल पूंजीगत खर्च रु.४८ करोड ५० लाख ७९ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.६ करोड ७० लाख ८३ हजार (१३.८३%), दोस्रो चौमासिकमा रु.७ करोड १३ लाख २६ हजार ( १४.७०%) र तेस्रो चौमासिकमा रु.३४ करोड ६६ लाख ६६ हजार (७१.४७%) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१८ करोड २४लाख ६४ हजार (३७.६१%) खर्च गरेको पाइयो ।उपभोक्ता समितिलाई पेश्की नदिई काम सम्पन्न गरे पश्चात भुक्तानी गरेको कारण तेस्रो चौमासिक र आषाढ महिनामा वढी खर्च भएको समितिको भनाई रहेको छ ।

३. **कर, सेवा, शुल्क** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१८ एवं स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ अनुसार हस्तान्तरण भएका तथा आफुले निर्माण गरेका सडक तथा पुल मा आगमन हुने सवारी साधनमा कर, निकासी कर लगायतमा कर लगाउने व्यवस्था भए अनुसार रु.२ करोड ५ लाख अनुमान गरेकोमा रु.३ करोड ८९ लाख ८८ हजार असुल गरेको छ ।

चार वटा खोलाको गिटी ढुंगा वालुवावाट ४ लाख ५७ हजार घनमिटरको प्रति घनमिटर रु.१०६।- का दरले रु ४ करोड ८४ लाख ४२ हजार निकाल्न सकिने प्राविधिक प्रतिवेदन भएतापनि १ वटावाट विगतमा भएको वातावरण प्रभाव मूल्याङ्कनको म्याद भएकोले रु.१८ लाख ९० हजार सिलवन्दी दरभाउपत्रवाट र ३ वटा खोलाको वातावरण प्रभाव मूल्याङ्कन गरी मन्त्रालयमा स्वीकृत गर्न पठाएकोमा स्थानीय विकास मन्त्रालयवाट समयमा नै स्वीकृत नभई २०७२।१०।२५ मा मात्र वातावरण प्रभाव मूल्याङ्कन गर्ने अधिकार प्रत्यायोजन गरेकोले अमानतवाट जम्मा रु.२ करोड ९२ लाख २५ हजार मात्र उठाएको छ ।

४. **प्रशासनिक खर्च** : स्थानिय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली २०६४ को नियम ५५ अनुसार कूल आन्तरिक आय रु..३,८९,८८,०००।- को २५ प्रतिशतले रु..९७,४७,०००।- प्रशासनिक काममा खर्च गर्न पाईनेमा रु.१,१९,७५,६९०।- खर्च गरेको देखिएकोले सिमा भन्दा रु २२,२८,६९०।- बढी खर्च नियमसम्मत देखिएन ।

५. **स्थानीय शान्ति समिति** : स्थानीयस्तर वा शान्ति समितिको कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७० को ७ (क) बमोजिम जिल्लास्थित रहेको ३५ गा.वि.स.हरुको लागि रु.३,४८,८००। बजेट विनियोजन भई अनुदान निकासा भएकोमा उक्त मार्गदर्शन बमोजिमका कार्यक्रमहरु

सञ्चालन गरी प्रतिवेदन प्राप्त नभएको तथा जिल्ला विकास समितिबाट अनुगमन समेत भएको देखिएन ।

६. **कर विजक** : मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार तोकिएको ढाँचामा कर विजक जारी गरेको अवस्थामा मात्र मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्ने व्यवस्था छ । सुन्तेश झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई दोश्रो रनिङ्ग विल भुक्तानी भएको रु.३,९२,०००।- मध्ये १४० बोरा सिमेन्टको मूल्य अभिवृद्धि कर समेत रु.१०९९४९।- भुक्तानी गर्दा मू.अ.कर रु.१२६४९।- भुक्तानी भएको देखिन्छ । उक्त मूल्य अभिवृद्धि कर उपभोक्ता समितिलाई भुक्तानी गर्दा विक्रेताको कर विजक पेश नगरेकोले असूल हुनु पर्ने देखिएको छ ।

७. **कम जनसहभागिता** : निर्वाचन क्षेत्र विकास कार्यक्रम (सन्चालन कार्यविधि) नियमावली, २०५८ अनुसार लागत अनुमानको कम्तिमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने उल्लेख छ । तर निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट संचालन भएका १६ कार्यक्रमहरुमा २० प्रतिशत भन्दा कम जनसहभागिता राखी लागत अनुमान स्वीकृत गरी सोही वमोजिम भूक्तानी गरेकोले घटी जनसहभागिता भएको रु ३,३२,१५४।- असुल गर्नुपर्दछ ।

८. **वढी भुक्तानी** : हुलाकी सडकको शिवालयचोक देखि सीतामाईसम्म बाटो निर्माण गर्न लागत अनुमान रु.१८,७८,४६५।- स्वीकृत भएको देखिन्छ । संझौता अनुसार स्वीकृत लागन अनुमान मध्ये अनुदान रु.१४,७७,५००।- र जनसहभागिता रु.३,७८,४६५।- हुने उल्लेख छ । सो कार्य प्राविधिक जाँचपास तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.१७,१२,०९८।- मा सम्पन्न भएको देखिन्छ । सम्पन्न लागत अनुसार समानुपातिक हिसावले अनुदान रु.१३,६९,६७८।- दिनुपर्नेमा रु.१४,७७,५००।- दिएको पाइएकोले बढी अनुदान दिएको रु १०७८२१।- असुल गर्नुपर्दछ ।

९. **घटी कर कट्टी** : योरालीटार हुम्पुङ सडक ट्र्याक विस्तारको लागि कुल लागत अनुमान रु.७,०९,४४२।- गरी जिल्ला विकास समितिबाट अनुदान रु.६,००,०००।- र बाँकी उपभोक्ता समितिले व्यहोर्ने गरी संझौता भएको छ । प्रथम रनिङ्ग विल अनुसार रु.३,३०,०००।- अनुदान दिएकोमा ट्र्याक विस्तारमा एक्जामेटर भाडा भुक्तानी रु.४,२०,०००।- गरेको देखिएकोले अग्रिम कर १० प्रतिशतले रु.४२,०००।- कट्टा गर्नुपर्नेमा रु.३३,०००।- मात्र कट्टी गरेको पाइएकोले नपुग रु ९०००। कर असुल गर्नुपर्दछ ।

१०. **कार्य सम्पादन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार जमानतको तोकिए वमोजिम म्याद हुनुपर्छ। शक्तिखोर गा.वि.स.स्थित शक्ति खोलामा सडक पुल निर्माण गर्न २०७०।७१ माएण्ड जे.भि.सँग रु.२,९६,०७,६२२।- (मूल्य अभिवृद्धि कर वाहेक) २०७३ बैशाख १५ सम्ममा कार्य सम्पन्न गर्ने गरी संझौता भएको देखिन्छ। ठेकेदारले सो समयमा कार्यसम्पन्न गर्न नसकि ०७३।१।२ मा २०७३ कार्तिक १० सम्ममा कार्यसम्पन्न गर्ने गरी नयाँ तालिका सहित म्याद थप मागेकोमा ०७३।०७।१५ सम्म म्याद थप गरेको देखिन्छ । पुनः ठेक्काको वढी परिमाण लाग्ने भन्ने निवेदन अनुसार ०७३।१०।१५ सम्म म्याद थप गरेको छ ।

११. **बैंक जमानत** : निर्माण व्यवसायीको नाममा मोविलाइजेशन पेश्की ०७३ आषाढ मसान्तसम्म रु.७,५०,०००।- बाकी छ। तर पेश्कीको लागि कृषि विकास बैंकद्धारा जारी गरेको बैक जमानतको म्याद ४ फेब्रुअरी, २०१६ सम्मको मात्र देखिन्छ। यस हिसावले हालसम्म म्याद समाप्त भैसकेकोले म्याद थप गरी पेश्की रकम सुरक्षित गर्नुपर्दछ ।

१२. **मूल्य समायोजन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२) अनुसार निर्माण कार्यमा लागेको श्रम, सामाग्री र उपकरणमा सुत्रद्धारा मूल्य समायोजन गर्नुपर्ने व्यवस्था छ । शक्तिखोर सडकपुल निर्माण कार्यको तेश्रो रनिङ विल वापत निर्माण व्यवसायीलाई रु.४१,५०,५५७।- मध्ये रु.६,७०,३०६।- मूल्य वृद्धि वापत भूक्तानी गरेको देखियो । लागत अनुमानमा मूल्य समायोजन

समेत राखी मूल्य समायोजन दिने आधार वेगर राष्ट्र बैंकको एकिकृत मूल्य वृद्धि दिदाको अवस्थामा निर्माण व्यवसायीलाई दिएको पेश्की समेत रु.१६,५०,०००।- बाँकी नै देखिन्छ । निर्माण व्यवसायीसँग पेश्की बाँकी भएकै अवस्थामा मूल्य वृद्धि दिँदा पेश्की बरावरको रकम घटाई मात्र मूल्य वृद्धि रु.४,०६,३०६।- दिनुपर्ने मा रु.६,७०,३०६।- दिई रु.२,६४,०००।- बढी मूल्य वृद्धि भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१३. **खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले ५ हजार रुपैया भन्दा बढीको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नं.र मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गनुपर्ने व्यवस्था छ । कार्यालयले मोटरसाइकल मर्मत तथा रेनकोट/व्याग खरिद गर्दा मु.अ.कर मा दर्ता नभएकासँग खरिद गरेको पाइयो । एक मोटरसाइकल वर्कसपको विभिन्न मितिको विलबाट मर्मत खर्च रु.५६,१७०।-लेखेकोमा सम्बन्धित मोटरसाइकल वर्कशपलाई भुक्तानी नगरी १२ व्यक्तिलाई भुक्तानी गरेको र त्यस्तै एक फेशन कलेक्सनको विभिन्न मितिको विलबाट रेनकोट, फिल्डव्याग रु.७५,०००।- को खरिद गरेकोमा १९ व्यक्तिलाई रकम बुझाएको पाइयो । नियमावलीमा भएको व्यवस्था विपरित गरेको खरिद नियमसम्मत देखिएन ।

१४. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० अनुसार कर्मचारी वा संस्थाले लिएको पेश्की समयमै फछ्र्यौट नभएमा वा आर्थिक बर्षको अन्तसम्म फछ्र्यौट नभएकोमा सो बाँकी पेश्की अर्को आर्थिक बर्षमा जिम्मेवारी सार्नु पर्ने व्यवस्था छ। जेष्ठ नागरिक, एकल र विधवा महिलाको सामाजिक सुरक्षा भत्ता पेश्की ४ गाविसको रु १,९७,५०,३००।, २ कर्मचारीको रु १,९५,०००।, जिविस अनुदान मध्ये ८ गाविसको रु ३,५०,०००।-, ३ निर्माण व्यवसायीको रु ३०,२५,०००। र विद्युत प्राधिकरणको रु ११,९०,०००। समेत रु.२,४५,१०,३००। पेश्की बाँकी देखिएकाले नियमानुसार असूल फछ्र्यौट हुनुपर्दछ ।

१५. **वढी भुक्तनी** : माडी क्याम्पसको भवन निर्माणार्थ रु.५,००,०००। खर्च लेखेकोमा विल अनुसार रु.४,९६,४७५। मात्र हुनेमा रु.३,५३५। बढि खर्च लेखेको असुल हुनु पर्दछ । यस्तै गिट्टी फिजाउने कार्य गरेवापत वाटो निर्माण उपभोक्त समितिलाई रु.३,००,०००।- भुक्तानी दिएकोमा एक सप्लायर्सलाई रु.२,८२,१५०। भुक्तानी दिएकोमा उक्त सप्लायर्सको विलमा विक्रेताको दस्तखत भएको देखिदैन भने आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानीमा १० प्रतिशत अग्रिम कर कटाउनु पर्नेमारु.४,५००। मात्र अग्रिम कर कटाएको हुंदा घटि कर कटाएको रु.२३,७१५। असुल उपर गरी राजश्व खातामा दाखिला हुनु पर्ने देखिएको छ सामाजिक परिचालकहरुलाई बैशाख, जेठ र आषाढ तथा तालिम खर्च रु १०,४५,५२०। खर्च लेखेकोमा विल अनुसार रु.१०,४४,३००। मात्र हुने हुँदा रु.१,०००। बढि खर्च लेखेका रकम असुल हुनुपर्दछ ।

१६. **विल भर्पाई** : चनौली देखि शिवनगरसम्मको वाटो कालो पत्रे गर्ने कार्य गरे वापत उपभोक्ता समितिका अध्यक्षलाई अग्रिम कर रु.३३,१५८। कटाई रु.७,५२,८४२। भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन भने ठेक्का सम्बन्धी विल तथा नापीकिताव समेत पेश भएन । यस्तै पार्वतीनगर मेघौलीबाटो मर्मत गरे वापत रु.७,७६,०००। उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा काम गर्दा लाग्ने खर्चको लागत अनुमान नापी किताव र उपभोक्ता समितिले काम गरेको विल पेश भएको छैन भने डोर हाजिरी फर्म पनि तोकिएको अधिकारीबाट स्विकृत भएको देखिएन ।

१७. **सामाजिक सुरक्षा** : यस जिल्लाबाट यो बर्ष ४ वटा नगरपालिका, १० वटा गा.वि.स.मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा सा.मु. भत्ता वितरण गरेको रकमको आधारमा खैरनी नगरपालिका र चितवन नगरपालिकामा वितरण भएको सामाजिक सुरक्षा भत्ता परीक्षण गरिएकोमा खैरनी नगरपालिका कार्यालयमा वितरण गरेको सामाजिक सुरक्षा भत्ता वितरणको भर्पाइ परीक्षण गर्दा दोस्रो र तेस्रो चौमासिक विल भर्पाई भन्दा रु ८,०००। बढि खर्च

लेखेको असुल हुनुपर्दछ । त्यसै ३ एकल महिलाहरुलाई श्रावण देखि आषाढसम्म पाउनु पर्नेभन्दा रु १८,०००। बढी सामाजिक सुरक्षा भत्ता भुत्तानी दिएकोले रु उक्त रकम असुल हुनुपर्दछ ।

१७.१. एक महिला प्रतिष्ठान मार्फत एच.आई.भी एड्स संक्रमित बालबालिकाको लागि पोशाक, स्टेशनरी, पौष्टिक आहारा वितरण वापत रु.२,९७,०००। खर्च गरेकोमा संक्रमित बालबालिका ३० जनाको लागि शैक्षिक सामाग्री रु.२७,०००। को वितरण गरिएकोमा ईकाईगत परिणाम खुल्ने भर्पाइ, अध्ययनरत शैक्षिक संस्थाको सिफारिस, बालबालिकाको परिचय खुल्ने वायोडाटा बालबालिकाको अभिभावकको परिचय खुल्ने प्रमाण समेत पेश भएन । उल्लेखित बालबालिकाको पोषण वापत चनाको दाल, हरलिक्स, चामल, केराउ, फलफूल वितरण वापत रु.१,३८,०००। खर्चमा वितरणको मापदण्ड, निर्णय, पोषण जिम्मा लिने अभिभावक, संघसंस्थाको माग भर्पाई समेत पेश भएन ।

१८. **स्रेस्ता पेश** : स्टेशनरी लगायत विविध सामाग्री खरिद बापत् एक फोटोकपी सप्लायर्सलाई रकम भुक्तानीमा जिल्ला विकास समितिको मुख्य जिन्सी खातामा दाखिला गरी श्रेष्ता कायम गरी राख्नुपर्नेमा खरिद आदेश लगायतका केही आंशिक श्रेष्ता प्राविधिक कार्यालयका प्रमुखबाट स्वीकृत गरी पठाएकोमा रु ३७,३७०। आवश्यक जिन्सी श्रेष्ता लेखापरीक्षणमा समेत पेश भएन । उक्त खर्चको जिन्सी श्रेस्ता पेश हुनुपर्दछ ।

१९. **भ्रमण** : प्राविधिक कार्यालय दै.भ्र.भत्ता भुक्तानीमा आधिकारीक भ्रमण अभिलेख, तथा भ्रमण सम्पन्न प्रतिवेदन पेश नभएको रु.१४,७००। खर्च लेखेको छ ।

२०. **सामान खरिद** : एक ईन्टरप्राईजेजलाई कम्प्युटर सम्बन्धी सामाग्री खरिदमा रु.२०,६७६।- को आवश्यक जिन्सी दाखिला सम्बन्धी श्रेष्ता पेश भएन ।

२१. **भ्रमण अभिलेख** : प्राविधिक कार्यालय तर्फको दै.भ्र. भत्ता भुक्तानी रु.१९८५०। मा भ्रमण अभिलेख तथा भ्रमण सम्पन्न प्रतिवेदन पेश भएन ।

२२. **तालिम संचालन** : चितवन पर्यटन विकास समिति मार्फत ०७३।३।१० देखि १२ सम्म शक्तिखोरमा स्थानीय पथप्रदर्शक तालिम सञ्चालन खर्च रु.२,००,०००। गरेकोमा सहभागी २० जना आयोजक ४ जना समेत २४ जना सहभागी भएकोमा अर्थ मन्त्रालको कार्य सञ्चालन निर्देशिका, २०७० मा तोकिए भन्दा रु ११९५००।- बढी खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

२३. **वजेट खर्च** : कार्यालयमा प्रयोग भएको जेनेरेटरमा खपत भएको ईन्धनको लगबुक र प्रयोग खाता समेत अध्याबधिक रुपमा राख्नुपर्ने देखिएको छ । यसै गरी योजना फरफारक समिति, दरभाउपत्र उपसमितिको बैठक भत्ता भुक्तानीमा बैठकको उपस्थिति निर्णय खर्च साथ संलग्न राख्नुपर्नेमा नराखी रु १९६०००। भुक्तानी गरेको छ । यस्तै एक ट्रेडर्सलाई विभिन्न सामान खरिद बापत मूल्य अभिबृद्धी करमा दर्ता नभएको विलबाट रु.१,९६,२९५।- भुक्तानी भएकोमा उक्त खरिद भएका सामान खपत सम्बन्धमा जिन्सी शाखाबाट श्रेष्ता पेश भएको छैन । एक ईन्टरप्राईजेजबाट ब्लाङकेट ४ थान खरिदको रु १७,८३१।- र एक ट्रेडर्सबाट अटोमेटिक ग्याँस चुलो तथा रेगुलेटर खरिद एक थानको रु.४,६२५।- मा खरिद गरेकोमा खर्च भएर नजाने जिन्सी खातामा नचढाइ खर्च हुनेमा चढाएको छ । वजेट खर्च गर्दा नियमको प्रकृया पुरा गरी खर्च गर्नुपर्दछ ।

२४. **स्पेशिफिकेसन** : सामान खरिद गरिएकोमा सामानको स्पेशिफिकेसन, माग प्रयोगको विवरण, खरिद ईकाईको निर्णय सिफारिस समेत तयार हुनुपर्नेमा तद्नुसार नगरी एक ट्रेड कन्सर्नबाट एच.पी.ल्यापटप एक थान रु.७४,४००।-मा खरिद गरेको एक फर्निचर उद्योगबाट स्टिल टेबुल, स्टील दराज, प्लाष्टिक कुर्ची, रिभिल्वीङ कुर्ची रु.५४,१८५।- खरिद गरेको छ ।

२५. **आन्तरिक आम्दानी** : सानो र ठूलो हलको भाडा प्रयोजनको लागि भाडामा गएको विस्तृत विवरण खुल्ने खाता जिन्सी शाखाले राख्नुपर्नेमा तद्नुसार नगरेकोले कुन हलको कति भाडा प्राप्त भयो

एकिन भएन । यस्तै राजश्व खाताबाट पेश भएको विवरण बमोजिम विभिन्न व्यक्ति, संस्था आदिबाट घरभाडा बापत प्राप्त हुन बाँकी देखिएको रकम असुल गर्नुपर्दछ ।

२६. **परामर्श खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ (संशोधन समेत) को नियम ६३ बमोजिम स्थानीय निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, नियम (८३) बमोजिम परामर्श सेवाको प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्दा प्रस्तावदाता व्यक्ति भए निजको र फर्म वा संस्था भए आवश्यक संस्थागत कार्य अनुभव उल्लेख गर्नुपर्ने व्यवस्था छ । परामर्श खर्चको लागत अनुमान तथा कार्य विवरण वेगर उद्योग बाणिज्य संघ, नारायणगढ, चितवनलाई भरतपुर उपमहानगरपालिका क्षेत्र भित्रका विग्रिएका सिसि क्यामेरा मर्मत वापत रु ४,००,०००। निकासा भएकोमा प्रगति प्रतिवेदन पेश भएन । कार्ड खपतको विवरण पेश नगरी एक अफसेट प्रेसलाई भुकम्प पिडितको पहेंलो, रातो कार्ड निवेदन छपाई बापत रु ८३,७१०। भुक्तानी भएको छ । सामाजिक परिक्षण प्रतिवेदन कार्यालयको जिन्सीमा आम्दानी नजनाई २०७१।०७२ सामाजिक परिक्षण वापत एक कन्सल्टेन्सीलाई रु.२,९९,८०५।- भुक्तानी गरेको छ ।

२७. **कार्यक्रम संचालन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३० अनुसार गाउँस्तरिय कार्यक्रमका लागि तोकिए बमोजिम जिल्ला विकास समितिले अनुदान दिन सक्ने र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ६० (२) अनुसार रु.३ लाख वा सो भन्दा कम लागत अनुमान भएका भौतिक पुर्वाधार विकास निर्माण सम्बन्धी कार्यक्रम गाउँ विकास समिति मार्फत गराउनुपर्ने उल्लेख भए अनुसार विभिन्न गाउँ विकास समिति र नगरपालिकालाई रु ७१५९९७५।- निकासा दिएकोमा कार्यक्रम सम्पन्न गरी खर्चको विल भरपाई पेश भएको छैन ।

२८. **झोलुङ्गे पुल** : झोलुङ्गे पुल निर्माण बापत उपभोक्ता समितिहरुलाई प्रथम, दोश्रो किस्ता निकासा दिएकोमा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ मा व्यवस्था भए बमोजिम अनुगमन समिति गठन, आम उपभोक्ता भेलाबाट खर्च अनुमोदन भएको निर्णय, अनुगमन समितिको सिफारीस, कार्य तालिका समेत पेश गर्न लगाउनु पर्नेमा तद्नुसार गरेको देखिएन ।

२९. **आई.एल.ओ.तर्फ** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम अनुसूची ४६ को ढाँचामा खरिद भएका सामान अभिलेखीकरण नगरेको र स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६३ मा जुनसुकै निर्माण कार्य मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसार नभएको साथै स्पेसिफिकेसन समेत तयार नगरी एक ईन्टरप्राईजेजबाट सामाजिक शाखाको लागि क्यानन क्यामेरा एक, डेल प्रोजेक्टर एक, ल्यापटप कम्प्युटर एक समेत जिन्सी शाखाले रु १,२०,०००। मा खरिद गरेको छ ।

३०. **साना सिंचाई नदी नियन्त्रण** : जाली खपत सम्बन्धमा हस्तान्तरण फाराम समेत खर्च साथ संलग्न राख्नुपर्नेमा एक निर्माण सेवालाई ४२८ थान तयार गरी ग्याविन जाली सप्लाई बापत रु.८,५९,९९३।- भुक्तानी भएको छ ।

३१. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम** : एक समाज मार्फत लोथर र चण्डीभञ्ज्याङ गा.वि.स. का २०० घरधुरीमा सुधारिएको चुल्हो निर्माण वापत भुक्तानीमा लागत इष्टिमेट, कार्य सम्पन्न प्रतिवेदन, घर वालाको परिचय खुल्ने प्रमाण र गा.वि.स.को सिफारिस समेत पेश हुनु पर्नेमा तद्नुसार नगरी रु.२,४०,०००। खर्च लेखेको छ ।

३२. **उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान** : खर्चको नर्म्स, कार्यपत्र, प्रगति प्रतिवेदन र प्रशिक्षकको विज्ञताको प्रमाण समेत पेश हुनुपर्नेमा तद्नुसार नगरी भरतपुर प्राविधिक शिक्षालयलाई २०७३।२।१२

देखी २।१८ सम्म २० जना महिलाहरुको अचार बनाउने तालिम संचालन बापत रु.१,२०,०००।- भुक्तानी गरेको छ ।

३३. **पूर्वी चितवन जिविकोपार्जन कार्यक्रम** : प्राविधिक कार्यालयको जिन्सि खाता, मर्मत अभिलेख वेगर तथा फेरिएको सामानको वारेन्टि/ग्यारेन्टि लेटर नलिई वा.१भ ८४२५ नं. को गाडी मर्मत वापत एक अटो वर्कशपलाई रु.४३७८७ भुक्तानी गरेको छ ।

३४. **हस्तान्तरण** : हस्तान्तरण गरेको प्रमाण वेगर १७३ थान ह्युमपाईप खरिद गरी एक प्रा.लिलाई रु.१९,२५,२३७५० भुक्तानी गरेको छ ।

३५. **ग्रामीण खानेपानी सरसफाई** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४( संशोधन समेत) को नियम ६३ बमोजिम स्थानिय निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, नियमावलीको नियम (८३) बमोजिम परामर्श सेवाको प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्दा प्रस्ताव दाता व्यक्ति भए निजको र फर्म वा संस्था भए आवश्यक संस्थागत कार्य अनुभव, प्रस्तावदाताको मुख्य मुख्य कर्मचारीको आवश्यक शैक्षिक योग्यता र उस्तै प्रकृतिको कार्यको आवश्यक अनुभव, कार्य सम्पादन गर्ने तरिका, कार्यविधि, कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावग्राहिता समेत उल्लेख गर्नुपर्नेमा तद्नुसार नगरी एक इन्जिनियरीङ कन्सल्टेन्सीलाई नागदह लिफ्ट खानेपानी दारेचोक, चिसापानी लिफ्ट खानेपानी चण्डीभञ्ज्याङ, बेलडाँडा खानेपानी कोराक, परेवाकोट खानेपानी पिप्लेको सर्भे बापत रु ४,९०,४२०।- भुक्तानी गरेको छ ।

३६. **कार्यक्रम खर्च** : योजना उपभोग गर्ने समूहको भेलाको खर्च अनुमोदन सहितको निर्णय सार्वजनिक परिक्षणको प्रतिवेदन, योजनागत अनुगमन समितिको सिफारिस समेत पेश नगरेको, खपतको विवरण, लगसिट पेश नभएको रु .४,७२,७४०।- र मेशिनभाडा, टेलर भाडा, अपरेटर, हेल्परको भत्ता समेत भुक्तानीमा मूल्य अभिवृद्धि कर विल पेश हुनपर्नेमा नभएको, ६९ जनाको रु ४७०। का दरले रु ३,१०,०००।- भुक्तानीमा रु १९,८००।-वढी भुक्तानी भएको समेत देखिएको रु ६,४४,९००।- सिद्वी गा.वि.स. वडा नं. ८ हुग्दी सडकको सिद्धि सिराइचुली खण्ड सडक निर्माण वापत निर्माण समितिका अध्यक्षलाई भुक्तानी गरेको छ। त्यस्तै योजनाको लागत अनुमान कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन समेत पेश गर्नुपर्नेमा तद्नुसार नगरी वोटे टोल खेल मैदान निर्माण वापत २,६३,०००।- र खगेरी नहर लमजुङ्गचोक सडक निर्माण वापत रु.४,४९,०००। खर्च गरेको छ ।

३७. **भाडा** : भ्याट विल वेगर सिमलताल पदमखोला डुम्रेवेसी लामागाउँ सडक निर्माण वापत नि.स.अ. मार्फत योजना संचालन गरिएकोमा सडक नयाँ ट्र्याक निर्माण गर्ने कार्यमाः धादिङ बस्ने एक व्यक्तिलाई एक्साभेटर भाडा रु.७५,०००। र काठमाडौ- १४ बस्ने अर्को व्यक्तिलाई मेसिन भाडा भुक्तानी रु.६,५०,०००। भुक्तानी गरेकोछ ।

३८. **योजना** : कुलो लाइनिङ निर्माण वापत उपभोक्ता समितिहरुलाई प्रथम, दोश्रो किस्ता निकाशा दिइएकोमा स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्थानिय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ मा व्यवस्था भए बमोजिम अनुगमन समिति गठन, आम उपभोक्ता भेलावाट खर्च अनुमोदन भएको निर्णय, अनुगमन समितिको सिफारिस, कार्य तालिका समेत पेश गर्नु पर्दछ। चिप्लेटी कुलो जल उपभोक्ता संस्थालाई दोश्रो किस्ता रु.१०,२६,९४८।, पिप्ले प्रताभपुर माउ कुलो निर्माण मर्मत उपभोक्ता समितिलाई रु.५,७१,८८४।, भुक्तानी गरेको छ । यस्तै कार्य विवरण र योग्यताको बायोडाडा वेगर कन्टेन्जेन्सी रकमवाट एक सव इन्जिनियर डोर हाजिरिवाट २०७२ कार्तिक, मंसिर र पौष महिनाको दैनिक रु.५७५। ले रु.४५,४२५। भुक्तानी गरेको छ । कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३८.१. लोथर राप्ती डयाक तथा स्पर मर्मत, सिंचाई कुलो, नहर निर्माण तथा पुनः निर्माणमा कार्यरत १५० जना कामदारको दुर्घटना विमा वापतको रकम भ्याट सहितको रु.२,२७,३८३।- भुक्तानी

दिएकोमा मूल्य अभिवृद्धि कर वाहेक रकम रु.२,०१,२०४।- को १.५ प्रतिशतले हुने रु ३,०१८।- सम्वन्धितवाट असूल गरी राजस्व खातामा जम्मा गर्नुपर्ने देखिएको छ ।

३८.२. उपभोक्ता समितिवाट गठित अनुगमन समितिवाट अनुगमन सिफारिस प्रतिवेदन पेश हुनुपर्नेमा तद्नुसार नगरी लोथर राप्ती डयाक मर्मत, डयाक स्पर नं. १७ देखि ४६ सम्म पिप्ले १,२,३,४ ( राप्ती २ र ४) योजना संचालनको लागि प्रथम रनिङ्ग विल वापत रु.२२,९४,९७०।- भुक्तानी गरेको छ । साथै सोही भुक्तानी मध्ये मूल्य अभिवृद्धि कर विल वेगर १९७ ट्रिप ढुङ्गा, प्रति ट्रिप रु.३,३२५।- का दरले रु.५,२२,११४।- र भुक्तानी गरेको छ । लोथर स्पर निर्माणमा मूल्य अभिवृद्धि कर विल वेगर २५० ट्रिप ढुङ्गाको रु.३,३२५।- का दरले रु.८,३१,३९२।- भुक्तानी गरेको छ ।

३९. **संशोधित दर विश्लेषण :** योजनाहरुको दर विश्लेषण संशोधन समेत पेश हुन आएकोमा पछि दर विश्लेषण संशोधन गर्नुपर्ने उचित कारण सहित जिल्ला विकास समितिवाट निर्णय गरी सम्वन्धित दातृसंस्था समेतलाई जानकारी गराउनु पर्नेमा सो अनुसार नगरेको साथै अनुगमन सिफारिस प्रतिवेदन वेगर लोथर डयाक स्पर निर्माणमा रु.२२,८६,९५४। रनिङ्ग विल भुक्तानी गरेको छ । साथै मूल्य अभिवृद्धि कर दर्ता भएको एक इन्जिनियर्स निर्माण सेवावाट मूल्य अभिवृद्धि कर जारी नगरी रु.५,२८,८००। भुक्तानी गरेको छ । मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश हुनुपर्दछ ।

४०. **संभ्कौता :** चण्डीभञ्याङ्ग गा.वि.स. अन्तर्गत पोखरी र मुहान संरक्षण कार्यमा कार्यालय र उपभोक्ता समिति बीच मिति २०७२।१२।१५ मा भएको संभ्कौतामा भयरथान पोखरी तथा बाँस संरक्षण कार्य गर्ने उल्लेख भएकोमा ट्वाइलेट निर्माण वापत रु.१,३०,८७१।- बरावरको मूल्यांकन पेश हुन आएको छ ।

४१. **कर :** भोर्ले सिँचाइको लागि पोखरी खन्ने कार्यमा रु.१,५०,०००। स्वीकृत भएकोमा उक्त कार्यको लागि ल.इ. रु.१,८८,४५८।- पेश हुन आएको छ । यसमा नियमानुसार कट्टी गर्नुपर्ने कर मा नपुग कर रु.४६५४।- रकम कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको छ ।

४२. **प्रमाण पेश** : भुक्तानी गर्नुभन्दा अगाडी सम्वन्धित गाउँ विकास समितिको कार्य सम्पन्न सिफारिस, सार्वजनिक परिक्षणको प्रतिवेदन, खर्च सार्वजनिक सूचना मुचुल्कामा स्थानीय संघसंस्थाको रोहवरमा सार्वजनिक भए नभएको, सम्वन्धित गा.वि.स. वडा, नगरपालिकाका सामाजिक परिचालनहरु वा कर्मचारीको हस्ताक्षर भए नभएको एकिन गर्नुपर्ने, उपभोक्ता समिति सदस्य बाहेकका उपभोक्ताहरु मध्येवाट गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन पेश गरे नगरेको एकिन गरी खर्च लेख्नु पर्दछ । सिद्वी -९ बृक्षारोपण विल रु.१,००,०००। , शक्तिखोर मुहान संरक्षण कालिका-२ खा.पा. मुहान संरक्षण रु १,१६,४००।, दाहाखानी- ३ र ९ बृक्षारोपण बील रु.२,००,०००। र इच्छा कामना मन्दिर बृक्षारोपण वापत विरुवा खरिद विल पेश नगरी रु.१,४५,५००। भुक्तानी गरेको छ । नियममा भएको प्रकृया पुरा गरेर मात्र वजेट खर्च गर्नुपर्दछ ।

४३. **सोलार खरिद :** विभिन्न ४ गाउँ विकास समितिमा ढुवानी समेत सोलार जडान खर्च वापत रु ३१३३०००।- भुक्तानी दिएकोमा अग्रिम कर वापत कट्टा गर्नुपर्ने भन्दा घटि कट्टा गरेको रु ९७८२।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

४४. **चुलो वितरण** : दाहाखानी गा.वि.स. अन्तर्गत वडा नं. ३, ४ र ९ मा ६१७ वटा सुधारिएको चुलो उपभोक्ता समिति मार्फत वितरण गरी रु.४,९२,२००। खर्च लेखेकोमा अनुगमन समितिको सिफारिस प्रतिवेदन पेश नहुनुका साथै २ जनालाइ वितरण गरेको भरपाइ पेश गरेको छैन ।

४५. **विरुवा वितरण :** लोथर गा.वि.स. बडा नं. १ र ३ मा उपभोक्ता समिति मार्फत अमरिसो जंगलवाट खोजि रोप्ने कार्यक्रममा रु.१,४१,०००। खर्च लेखेकोमा प्राविधिकवाट डोर हाजिर प्रमाणित भएको छैन । लगत इष्टिमेटमा विरुवा खरिदको रु.१०,०००। समावेश गरेकोमा उक्त रकम कट्टा गरी भुक्तानी दिनु पर्ने देखिन्छ । लोथर १ र ३ का २४९ व्यक्तिलाई परिचय खुल्ने प्रमाण र उपभोक्ता

समितिवाट अनुगमन समितिको सिफारिस वेगर विरुवा वितरण वापत रु.१,७९,०००। भुक्तानी गरेको छ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **ऋण लगानी तथा असूली :** ऋणपूँजि तर्फ गत आ.व. सम्म लगानीमा रहिरहेको रु.१,२५,६६,२०२।- र यो वर्ष थप ७३,२५,०००। लगानी गरी जम्मा लागनी रु.१,९८,९१,२०२।- भएकोमा यो वर्षमा रु.४३,४३,४८६। असूली भई लगानीमा रहेको रु.१,५५,४७,७१६।- देखिन्छ । त्यस्तै गरिब संग विषेश्वर कार्यक्रम तर्फ लगानीमा रहेको रु.९,३८,९८८। मध्ये गत आर्थिक वर्षसम्म र यो वर्षको लगानी खुल्ने विवरण पेश हुन भएन । दुवै कार्यक्रमबाट हाल सम्म लगानी उठ्न बाँकी रु.१,६४,८६,७०४।- भएकोमा भाखा नाघेको ऋण रु.१५,५५,८४२।- देखिन्छ । भाखा नाघेको ऋण असूलीको लागि पहल गर्नुपर्ने देखिन्छ । त्यस्तै कार्यालयले लगानी रकमबाट २०७३ आषाढ मसान्त सम्ममा कति व्याज प्राप्त हुनुपर्ने हो यकिन गरि अभिलेख राख्नु पर्नेमा सो को अभिलेख राखिएको देखिएन ।

२. **अनुगमन :** स्थानिय विकास कोष नियमावलि २०५६ अनुसार प्रवाह भएको ऋण सम्वन्धमा स्थानिय विकास कोषबाट अनुगमन तथा निरिक्षण गर्नु पर्ने व्यवस्था छ । सो को अनुगमन भएकोमा अभिलेख तथा अनुगमन प्रतिवेदन पेश हुन आएन । तसर्थ सम्झौता अनुसार लागनी भएको रकम उद्देश्य अनुरुप प्रयोग भए नभएको यकिन हुन सकेन । स्थानिय विकास कोषबाट निरन्तर अनुगमन गरी लगानी रकम उद्देश्य अनुरुप अधिकतम उपयोग गरे नगरेको यकिन गर्नु पर्दछ ।

## सिंचाइ विकास डिभिजन

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा स्वीकृत दरबन्दी अनुसार प्रदपूर्ति नभएको, समयमै अख्तियारी प्राप्त नभएको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, भ्रमण अभिलेख खाता नराखेको, खरिद इकाई गठन भएकोमा खरिद योजना नबनाएको, कार्यविवरण तयार गरी लागू नगरेको,कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **वार्षिक कार्यक्रम तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम २ र नियम २५ को उपनियम (१) बमोजिम कार्यालयबाट पेश भएको प्रगति विवरण अनुसार ६ कार्यक्रममा ७५% भन्दा घटी प्रगति भएको सो मध्ये २ कार्यक्रममा प्रगति शून्य रहेकोले प्रगति स्थिति सन्तोषजनक देखिदैन । यसबाट सेवा प्रवाहमा असर पर्न सक्दछ । वार्षिक कार्यक्रम अनुसार प्रगति हाँसिल गर्नुपर्दछ ।

३. **चौमासिक खर्च व्यवस्थापन :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६ (६) मा व्यवस्था भए बमोजिम चौमासिक लक्ष्य तोकिएकोमा सोही अनुसार खर्च तेस्रो चौमासिक अवधिमा रु.७,४२,०५,८५३।- (कुल खर्चको ७९.८६ प्रतिशत) र आषाढ महिनामा मात्र रु.४,०५,८०,८८४।- (कुल खर्चको ४३.६७ प्रतिशत) खर्च गरेको देखिएकोले लक्ष्य अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा लागत अनुमान गर्दा २.५ प्रतिशत वर्कचार्ज स्टाफ र २.५ प्रतिशत सानातिना अन्य खर्च समावेश गर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले विभिन्न प्रकृतिका कार्य इन्धन, मर्मत, ज्याला आदिमा रु.४४,१७,०३४।- खर्च गरेको छ । उक्त खर्चमा चालु प्रकृतिको खर्चहरु जस्तै इन्धन, ज्याला, मर्मत कन्टिन्जेन्सीबाट खर्च गर्दा स्पष्ट कार्यविधि बनाई खर्च गर्नुपर्ने देखिएको छ ।

५. **सिँचाइ सेवा शुल्क** : सिँचाइ नियमावली २०५६ को नियम २६ बमोजिम उपभोक्ता समितीले निर्धारण गरे बमोजिम र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१५) मा उपभोक्ता समितिले सेवा उपभोग गरे बापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत संभार गर्नुपर्ने व्यवस्था छ। चालू २०७२।७३ मा सिँचाइ सेवा शुल्क असुली भएको देखिएन। नियमावलीमा तोकेबमोजिम सिँचाई सेवा शुल्क असुल उपर गर्ने र सोको स्पष्ट अभिलेख समेत तयार गरी राख्नुपर्ने देखिन्छ।

६. **अतिरिक्त बैंक जमानत** : सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश (२०७१ चैत्र २९ मा राजपत्रमा प्रकाशित) ले बोलपत्र दाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशत कम कबुल गरेमा कबुल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५% भन्दा जती रकमले घटी कबुल गरेको छ सोको ५०% ले हुन आउने रकम कबुल अंकको ५% थप गरी कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको देखिन्छ। कार्यालयले ३ निर्माण व्यवसायीसँग १५% भन्दा बढी घटेर कबुल गरेको अवस्थामा अतिरिक्त जमानत लिई सम्झौता गरेकोमा अध्यादेश विद्यमान नरहेको भनी रु.७४,६७,९९४।- जमानत फुकुवा गरेको पाइयो। ठेक्का सम्झौता गर्दा अभिन्न अंगको रुपमा रहेको जमानत सम्झौता बमोजिमको कार्य सम्पन्न नहुदै फुकुवा गर्नु सम्झौताअनुकूल देखिँदैन । अतिरिक्त जमानतको मान्य अवधि काम सम्पन्न भए पश्चात त्रुटि सच्चाउने अवधि र थप एक महिना समेतको हुनुपर्नेमा घटी अवधिको स्वीकार गरी सम्झौता गरेको देखियो। कानूनमा भएको व्यवस्था पूर्णत पालना गरिनुपर्दछ।

७. **घटी अवधिको बीमा** : सर्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको त्रुटि सच्चाउने अवधि समेत धान्ने गरी बीमा गराउनुपर्ने व्यवस्था छ। डिभिजन कार्यालय अर्न्तगत सञ्चालित ठेक्का प्याकेजमा २ निर्माण व्यावसायीले पेश गरेको बीमा कागजातमा निर्माण कार्य सुरु गरेको अवधि भन्दा फरक अवधिको बीमा गरेको कागजात पेश गरेको तथा डिफेक्ट ल्याबिलिटिज पिरियड नधान्ने गरी बीमा गराएकोमा समेत कार्यालयले भुक्तानी दिएको रु.५५,०००।- नियमसम्मत देखिएन।

८. **उपभोक्ता समितिको योगदान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१) अनुसार उपभोक्ता समितिवाट निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँच पास गराई अभिलेख राख्नुपर्दछ भन्ने व्यवस्था छ। उ.स.बाट काम गराउँदा सम्झौतामा जनश्रमको परिमाण र रकम समेत उल्लेख गरी सम्झौता गर्नुपर्नेमा सो गरेको छैन । जसवाट सम्झौता अनुसारको कार्य पूर्ण रुपमा सम्पन्न भएको छ भनि स्पष्ट हुने अवस्था देखिएन । उपभोक्ताले गरेको योगदानको परिमाण र रकम स्पष्टसँग नापी किताब र ठेक्का बिलमा उल्लेख हनुपर्दछ।

९. **मू.अ.कर भुक्तानी** : सार्वजनिक खरिद नियमावली ०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा मूल्य अभिवृद्धि करकट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। डिभिजन कार्यालयले नदी तथा तटबन्द नियन्त्रण, नहरको लाइनिङ्ग निर्माण, इन्टेक निर्माण, नहर संरचना निर्माण जस्ता कार्यको लागत अनुमानमा मूल्य अभिवृद्धिकर समेत समावेश गरी लागत अनुमान तयार गरेको देखियो । लागत अनुमान अनुसारकै मूल्य अभिवृद्धि कर लाग्ने सामान खपत भए नभएको सम्बन्धमा कार्यालयले प्राविधिक मूल्याङ्कन नगरेकोले बढी मूल्य अभिवृद्धि कर भुक्तानी हुने अवस्था देखिन्छ। मूल्य अभिवृद्धि कर बढी भुक्तानी नहुने व्यवस्था मिलाउनु पर्दछ।

१०. **पेश्की बाँकी :** आर्थिक वर्षको अन्त सम्म विभिन्न तिन निर्माण व्यवसायीको नाममा रहेको पेश्की रु.६६,८८,६०५।- फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्दछ ।

## जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा स्वीकृत दरबन्दी अनुसार प्रदपूर्ति नभएको, समयमै अख्तियारी प्राप्त नभएको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, भ्रमण अभिलेख खाता नराखेको, खरिद इकाई गठन भएकोमा खरिद योजना नबनाएको, कार्यविवरण तयार गरी लागू नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **वार्षिक कार्यक्रम तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम २ र नियम २५ को उपनियम (१) बमोजिम कार्यालयको लक्ष्य प्रगति विश्लेषण गर्दा सुस्ता क्षेत्र तर्फ तोकिएबमोजिम प्रगति हुन सकेको देखिएन । साथै नारायणी नदी नियन्त्रणतर्फ गुरुयोजना स्वीकृत नगरेकोले स्वीकृत गर्नुपर्ने र वार्षिक स्वीकृत कार्यक्रमअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

३. **वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन** : अार्थिक कार्याविधि नियमावली, २०६४ को नियम २० को उपनियम ३ बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरी सक्नुपर्ने व्यवस्था रहेकोमा नारायणी नदी नियन्त्रण आयोजनाको रु.१२,१४,३२,८८५।- मूल्यका ३ ठेक्का व्यवस्था दोस्रो चौमासिकमा मात्र गरेको देखियो । नियमावलीको प्राबधान अनुरुप कार्य गर्नुपर्दछ ।

४. **चौमासिक खर्च व्यवस्थापन** : आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३६ (६) मा प्रत्येक चौमासिक अवधिमा गर्ने कार्य र खर्चको लक्ष्य तोकिएकोमा कार्यालयको कुल खर्चमध्ये तेस्रो चौमासिक अवधिमा रु.१४,४२,८६,०००। (कुल खर्चको ९३.२१%) र आषाढ महिनामा रु.५,२१,९१,०००। (कुल खर्चको ३३.७१%) खर्च गरेको देखिएको छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ ।

५. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्चका सम्बन्धमा अर्थ मन्त्रालयको मिति २०७०।१।२४ को परिपत्रअनुसार लागत तयार गर्दा ५ प्रतिशत कन्टिन्जेन्सी रकम मध्ये २ प्रतिशत रकम पुँजीगत खरिद तथा निर्माण शीर्षकमा अर्थ मन्त्रालयको सहमति लिई खर्च गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसार देखिएको छ :

५.१ यो वर्ष कन्टिन्जेन्सीमा रु.६५,५१,४०६।- खर्च भएको मध्ये रु.१४,००,०००।- विभागमा पठाएको छ। कन्टिन्जेन्सी खर्चबाट फर्निचर, मेसिनरी औजार, ज्याला, इन्धन, अनुगमन मूल्याङ्कन आदि खर्च शीर्षकमा खर्च भएको देखिन्छ। यस प्रकारको खर्च सम्बन्धित खर्च शीर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्नेमा रु.५१,५१,४०६।- कन्टिन्जेन्सीबाट खर्च गरेकोले स्पष्ट कार्यविधि बनाई खर्च गर्नुपर्ने देखिएको छ ।

५.२ कार्यक्रमवाट कन्टिन्जेन्सी खर्च रु.३९,१०,५१६।- को २ प्रतिशत रु.१५,६४,२६१।- पुँजीगत कार्यमा खर्च गर्नुपर्नेमा रु.११,५३,१५१। मात्र गरी चालुतर्फ रु.४,११,११०।- खर्च गरेको नियमसम्मत देखिएन ।

६. **बीओक्यूमा भाडा समावेश :** सार्वजनिक लेखा समितिको निर्णयअनुसार बीओक्यूमा गाडी भाडा समावेश गरी ठेक्का सम्झौता गर्न नपाउने उल्लेख छ। नारायणी नदी तटबन्ध कार्यक्रममा निर्माण व्यवसायीसँग भएको सम्झौतामा बीओक्यूमा सुपरभिजन कार्यको लागि ड्राइभर, मर्मत र बीमा ३०० दिनको लागि रु.१०,५०,०००।- व्यवस्था गरी सम्झौता भएकोमा दोस्रो बिलबाट २७ दिनको

रु.९४,५००।-, तेस्रो बिलबाट ४१ दिनको रु.१,४३,५००।- र चौथो बिलबाट २५ दिनको रु.८७,५००।- गरी जिप भाडा भुक्तानी गरेको रु.३,२५,५००।- अनियमित देखिएको छ ।

७. **काम सम्पन्न** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण समयमा काम नभएमा पूर्व निर्धारित क्षतिपूर्ति लिने व्यवस्था छ । ठेक्का नम्बर NRTW-LB/13 -071/72 का निर्माण व्यवसायीसँग रु.५०,३१,४८०।- (मू.अ.कर बाहेक) लागतमा नारायणी नदिमा Solid Spur, RBM, Embankment with Revetment and Launching निर्माण कार्यका लागि २०७२।३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७३।३।१५ सम्म म्याद थप भएको छ । उक्त निर्माण सेवालाई २०७२।७३ मा दोस्रो बिलसम्म रु.४०,३९,८४६।- (मू.अ.कर बाहेक) भुक्तानी भएकोमा म्याद थप पश्चात पनि निर्माण कार्य सम्पन्न भएको छैन । निर्माण व्यबसायीले समयमा कार्य सम्पन्न गर्न प्रयास नगरेको साथै एक हप्ता पहिला म्याद थपको लागि निवेदन समेत नदिएकोले सर्बजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम कारबाही गरी काम सम्पन्न गर्नुपर्दछ ।

८. **पेश्की** : आर्थिक वर्षको अन्तसम्म दुई निर्माण व्यवसायीको नाममा रहेको पेश्की रु.५६,००,०००।- फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्दछ ।

## नारायणी लिफ्ट, खगेरी सिंचाई व्यवस्थापन

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा समयमै अख्तियारी प्राप्त नभएको, ठेक्का व्यबस्थापन प्रथम चौमासिकमा सम्पन्न नगरेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, कर्मचारीको कार्यविवरण तयार गरी लागू नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **चौमासिक खर्च व्यवस्थापन** : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(६) मा व्यवस्था भए बमोजिम स्वीकृत चौमासिक अवधिमा खर्चको लक्ष्य तोकिएकोमा कार्यालयको कुल खर्चमध्ये तेस्रो चौमासिक अवधिमा रु.६,८२,८९,१६१।- अर्थात् कुल खर्चको ७१.७२ प्रतिशत र आषाढ महिनामा मात्र रु.२,८६,३८,१२८।- अर्थात् कुल खर्चको ३०.०७ प्रतिशत खर्च गरेको देखिएकोले चौमासिक लक्ष्य बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३. **बढी भुक्तानी** : कम्पाउण्ड वाल निर्माण कार्यको ठेक अंक १६,८१,९९८।५० (मू.अ.कर बाहेक) भएकोमा प्रथम बिलबाट रु.१०,३६,४८०।- र दोस्रो तथा अन्तिम बिलबाट रु.७,२८,८३३।- भुक्तानी भएकोले जम्मा रु.१७,६५,३१३।- भुक्तानी भई सम्झौता भन्दा रु.८३,३१५।- बढी भुक्तानी भएको देखिन्छ । वास्तविक भुक्तानी हुनपर्ने भन्दा मू.अ.कर समेत रु.९४,१४६।- बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) ले वर्क चार्ट स्टाफ खर्चमा २.५ प्रतिशत र सानातिना अन्य खर्चमा २.५ प्रतिशत खर्च गर्न लागत अनुमान गर्दा समावेश गर्ने उल्लेख छ । कन्टिन्जेन्सीमा खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१ यो वर्ष कन्टिन्जेन्सीमा रु.३५,८२,७७९।- खर्च गरेको देखियो । कन्टिन्जेन्सी खर्चमा इन्धन, अनुगमन मूल्याङ्कन, मर्मत, फर्निचर, कम्प्यूटर खरिद आदि समावेश भएको देखिन्छ । यस प्रकारका चालु तथा अन्य खर्च सम्बन्धित खर्च शीर्षकको बजेटमा समावेश गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण खर्च शीर्षकको कन्टिन्जेन्सीबाट खर्च गरेकोले स्पष्ट कार्यविधि वनाई खर्च गर्नुपर्ने देखिएको छ ।

४.२ कार्यालयले कूल बजेट खर्च रु.४,०७,०७,९६०।- मा पाँच प्रतिशतले हुने रु.२०,३५,३९८।- मात्र खर्च लेख्न पाउने मा रु.२१,६७३,९७- खर्च लेखेकोले रु.१,३१,९९९।- बढी खर्च लेखेको छ ।

५. **बिल बेगरको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा रकम खर्च गर्दा खर्चको बिल भरपाइ सहित लेखा राख्नुपर्ने उल्लेख छ । नारायणी लिफ्ट सिँचाई प्रणाली अर्न्तगतको ७४५ मिटर लामो मूल नहरको लाइनिङ्गको निर्माण कार्यबापत तेस्रो बिलसम्मबाट रु.१,६७,०६,९२३।- (मू.अ.कर बहेक) भुक्तानी भएको छ । निर्माण सेवालाई प्रथम रनिङ्ग बिलको रकम भुक्तानी गर्दा जनरल आइटम अर्न्तगतको कार्य सम्पादन जमानतबापतको शुल्क बिल भरपाई बेगर दिएकोले मू.अ.कर सहित रु.१३,०००।- असुल गर्नुपर्ने देखिएको छ ।

६. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न मिल्दैन । यस नारायणी लिफ्ट सिँचाई व्यवस्थापन डिभिजन भरतपुरले एउटै योजना र एकै स्थानका समान प्रकृतिको कार्यको रु.४७,५४,३००।- को लागत अनुमानलाई ५ लाखमा ननघाई टुक्राटुक्रा सम्झौता गरी खरिद गरेको नियमसम्मत देखिएन । सोझै खरिद विधि द्वारा निर्माण कार्य गराएकोमा चेनेज नखुलेको र निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा समेत गरेको छैन । ऐनबमोजिम प्रतिस्पर्धाद्वारा खरिद गर्नुपर्दछ ।

७. **डिष्टिलिङ्ग कार्य** : नारायणी लिफ्ट सिँचाई प्रणाली अर्न्तगत Link-Canal, B Canal / C canal लाई Reshaping / Distiling कार्यको लागि एक्जाभेटर भाडामा लिई कार्यालयले अमानतबाट कार्य गराउने गरी रु.३७,८१,४९८।५९ को लागत अनुमान स्वीकृत गरी मिति २०७३।२।१६ मा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८(१) बमोजिम अमानतबाट कार्य गर्न क्षेत्रीय सिंचाई निर्देशनालयबाट स्वीकृती लिएको देखिन्छ । सो नियमावलीको नियम ९८(३) अनुसार अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रुपैयामा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काममा आवश्यक निर्माण सामग्री नियमानुसार उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । डिभिजन कार्यालयले एक्जाभेटर भाडामा लिई इन्धनलगायतको रकम सम्बन्धित पार्टीलाई भुक्तानी गरी बाँकी कार्य अमानतबाट गराई रु.१७,९३,९५५।- खर्च लेखेको देखिन्छ । बाँकी कार्य समेत प्रतिस्पर्धाबाट खरिद गरी मितव्ययी रुपमा कार्य सञ्चालन गर्नुपर्ने देखिएको छ ।

८. **मर्मत अभिलेख** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार लगत खडा गरी राखिएको सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । कार्यालयले इलेक्ट्रो/मेकानिकल मर्मत, पम्प मर्मत, पावर ट्रान्सफरमर इलेक्ट्रिक लगायतको लागि मर्मत सम्भारको कार्य गराएकोमा मर्मत सम्भार गर्नुपर्ने सामान र मर्मत गरिएको अभिलेख देखिने गरी म.ले.प.फा.नं. २ नराखेकोले विगत र हाल भएको मर्मतको अवस्था यकिन गर्न सक्ने अवस्था रहेन । यस सम्बन्धमा गत विगतको प्रतिवेदनबाट औंल्याइदै आएको भए तापनि स्थिति यथावत् छ ।

९. **विद्युत महशुल** : नारायणी लिफ्ट सिँचाई प्रणाली सञ्चालन कार्यको लागि विद्युत महशुल रु.१ करोड ३० लाख खर्च लेखेकोमा निम्नानुसार देखिएको छ ।

९.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(८) मा उपलब्ध श्रोत, साधन तथा सम्पत्तिको उचित उपयोग भएको अभिलेख राख्नुपर्ने व्यवस्था छ । लिफ्ट प्रणालीबाट सिँचाई सुविधा उपलब्ध गराए बापत रु.१ करोड ३० लाख बजेट विनियोजन भएकोमा पुरै रकम विद्युत प्रधिकरणलाई भुक्तानी तथा पेश्की उपलब्ध गराएको पाइयो । उक्त रकमबाट बक्यौता, नियमित र पेश्की खुल्ने अभिलेख राखेको नदेखिँदा प्राधिकरणको नाममा खर्च लेखेको रकम यकिन गर्ने आधार भएन । बक्यौता तथा पेश्कीको अद्यावधिक अभिलेख तयारी गरी भुक्तानी गर्नुपर्दछ ।

९.२ नेपाल विद्युत प्राधिकरणले समयमा विद्युत महशुल भुक्तानी गरेमा ३ प्रतिशत छुट दिने र तोकिएको म्याद भित्र महशुल भुक्तानी नगरी बिलम्ब गरेमा थप दस्तुर लिने व्यवस्था गरेको छ । कार्यालयले

समयमा विद्युत महशुल भुक्तानी गरी छुट सुविधा लिनुपर्नेमा श्रावण, भाद्र र आश्विनको विद्युत महशुलको बिल रकम भुक्तानी गर्दा बिलम्ब गरी महशुल भुक्तानी गरेको कारण रु.९,४३,५३०।- थप दस्तुर भुक्तानी गरेको पाइयो । नियमित भुक्तानी गरी बिलम्व दस्तुर तिर्ने परिपाटी अन्त गरी छुट सुबिधा लिने व्यवस्था गरिनुपर्दछ ।

## भूमिगत जलसिंचाइ निर्देशनालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा ठेक्का व्यबस्थापन प्रथम चौमासिकमा सम्पन्न नगरेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, कर्मचारीको कार्यविवरण तयार गरी लागू नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **वार्षिक कार्यक्रम तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम २ र नियम २५ को उपनियम (१) बमोजिम कार्यालयले यो वर्ष दुई बजेट उपशीर्षकबाट ८१.४ प्रतिशत र ८८.४३ प्रतिशत प्रगति गरेको देखिएको छ । बार्षिक लक्ष्य तथा प्रगति प्रतिवेदन अनुसार दीर्घकालीन कृषि योजनाको १८ वर्ष (अन्तिम चरण पुग्ने समयसम्म औसतमा ३३.४ प्रतिशत) मात्र प्रगति देखिएकोले अपेक्षा बमोजिम कार्य हुन सकेको देखिएन । प्रगति हुन नसक्नुका कारण पहिचान र निराकरण गरी लक्ष्यअनुसार प्रगति हाँसिल गर्नुपर्दछ ।

३. **कार्यक्रम र कार्यान्वयन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरिसक्नुपर्ने व्यवस्था रहेकोमा निर्देशनालयले तीन ठेक्का व्यवस्था तेस्रो चौमासिकमा सम्पन्न गरेको देखाएको छ । नियमावलीको व्यवस्था अनुरुप तोकिएको समयमा ठेक्का व्यवस्थापनको कार्य गरिनुपर्दछ ।

४. **चौमासिक खर्च व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (६) अनुसार प्रत्येक चौमासिक अवधिमा कार्यक्रम र खर्चको लक्ष्य तोकिएकोमा कार्यालयको कुल खर्चमध्ये तेस्रो चौमासिक अवधिमा १,८३,१७,३८९।- अर्थात् कुल खर्चको ७४.४२३ प्रतिशत र आषाढ महिनामा रु.१,६४,३२,५३१।- अर्थात् कुल खर्चको ६६.७७ प्रतिशत खर्च गरेको देखिएको छ । आर्थिक बर्षको अन्तमा खर्च गर्दा कामको गुणस्तरमा प्रभाव पर्नसक्ने देखिंदा स्वीकृत वार्षिक कार्यक्रम अनुसार नै खर्च गर्नुपर्दछ ।

५. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्चको सम्बन्धमा अर्थ मन्त्रालयको ०७०/१/२४ को परिपत्र अनुसार ५ प्रतिशत कन्टिनजन्सी रकम मध्ये २ प्रतिशत रकम आवश्यकतानुसार फर्निचर, सवारी साधन, मेसिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पुँजीगत खरिद तथा निर्माण शीर्षकमा अर्थ मन्त्रालयको सहमति लिई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष कन्टिन्जेन्सीमा रु.४६७६२६।- खर्च गरेको छ । यस प्रकारको खर्च सम्बन्धित खर्च शीर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माणवाट रु.४,६७,६२६।- खर्च गरेकोले स्पष्ट कार्यविधि बनाई खर्च गर्नुपर्ने देखिएको छ ।

६. **अनुगमन मूल्याङ्कन खर्च** : स्यालो ट्युवेल सिँचाई अभियान कार्यन्वयन कार्यविधि, २०६७ को सि.नं.-१४ मा भूमिगत जल सिँचाईको कार्यलाई प्रभावकारी बनाउनको लागि भूमिगत जल स्रोत विकास समिति, सिँचाई विभाग र भूमिगत जल सिँचाई निर्देशनालयबाट अनुगमन मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। निर्माण कार्यको रेखदेख निरीक्षण तथा गुणस्तर नियन्त्रण कार्यको लागि रु.९,४२,६८४।- भ्रमण खर्च लेखेकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । नियमावलीको व्यवस्था बमोजिम भ्रमण प्रतिवेदन पेश गर्नुपर्दछ ।

७. **नर्म्स** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा जमिनमुनि गरिने कार्यको नर्म्स नभए नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो कार्य क्षेत्र रहेको जिल्लाका विभिन्न स्थानमा स्यालो तथा डिप ट्युवेल निर्माण कार्य गर्दै आएकोमा नर्म्स तयार गरी मन्त्रीपरिषदबाट स्वीकृत गराएको पाईएन ।

८. **परामर्श कार्य** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेकोमा निर्देशनालयबाट स्वयं हुन सक्ने वा नसक्ने यकिन नगरी फिजिबिलिटी अध्ययनको लागि ८ परामर्शदाताबाट कार्य गराई रु.१८,४०,९७०।- भुक्तानी दिएको छ । ऐनको व्यबस्था अनुसार आवश्यकता पहिचान गरी कार्य गराउनु पर्दछ ।

९. **अन्वेषणको कार्य** : निर्देशनालयले दिएको विवरणअनुसार यो बर्ष ८ स्यालो ट्युवेल र ३ डिप ट्युवेलको अन्वेषणको कार्यमा रु.८१,९०,२९६।- खर्च लेखेको छ । जमिन भित्रको भूमिगत लेयर र हाइड्रोलोजिकल अवस्थाको जानकारीको लागि जियोलोजीकल सर्भेको कार्य सम्पन्न गरेर मात्र डिप ट्युवेल र स्यालो ट्युवेलको लागि अन्वेषणको कार्य गरिनुपर्दछ । जमिन मुनिको अवस्था जानकारी पाउन जियोलोजिकल सर्भे कार्य गरेर मात्र अन्वेशण तथा निर्माण कार्य गराउने तर्फ निर्देशनालयले ध्यान दिन पर्ने देखिन्छ ।

१०. **पानीको अन्वेषण** : चितवन जिल्लामा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भूमिगत जल स्रोत डिभिजन कार्यालय र भूमिगत जल स्रोत विकास निर्देशनालयले प्रत्येक वर्ष करिव ५० वटा डिप ट्युवेल र ५०० को संख्यामा स्यालो ट्युवेल जडान कार्य हुने गरेको तथ्यांकमा उल्लेख छ । भूमिगत स्रोतको अत्याधिक दोहनको कारण जमिनमुनिको पानीको सतह घट्न गई समस्या आउने स्थितिको सम्बन्धमा निर्देशनालयले जमिनमुनि रहेको पानीको ट्रेन्डसम्बन्धी अन्वेषणको कार्यलाई वार्षिक कार्यक्रममा समावेश गर्नु उपयुक्त हुने देखिन्छ ।

११. **कर कट्टी** : फिल्ड भिजिट कार्यको लागि रु.१८,०००।- गाडी भाडा खर्च लेखेकोमा आयकर ऐन, २०५८ बमोजिम रु.१,८००।- अग्रिम कर कट्टी नगरेकोले असुल गर्नु पर्दछ ।

१२. **अस्थायी र करार कर्मचारी** : अस्थायी र करारमा सवारीचालक, कम्प्युटर अपरेटर, चौकीदार, माली, कार्यालय सहयोगी पदमा विगत वर्ष देखि ८ जना नियुक्ति गरि रु.१७,००,०००।- अन्य सेवा शुल्क बाट तलब खर्च लेखेको छ ।

## भूमिगत जल सिँचाइ विकास डिभिजन

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा समयमै अख्तियारी प्राप्त नभएको, ठेक्का व्यबस्थापन प्रथम चौमासिकमा सम्पन्न नगरेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, कर्मचारीको कार्यविवरण तयार गरी लागू नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **चौमासिक खर्च व्यवस्थापन** : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६ (६) मा व्यवस्था भए बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारीमा प्रत्येक चौमासिक अवधिमा कार्यक्रम र खर्चको लक्ष्य तोकिएकोमा कार्यालयको कुल खर्चमध्ये तेस्रो चौमासिक अवधिमा कुल खर्चको ७५.६१ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको २९.८३ प्रतिशत खर्च गरेको देखिएको छ । अन्तिम चौमासिक तथा आषाढ महिनामा अत्याधिक खर्च भएको देखिन्छ । आर्थिक वर्षको अन्तमा

कामको अत्यधिक चाप पर्ने तथा कामको गुणस्तर कायम गर्न तथा अनुगमन गर्ने कार्यमा समेत असर पर्ने हुनाले लक्ष्य अनुसार कार्य सम्पादन गर्नुपर्दछ ।

३. **उपभोक्ता समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा व्यवस्था भए बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सक्ने व्यवस्था भए बमोजिम कार्यालयले डिप स्यालो ट्युबवेलतर्फको ४५ योजना उपभोक्ता समितिमार्फत गराई रु.२,८२,५९,०००।- खर्च गरेको छ । निर्माण कार्य गर्ने उपभोक्ता समितिको वार्षिक आय-व्यय सहितको सामाजिक लेखापरीक्षण प्रतिवेदन लिने गरेको देखिएन । कार्यालयले आंशिक रुपमा लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको र बाँकी प्राप्त हुने क्रममा रहेको जनाएको छ ।

४. **खरिद :** भूमिगत जल सिँचाई विकास डिभिजन पर्सा चितवनले स्वीकृत वार्षिक कार्यक्रम अनुसारका स्यालो ट्युबवेल, डिप ट्युबवेलमार्फत सिँचाई प्रणाली सञ्चालनका लागि आवश्यक पर्ने बिधुतिकरण एसेसरिज ट्रान्सफर्मर, पम्प तथा एसेसरिज सामान, स्यालो ट्युबवेल जडान सामान आदि उपभोक्ताले विभिन्न बिक्रेता/फर्म बाट खरिद गरेको उल्लेख गरी डिभिजन कार्यालयले बिक्रेता/फर्मलाई भुक्तानी दिने गरेको छ । वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक त्यस्ता सामानको लागत अनुमान तयार गरी बोलपत्र वा शिलबन्दी दरभाउपत्र मार्फत खरिद गरिएमा मितव्ययी हुने देखिन्छ ।

५. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) ले वर्क चार्ट स्टाफ खर्चमा २.५ प्रतिशत र सानातिना अन्य खर्चमा २.५ प्रतिशत खर्च गर्न लागत अनुमान गर्दा समावेश गर्ने उल्लेख छ । प्राप्त विवरणअनुसार यो वर्ष कन्टिन्जेन्सीमा कुल रु.२२,०६,०००।- खर्च भएको छ । उक्त खर्चमा मोटरसाईकल खरिद, सोलार जडान, इन्धन, अनुगमन मूल्याङ्कन आदि खर्च समावेश भएको देखिन्छ । यस प्रकारका खर्चहरु सम्बन्धित खर्च शीर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माणको कन्टिन्जेन्सी बाट खर्च गरेकोले स्पष्ट कार्यविधि बनाई खर्च गर्नुपर्ने देखिएको छ ।

६. **नर्म्स :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा डिप ट्युबवेलजस्ता जमिनमुनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले हरेक वर्ष आफ्नो कार्य क्षेत्र रहेको जिल्लाका विभिन्न स्थानमा स्यालो तथा डिप ट्यूववेल निर्माण कार्य गर्दै आएको छ । तर वर्षेनी गरिने निर्माणको लागि हालसम्म पनि नर्म्स तयार गरी मन्त्रीपरिषदबाट स्वीकृत गराई लागू भएको पाइएन । स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार हुनुपर्दछ ।

७. **सूचना प्रवाह :** भूमिगत जल सिँचाइ आयोजना कार्यान्वयन कार्यविधिको ४(१) क मा सिँचाइ सम्बन्धी कार्यक्रमहरुको उद्देश्य एवं कार्यान्वयन प्रक्रियाबारे सु-सूचित गर्न सूचनापाटी, पत्रपत्रिका, पम्पलेट, सभा, गोष्ठी, रेडीयो, एफ.एम., टि.भी., दोहरी गीत, लेखन प्रतियोगिता आदिको माध्यमबाट शाखा कार्यालयले सूचना प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा सोअनुसार सूचना प्रवाह गरेको देखिएन ।

८. **काम सम्पन्न :** चितवनका ३ तथा मकवानपुरका ३ गरी ६ स्थानमा पम्प हाउस, ओभर हैड टैंक एण्ड एम्.एस्. फिटिङ्गसको कार्य गर्न सबैभन्दा घटी कबोल गर्ने एक कन्स्ट्रक्सन प्रा.लि. सँग मू.अ. कर बाहेक रु.४५,६२,५६२।- को २०७२।११।९ मा सम्झौता भएको देखियो । सम्झौता बमोजिम २०७२।२।३० मा काम सम्पन्न गर्नुपर्नेमा काम सम्पन्न गर्न नसकि २०७३।८।३० सम्म म्याद थप भएको देखिन्छ । निर्माण व्यवसायीले २०७३।३।२६ मा प्रथम रनिङ्ग बिलबाट रु.१२,२६,६६९।- भुक्तानी लगेको छ । समयमै काम सम्पन्न गराउनुपर्ने देखिन्छ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण :** ऐन, नियम एवं कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा दरबन्दी अनुसार पदपूर्ति नभएको, खरिद योजना बनाए पनि नियमको पूर्ण पालना नभएको, रसिद नियन्त्रण खाता नराखेको, जिन्सी निरीक्षण प्रतिवेदनमा व्यहोरा कार्यान्वयन नगरेको, एउटै कर्मचारीले एकमुष्ट पेश्की लिई फछ्र्यौट गर्न ढिला गर्ने गरेको, कार्यक्रम सम्पन्न भए पछि सो कार्यक्रम खर्चको सार्वजनिकीकरण र सो सम्बन्धी फोटोहरु संलग्न नगरेको आदि व्यहोराहरु देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **चौमासिक खर्च** : कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रत्येक चौमासिकमा खर्च हुने बजेटको व्यवस्था गरिएको र सोही कार्यक्रमअनुसार खर्च गर्नुपर्नेमा कार्यालयले यो वर्ष तेस्रो चौमासिकमा ५९.२१% खर्च गरेको देखिन्छ । यसतर्फ कार्यालयले ध्यान दिइ वार्षिक कार्यक्रम अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. **वार्षिक लक्ष्य प्रगति :** लक्ष्य अनुसार प्रगति हाँसिल गर्नुपर्दछ । कार्यालयबाट प्राप्त विवरणअनुसार औसत ९१.६% प्रगति हासिल गरेको देखाईएको छ । सञ्चालित कार्यक्रम मध्ये दीर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रममा ४७.८% र विशेष कृषि उत्पादन कार्यक्रममा ७०.७% मात्र प्रगति भएको देखाएको छ । प्रगति नहुनाका कारणहरु पहिचान र निराकरण गरी लक्ष्यअनुसार प्रगति हाँसिल गर्नुपर्दछ ।

४. **बढी भुक्तानी :** कोष तथा लेखा नियन्त्रक कार्यालयबाट २०७२।१२।८ मा पारित तलवी प्रतिवेदन बमोजिम एक कर्मचारीलाई मासिक ग्रेड रु.२,४००।- पाउनेमा रु.२,६४०।- भुक्तानी गरेको हुँदा मासिक रु.२४०।- का दरले बढी भुक्तानी भएको रु.२४०।- ले ११ महिनाको रु.२,९०४।- असुल हुनुपर्दछ ।

५. **भाडा भुक्तानी :** कृषि प्राविधिक एवं कर्मचारीहरु फार्म अवलोकन गर्न २०७२।११।२४ देखि ११।२८ सम्म पोखरा-मुस्ताङ भ्रमण गर्दा २० जना सहभागि भएकोमा विभिन्न ५ रुटको बस टिकटमा बढी संख्यामा बस भाडा भुक्तानी गरेको रु.८,३८०। असुल हुनुपर्ने देखिएको छ ।

६. **अग्रिम कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । एक एग्रो ट्रेडिङबाट किसानले व्यहोर्ने रकम समेत रु.६,००,०००।- बिलको १.५% ले रु.९,०००।- र सोको ढुवानी भाडा ३०,०००।- को १०% ले रु.३,०००।- समेत जम्मा रु.१२,०००।- कर कट्टी गर्नुपर्नेमा रु.५२३०।- मात्र कट्टी गरेको हुँदा छुट कर रु.६,७७०।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

७. **मेसिन वितरण :** स्वीकृत वाषिक कार्यक्रम बमोजिम ५०% अनुदानमा १० मेसिन वितरण गर्नुपर्नेमा ६ मात्र वितरण गरी ६०% प्रगति भएकोमा बजेट खर्च ७६.४२% भएको देखियो । वितरण गरेका मेसिन मध्ये ४ किसान सहकारीहरु, १ एग्रो प्रा.लि. र १ रिसर्च सेन्टरलाई वितरण गरेको देखियो । वितरित मेसिनरी सामानहरुको अभिलेख कार्यालयमा राखेको नदेखिएको हुँदा अनुदान रकमको सही सदुपयोग भएको छ भन्ने आधार देखिएन ।

८. **पेश्की फछ्र्यौट :** एक कर्मचारीले विभिन्न कार्यक्रम सञ्चालन गर्न रु.२,३९,०००।- पेश्की लिएको र सो रकमबाट कार्यक्रम सञ्चालन गरी रु.२,३२९३५।-को बिल भरपाई पेश गरी बाँकी रु.६,०६५।- नगद जम्मा भनी उल्लेख गरेकोमा लेखाले उक्त रकम अनुगमन मूल्याङ्कन खर्च भनी उल्लेख गरेको तर भ्रमण आदेश स्रेस्तासाथ संलग्न नभएको हुँदा रु.६,०६५। असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

९. **खर्चको बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले दारेचोक लगायतका पहाडी इलाकामा ५० प्रतिशत अनुदानमा कागती बिजु, सुन्तला बिजु, अलैची बिरुवा रु.९९,४००। को खरिद गरी

परिचय नखुलेका विभिन्न व्यक्तिहरुलाई बुझाएको र कागती बिरुवा एक कृषि सहकारीका अध्यक्ष लाई एकमुष्ठ १५०० वुझाएकोमा कृषकले वुझिलिएको भरपाई र सम्बन्धित क्षेत्रमा रोपिएको प्रतिवेदन समेत संलग्न नभएको हुँदा उक्त प्रमाण संलग्न हुनुपर्ने देखिएको छ ।

१०. **कन्टिन्जेन्सी** : स्वीकृत वार्षिक कार्यक्रमबमोजिम कृषिसेवा केन्द्रमार्फत ४ कृषक समूह सहकारीको साझेदारीमा तरकारी वेर्ना उत्पादन तथा वितरण गर्न रु.१२,००,०००।- बजेट व्यवस्था गरेको देखिएकोमा उक्त कार्यक्रमको लागि जम्मा रु.११,८२,७५०।- खर्च लेखेको छ । सो अनुसार ५% ले हुने रु.५९,१३७- सम्म कार्यक्रम बनाई कन्टेन्जेन्सी खर्च लेख्न सकिनेमा रु.९९,५५०।- लेखेको हुँदा नियममा व्यवस्था भए भन्दा रु.४०,४१२।- बढी खर्च लेखेको नियमसम्मत देखिएन ।

११. **अग्रिम कर** : आयकर ऐन, २०५८ को नियम ८८ मा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट विभिन्न सामान खरिद गरेबापत एक प्रा.लि. लाई रु.८,८५,५००। भुक्तानी गरेकोमा सो को १.५% अग्रिम कर रु.१३,२८२।५० कट्टी गर्नुपर्नेमा रु.१,३३०। मात्र कट्टी गरेको हुँदा नपुग रु.११,९५२। असुल गर्नुपर्ने देखिएको छ ।

१२. **खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) बमोजिम रु.३ लाख देखि बढीको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यम द्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले किसानहरुलाई ३ थान हाते टेक्टर वितरण गर्न रु.५,७०,०००।- को खरिद गरी सिधै भुक्तानी गरेको देखियो । नियमानुसार कोटेशन माग गरी प्रतिस्पर्धाका आधारमा खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको हुँदा उक्त खरिद कार्य नियमित देखिएन ।

१३. **कार्यक्रमअनुसार काम** : स्वीकृत वार्षिक कार्यक्रमबमोजिम माडीमा माछापालन कार्यक्रम/क्षेत्र विस्तारका लाीग रु.३,००,०००।- बजेट स्वीकृत भएकोमा एक सहकारी संस्थासँग २०७३।३।१० मा उक्त कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको देखियो । सो रकमबाट ११ थान डिजिटल तराजु रु.१,७६,०००।- महाजाल एक थान रु.३०,०००।- र बोरिङ्ग जडान एक रु.९४,०००।- समेत रु.३,००,०००।- को बिल राखी भुक्तानी भएको देखियो । स्वीकृत कार्यक्रममा माछापालन सम्बन्धी क्षेत्र विस्तार उल्लेख भएकोमा सामान खरिद गरी वितरण गरेको, वोरिङ्ग जडानको प्राविधिक प्रतिवेदन नभएको र सामान खरिद गरेको प्रतिलिपी बिल संलग्न भएको हुँदा उक्त खर्च नियमित देखिएन ।

१४. **खर्चको बिल भरपाई** : जिल्लास्तरीय कृषक तालिम सञ्चालन गरी रु.१,३८,७५०।- खर्च लेखेको मध्ये एक सहभागीको तालिम खर्च बापत रु.१,९००।- लेखेकोमा निजले रकम बुझेको भरपाई नभएको हुँदा असुल गर्नुपर्दछ ।

१५. **अनुगमन** : युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यविधि, २०७१ बमोजिम विगत वर्षदेखी तरकारी खेती गर्दै आएका र तरकारी खेती गर्न इच्छुक प्राविधिक ज्ञान भएका नयाँ युवाहरुका लागि तराईमा रु.६०,०००।- उपलब्ध गराउने र प्रति सिजन १ बिघाका दरले २ सिजनमा तरकारी खेती गर्नुपर्ने व्यवस्था अनुसार यस वर्ष कार्यालयबाट ६८ कृषक छनौट गरी रु.३६ लाख अनुदान उपलब्ध गराइएको देखियो । निर्देशिका अनुसार कृषि विकास मन्त्रालय, विभाग, क्षेत्रीय निर्देशनालय लगायतले नियमित अनुगमन गरी अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने व्यवस्था भएकोमा उक्त प्रतिवेदन संलग्न नभएको हुँदा उक्त रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा यकिन गर्ने अवस्था देखिएन ।

१६. **कार्यक्रम भन्दा बढी भुक्तानी** : एक सर्जिकल हाउसले रु.७३,७४०।- को बिल पेश गरेकोमा कार्यालयले ५० प्रतिशत अनुदान रु.३६,८७०।- व्यहोर्नुपर्नेमा सम्पूर्ण रकम कार्यालयले भुक्तानी गरेकोले रु.३६,८७०।- असुल गर्नुपर्ने देखिन्छ ।

१७. **धरौटी तर्फ** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा जमानत फिर्ता गर्दा कर विवरण पेश गरेको प्रमाण लिनुपर्ने व्यवस्था छ । एक कृषि सहकारी संस्थाको रु.२७,०००।- जमानत

फिर्ता गरेकोमा कर विवरण पेश गरेको प्रमाण लिएको नदेखिएको हुँदा उक्त प्रमाण संलग्न गर्नुपर्दछ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **चौमासिक खर्च** : कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रत्येक चौमासिकमा खर्च हुने बजेटको व्यवस्था गरिएको र सोही कार्यक्रमअनुसार खर्च व्यवस्थापन हुनुपर्नेमा कार्यालयले तेस्रो चौमासिकमा कुल खर्चको ६९.०८ प्रतिशत र आषाढमा मात्र ४३.९७ प्रतिशत खर्च गरेकोले चौमासिक रुपमा कार्य सञ्चालन गर्न नसकेको अवस्था छ । चौमासिक लक्ष्यअनुसार खर्च व्यवस्थापन हुनुपर्ने देखिएको छ ।

२. **खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा कार्यालयले वार्षिक खरिद योजना बनाएको पाइएन । नियमावलीको व्यवस्थाबमोजिम खरिद योजना बनाई सो अनुसार खरिद कार्य सञ्चालन गर्नुपर्दछ ।

३. **अनुदान** : कार्यालयले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष घाँस उत्पादन, घाँस बीउ पुँजी, लागत साँझेदारी गाई भैसी पालन, चिलिङ भ्याट, डेरी पसल सुधार, पिग एण्ड पोर्क कार्यक्रम, मासु पसल सुधार, युवा लक्षित कार्यक्रम आदिमा रु.१ करोड २३ लाख ८ हजार अनुदान उपलब्ध गराएको देखिन्छ । सम्झौताअनुसार उपलब्ध गराएको रकम तोकिएबमोजिम कार्यमा खर्च भएको, त्यसले उत्पादनमा वृद्धि ल्याएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको पाइएन ।

४. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ५० मा जिन्सी मालसामानहरुको निरीक्षण गराई सामानहरुको अवस्थाअनुसार मर्मत लिलाम गराउनुपर्ने र नियम ५४ मा सरकारी जग्गाको लगत राख्नुपर्ने, कार्यालयको स्वामित्वमा नआईसकेको जग्गाको सम्बन्धमा मालपोत कार्यालयबाट रजिष्ट्रेशन गराई लालपूर्जा लिनुपर्ने व्यवस्था रहेको छ । प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार केही सेवा केन्द्रहरुको जग्गाको लालपूर्जाहरु कार्यालयको नाममा दर्ता भै स्वामित्वको पूर्जा प्राप्त भएको छैन । त्यस्तै मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएका मालसामानहरुको सम्बन्धमा कारबाही भएको नदेखिएकोले नियमानुसार गर्नुपर्ने देखिन्छ ।

५. **कार्यालय भवन निर्माण** : रु.२,२५,८५,९३०।- (मू.अ.कर बाहेक) लागत अनुमान भएको कार्यालय भवन निर्माण कार्यका लागि एक जे.भी. को रु.१,७५,६४,३८२।- को बोलपत्र स्वीकृत भई २०७३ बौशाख ८ मा सम्झौता भएको छ । काम सम्पन्न गर्नुपर्ने अवधि २०७४ अश्विन मसान्त रहेको यस निर्माण कार्यको प्रथम बिलको रु.२६,१६,९४७- भुक्तानी भएकोमा देखिएका व्यहोरा यसप्रकार छन् :

५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले बीमाको आइटम प्रोभिजनलमा राखी सम्झौता गराएको र निर्माण सेवाले पेश गरेको प्रथम बिलको रकम भुक्तानी गर्दा कार्यालयको नाममा जारी भएको निर्माण सामग्री तथा उपकरणको बीमा गराएको बीमा पोलिसी तथा प्रिमियम तिरेको रु.३१,८१८।- रसिद र कार्यालयको नाममा जारी नभएको तेस्रो पक्षको बीमा पोलिसी रु.२१,०२०।- को प्रिमियम तिरेको विजक पेश गरी रु.५२,८३८।- (मू.अ.कर बाहेक) भुक्तानी लिएको पाइयो । उक्त भुक्तानी मध्ये कामदारको तेस्रो पक्षको बीमा गरेको बीमा पोलिसी पेश नभएकोले सो बापत प्रिमियम तिरेको रु.२१,०२०।- भुक्तानी दिन मिल्ने देखिएन ।

५.२ भवन निर्माण कार्य २०७३।१।१२ मा सुरु गरी १८ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी निर्माण सेवाले कार्य तालिका पेश गरेकोमा भवनको स्थलगत निरीक्षण गर्दा भवनको इँट्टाको गाह्रोमा प्लास्टर लगाउने कार्य २०७३ श्रावणमा शुरु गरी २०७४ वैशाखमा सम्पन्न गर्ने, फ्लोर टाइलको काम

२०७३ मंसिरमा सुरु गरी २०७४ जेष्ठमा सम्पन्न गर्नुपर्ने, सेनिटरी काम २०७३ मंसिरमा सुरु गरी २०७४ आषाढमा सम्पन्न गर्नुपर्ने र कार्यालय भवनको इँट्टाको गाह्रो लगाउने कार्य २०७३ पौषमा सम्पन्न गर्नुपर्नेमा २०७३ माघ २५ गतेसम्म २ तलाको स्ट्रक्चरको कार्य मात्र सम्पन्न भएको देखिंदा सम्झौता अनुसार काम भएको देखिएन ।

५.३ सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट र सम्बन्धित खर्च शीर्षक भित्र परेको भए मात्र खर्च स्वीकृत गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा उल्लेख छ । कार्यालयले भवन निर्माण कार्यको बजेटबाट वार्षिक कार्यक्रममा नपरेको डिप बोरिङ्गको कार्य र समरसिवल पम्प खरिद कार्य गराई रु.६,५८,६७४।- खर्च गरेको नियम सम्मत देखिएन ।

६. **थप दस्तुर** : कार्यालयले समयमा बिद्युत महशुल भुक्तानी गरी छुट सुविधा लिइनु पर्दछ । श्रावण भाद्र र अश्विनको कार्यालय र सेवा केन्द्रको विद्युत महशुलको रु.१,११,०७२।- भुक्तानी गर्दा थप दस्तुर रु.८,९२८। समेत भुक्तानी गरेकोले कार्यालयलाई रु.८,९२८।- थप व्यय भार पर्न गएको छ । अतः कार्यालयले समयमै महशुल भुक्तानी गरी छुट सुबिधा लिनु पर्दछ ।

७. **विज्ञापनमा छुट/सहुलियत नलिएको** : गोरखापत्र संस्थानले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको छ । गोरखापत्र बाहेक अन्य प्रकाशनले समेत सरकारी सूचना तथा विज्ञापनमा २० देखि ३५ प्रतिशत समेत छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ । कार्यालयले भवन निर्माण बोलपत्रको सूचना प्रकाशन अन्नपूर्ण दैनिकमा प्रकाशन गरेको उल्लेख गरी एक प्रा.लि.लाई मू.अ.कर थप समेत रु.१,८०,८००।- भुक्तानी दिएकोमा छुट सहुलियत नलिएको कारण कार्यालयलाई रु.४५,२००।- थप व्ययभार पर्न गएको छ । सरकारी सूचना तथा विज्ञापनमा छुट सहुलियत दिने प्रकाशन संस्थाहरुको नीतिगत व्यवस्था अनुसार छुट सहुलियत लिई कार्य गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८. **औषधि खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा प्रतिस्पर्धालाई सीमित गर्ने गरी पटक पटक ३ लाखमा नबढाई रु.१३,०५,२८७- को औषधी सोझै खरिद गरेको नियमित देखिएन । ऐन नियमबमोजिम प्रतिस्पर्धा गराई खरिद गरिनुपर्दछ ।

९. **आन्तरिक लेखापरीक्षणका व्यहोरा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडिनै फछ्र्यौट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.५,०००। भन्दा बढीको सबै खरिद कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म सँग गर्नुपर्ने, सेवा केन्द्रमा कार्यरत सबै कर्मचारीको हाजीरी माग गरी स्रेस्ता साथ राख्नुपर्ने, कार्यक्रमको पेश्की फछ्र्यौट गर्दा स्थानीय निकायको प्रतिनिधिको उपस्थिति, खर्चको सार्वजनिकीकरण, कृषकका निर्णय आदि व्यहोरा खुल्ने कागजात राखी व्यवस्थित गर्नुपर्ने व्यहोरा औल्याएकोमा कार्यान्वयन भएको नदेखिंदा सुधार गर्नुपर्ने देखिएको छ ।

१०. **अख्तियारी ढिलो** : खर्च गर्ने अख्तियारी पशु सेवा विभागले २०७३।२।५ मा पठाएकोमा २०७३।२।२४ मा मात्र प्राप्त भएकोले कार्यालयले सार्वजनिक खरिद नियमावलीको प्रक्रिया पूरा गर्न ढिलो हुने कारण देखाई १०० वटा बोका र ५ वटा प्रजनन् राँगा वितरणको कार्य कर्मचारीलाई पेश्की दिई रु.१६७४३३५।- को सोझै खरिद गरी वितरण गरेको नियम सम्मत देखिएन साथै उक्त १०० वोका र ५ राँगाको ढुवानी, भ्रमण, घाँस, बीमा आदिमा रु.५,३०,९६५।- खर्च भई कुल खर्चको २४.०७ प्रतिशत अन्य कार्यमा खर्च भएकोले मितव्ययी रुपमा कार्यक्रम सञ्चालन भएको छ, भन्न सक्ने अवस्था छैन ।

११. **परिचयपत्र** : भूकम्प पीडित परिवारलाई राँगा वितरण गर्ने कार्यक्रमअनुसार कार्यालयले ५ वटा राँगा रु.१,९३,९००। मा खरिद गरी विभिन्न ५ व्यक्तिलाई वितरण गरेको उल्लेख छ । वितरित मध्ये

एक जनासँग भूकम्प पीडित परिवार परिचयपत्र भएको र बाँकी ४ को परिचयपत्र नभएकोले कार्यक्रमअनुसार राँगा वितरण भएको पाइएन ।

१२. **पेश्की बाँकी :** आर्थिक वर्षको अन्तसम्म एक जे.भी.लाई कार्यालय भवन निर्माण बापतको दिइएको रु.३०,००,०००।- मोबिलाइजेशन पेश्की फछ्र्यौट गर्न बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१३. **घुम्तीकोषतर्फ :** घुम्ती कोष निर्देशिका, २०५५ को प्रकरण २४ मा ऋण लिने ऋणीले ऋण लिएको मितिले ६/६ महिनाको अन्तरमा बरावरी किस्तामा साँवा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले म्याद नाघेको रु.२,४६,५००।- ऋण लगानी गरेको देखाएको छ। उक्त ऋण २०५६ देखि २०६८ सम्म लगानी भएकोमा असुल भएको छैन । निर्देशिकाअनुसार ऋण असुल गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

१४. **लेखापरीक्षण :** बिबिध कोष तर्फको रकम मध्ये बीउकोष स्थापना तर्फ रु.२,००,०००।- पी.पी.आर कार्यक्रमतर्फ रु.३,७१,०००।- र बाखापालनतर्फ रु.२,६३,७००।- को स्रेस्ता सम्बन्धित निकायमा पठाएकोले लेखापरीक्षण गरिएको छैन ।

## राष्ट्रिय मकैवाली अनुसन्धान कार्यक्रम

१. **आन्तरिक नियन्त्रण :** ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धी व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित निकायलाई नदिएको, जिन्सी निरीक्षण प्रतिवेदनमा औल्याइएका व्यहोरा कार्यान्वयन नगरेको, केन्द्रको नामको जग्गाको लगत अद्यावधिक नगरेको आदि व्यहोराहरु देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **वित्तीय विवरण र वासलात :** केन्द्रले पेश गरेको वित्तीय विवरण अध्ययन विश्लेषण गर्दा, एक व्यक्तिको नाममा २०६५।६६ देखिको रु.७,०००।- पेश्की फछ्यौंट नभएको, सण्ड्री डेब्टर्स रु.६६,३०४।- देखाएकोमा सम्बन्धित व्यक्ति तथा संस्थाबाट उक्त रकम असुल नगरेको, विशेष कार्यक्रम अन्तर्गत खर्च नभई बाँकी देखिएको रु.४,१६,४६७।- वार्षिक कार्यक्रम स्वीकृत गराई खर्च नगरेको, कार्यासञ्चालन बैंक खाता रु.४२,८१५।- ऋणात्मक देखाएकोले कारण स्पष्ट नभएको, बैंक मौज्दात रु.५७,२२,५५१।- देखाएकोमा बैंक विवरण संलग्न नरहेको र विशेष कार्यक्रमतर्फ आन्तरिक लेखापरीक्षणबाट यो वर्ष रु.३,१५,७४,४४४।- निकाशा र रु.२,५८,०१,३००।- खर्च देखाएकोमा कार्यालयले क्रमश रु.८३,१९,०००।- र रु.६८,५५,६९९।- देखाएको सम्बन्धमा हिसाब एकिन गर्नुपर्दछ ।

३. **एकल कोष खाता :** नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका अनुसन्धान केन्द्रको खाता सञ्चालन को.ले.नि.का मार्फत एकल कोष खाताको माध्यमबाट भएता पनि केन्द्रको नाममा विभिन्न बैंकमा ४ खाताहरु सञ्चालनमा रहेको पाइयो ।

४. **कार्यक्रमगत खाता :** स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालन भएको अभिलेख देखिने गरी कार्यक्रमगत खाता राख्नुपर्नेमा सो राखेको देखिएन ।

५. **बोलपत्र :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आह्वान गरी स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष रु.१ करोड ७ लाख ४२ हजारका ३ ठेक्का सम्झौता दोस्रो र तेस्रो चौमासिकमा मात्र गरेको छ । नियमको व्यवस्थाबमोजिम समयमै ठेक्का वन्दोवस्त गर्नुपर्दछ ।

६. **ज्यामी ज्याला** : मकैवाली अनुसन्धानसँग सम्बन्धित वार्षिक कार्यक्रम र फार्म व्यवस्थापनका लागि के कति ज्यामी लाग्ने हुने वार्षिक कार्यक्रमको आधारमा हरेक परियोजनाको लागि छुट्टाछुट्टै लागत अनुमान तयार गरी ज्यामी ज्याला खर्च लेख्ने व्यवस्था हुनुपर्नेमा सो नगरी पटके माग फारमका आधारमा ज्यामी ज्याला खर्च लेख्ने गरेकाले वास्तविक रुपमा के कति ज्यामी को आवश्यकता पर्ने हो यकिन गर्ने आधार भएन ।

७. **दरबन्दी र पदपूर्ति** : मकै वालीको अनुसन्धान गर्ने उद्देश्यले विभिन्न तहका ६४ कर्मचारीको दरबन्दी सिर्जना गरिएकोमा ४३ कर्मचारीहरुको पदपूर्ति भएको देखिन्छ । कार्यालयको दरबन्दीमा रहेका कर्मचारीहरु अन्य कार्यालयमा काजमा गएको र केही कर्मचारी अन्य कार्यालयको दरबन्दीमा रही यस कार्यालयमा काजमा रही कामकाज गरिरहेको देखिन्छ । कार्यालयको उद्देश्य अनुरुपको जनशक्तिलाई सम्बन्धित कार्यालयमै काम काज गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८. **गोबर मल** : यो वर्ष गोबर मल खरिद गरेकोमा फार्म प्रयोजनका लागि वार्षिक रुपमा लाग्ने मलको लागत अनुमान तयार गरी आवश्यक मात्रा तय गरी खरिद गर्नुपर्नेमा पटक पटक गरी खरिद गरेकोले आवश्यकता पहिचान गरी परिमाण यकिन गरेको देखिएन ।

९. **भ्रमण अभिलेख** : भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ ले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि कार्यालले अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा दैनिक भ्रमणमा रु.५३,२७,५१५।- खर्च गरेपनि नियमावलीको व्यवस्था बमोजिम अभिलेख राखेको र नियन्त्रण प्रणालीको व्यवस्था गरेको देखिदैन । साथै सो नियमावलीको नियम १८ अनुसार अधिकांश बिलसाथ भ्रमण प्रतिवेदन समावेश हुने गरेको नदेखिएकोले नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

१०. **भुक्तानीमा कर कट्टी** : आयकर ऐन २०५८ को दफा ८९ ले भुक्तानीमा १.५% ले कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । नमूना छनौट गरी परीक्षण गर्दा बिभिन्न भुक्तानीमा कर कट्टी नगरेकोले रु.१८,७८८।- सम्बन्धित पार्टीबाट असुल गर्नुपर्ने देखिएको छ ।

११. **आम्दानीतर्फ** : कार्यालयले यो वर्ष बिक्रीबाट रु.६०,९७,६३२।- आम्दानी देखाएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०(३) मा प्राप्त भएको राजस्व दैनिक रुपमा बैंक दाखिला गर्ने व्यवस्थाअनुसार दैनिक रुपमा दाखिला नभएको, आम्दानी सम्बन्धी दैनिक असुलीको म.ले.प.फा.नं. राखे तापनि नगद बैंक दाखिला म.ले.प.फा.नं. २३ नराखेकोले तोकिएबमोजिमको समयमा राजस्व दाखिला गर्नुपर्ने र अभिलेख राख्नुपर्ने देखिएको छ । त्यसैगरी सम्पत्ति भाडा बापत रु.१२,०००।- असुली देखाएकोमा सो सँग सम्बन्धित सम्झौता लगाएतका कागजात लेखापरीक्षणमा पेश नभएकोले असुली रकम यकिन गर्ने अवस्था भएन ।

१२. **बढी भुक्तानी** : कबोल अंक रु.६३,२१,०३९। (मु.अ.कर बाहेक) भएको सिड हाउस निर्माण कार्यको दोस्रो तथा अन्तिम बिल सम्म निर्माण सेवा लाई नापी किताब अनुसार अल्म्यूनियम स्लाइडिङ्ग झ्याल (८८×३८×१.१) मा ५ एम.एम.ग्लासको खुद कार्य ३६.८० ब.मि. मात्र भई निर्माण सेवाले कबोल गरेको प्रति ब.मि. रु.६१८५ को दरले रु.२,२७,६०८।- मात्र भुक्तानी दिनु पर्ने देखिकोमा ४६.८० ब.मि.को रु.२,८९,४५८।- भुक्तानी भएकोले मू.अ.कर सहित बढी भुक्तानी भएको रु.६९,८९१।- असुल हुनुपर्ने देखिएको छ ।

१३. **बिल भन्दा बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा कार्यालयले रकम भुक्तानी गर्दा बिल बमोजिम बढी नहुने गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले २ निर्माण कार्यको बिल अफ क्वान्टिटीमा बीमा, एज बिल्ट ड्रइङ्ग, कार्यसम्पादन जमानत आदिको शुल्क प्रोभिजनल सममा राखी बिल पेश भए बमोजिम शोधभर्नाको रुपमा भुक्तानी दिने गरी निर्माण सेवा सँग सम्झौता गरेकोमा निर्माण कार्यको बिल भुक्तानी गर्दा बिल भन्दा बढी भुक्तानी भएको रु.११,६८१। असुल हुनुपर्ने देखिएको छ ।

१४. **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लिखित माल सामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अवधि वा त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । विभिन्न २ निर्माण कार्यका लागि निर्माण सेवाले पेश गरेको कार्य सम्पादन जमानतमा उल्लिखित अवधि खाम्ने गरी जमानत नराखेको अवस्थामा समेत कार्यालयले निर्माण कार्यको सम्झौता गरेको देखियो । नियमका प्रावधान पुरा गरेर मात्र संम्झौता गर्नुपर्दछ ।

१५. **आन्तरिक लेखापरीक्षणको बेरुजू :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६(३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडी फछ्र्यौट गर्नुपर्नेमा सो अनुसार नगरेको स्थिति यस प्रकार छ :

१५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्दा निर्माण सामग्री, मेसिन उपकरण, ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दर रेटको आधारमा गर्नुपर्ने व्यवस्था छ । निर्माण, सुधार, मर्मत कार्यको लागत अनुमार तयार गर्दा दर विश्लेषण सम्बन्धी कागजात लेखापरीक्षणमा पेश हुन आएन ।

१५.२ सार्वजनिक निर्माण, भवन निर्माण र पूँजिगत सुधार अन्तर्गत खर्च भएको रकमको सम्पत्ति रजिष्ट्रर खडा गरी छुट्टाछुट्टै रुपमा सम्पत्तिकृत गरेको पाइएन ।

१५.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ बमोजिम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा निर्माण कार्य सम्पन्न मिति एवं अन्य विबरण उल्लेख गरेको पाइएन । मिति उल्लेख नहुदाँ कर बीजक जारी भएको मितिलाई नै सम्पन्न मिति मान्नुपर्ने हुँदा तोकिएको समयमा कार्य सम्पन्न भए नभएको यकिन गर्न सक्ने आधार भएन ।

१५.४ विभिन्न जातका मकै, धान आदि बीउ उत्पादन तथा खाद्यान्न उत्पादन बिक्री एवं प्रशासनिक आम्दानीको मूल्यांकित रकम रु.७३,६६,५९५।- मध्ये रु.६०,९७,६३२।- बिक्री भै वर्षान्तमा रु.१२,६८,९६३।- वरावरको उत्पादन मौज्दात रहेको देखिन्छ । मौज्दातको उचित व्यबस्थापन गर्नुपर्दछ ।

## सहकारी प्रशिक्षण तथा डिभिजन

१. **आन्तरिक नियन्त्रण :** कार्यालय विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको, समयमै अख्तियारी प्राप्त नभएको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, भ्रमण अभिलेख खाता नराखेको, खरिद योजना नबनाएको, कार्यविवरण तयार गरी लागू नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **लेखापरीक्षण प्रतिवेदन :** यो वर्ष दर्ता भएका २८ समेत सहकारीको कूल संख्या ६७८ रहेको देखाएको छ । उक्त सहकारी संस्थाहरु मध्ये २६६ ले लेखापरीक्षण प्रतिवेदन र वार्षिक विवरण पेश गरेको देखिदैन । कानूनी व्यवस्थाअनुसार आवश्यक विवरण पेश नगर्ने सहकारी संस्थाहरुलाई कारबाही गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **सहकारी संस्थाको निरीक्षण :** कार्यालयले यो वर्ष १५० वटा सहकारी संस्थाहरुको निरीक्षण गरेकोमा निरिक्षण प्रतिवेदनमा संस्थाले गैर सदस्य सँग वचत तथा ऋणको कारोबार गरेको, अध्यक्ष नै कार्यकारी प्रमुख भई कार्य गरेको, प्राकृतिक व्यक्ति सँग कारोबार गर्नुपर्नेमा अन्य संस्थाको वचत संकलन गरेको जस्ता आदि व्यहोरा उल्लेख गरेको देखियो । प्रतिवेदनमा उल्लेख भएका विषयहरु सुधार गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५. **फरार सहकारी** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार एक वचत तथा ऋण सहकारी संस्था लि. र एक बहुउद्देसीय सहकारी संस्था लि.का सञ्चालक २०५७ देखि फरार रहेको र खोजी कार्य भैरहेको उल्लेख छ । निरीक्षण व्यवस्थालाई थप प्रभावकारी बनाई सर्बसाधारणको वचत जोखिमरहित रहेको आश्वस्त हुने व्यवस्था गर्नुपर्दछ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन, नियम, कार्यविधि तथा निर्देशनमा उल्लेख भएका कार्यालयको काम सँग सम्बन्धित आन्तरिक नियन्त्रणका व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा समयमा अख्तियारी प्राप्त नभएको, नापी किताब नियन्त्रण खाता नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख गरेका विषयको कार्यान्वयन नगरेको, स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको, कार्मचारीको कार्यविबरण बनाई लागू नगरेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान नगरेको, निर्माण कार्यको नापी गर्दा नापी गरेको मिति उल्लेख नगरेको, कार्यालयको उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान नगरेको, खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरेको र वार्षिक कार्यक्रम संशोधन भए पश्चात संशोधन नगरेको, डोर हाजिर नियन्त्रण खाता नराखेको, सबै सरकारी सवारी साधनमा सेतो नम्वर प्लेट प्रयोग नभएको, ठेक्का सम्बन्धी विवरण (म.ले.प.फा.नः १९१) अद्यावधिक रुपमा नराखेको लगायतका व्यहोरा देखिएकोले तत्सम्बन्धमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र दुरुस्त गरिनुपर्दछ ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्च** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिकमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा मात्र ८५ प्रतिशत तथा असार महिनामा मात्र ६० प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित सँरचनाको गुणस्तर तथा दीगोपनामा समेत असर पर्ने हुँदा चौमासिक रुपमै कार्यक्रम संचालन गर्नुपर्दछ ।

३. **लक्ष्य/प्रगति स्थिति** : कार्यालयले वार्षिक लक्ष्यअनुसार प्रगति हाँसिल गर्नुपर्दछ । विभिन्न १३ बजेट उपशीर्षक अन्तर्गत १७२ कार्यक्रमहरुमध्ये शून्य प्रतिशत प्रगति भएका कार्यक्रम सँख्या १८, २५ प्रतिशत सम्म प्रगति भएका ७, ५० प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु २१ र ७५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रम सँख्या ३७ रहेको पाइयो । प्रगति न्यून हुनुमा समयमा ठेक्का व्यवस्था नहुनु, सम्झौता पश्चात् निर्माण व्यवसायीले तोकिएको समयभित्र कार्य सुचारु नगर्नु, निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार कार्य शुरु गरे नगरेको कार्यालयबाट अनुगमन नहुनु आदि रहेका छन् । अतः न्यून प्रगति हुने समस्यालाई समाधान गरी तोकिएको प्रगति हासिल हुनुपर्दछ ।

४. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी बापत खर्च गर्न सकिने व्यवस्था रहेको छ । यो वर्ष कार्यालयले रु.१ करोड बिभाग पठाएको, रु.६१ लाख ८९ हजार सुपरभाइजर ज्याला खर्च लेखेको, रु.१७ लाख ५४ हजार गाडी तथा मोटरसाईकल मर्मतमा खर्च गरेको र रु.१ करोड २७ लाख ७५ हजार इन्धन, सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, पानी बिजुली, पत्रपत्रिका आदिमा खर्च गरी जम्मा रु.३ करोड ७ लाख १८ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन यस वर्ष भएको कुल खर्चको २.८५% हुन आउँछ । कन्टिन्जेन्सी खर्च नियममा उल्लेख भए अनुसारको प्रत्यक्ष नभई परोक्ष प्रकृतिको देखिएको छ । त्यसैगरी कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख नराखेको कारण खर्च यकिन गर्ने अवस्था समेत देखिँदैन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा स्पष्ट नीति तय हुनुपर्ने देखिन्छ ।

५. **बोलपत्र तथा ठेक्का व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारत समयभित्र कार्यसम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नु पर्ने व्यवस्था भएकोमा डिभिजनले उल्लिखित अवधिभित्र ठेक्का पट्टाको खरिद कार्य सम्पन्न गर्न सकेको देखिएन ।

६. **त्रुटि सच्याउने अवधि** : ठेक्का सम्झौताअनुसारको काम भएपछि डिभिजनलाई सडक पुल हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म डी.एल.पी.मा राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यवसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि डिभिजनले डी.एल.पी.मा रहेका योजनाहरुको विवरण अद्यावधिक नगरेकोले योजनाको लगत अद्यावधिक गरी सम्झौताका शर्तको पूर्णपालना गर्नुपर्दछ ।

७. **नापी किताब** : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढाँचाको नापी किताब (म.ले.प.फा.नः १७१) मा ठेक्का नः, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । कार्यालयले आंशिक रुपमा मात्र नापी किताबको हार्ड कपी राखेको र अन्य लुज सिटमा राखेको राखेको देखिदा तोकिए बमोजिमका सबै सूचना उल्लेख नहुने अवस्था छ । स्वीकृत ढाँचा बमोजिमको नापी किताब प्रयोगमा ल्याइनु पर्दछ ।

८. **पूर्ब योग्यता निर्धारण** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ अनुसार ठूला र जटिल तथा अन्य आवश्यक ठानिएका निर्माण तथा मालसामान खरिद कार्य गराउँदा योग्य बोलपत्रदाताको पहिचान गर्नु पूर्वयोग्यता निर्धारण गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०(क) बमोजिम ऐनले तोकेको व्यहोराका अतिरिक्त बोलपत्रदाता व्यक्तिगत रुपमा वा सँयुक्त उपकमको साझेदारको रुपमा एकभन्दा बढी बोलपत्रमा संलग्न भए वा नभएको व्यहोरा पनि परीक्षण गर्नुपर्ने गरी तोकेको छ ।

कार्यालयले निर्माण व्यवसायी एक वा एकभन्दा बढी बोलपत्रमा सहभागी भए नभएको बोलपत्रमा व्यक्तिगत वा संयुक्त उपकमको रुपमा सहभागी भए नभएको खुलाउने गरेको छैन । यसले गर्दा एउटा ठेक्का प्याकेजमा पूर्ण योग्य भएपनि विभिन्न कार्यालय वा ठेक्का प्याकेजमा विभिन्न साधन स्रोतको कारण योग्य हुन सक्ने देखिंदैन । यस्तो अवस्थामा सार्वजनिक निकायले विभिन्न ठेक्कापट्टा गर्दा एउटा निर्माण व्यवसायी एकै समयमा धेरै ठेक्का प्याकेजमा योग्य भई काम गर्न सक्छ वा सक्दैन यसतर्फ समेत ध्यान दिनु आवश्यक देखिन्छ ।

९. **सडक अभिलेख खाता** : डिभिजनले आफ्नो क्षेत्रभित्र निर्माणाधिन र निर्माण सम्पन्न सडक, पुल, कल्भर्ट, रिटेनिंगवाल आदिको लगत अद्यावधिक गरी राख्नुपर्ने गरी सडक विभागले परिपत्र गरेअनुसारको अभिलेख नराखेकोले स्ट्रक्चरको पुनःनिर्माण तथा मर्मत सुधार सम्बन्धी योजना तयार गर्न कठिनाइ पर्ने हुँदा विभागीय परिपत्र अनुसार लगत दुरुस्त अवस्थामा राख्नुपर्ने देखिन्छ ।

१०. **योजना तयारी र स्वीकृति** : आर्थिक कार्यविधि नियमावलीको नियम १९,२० र २२ अनुसारको कार्यविधि अपनाई योजनाको सम्भाव्यता अध्ययन, लागत अनुमान तयारी र योजना स्वीकृत गराई कार्य गर्नुपर्नेमा डिभिजनले सो अनुसार कार्यक्रम र बजेट प्रस्ताव गरी पठाउने गरेको देखिएन । केन्द्रीय निकायबाट योजना र बजेट प्राप्त भए पश्चात मात्र लागत अनुमान तयारी लगायतका कार्यहरु गरी कार्य गर्ने गरेको देखियो । जनताको माग र सम्भाव्यताको आधारमा छनौट भएका योजना कार्यान्वयन गर्नुपर्नेमा केन्द्रबाट प्राप्त भएका योजना कार्यान्वयन गर्ने गरेकोले योजना तर्जुमाको प्रक्रिया नियम सम्मत देखिएन । नियमका प्रक्रिया अनुसारको योजना छनौट र बजेट पद्धति अपनाउनुपर्दछ ।

११. **अन्तर निकाय समन्वय :** कार्यालयले कतिपय सडक निर्माण तथा सुधार सम्बन्धी कार्यक्रममा रु.१० लाख भन्दा घटीको ठेक्का सम्झौता गरी कार्य गराएको देखिन्छ । यस्ता टुक्रे कार्यक्रमहरु सम्भाव्यता अध्ययन बेगरनै छनौट हुने गरेका छन् । यसप्रकार कार्यक्रम/आयोजना जिल्ला विकास समितिबाट समेत सञ्चालन हुने गरेकोले सम्भाव्यता अध्ययन तथा अन्तर निकाय समन्वय गरेर सञ्चालन गर्नुपर्दछ ।

१२. **मोबिलाइजेशन पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने व्यवस्था छ । सम्झौता तथा बोलपत्र सम्बन्धी कागजातको जीसीसीमा मोबिलाइजेशन पेश्की २ किस्तामा दिने र पहिलो १०% बीमा पोलिसि, वर्क प्रोग्राम, गुणस्तर आस्वस्तता योजना र बैंक जमानत पेश गरि पछि मात्र दिन सकिने उल्लेख छ ।

१२.१ ठेक्का सम्बन्धी केही फायलको परीक्षण गर्दा सम्झौता भएकै दिन बैंक जमानतको आधारमा मात्र पेश्की दिएको पाइयो । सम्झौता विपरीत पेश्की देखिएकोले यस्तो कार्य नियन्त्रण हुन पर्दछ । त्यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् :

| ठेक्का नम्वर | कामको विबरण | सम्झौता मिति | सम्झौता अंक | मोबिलाइजेशन पेश्की |
|---|---|---|---|---|
| १. ठे.नं. १५९।०७२।०७३ | सडक सुधार | २०७३।३।३१ | ६,२०,४५,७०१।- | ५३,००,०००।- |
| २. ठे.नं.१२९।०७२।०७३ | सडक कालोपत्रे | २०७३।३।३१ | २५११०२८८।- | २०,७०,०००।- |
| ३. ठे.नं. १६५।०७२।०७३ | सडक कालोपत्रे | २०७३।३।३१ | ३,०४,२०,५३५।- | ३०,४२,०००।- |

१२.२ सुलौली, बुढौली, टरौली, झुवानी सौराह सडक कालोपत्रे गर्ने कार्यको लागि एक जे.भी. सँग २०७३।३।३१ मा सम्झौता भएको देखियो । बोलपत्र सम्बन्धी कागजातको जीसीसी ४९.१ ले पेश्की रकम मू.अ.कर, प्रोभिजनल सम, डे वर्क बाहेकको शुरु सम्झौता मूल्यको २०% सम्म दिन सक्ने उल्लेख गरेको छ । त्यसैगरी १०% पेश्की वीमा अभिलेख, वर्क प्रोग्राम तथा बैंक ग्यारेन्टी पेश गरेपछि मात्र दिन सक्ने उल्लेख छ । उपयुक्त स्थितिमा माथिका सबै प्रावधान पुरा गरेपछि मात्र शुरु सम्झौता मूल्य रु.६४,९८,२५१५।- को रु.६४,९८,२५१।- मात्र पेश्की दिन सकिनेमा सम्झौता भएको दिन बैंक जमानत मात्र पेश गरेको आधारमा रु.७०,००,०००।- पेश्की दिएको नियमित देखिदैन । सम्झौताको शर्त बिपरित यसरी पेश्की दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१३. **अधुरा ठेक्का :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार विगतमा २०६९।७०–२०७०।७१ मा सुरु भएका रु.६,१५,८४,२२०। मूल्यका विभिन्न १८ सडक ठेक्काको म्याद थप पश्चात २०७१।७२ सम्म पूरा हुनुपर्नेमा पूरा भएको देखिदैन । प्राप्त विवरणमा उक्त कार्यक्रमका ठेक्कामा ०% देखि ९८% सम्म प्रगति भएको उल्लेख छ । सम्बन्धित बजेट शीर्षकमा रकमको अभाव, निर्माण बिबाद, निर्माण व्यवसायीले तोकिएबमोजिम कार्य नगर्नु जस्ता विभिन्न कारण भएको कार्यालयले उल्लेख गरेको देखिन्छ । सम्झौताको शर्त बमोजिम कारबाही गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

१४. **ठेक्का तथा म्याद थप :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परि सम्झौताको अवधि भित्र काम पुरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै निवेदन दिनुपर्ने र कारण मनासिब देखिएमा छ महिना सम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढीको अवधि विभागीय प्रमुखले थप गर्न सक्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष ठेक्का व्यवस्थापन भएका १७२ ठेक्का कार्यमध्ये ७४ यसै आर्थिक वर्षभित्र सम्पन्न भई ९८ ठेक्का सम्पन्न भएका छैनन् । गत विगत आ.व. देखि सरी आएका ८९ ठेक्का कार्य समेत अधुरै अवस्थामा रहेका छन् । यस सम्बन्धमा सार्वजनिक खरिद ऐन नियमानुसार म्यादथप गरी कार्य सम्पन्न गराउने वा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने तर्फ आवश्यक कारबाही हुनुपर्दछ । ठेक्का फाइल परीक्षण गर्दा देखिएको व्यहोरा यसप्रकार छन् :

१४.१ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार रु.१,२२,१२,९८,१३५।- मूल्यका १९ पुल निर्माण गर्न २०६७।६८ देखि २०७२।७३ सम्म ठेक्का सम्झौता भएकोमा हालसम्म रु.६२,३७,१३,८१७।- भुक्तानी भएको छ। सम्पन्न गर्न बाँकी ठेक्काको प्रगति स्थिति १५% देखि ९८% रहेको देखिन्छ। तोकिएको समयमा कार्य सम्पन्न हुनुपर्दछ।

१४.२ पंगेनी खोला कल्भर्ट नारायणगढको सम्झौता मूल्य रु.५६,२९,०३१।- भएको ठेक्का सम्पन्न गर्नुपर्ने म्याद २०७२।३।१५ भएकोमा उक्त अवधि सम्म ४०% मात्र भौतिक प्रगति भएको र रु.१७,२०,९०६।- गत वर्ष सम्म भुक्तानी गरेको उल्लेख छ। म्याद थप सम्बन्धी फायल विभागमा पेश भएको कारण कार्यालयले लेखापरीक्षणमा उपलब्ध गराएको छैन। सम्झौताको शर्तबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

१४.३ ठेक्का नं.८७-०६६/६७ को पुल निर्माण कार्यको लागि एक कन्सट्रक्सनसँग रु.१५,८१,७७,४००।- लागतमा २०७०।३।२३ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०६७/३/२४ मा सम्झौता गरेको थियो। तीन पटक गरी २०७२/६/३० सम्म म्याद थप भए तापनि निर्माण कार्य सम्पन्न भएको छैन। २०७२/६/३० पछि म्याद थप समेत भएको देखिदैन। डिभिजन कार्यालयले दशौं रनिङ्ग बिलसम्म रु.१८,९०,३९,६५३।- भुक्तानी गर्दासम्म रु.२,९५,११,७२८।- मूल्य वृद्धि भुक्तानी भै सकेको छ। समयमा निर्माण कार्य सम्पन्न नभएकोले मूल्य वृद्धि बापतको रकम अझै वृद्धि हुने अवस्था देखिन्छ। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही नगरी पटक पटक म्याद थप गर्नु कानुन सम्मत देखिँदैन।

१४.४ ठेक्का नं.८६-६७/६८ को बुढी गण्डकी खोलामा पुल निर्माण कार्यका लागि एक जे.भी. सँग रु.९,७५,२०,१६०।- को लागतमा २०७०/३/२३ भित्र कार्य सम्पन्न गर्ने गरी २०६७/३/२४ मा सम्झौता भएकोमा महानिर्देशकको २०७३/३/३२ को निर्णयले थपिएको म्यादभित्र कार्य सम्पन्न नभएमा क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउने गरी भन्ने वाक्यांश उल्लेख गरि २०७३/५/३० सम्म म्याद थप भएको छ। निर्माण सेवालाई सातौं बिल सम्म रु.२,४७,३६,१७२।- मूल्य वृद्धि समेत जम्मा रु.१०,५०,०१,७७२।- भुक्तानी दिएको छ। समयमा काम सम्पन्न नगर्ने र म्याद थप गर्दा पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरि म्याद थप गर्ने तथा म्याद थप अवधि पश्चातको समेत मूल्यवृद्धि भुक्तानी दिएकोले पुल निर्माण कार्यको लागत थप वृद्धि हुने देखिन्छ।

१५. **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली ०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १०% नबढ्ने गरि प्रतिदिन सम्झौता रकममा ०.०५% का दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। तत्सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१५.१ ठेक्का नं.१३२-०७१/७२ पुलको मर्मत तथा विस्तार कार्यका लागि एक निर्माण व्यवसायीसँग रु.१,८१,६६,७१२। को लागतमा मिति ०७२/१/८ मा भएको सम्झौता अनुसार मिति २०७२/३/१५ सम्म सम्पन्न गर्नुपर्नेमा २०७२ वैशाख १२ गतेको विनासकारी भूकम्पको कारण दर्शाई २०७२/८/२७ सम्म पूर्वनिर्धारित क्षतिपूर्ति नलिनेगरि म्याद थप भएकोमा तत्पश्चात म्याद थप भएको देखिदैन। कार्यालयले उक्त निर्माण कार्य २०७३/३/२५ मा मात्र सम्पन्न भएको देखाइ छैटौं तथा अन्तिम बिलसम्मबाट रु.१,७२,१९,४८८।- भुक्तानी गर्दा पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको छैन। अतः १७८ दिनको ०.०५% ले पूर्वनिर्धारित क्षतिपूर्ति बापत रु.१६,१६,८३७।- असुल गर्नुपर्ने देखिएको छ।

१५.२ ठेक्का नं. १२६ का एक निर्माण ब्यबसायीसँग रु.५३,८६,३५६। लागतको मिति ०७२/१/२ मा भएको सम्झौता अनुसार उक्त निर्माण कार्य २०७२/३/१५ मा सम्पन्न गर्नुपर्नेमा बन्द हड्ताल, निर्माण सामग्रीको अभाव आदि लगायतको कारण दर्शाई म्याद थप माग गरेकोमा कार्यालयले

पुर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी २०७२/८/२९ सम्म म्याद थप भएको देखिन्छ । तत्पश्चात म्याद थप सम्वन्धि कुनै कार्य भएको देखिदैन । निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि पश्चात २०७३/३/२२ मा दोस्रो बिलबाट रु.३१,७४,३७७।- भुक्तानी भएको छ । कार्यालयले म्याद समाप्त पश्चात बिल भुक्तानी गर्दा पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गर्नुपर्नेमा नगरेकोले नियम १२१(क) बमोजिम सम्झौता रकमको १०% का दरले पूर्वनिर्धारित क्षतिपूर्ति बापत रु.५,३८,६३६।- असुल गर्नुपर्ने देखिएको छ ।

१५.३ ठेक अंक १०५२७२२६।६७ (मू.अ.कर समेत) भएको महेश खोलामा पुल निर्माण कार्यका एक निर्माण व्यवसायीसँग २०७०/३/१० मा पुल निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी ०६८/३/२३ मा सम्झौता भएकोमा २०७१ आषाढ ३१ सम्म म्याद थप भएको देखिन्छ। तत्पश्चात निर्माण सेवाले म्याद थप माग नगरेको र म्याद थप अवधि २०७१/३/३१ पश्चात चौथो नापी भएको २०७३/३/१ सम्म १ वर्ष ९ महिना बिलम्ब गरेको अवस्थामा चौथो रनिङ्ग बिलको रकम भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा नगरेकोले ठेक्का अंकको १० प्रतिशतले हुने रु.१०,५२,७२३।- असुल गर्नुपर्ने देखिएको छ ।

१६. **पुल निर्माण** : डिभिजन सडक कार्यालय भरतपुरले ठेक्का नं.८५-०६६/६७ को बुढी राप्ती खोलामा पुल निर्माण कार्यका लागि एक कन्सट्रक्सनसँग रु.५२,१४,२६,५४१।- (भेरिएसन पश्चातको कायम ठेक अंक) को लागतमा २०७३/३/५ सम्म (म्याद थप पश्चातको समयावधि) निर्माण कार्य सम्पन्न गर्ने गरी २०६७/१०/६ मा सम्झौता भएको थियो । कार्यालयले निर्माण सेवालाई पाँचौ रनिङ्ग बिलसम्म मूल्य वृद्धिसमेत रु.४,२९,३५,०७५।- भुक्तानी गरेकोमा २०७३ आषाढ मसान्तसम्म निर्माण कार्यको ६२.४० प्रतिशत मात्र भौतिक प्रगति भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्:

१६.१ बुढी राप्ती पुल निर्माण कार्य गर्ने सिलसिलामा बायाँ एबुटमेन्ट निर्माण कार्यका लागि २०६७/६८ मा मू.अ.कर समेत रु.४,५९०,१३८।- भुक्तानी भई सकेको छ। स्वीकृत डिजइन अनुसार ओपन फाउण्डेसन रहेकोमा ग्राउण्ड वाटर टेबलका कारण स्टाण्ड बोइलिङ्गको समस्याले फाउण्डेसनको कार्य हुन नसकेको उल्लेख गरी संशोधित डिजाइन अनुसार ओपन फाउण्डेसनको सट्टा पाइल फाउण्डेसनबाट कार्य गर्ने गरी भेरिएसन स्वीकृत भएको छ । संशोधित डिजाइन अनुसार पाइल फाउण्डेसनबाट कार्य गर्नु परेको कारण २०६७/६८ मा ओपन फाउण्डेसन अनुसार निर्माण भएको बायाँ एबुटमेन्टको जमिन मुनिको m20 र सुपर स्टक्चरमा m25 को रु.४५,९०,१३८।- लागतको कार्य अर्थहिन भएको र सोलाई भत्काई वा पुरी सडक इम्बैंकमेन्ट बनाउनुपर्ने अवस्था सृजना भएको देखियो ।

१६.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा अधिकार प्राप्त व्यक्तिले मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ । मिति २०६७/१०/६ मा खरिद सम्झौता भएको मोटोरेबल बुढी राप्ती पुल निर्माण कार्यका निर्माण सेवालाई २०७३ आषाढ मसान्तसम्म रु.१,०९,४१,१२६। (२३.८९ प्रतिशत) मूल्य वृद्धि भुक्तानी भएको छ । परामर्शदाताले माटो परीक्षण सहित दिएको संशोधित डिजाइन अनुसार ओपन फाउण्डेसनको सट्टा पाइल फाउण्डेसनबाट काम गर्ने गरी तीन नयाँ आइटमहरुको २०७१/७२ को दर विश्लेषण सहित भेरिएसन स्वीकृत भएको र निर्माण सेवासँग वार्ताबाट नयाँ दररेट कायम गरी नयाँ आइटमको थप सम्झौता गराएको पाइयो ।

| नयाँ कामको विवरण | इकाई | परिमाण | इष्टिमेट दर | कायम गरिएको दर |
|---|---|---|---|---|
| *Boring, providing and installing bored cast in site RCC piles of 100 mm* | Rm | ५८५ | ३९५९९.८२ | २९६९० |
| *Providing and placing machine mixed cement concrete for the piles abutement, pier,wall etc .* | Cum | ४५९.४६ | १४२५१.१३ | १०००० |
| *Providing and placing machine mixed cement concrete for the aboutement, pier, pile, wall etc .* | Cum | ५४.३४ | १४२५१.१३ | १०००० |

कार्यालयले २०७१/७२ मा भेरिएसनद्धारा थप गरिएका तीन आइटम मध्ये २ आइटमको २०७२ आषाढ मसान्तसम्म दोस्रोदेखि पाँचौ रनिङ्ग बिलसम्म रु.२,१९,६०,९२०।- भुक्तानी गर्दा २०६७/६८ को वेस रेट राखी ०.४८१६ मूल्यवृद्धि फ्याक्टरले गणना गरी यस आ.व.मा रु.८६,३८,४३५।- मूल्यवृद्धि भुक्तानी दिइएको छ । २०७१/७२ मा नयाँ दर तय भई वार्ताबाट कार्य गराएकोमा मूल्यवृद्धिको लागि २०७१/७२ को वेस रेटबाट कायम हुने ०.००४३ मूल्यवृद्धि फ्याक्टर ले गणना गरी नयाँ २ आइटमको रु.९३,१४२।- मात्र मूल्यवृद्धि भुक्तानी दिनुपर्नेमा २०६७/६८ को वेस रेट राखी ०.४८१६ मूल्यवृद्धि फ्याक्टर प्रयोग गरी रु.८६,३८,४३५।- भुक्तानी दिएकोले नपाउने मूल्यवृद्धि रु.८५,४५,२९३।- भुक्तानी भएकोले असुल गर्नुपर्ने देखिएको छ ।

१६.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने, नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारण समयमा काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति लिने र नियम १२८ मा खरिद सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ । यस बुढी राप्ती खोलामा पुल निर्माण कार्यका लागि २०७०/१०/५ मा सम्पन्न्न गर्ने गरी २०६७/१०/६ मा सम्झौता भएकोमा पटक पटक म्याद थप भई महानिर्देशकबाट अन्तिम पटक ०७३/३/५ सम्म निर्माण कार्य सम्पन्न नगरे ठेक्का तोड्ने कारबाही गरिने गरी अन्तिम पटक २०७२ जेष्ठमा म्याद थप भएकोमा तत्पश्चातसम्म काम सम्पन्न भएको देखिदैन । अन्तिम पटकको म्याद थप पश्चात समेत निर्माण कार्यको ६२।४० प्रतिशत मात्र भौतिक प्रगति भएको छ भने निर्माण सेवाको रु.२३९३८४०।- पेश्की बाँकी देखिन्छ । ठेक्काको म्याद समाप्त भैसकेको र म्याद थपको लागि पुन निवेदन समेत नदिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र १२८ तथा सम्झौताको शर्तबमोजिम कारवाही गरी काम सम्पन्न गराउनु पर्दछ ।

१७. **बोलपत्र संशोधन तथा मूल्याङ्कन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ ले बोलपत्र दाताले पेश गरेको बोलपत्र संशोधन गर्न चाहेमा सो सम्बन्धी निवेदन खाममा सिलबन्दी गरी पेश गर्न सकने व्यवस्था गरेको छ । बोलपत्र सम्बन्धी केही फायलको परीक्षण गर्दा बोलपत्र दाताले “विविध” कारणबाट संशोधन गर्नुपर्ने भएको व्यहोरा उल्लेख गरी पहिले पेश गरेको दररेटभन्दा घटी/वढी प्रतिशतमा काम गर्न मञ्जुर भएकोले दररेट संशोधन गरेको देखिन्छ । त्यसरी दररेट संशोधनको निवेदनमा अंकको प्रतिशत खुलाए तापनि अक्षरमा उल्लेख गरेको देखिँदैन । त्यसैगरी बोलपत्रको मुचुल्कामा समेत प्रतिशत सम्म उल्लेख गरे तापनि अक्षरमा उल्लेख गरेको पाइएन । प्रतिस्पर्धामा प्रत्यक्ष असर पर्ने यस प्रकारको दररेट संशोधनलाई अंक अक्षरमा लेख्नुपर्ने व्यवस्था मिलाई खरिद व्यवस्थापन गर्नुपर्ने देखिन्छ । त्यस सम्बन्धी अन्य व्यहोरा देहायअनुसार छन्:

१७.१ चितवन तथा नवलपरासी जिल्लाभित्रका पुलहरुको मर्मत कार्यका लागि इविडिङ्गमार्फत दर्ता भएका २ वटा बोलपत्रहरुमध्ये एक प्रा.लि.को बोलपत्रमा बोलपत्र सम्बन्धी कागजातको ITB34(F) ITB36 र *Section III Evaluation & Qualification Criteria 2.42 Specific Experience* को बुँदा (c) अनुरुप नदेखिएको उल्लेख गरि अर्को एक प्रा.लि.ले संशोधन मार्फत पहिल्यै विड गरेको वी.ओ.क्यु. दर रेटमा थप २२% वृद्धिको संसोधन पत्र पेश गरेको उल्लेख गरी शुरु बी.ओ.क्यू दर रेटले हुने रु.१,३१,७७,६५२।- मा २२ प्रतिशत ले हुने रु.२८,९९,०८३।- थप गरि मू.अ.कर बाहेकको रु.१,६०,७६,७३६।- ठेक अंक कायम भएको एक मात्र बोलपत्र स्वीकृतिको लागि बोलपत्र मूल्याङ्कन समितिले २०७१/१२/१३ मा सिफारिस गरे पश्चात कार्यालयले २०७२/१/८ मा सम्झौता तथा कार्यादेश दिएको छ । निर्माण सेवाले पहिल्यै विड गरेको वी.ओ.क्यु. दररेटमा संसोधन मार्फत हालेको २२% थपको मुचुल्काको व्यहोरामा उल्लेख नगराई तुलनात्मक तालिका र मूल्याङ्कनमा समावेश गर्नु उपयुक्त देखिएन ।

१७.२ सूचना नं. २५/०७०/७१ अनुसार ठेक्का नं.१६४-०७०/७१ चेपाङ्ग मार्ग अन्तर्गतको प्यारोधाम आँपपानी/थाकल्टार खण्डको सडक निर्माण कार्यको लागि एक निर्माण सेवाको कबोल अंक

रु.५,०१,७२,६७४।- (मू.अ.कर बाहेक) सारभूत रुपमा प्रभावग्राही ठहर गरि बोलपत्र मूल्याङ्कन समितिले २०७१/३/१६ मा सिफारिस गरे पश्चात क्षेत्रीय निर्देशक बाट ठेक्का स्वीकृतिको आशय पत्र जारी गरेको देखियो । स्विकृति लागि आशयको सूचना जारी पश्चात योग्यता क्रमको दोस्रो घटीवाला अर्को जे.भी.ले पहिलो निर्माण सेवाले पेश गरेको बिड बण्ड निर्दिष्ट ढाँचामा नरहेकोले आशयको स्वीकृति कार्य रद्द गरी बोलपत्र पुनर्मूल्याङ्कन गरी पाउँ भनी २०७१/३/२३ मा दिएको निवेदन उपर पुनः क्षेत्रीय निर्देशकबाट पुनर्मूल्याङ्कनको लागि मूल्याङ्कन समितिलाई निर्देशन दिएकोमा त्यस प्रकारको बिड बण्डलाई मान्यता दिनुपर्ने र सबैभन्दा घटी अंक कबोल गर्नेको बोलपत्र स्वीकृति हुनुपर्ने भनी २०७१/३/२५ मा प्रतिवेदन दिएको छ ।

यस सम्बन्धमा सडक विभागले २०७१/३/२९ मा सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय माग गरेकोमा सो कार्यालयको च.नं.२० मिति २०७१/४/४ को पत्र अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४५ को खण्ड (ख) मा उल्लिखित ढाँचा अनुसार पेश नभएको बोलपत्र जमानतलाई मान्यता दिन नमिल्ने भनि राय प्राप्त भएकोले सारभूत रुपमा प्रभावग्राहीमध्ये दोस्रो जे.भी.को कबोल अंक रु.५,३२,४८,४५९।- (मू.अ.कर बाहेक) ल.ई.भन्दा ( ३७.११५ प्रतिशत घटी) भएको बोलपत्र स्वीकृति हुनुपर्ने भन्ने उल्लेख भएअनुसार क्षेत्रीय निर्देशकबाट उक्त बोलपत्र २०७१/४/८ मा स्वीकृत भै मिति २०७१/५/१८ मा खरिद सम्झौता भएको देखिन्छ । जसवाट दोस्रो वरियता नम्बरको कबोल अंक रु.५,३२,४८,४५९।- को बोलपत्र स्वीकृत गरी गराउँदा कार्यालयलाई रु.३०,७५,७८५।- बढी व्ययभार पर्न गएको देखिन्छ ।

१८. **भेरिएसन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको वखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएसन गर्न सक्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय अर्न्तगत सञ्चालित २ वटा पुल तथा १ सडकको डिजाइन परिवर्तन तथा भेरिएसन भई रु.५३ लाख ७७ हजार लागतमा वृद्धि भएको छ भने ती निर्माण कार्यको कार्य सम्पन्न अवधि समेत वृद्धि हुन गएको छ । लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान नपुऱ्याएका कारण भेरिएसन गर्नुपरेको देखिंदा लागत अनुमान तयारीमा पर्याप्त ध्यान दिनुपर्ने देखिएको छ ।

१९. **कार्य प्रगति तथा बिल** : रत्ननगर नगरपालिकाको टाँडी वजार खण्डको बाटो निर्माण कार्यका लागि मूल्य अभिवृद्धि कर समेत रु.१९,२५,५०,८०५। को सम्झौता भएकोमा कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७३।६।१९ उल्लेख छ । उक्त ठेक्कामा हाल सम्म रु.४,७८,७०,५८०। भुक्तानी भएको छ । उक्त स्थितिमा समयमै काम सम्पन्न हुने अवस्था नदेखिएकोले सम्पन्न गर्न गराउन ध्यान दिनुपर्ने देखियो । उक्त कार्य गर्न कन्स्ट्रक्सनले तेस्रो रनिङ्ग बिलबाट प्रोभिजनल सम अन्तर्गतको उपयोगी सेवाको स्तान्तरणका लागि रु.१२,०१,३००।- भुक्तानीको लागि माग गरेकोमा रु.११,३६,३००।- भुक्तानी भएको देखियो सो मध्ये रु.५,५०,०००।- को मात्र विल पेश भएको छ । प्रोभिजनल सम अन्तर्गतका आइटमको भुक्तानी गर्दा बिल समावेश गर्नुपर्नेमा बिल संलग्न नभएकोले सो को प्रमाण पेश गर्नुपर्दछ ।

२०. **बढी भुक्तानी** : संसोधित ठेक अंक रु.२८,१६१,४३५।- भएको ठेक्का नं ७९-०६८/६९ को बुढि राप्ती पुल खैरहनी को निर्माण कार्यको लागि एक प्रा.लि.सँग २०७३/३/१५ सम्ममा सम्पन्न गर्ने गरि २०६९ आषाढ २६ गते सम्झौता भएको थियो । २०७३/३/३० मा निर्माण सम्पन्न देखाएको यस पुल निर्माण कार्यको प्रोभिजनल सम र मूल्य वृद्धि समेत रु.३,०६,१६,६१९।- (मू.अ.कर बाहेक) भुक्तानी भएको रनिङ्ग बिल र नापी किताब परीक्षण गर्दा यस प्रकार देखियो:

२०.१ बिल अफ क्वान्टिटिको आइटम नं.३.१ को *supplying materials, fixing and removal on completion of formwork in superstructure including* को कार्यको डिभिजन कार्यालयले १२ औं आई.पी.सी. सम्म ९१२.४२ ब.मि.को कार्य देखाएको मध्ये आई पि.सी.८ बाट ४०३.४४ ब.मि.,

आई पि.सी.९ बाट २३५.३७ ब.मि., आई पि.सी.१० बाट १२२.१७ ब.मि. कट्टा गरी आई पि.सी. १२ तथा अन्तिम आई पि.सी.बाट १५१.५० ब.मि.को मात्र भुक्तानी खर्च लेख्नुपर्नेमा २१६.२१ ब.मि.को लेखिएकोले अन्तिम रनिङ्ग बिल सम्म लेख्नु पर्ने बास्तविक खपत परिमाण भन्दा ६४.७१० ब.मि.को प्रति ब.मि.रु.१,०००।- का दरले मू.अ.कर समेत रु.७३,१२२। बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखिएको छ ।

२०.२ निर्माण सेवाले तेह्रौं तथा अन्तिम बिलको पी.एस., मूल्य वृद्धि र मू.अ.कर समेत रु १२५७५२६।- को बिल पेश गरेकोमा डिभिजन सडक कार्यालयले निर्माण कार्यको म्याद २०७३/३/१५ सम्म भएकोमा १५ दिन ढिलो कार्यसम्पन्न देखाएको पूर्वनिर्धारित क्षतिपूर्ति रु.२,०६,०५७।- र As built drawing पेश नगरेकोले रु.१,००,०००।- समेत जम्मा ३,०६,०५७।- कट्टा गरी बाँकी रकम भुक्तानी दिने मिति २०७२/५/३० को निर्णयानुसार उक्त रकम कट्टा गरि जम्मा रु.९,५१,४६८।८१ बजेट खर्च लेख्नुपर्नेमा रु.११,४४,५२६।- लेखेकोले रु १,९३,०५७।- बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने देखिएको छ ।

२१. **बढी मूल्य समायोजन भूक्तानी** : निर्माण व्यावसायीसँग भएको सम्झौताको जनरल कण्डिसन अफ कन्ट्रयाक्टको दफा ४६.१ मा मूल्य समायोजनको लागि मूल्य सूचक लिदा पेश भएको रनिङ्ग बिलमा मूल्याङ्कित कार्य भएको अवधिको औसत मूल्य सूचकको आधारमा मूल्य समायोजन रकम गणना गर्नु पर्ने उल्लेख छ। डिभिजन सडक कार्यालयले ठेक्का नं.८७-०६६/६७, त्रिशुली पुल, दाशढुंगाका निर्माण व्यवसायीलाई मूल्य समायोजन बापतको रकम भुक्तानी गर्दा उल्लिखित व्यवस्था अनुसार नगरी (औसत मूल्य सूचक १८१.७० नलिई २०१५ जुलाई को मूल्य सूचक १९०.५० लिएको) पछिल्लो मूल्य सूचक अर्थात् निर्माण व्यवसायीले रनिङ्ग बिल पेश गरेको मिति अर्थात् निर्माण अवधि पश्चातको मूल्य सूचक राखि मूल्य समायोजन रकम गणना गरि भुक्तानी दिएको पाइयो । निर्माण व्यवसायीलाई निर्माण कार्य अवधिको औसत मूल्य सूचक राखी मूल्य समायोजन गणना गरी भुक्तानी नदिएको कारणबाट निम्नानुसार रु.७,१२,०७८।- बढी मूल्य समायोजन रकम भुक्तानी भएको देखिएकोले बढी भूक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको छ ।

२२. **बढी मूल्य समायोजन भुक्तानी** : निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल कण्डिसन अफ कन्ट्रयाक्ट (जीसीसी) मा मूल्य समायोजन रकम गणना गर्दा पेश्की घटाई हुन आउने बिल रकममा मूल्य सूचकबाट निकालिएको मूल्य सूचक फ्याक्टरले गणना गरी हुने रकमको बिल रकम सँग तुलना गरी आउने फरक रकम भुक्तानी दिनुपर्ने उल्लेख छ । डिभिजन सडक कार्यालयले ठेक्का नं.७२-०६८/६९ कयरखोला पुलका निर्माण व्यवसायीलाई ७ औं वीलको रु.२९,१२,३३२।- भुक्तानी गर्दा उल्लिखित व्यवस्थाअनुसार पेश्की रकम नघटाई बिल रकममा मूल्य समायोजन फ्याक्टर १.१३ ले गणना गरी मूल्यवृद्धिबापत रु.३,७२,८३२।- भुक्तानी दिएको पाइयो । निर्माण सेवाको सातौं बिलमा कार्यालयले रु.११,००,०००।- पेश्की कट्टा गरेकोले पेश्की कट्टा गरी मूल्यवृद्धि गणना गर्दा रु.२,३५,६०३।- मात्र भुक्तानी हुनेमा पेश्की कट्टा नगरी मूल्यवृद्धि गणना गरेको कारण कार्यालयलाई मू.अ.कर समेत रु.१,५५,०६८।- थप व्ययभार परेको रकम असूल गर्नु पर्दछ । साथै सोही निर्माण व्यवासायी लाई आठौं रनिङ्ग बिलको रकम भुक्तानी गर्दा बिल अफ क्वान्टिटिको आइटम नं. C12 को प्रोजेक्ट साइनवोर्ड र व्रिज नेमप्लेट २ गोटाको रु.४०,०००।- भुक्तानी दिएकाले उक्त कार्य भएको नापी किताबबाट देखिएन । उक्त नभएको कामको रनिङ्ग बिलबाट भुक्तानी दिएको मू.अ.कर समेत रु.४५,२००।- असुल गर्नुपर्ने देखिएको छ ।

२३. **प्रोभिजनल समको भुक्तानी** : निर्माण व्यवसायी सँग भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा कार्यालयको पूर्व स्वीकृति लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको बिल बीजक पेश गरी शोधभर्ना लिनुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

कार्यालयलले ठेक्का नं.१६३ को देवघाटको त्रिशुली नदिमा पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई प्रथम बिलको रकम भुक्तानी गर्दा बिल रकममा बिल अफ क्वान्टिटिको वोरोहोल कार्यको बिलबमोजिम रु.९,०४,०००।- मात्र भुक्तानी दिनुपर्नेमा रु.१०,००,०००।- भुक्तानी दिएकोले रु.९६,०००।- असुल गर्नुपर्ने देखिएको छ ।

२४. **शीर्षक फरक पारी खर्च** : नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०७१ ले संकेत र खर्च शीर्षक तोकि सोही बमोजिम खर्च लेख्ने व्यवस्था गरेको छ । सो व्यवस्था बमोजिम संकेत नं. २९७११ बाट मात्र संभाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन अनुसन्धान जस्ता पुँजीगत खर्च लेख्नु पर्नेमा संकेत नं. २९६११ सार्वजनिक निर्माणबाट रु.३९,००,०००।- खर्च लेखेको छ। यस सम्बन्धमा सोही शीर्षकमा नै त्यस प्रकारको बजेट व्यवस्था भएकोले खर्च लेखेको कार्यालयले जवाफ दिएको छ ।

२५. **बिलभन्दा बढी भुक्तानी** : पुल्चोक बाह्रघरे सडक खण्ड निर्माण कार्यका निर्माण व्यवसायीले दोस्रो रनिङ्ग बिलसम्म जम्मा रु.४३,३५,४६९।- को कार्य गरेकोमा २०७२।३।३१ मा रु.२१,०२,४२२।- र २०७२।९।२७ मा रु.२५,३७,५८१।- समेत रु.४६,४०,००३।- भुक्तानी गरेको देखियो । तेस्रो र चौथो रनिङ्ग बिलसम्म बढी भुक्तानी रु.३,०४,५३४।- मिलान नगरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको छ ।

२६. **बढी भुक्तानी** : आदामघाट किरनचौर थुम्की चौताराका निर्माण व्यवसायीलाई ढुंगा तथा माटो काटी सडक निर्माण गर्ने कार्यको अन्तिम बिल रु.५,०७,१७०।- बाट बीमाको रु.२०,१८१।- घटाई रु.४,८६,९८९।- दिने उल्लेख भएकोमा रु.५,०५,१६१।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१८,१७२।- असुल गर्नुपर्ने देखिएको छ ।

२७. **बीमाको रकम भुक्तानी** : ठेका नं.१८२–०७१।०७२ का व्यवसायीलाई रु.२०,५०,१६४।- मूल्यको सडक कालोपत्रे गर्ने कार्यको लागि २०७२।६।१ मा कार्यादेश दिएको देखिन्छ । उक्त कार्यको बीमा अवधि खाम्ने गरी बीमा गरेको बीमा पोलिसि सम्बन्धी कागजात संलग्न रहेको नदेखिएको रु.३०,०००।- को प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको छ ।

२८. **बढी भुक्तानी तथा पेश्की** : लोथार, परेवाकोट-लामबगर सडक सुधार कार्य गर्न एक निर्माण सेवासँग मू.अ.कर बाहेक रु.६,१३,४५,२२०।- को सम्झौता भएकोमा निर्माण व्यवसायीले चौथो रनिङ्ग बिलसम्म रु.३,०८,५९,६७८।- को कार्य गरेको नापी किताबबाट देखिएकोमा रु.३,०८,९१,८६४।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.३२,१८५।- असुल गर्नुपर्ने देखिएको छ । साथै बोलपत्र सम्बन्धी कागजातको जीसीसीमा मोबिलाइजेशन बापतको पेश्की रकम ३०% निर्माण कार्य सम्पन्न भए पछि ३०% ले कट्टी गर्नुपर्ने उल्लेख छ । सो अनुसार चौथो बिलसम्म रु.२,७३,०९,४४९।-(४४.५१%) काम सम्पन्न भएको देखिंदा पेश्की रु.७१,००,०००।- को ३०% ले रु.२१,३०,०००।- पेश्की फछ्र्यौट गर्नुपर्नेमा रु.१०,००,०००।- मात्र पेश्की फछ्र्यौट गरी भुक्तानी गरेको देखियो । सम्झौता शर्त बमोजिम पेश्की पछ्र्यौट नगरी भुक्तानी दिने कार्य अनियमित देखिएको छ ।

२९. **पेश्की कट्टी नगरेको** : शान्तिबजार-कठार-निकुञ्ज बाटो कालोपत्रे गर्न एक निर्माण सेवा सँग रु.३,४२,९६,८७५।- को सम्झौता भएकोमा चौथो रनिङ बिलसम्म रु.१,१४,५५,२६२।- भुक्तानी भई कूल कार्यको ३३.४० भुक्तानी लगेको अवस्था छ। सम्झौताको शर्त अनुसार ३०% ले काम सम्पन्न भएपछि मोबिलाइजेशन पेश्की कट्टी गरी बाँकी रकम भुक्तानी गर्नुपर्नेमा निज निर्माण व्यवसायीले लगेको पेश्की रु.३०,००,०००।- कट्टी नगरी चौथो रनिङ्ग बिलबाट रु.३५,७९,०५२।- भुक्तानी गरेको देखियो । सम्झौताको शर्त विपरीत भुक्तानी गर्नु अनियमित देखिएको छ ।

३०. **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौताबमोजिम काम तोकिएको म्याद भित्र सम्पन्न हुन

नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम १२०(१) मा सम्झौताको अवधिभित्र काम पूरा गर्न नसकिने भएमा कारण खुलाई खरिद सम्झौताको म्याद सकिन ७ दिन अगावै म्याद थपका लागि निवेदन दिनुपर्ने उल्लेख छ। डिभिजन कार्यालयले शिवमन्दिर बिष्णुलाल मार्ग सडकको २०७३।२।५ मा कार्य सम्पन्न गर्ने गरी रु.४,०८,७१६।- मा एक निर्माण व्यबसायीलाई कार्यादेश दिएको छ। कार्य सम्पन्न गर्नुपर्ने अवधि समाप्त भइ सके पछी २०७३।३।७ मा प्रथम रनिङ बिल बापत रु.२,२०,९९४।- भुक्तानी भएको र म्याद थप भएको नदेखिंदा २०७३।२।५ देखि २०७३।३।७ अवधिको रु.६,५३९।- पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिएको छ।

३१. **बढी भुक्तानी** : निर्माण कार्यको भुक्तानी स्वीकृत नर्म्स र नापी किताबमा उल्लेख भएको कार्य परिमाण बमोजिम गरिनुपर्दछ। डिभिजन सडक कार्यालयले ठेक्का नं १३२-०७१/७२ का निर्माण व्यवसायीलाई बी.ओ.क्यू.को आईटम नं.१.०६ र १.०७ को रेलिङ्ग पोष्ट कर्भ र प्रिकाष्ट ट्राफिक साइन बोर्डमा इनामेल पेन्ट गर्ने कार्य नापी किताब अनुसार ८३० बर्ग मिटर मात्र भएकोमा १३२५.३६ बर्गमिटरको प्रतिबर्गमिटर रु.३००।- का दरले भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१,६७,९२७।- असुल गर्नुपर्ने देखिएको छ।

नमस्ते चोक-मेयर चोक-भानुचोक सडक खण्डमा कालोपत्रे गर्ने र ढल निर्माण गर्न २०७२।३।१५ मा कार्य सम्पन्न गर्ने गरी २०७२।२।११ मा एक जे.भी.सँग मू.अ.कर समेत रु.१,८५,५५,२२०।- को सम्झौता भएको देखिन्छ। नेपाल सरकारको ५०% र उपभोक्ता समितिको ५०% योगदान रहने प्रावधान भएकोले चौथो रनिङ्ग बिलमा भएको कार्य रु.५७,२४,७८६।- को ५०% ले हुने रु.२८,६२,३९३।- भुक्तानी दिनुपर्नेमा गतको रु.८,००,०००।- पेश्की फछ्र्यौट समेत रु.३४,११,८२२।- भूक्तानी भएको छ। बढी भूक्तानी रु.५,४९,४२९।- असुल गर्नुपर्ने देखिएको छ। यस सम्बन्धमा कार्यालयले २०७३/०७४ मा हिसाब मिलाएको जनाएको छ।

३२. **नेपाल सरकारको अंश बढी भूक्तानी** : क्षेत्रपुर उपभोक्ता समितिको सडक कालोपत्रे गर्ने तथा ढल निर्माण गर्ने कार्यको पाँचौ रनिङ्ग बिल रु.२६,०३,७९१।- को ५०% ले रु.१३,०१,८९६।- भुक्तानी गर्नुपर्नेमा उपभोक्ताले व्यहोर्ने अंश कट्टी नगरी पूरै रकम भूक्तानी भएको छ। कार्यालयले बढी भूक्तानी भएको रकम २०७३।७४ मा मिलान भएको जनाए तापनि मिलान भएको प्रमाण पेश नभएकोले असुल गर्नुपर्ने देखिएको छ।

३३. **बीमा सम्बन्धमा** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन औजार, वा प्लान्टलगायत निर्माण कार्यको बीमा गराउनुपर्ने व्यवस्था छ। कार्यालयले दुई निर्माण व्यवसायीलाई बीमा बापतको रु.४५,०००।- भूक्तानी दिएकोमा बीमा गराईएको प्रमाण पेश नभएकोले असुल हुनुपर्ने देखिएको छ।

३४. **म्याद थपको अवधिको बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा व्यवसायीले सम्झौता बमोजिमको अवधि थप भएमा बीमाको अवधि समेत थप हुनुपर्ने व्यवस्था छ। कार्यालयले रु.१४,१४,५५३।- ठेक्का सम्झौता भएका एंव निर्माण सेवालाई २०७२/२/३० पछि २०७३/३/३० सम्म सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति नलिनेगरी म्याद थप गरी प्रथम बिलको रकममा बीमा बापतको रु.४०,०००।- समेत भुक्तानी दिएकोमा कार्य सम्पादन जमानत र बीमा अवधि थप भएको प्रमाण पेश भएन। अतः म्याद थप पूर्वबीमाको समेत म्याद थप प्रमाण पेश भएपछि मात्र निर्माण कार्यको म्याद थप गरी बीमा रकम भुक्तानी दिने व्यवस्था गरिनुपर्दछ।

३५. **निर्माण कार्य सम्पन्न नभएको** : सार्वजनिक खरिद नियममवली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने, नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारण समयमा

काम नभएमा पूर्व निर्धारित क्षतिपूर्ति लिन र नियम १२८ मा खरिद सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था छ । डिभिजन कार्यालयले विभिन्न निर्माण सेवामार्फत निर्माण गराएका संरचनाहरुको पटक पटक म्याद थप गर्नुपर्नाको कारण पुष्टि हुने प्रमाण बेगर म्याद थप गरेको, पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको र म्याद थप गर्दा समेत ठेक्का को काम सम्पन्न नभै अधुरै रहेका र निर्माण सेवाले तत्पश्चात म्याद थपको निवेदन समेत नदिई निर्माण कार्य अधुरै छोडेको पाइयो । संझौताको म्याद समाप्त भई नसकेकोमा ३ निर्माण व्यवसायीलाई खरिद नियमावली तथा सम्झौताको व्यवस्था बमोजिम कारबाही हुनुपर्दछ ।

३६. **लेन्थवर्कर खर्च** : सडक किनाराको मर्मत सम्भार, ढलको सफाई, कल्भर्ट सफाई, पुलको सफाई, सडक बडार्ने, सामान्य खालको पहिरो वा भूस्खलन हटाउने आदि उद्देश्यले वर्षायाम र सुख्खा यामको लागि जनशक्ति लाग्ने नर्म्स निर्धारण गरेको देखिन्छ । कार्यालयले यो वर्ष सुपरभाइजर तथा लेन्थवर्करको पारिश्रमिक, पोशाक तथा अन्य सामानमा समेत रु.१,७१,४१,११३।- खर्च गरेकोछ । कार्यालयले सुपरभाइजर र लेन्थवर्करको हाजिर साइट अनुसार छुट्टाछुट्टै पेश गर्नुपर्नेमा एकमुष्ट पानामा हाजीर गरेको देखिन्छ । बाटोको आवश्यकताअनुसार सुपरभाइजर र लेन्थवर्करको आवस्यकता स्पष्ट पहिचान नगरी खर्च लेख्ने गरेकोले स्वीकृत नर्म्सअनुसार खर्च भएकोमा आस्वस्त हुने अवस्था छैन । आवश्यकताको सुनिश्चित गरी स्वीकृत नर्म्स अनुसार खर्च गर्नुपर्ने देखिन्छ ।

३७. **मोबिलाइजेशन पेश्की बाँकी** : विभिन्न निर्माण व्यवसायी एवं कम्पनीहरुलाई निर्माण कार्य सञ्चालनका लागि पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म विभिन्न १० बजेट उपशीर्षकबाट ४३ निर्माण व्यवसायीहरुलाई रु.१७,२७,८१,०००।- पेश्की दिएकोमा फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## नारायणघाट–मुग्लिङ्ग सडक आयोजना

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन, नियम, कार्यविधिमा भएका आन्तरिक नियन्त्रणका व्यवस्थाहरु कार्यालयले कार्यान्वयन गर्नुपर्दछ। कार्यालयको लेखापरीक्षण गर्दा खरिद गुरुयोजना र खरिद योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त भएकोमा प्रतिवेदनमा उल्लेख भएका विषयहरु (मर्मत, लिलाम बिक्री) कार्यान्वयन नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न संयन्त्र तर्जुमा नगरेको जस्ता व्यहोरा देखिएका छन् । नियन्त्रण प्रणाली सुदृढ गरी ऐन, नियममा भएका व्यवस्थाको पूर्ण पालना गरिनुपर्दछ ।

२. **आयोजनाको लागत तथा खर्च** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार आयोजनाको लागि कुल लागत रु.३ अर्ब ६३ करोड २० लाख लाग्ने उल्लेख भएकोमा यो वर्षसम्म रु.१ अर्ब ९१ लाख ६२ हजार खर्च भएको छ । वार्षिक कार्याक्रममा आयोजना २०७०/७१ मा शुरु भै २०७४/७५ मा सम्पन्न हुने उल्लेख छ । आयोजना शुरु भएको तीन वर्ष (६०%) ब्यतित भैसकेको अवस्थामा २७.७९ मात्र खर्च भएकोले समयमै आयोजना सम्पन्न हुने स्थिति देखिएन । यसबाट लागत वृद्धि हुने र सेवा प्रवाहमा असर पर्ने देखिएको छ ।

३. **वार्षिक लक्ष्य/प्रगति स्थिति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ । योजनाले तयार गरेको वार्षिक प्रगति विवरण अनुसार आयोजनाको वार्षिक प्रगति ४३.९३ प्रतिशत मात्र देखिएको छ । कटिङ्ग, फिलिङ्गलगायतको कार्यको प्रगति स्थिति सन्तोषजनक देखिदैन । लक्ष्य अनुसार प्रगति हासिल हुन नसक्नुमा भूकम्प तथा नाकाबन्दीको कारणले काममा अवरोध भएको जवाफ कार्यालयबाट प्राप्त भएको छ ।

४. **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० बमोजिम आयोजनाको लागि चौमासिक बजेट, लक्ष्य, कार्यक्रम समेत तोकी वार्षिक कार्यक्रम तथा अख्तियारी प्राप्त भएकोमा चौमासिक लक्ष्य अनुसार खर्च भएको देखिएन । प्राप्त विवरणअनुसार तेस्रो चौमासिकमा

६१.३२ र आषाढ महिनामा १६.०५ खर्च भई खर्चको भार बढी रहेको देखिन्छ । आयोजनाले चौमासिक लक्ष्यअनुसार खर्च गरी प्रगति समेत हासिल गर्नुपर्दछ ।

५. यस आयोजना अर्न्तगत मुग्लिङ्ग-नारायणगढ सडक निर्माण कार्यका लागि सम्भौता भएका तीन वटा प्याकेजका निर्माण सेवाको २०७३ आषाढ मसान्त सम्म भएको खर्च र म्याद थपको स्थिति परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् :

५.१ उपर्युक्त ३ प्याकेजको लागि निर्माण सेवा सँग सम्भौता गर्दा प्रत्येक प्याकेजलाई ३ वटा माइल स्टोनमा विभाजन गरी सम्पन्न गर्नुपर्ने अवधि समेत किटान गरिएको थियो । सम्भौता अनुसार १५ प्रतिशत, प्रथम माइल स्टोनको कार्य सम्भौता मितिले ८ महिनाभित्र सम्पन्न गर्नुपर्ने, ३५ प्रतिशत, दोस्रो माइल स्टोनको कार्य १६ महिनाभित्र र बाँकी ५० प्रतिशत काम सम्पन्न गरी कार्य स्वीकार पत्र जारी गर्नुपर्ने तेस्रो माइल स्टोनको कार्य २४ महिना भित्र सम्पन्न गनुपर्ने उल्लेख भएकोमा प्रथम माइल स्टोनको कार्य तोकिएको समयमा सम्पन्न नभएको कारण तीनवटै माइल स्टोनको कार्य सम्पन्न अवधि परिर्वतन भएको छ ।

५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (३) मा तोकिएको समयमा कार्यसम्पन्न नभएमा ठेक्का रकमको १० प्रतिशतमा नबढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ । त्यसैगरी निर्माण व्यवसायीसँग भएको सम्भौताको ८.७ र १४.१५(b) मा ठेक्का रकमको १० प्रतिशत नबढ्ने गरी माइल स्टोन १ को ०.००७५ प्रतिशत माइल स्टोन २ को ०.०२५ प्रतिशत र माइल स्टोन ३ को ०.०५ प्रतिशत प्रतिदिनको दरले पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ । आयोजनाले उपर्युक्त तीनवटै प्याकेजको माइल स्टोन १ को पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको छ । सम्भौता अनुसारको काम तोकिएको समयमा सम्पन्न नगर्दा निर्माण कार्यको लागत वृद्धि हुने, सेवा प्रवाहमा असर पर्ने अवस्था छ ।

६. **असम्बन्धित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (क) मा सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका, २०६८ मा खर्च शीर्षक ब्याख्या तथा बर्गिकरणले कुन कार्यको लागि कुन खर्च शीर्षकबाट खर्च गर्ने भन्ने ब्याख्या गरेको छ । आयोजना अन्तर्गत सञ्चालन हुने गरी खरिद सम्भौता भएको ठेक्का नं.NIRTTP-DOR-W-ICB का निर्माण व्यवसायीको बिल अफ क्वान्टिटीमा उल्लिखित व्यवस्था विपरीत सडक कार्यसँग असम्बन्धित भवन निर्माण कार्यको लागि रु.१ करोड २० लाख व्यवस्था गरेकोमा छैटौं आइ.पी.सी.सम्म रु.१,०२,५०,०००।- भुक्तानी भएको पाइयो । सार्वजनिक लेखा समितिले यसप्रकारको खर्च बिल अफ क्वान्टिटीमा राख्न नमिल्ने निर्देशन दिएकोमा सोको पालना भएन ।

७. **घटी अवधिको बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधि समेत कभर हुने गरि बीमा गराउनुपर्ने व्यवस्था छ । आयोजना अर्न्तगत सञ्चालित ३ ठेक्का कार्यमा त्रुटि सच्याउने अवधि कभर हुने गरी बीमा नगरेको र बीमाको म्याद थप नगरी ठेक्काको म्याद थप गरी घटी अवधिको बीमा गराएको अवस्थामा समेत रु.१,२०,००,०००।- बीमा रकम भुक्तानी गर्नु नियमसम्मत देखिएन । आयोजनाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) तथा सम्भौताको व्यवस्था अनुसार बीमा अवधि थप गर्नुपर्दछ ।

८. **प्रोभिजनल सम** : आयोजना अन्तर्गत मुग्लिङ्ग-नारायणगढ सडक निर्माण कार्यका लागि तीन प्याकेजका निर्माण व्यवसायीसँग भएको खरिद सम्भौताको जीसीसीको १३.५ मा *"The contractor shall,when required by the engineer, produce quatation, invoives, vouchers and account or receipts in subsitantiation"* उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.३ लाख रुपैंया भन्दा माथि रु.१० लाख रुपैया सम्म लागत अनुमान भएको

मालसामान वा अन्य सेवा वा रु.२० लाख रुपैंया सम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दि दरभाउपत्र आब्हान गरी र सो भन्दा बढी भए बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। आयोजना अर्न्तगतका तीन प्याकेजका निर्माण व्यवसायीले प्रोभिजनल समको रकमवाट मुग्लिङ्ग-नारायणगढ सडक खण्ड भित्रका संरचना हटाउन तथा पुनर्स्थापना कार्य गर्न विभिन्न निकायलाई रकम खर्च लेख्दा खरिद सम्झौता र सार्वजनिक खरिद नियमावलीको उपर्युक्त प्रक्रिया पूरा नगरी विभिन्न निकायलाई बैंक चेक वा ड्राफ्ट मार्फत रकम भुक्तानी गरेको आधारमा आयोजनाले निर्माण सेवालाई रनिङ्ग बिलबाट भुक्तानी दिएको पाइयो । यस सम्बन्धी व्यहोरा यसप्रकार छन्:

८.१ सिमलतालदेखि मुग्लिङ्ग खण्डका आइ.सी.बी.३ का निर्माण व्यवसायीलाई चौथो आई.पी.सी.को रकम खर्च गर्दा बिल अफ क्वान्टिटीको आइटम नं. १०.०१ को री लोकेशन अफ सर्भिस अर्न्तगतको (प्रोभिजनल सम) बाट विद्युत पोल स्थानान्तरण कार्य उल्लेख गरी विद्युत प्राधिकरण भरतपुर शाखाको नाममा मू.अ.कर थप समेत रु.२७,९१,६०७।- खर्च लेखेकोमा खरिद सम्झौता र खरिद नियमावलीको नियम ३१ र ८४ को प्रक्रिया पुरा गरेको प्रमाण पेश भएको छैन ।

८.२ ICB-3 को निर्माण सेवा लाई सातौं आई.पी.सी. को रकम भुक्तानी बिल अफ क्वान्टिटिको आइटम नं. १०.०६ को वातावरण (प्रोभिजनल सम) को रकम सडक बृक्षारोपण कार्यकालागि जिल्ला वन कार्यालय चितवनका नाममा मू.अ.कर समेत रु.१,०२,४४७।- खर्च लेख्दा सम्झौताको G.C.C-13.5 बमोजिमको खर्च पुष्ट्याई गर्ने बिल बीजकको कागजात पेश हुनुपर्दछ ।

८.३ दाशढुंङ्गा-सिमलताल सडक खण्डका निर्माण व्यवसायीले विद्युत पोल स्थानान्तरण गरेको नेपाल विद्युत प्राधिकरण भरतपुरको नाममा लेखेको बैंक चेकको आधारमा आयोजनाले आई.पी.सी. ५ बाट मू.अ.कर समेत रु.३२,३१,७५९।- भुक्तानी दिएकोमा खरिद सम्झौता र खरिद नियमावलीबमोजिम कार्य भएको पाइएन ।

८.४ दाशढुंङ्गा-सिमलताल सडक खण्डका निर्माण व्यवसायीले विद्युत पोल स्थानान्तरण गरेको नेपाल विद्युत प्राधिकरण भरतपुरको नाममा लेखेको बैंक चेकको आधारमा आयोजनाले आई.पी.सी. ६ बाट मू.अ.कर समेत रु.४,८२,९०७।- भुक्तानी दिएकोमा खरिद सम्झौता र खरिद नियमावली बमोजिम कार्य भएको पाइएन ।

८.५ दाशढुंङ्गा-सिमलताल सडक खण्डका निर्माण व्यवसायीले BOQ को *Provision of Public utilities* and safe guard अर्न्तगतको पानी वितरणको जी.आइं पाइपको कार्य गरेको निवेदनको आधारमा आयोजनाले आई.पी.सी.६ बाट मू.अ.कर समेत रु.४४,२३,९५०।- निर्माण सेवालाई भुक्तानी गर्दा खरिद सम्झौता र खरिद नियमावली बमोजिम कार्य भएको पाइएन ।

८.६ I.C.B-2 का निर्माण व्यवसायीले वातावरणीय प्रभाव न्युनीकरण (प्रोभिजनल सम) कार्यको लागि जिल्ला वन कार्यालय भरतपुरलाई भुक्तानी दिएको निवेदनको आधारमा आयोजनाले आई.पी.सी.७ बाट मू.अ.कर सहित रु.२,४८,७३६।- भुक्तानी गर्दा खरिद सम्झौता बमोजिमको प्रमाण कागजात संलग्न गर्नुपर्दछ ।

८.७ I.C.B-2 का निर्माण व्यवसायीले *Provision of utilities (P.S)* को कार्यको लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भरतपुर चितवनको नाममा बैंक चेक बाट खर्च लेखेको रकम आयोजनाले आई पी.सी.८ बाट मू.अ.कर सहित रु.४४२३०१७।- भुक्तानी गर्दा खरिद सम्झौता तथा खरिद नियमावली बमोजिमको प्रक्रिया पुरा गरेको प्रमाण संलग्न गरेको पाइएन ।

८.८ I.C.B-1 का निर्माण व्यवासायीले BOQ को आइटम नं.९.०१ को *Relocation of Service (P.S)* कार्यबाट विद्युत पोल स्थानान्तरण कार्यको नेपाल विद्युत प्राधिकरण भतपुरलाई बैंक चेक मार्फत खर्च लेखेको रकम आयोजनाले आई.पी.सी.४ बाट निर्माण सेवालाई मू.अ.कर थप समेत

रु.५१,५८,४६१।- भुक्तानी गरेको खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली बमोजिमको प्रक्रिया पुरा गरेको पाइएन ।

८.९ I.C.B-1 का निर्माण व्यवासायीले BOQ को आइटम नं.९.०१ को *Relocation of Service (P.S)* बाट खानेपानीको पाइप तथा धारा स्थानान्तरण गर्न आई.पी.सी.४ को रु.४५,६५,०१०।- र यस आई पी.सी.को रु.१५,८१,१००।- समेत जम्मा रु.६१,४६,११०।- मा मू.अ.कर थप समेत रु.६९,४५,१०४।- भुक्तानी गर्दा संलग्न आई.पी.सी.मा खरिद सम्झौता र खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पुरा गरेको पाइएन ।

८.१० I.C.B-1 का निर्माण व्यवासायीले BOQ को आइटम नं.९.०४ को *(Provision of Public Utilities)* को रु.२१,७४,५३०।- र *Invironmental mitigation of public utilities* को रु.५,३४,५६०। समेत जम्मा रु.२७,०९,०९०।- खर्च लेखेको निवेदनबाट आयोजनाले निर्माण सेवालाई आई.पी.सी. ७ बाट मू.अ.कर समेत रु.३०,६१,२७२।- भुक्तानी दिएको खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली बमोजिम कार्य भएको पाइएन ।

८.११ Social Issue अर्न्तगत आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई सीप विकास कार्यक्रम को बाख्रापालन कार्यको रु.२,६३,७००।- जिल्ला पशु सेवा कार्यालय भरतपुरको नाममा खर्च लेखेको बिल भर्पाइ पेश हुनुपर्दछ ।

८.१२ आयोजनाले कृषि तालिमको लागि आयोजना प्रभावित किसानलाई तालिम उपलब्ध गराउने वार्षिक कार्यक्रमको रु.३,७७,१००।- जिल्ला कृषि विकास कार्यालयको नाममा दिएको पाइयो । कार्यालयले खर्च गरी एक कर्मचारीको नामबाट पेश्की फछ्र्यौट देखाएको फाँटवारी परीक्षण गर्दा प्रस्तुत फाँटवारीमा रु.३,६६,०००।- मात्र खर्च भएको बिल भर्पाइ संलग्न रहेकोले रु.११,१००।- दाखिला हुनुपर्दछ ।

९. **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा बिल भर्पाइ सहित लेखा राख्नुपर्ने उल्लेख छ । आयोजनाले आइटम नं.३.०३ को *Excavation for structure in all types of soil including hard rock* को IPC-7 बाट ७००१.१६ घ.मि.को प्रति घ.मि.रु.२७५।- का दरले रु.१९,२५,३१९।- रकम भुक्तानी भएको सम्बन्द्ध नापी किताब परीक्षण गर्दा चेनेजमा कार्य नभएको ३३५ घ.मि.को मू.अ.कर समेत रु.१,०४,३२४।- ICB 2 का निर्माण व्यवसायीलाई भुक्तानी भएको छ । नापी किताबमा उक्त चेनेजमा कार्य भएको नदेखिंदा भुक्तानी भएको रु.१,०४,३२४।- असुल गर्नुपर्दछ ।

१०. **करार सेवा सम्बन्धमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा सेवा करारमा लिने सम्बन्धी कार्यविधि उल्लेख छ । कार्यालयले कार्यविधिको पालना नगरी यो वर्ष विगतदेखि कार्यरत ६ जना कर्मचारीलाई रु.९,३६,३६०।- तलब खर्च लेखेको छ ।

११. **काम सम्पन्न** : मुग्लिङ्ग बजार देखि आयोजनाको कार्यालय सम्म सडक कालोपत्रे गर्ने कार्यको लागि २०७३/३/१० सम्म कार्य सम्पन्न गर्ने गरी २०७३/१/३१ मा सबैभन्दा घटी कबोल गर्ने एक प्रा.लि.सँग मू.अ.कर समेत रु.६०,६५,५६८। को सम्झौता भएको देखिन्छ । वर्षातको कारणले समयमा काम सम्पन्न नभएको कारण म्याद थपको लागि निवेदन दिएकोमा कार्यालयले २०७३/९/१० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीलाई २०७२/७३ मा प्रथम रनिङ्ग बिलको रु.८,७२,३११। भुक्तानी भएको छ । काम सम्पन्न गर्ने अवधिमा वर्षातको कारण जनाई म्याद थप गर्नु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ बमोजिम काबु बाहिरको परिस्थिति हुने देखिदैन । उपर्युक्त स्थितिमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम सम्झौता अंकको ०.०५ प्रतिशत प्रतिदिनका दरले १० प्रतिशत नबढाई पूर्वनिर्धारित क्षतिपूर्ति कट्टि गरी सम्झौता बमोजिमको कार्य सम्पन्न गराउनुपर्दछ ।

१२. **मुअव्जा वितरण अभिलेख :** नारायणगढ-मुग्लिङ्ग सडक खण्ड स्तरोन्नति कार्यबाट प्रभावित हुने परिवारको संरचना हटाउने कार्यमा यो वर्ष रु.८०,२०,३१३।- मुअब्जा वितरण भएको देखिन्छ । त्यसरी मुअब्जा वितरण गर्दा निर्धारित क्षतिपूर्ति बापत पहिलो किस्ता ५० प्रतिशत, घरटहरा पूर्णरुपमा हटाएपछि ५० प्रतिशत र पुनर्स्थापना का थप सुविधा बापत पाउने भएमा तेस्रो किस्ता दिने निर्णय भएकोमा कार्यालयले विगतमा भुक्तानी भएको र भुक्तानी हुन बाँकी ब्यक्ति तथा रकम उल्लेख गरी अभिलेख अद्यावधिक राखेको देखिएन । अभिलेख अद्यावधिक नभएमा दोहोरो भुक्तानी हुने, नपाउने ब्यक्तिलाई भुक्तानी हुन सक्ने देखिएकाले अभिलेख दुरुस्त गर्नुपर्ने देखिएको छ ।

१३. **पेश्की बाँकी :** विभिन्न ४ निर्माण व्यवसायीलाई प्रदान गरिएको मोबिलाइजेशन पेश्की रु.१२,४३,८५,४५९।- बर्षान्तसम्म पनि फछ्र्यौट हुन बाँकी रहेकोले फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

## यातायात व्यवस्था सेवा कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कर्मचारीहरुको कार्य विवरण तयार गरी लागू नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, कार्यालयको उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, दरवन्दी अनुसार पदपुर्ति नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **राजस्व दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । राजस्व कारोबारको नमूना छनौट गरी परीक्षण गरिएकोमा कार्यालयले आम्दानी रसिदबाट सङ्कलन गर्ने अस्थायी इजाजत (पटके) दस्तुर, नवीकरण दस्तुर, सवारी कर लगायतका राजस्व ऐनको उल्लिखित व्यवस्थाअनुसार नगरी ढिलो गरी दाखिला गरेको देखियो । ऐनले तोकेको म्यादभित्र राजस्व दाखिला गर्नुपर्दछ ।

३. **अभिलेख :** कार्यालयले चारपाङ्ग्रे सवारी साधनको नबिकरण सम्बन्धी अभिलेख राखे तापनि दुईपाङ्ग्रे सवारी साधन नबिकरणको अभिलेख राखेको देखिएन । यस सम्बन्धमा औल्याउदा VRS मा नै सोको नम्बर समेत खुल्ने विवरण रहेकोले छुट्टै अभिलेख नराखेको कार्यालयले जनाएको छ ।

४. **भी.आर.एस.सप्टवेयर :** यातायात व्यवस्था विभागबाट सवारी साधनहरुको दर्ता तथा नवीकरण एवं अभिलेख र राजस्व असुलीका लागि प्रयोगमा ल्याइएको भेहिकल रजिष्ट्रेश सिष्टम सप्टवेयरबाट कार्यालयमा प्राप्त हुने सबै प्रकारका राजस्व आम्दानीको एकीकृत ढाँचा अनुसार दैनिक रुपमा आउने भई म.ले.प.फा.नं. १० सँग भिडान हनुपर्नेमा सो अनुरुप नभई हरेक शीर्षकको छुट्टाछुट्टै विवरण प्राप्त हुने र सोको जोडजम्मा म्यानुअल्ली गर्नुपर्ने किसिमको रहेको छ । असुली हुने लगति राजस्वको लागि सवारीसाधन दर्ता, नवीकरण र नवीकरण हुन बाँकीको विवरण सफ्टवेयरबाट प्राप्त नहुने हुँदा केवल रसिद काट्ने प्रयोजनको लागि मात्र प्रयोग भएको अवस्था छ । अतः सफ्टवेयरको सेवा प्रवाह सहज सरल र विश्वसनीय बनाउने व्यवस्था गर्नुपर्दछ ।

## यान्त्रिक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा समयमा अख्तियारी प्राप्त नभएको, कर्मचारीहरुको कार्य विवरण तयार गरी लागू नगरेको, वार्षिक खरिद योजना नबनाएको, जिन्सी निरीक्षण प्रतिवदनको कार्यान्वयन नगरेको, कतिपय सामानको मूल्य नखुलेको, तोकिएको ढाँचाबमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तार नगरेको, तालुक कार्यालयबाट निरिक्षण नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **दरबन्दी तथा पदपूर्ति स्थिति** : निजामती सेवा ऐन, २०४९ को दफा ७ क मा दरबन्दी अनुसार पदपूर्ति हुनुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त दरबन्दी तथा पदपूर्ति विवरणअनुसार रहेकोमा विभिन्न १३ पदमा १९ जनाको दरबन्दी रहेकोमा ११ पदपूर्ति भई विभिन्न ६ पदमा ८ जनाको दरबन्दी रिक्त रहेको पाइयो । दरबन्दीअनुसार पदपूर्ति गर्नेतर्फ आवश्यक कारबाही हुनुपर्दछ ।

३. **हेभी यन्त्र उपकरण उपयोग स्थिति** : कार्यालयमा विभिन्न किसिमका उपकरण रहेकोमा उक्त उपकरणहरुको पूर्णरुपमा उपयोग गर्न नसकेको अवस्था छ । यो वर्ष कार्यालयले कुल रु.६६,१८,१००।-खर्च गरेकोमा राजस्व रु.९,०३,२५०। मात्र असुली भएको देखिन्छ । यन्त्र उपकरण अत्युत्तम उपयोग गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

४. **राजस्व सम्बन्धी स्रेस्ता र खाताहरुको प्रयोग** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ अनुसार कार्यालयले मेसिनरी भाडाबापत प्राप्त हुने राजस्वको आम्दानी रसिद काट्ने तथा सम्बद्ध खाताहरुमा पोष्टिङ गर्ने गरेको पाइएन । यस सम्बन्धमा छलफल हुँदा मेसिन, उपकरण भाडामा लगाउँदा सम्बन्धित व्यक्ति, फर्महरुबाट माग भएको घण्टाअनुसार लाग्ने भाडा शुरुमा धरौटी स्वरुप लिइने र पछि भाडा गणना गरी लिइएको धरौटीलाई सदरस्याहा गर्ने गरिएको र आगामी दिनमा यसतर्फ सुधार गरिने जवाफ प्राप्त भएको छ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन, नियम, कार्यविधि तथा निर्देशनमा उल्लेख भएका कार्यालयको काम सँग सम्बन्धित आन्तरिक नियन्त्रणका व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा निर्माण सम्बन्धी नापी नियन्त्रण खाता नराखेको, भ्रमण प्रतिवेदन नलिएको, स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको, कार्यविवरण बनाई लागू नगरेको, जिन्सी निरीक्षण गराई प्रतिवेदनमा उल्लेख गरेका विषय कार्यान्वयन नगरेको र मूल्य नखुलेको सामानको मूल्य खुलाई नराखेको, बोलपत्र सम्बन्धी कागजात स्वीकृत ढाँचा बमोजिम तयार नगरेको, खपत भएका पाइप तथा फिटिङ्स पूर्ण रुपमा नापी किताबमा नचढाएको, तालुक कार्यालयले निरीक्षण गरेको देखिने अभिलेख नराखेको, कार्यालयको उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान तथा सोको निराकरण नगरेको, कार्यालयबाट सञ्चालित रु.१० लाखभन्दा बढीका आयोजनाहरुमा होर्डिङ्ग वोर्ड नराखेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **लक्ष्य प्रगति** : कार्यालयले आफ्नो उद्देश्य हाँसिल गर्न वार्षिक लक्ष्य अनुसार प्रगति गर्नुपर्दछ । विभिन्न ८ बजेट उपशीर्षकको वित्तीय प्रगति ७५ प्रतिशत भन्दा माथि रहे तापनि खानेपानी पुनःर्स्थापन आयोजना तर्फ ३४.४७ प्रतिशत मात्र प्रगति भएको देखिन्छ ।

३. **खानेपानीको उपलब्धता** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार जनगणना २०६८ मा जिल्लाको जनसंख्या ६१६५७१ मध्ये ५५०१५९ जनसंख्यालाई आ.व.२०७२।७३ सम्म स्वच्छ खानेपानी उपलब्ध गराई ८९.२३ प्रतिशत प्रगति हासिल गरेको उल्लेख छ । उक्त तथ्यांकलाई पुष्टि गर्ने आधार कार्यालयले तयार गरेको देखिँदैन । खानेपानीको बिद्यमान उपलब्धतालाई हेर्दा उक्त तथ्यांकमा बिश्वस्त हुने अवस्था देखिदैन । सन् २०१७ भित्र शतप्रतिशत जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने गरी खानेपानी योजना सञ्चालन गर्नुपर्ने देखिएको छ ।

४. **आयोजना संचालन** : योजना सम्पन्न गर्ने लागत, स्रोत तथा अवधि सुनिश्चित गरी आयोजना सञ्चालन गरिनुपर्दछ । यस डिभिजन बाट सञ्चालित कतिपय आयोजनाहरुको लागत, काम सम्पन्न गर्ने अवधि र वार्षिक बजेट बिचमा समाञ्जस्यता रहेको देखिदैन । कार्यालयबाट ५ वर्षभन्दा अगाडी शुरु भएका आयोजनाको विवरण माग गरी परीक्षण गर्दा २०५६।५७ देखि २०६८।६९ भन्दा अगाडि शुरु भएका ३ आयोजना सम्पन्न हुन नसकेको अवस्था छ । सम्पन्न हुन नसक्नुको कारण बजेट अभाव र उपभोक्ता समितिको निष्क्रियता रहेको कार्यालयले उल्लेख गरेको छ । सन् २०१७

सम्म सतप्रतिशत जनतालाई खानेपानी उपलब्ध गराउने राष्ट्रिय नीतिबमोजिम बजेट व्यवस्था गरी कार्य सम्पादन गरिनुपर्दछ ।

५. **ठेक्का बन्दोबस्त :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) ले ठेक्कापट्टा स्वीकृत गर्नुपर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार रु.६ करोड ८६ लाख २९ हजारको २३ ठेक्का दोस्रो चौमासिकमा र रु.४ करोड २९ लाख २० हजारको १८ ठेक्का तेस्रो चौमासिकमा मात्र सम्पन्न गरेको देखियो ।

६. **फिटिङ्स खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा दश लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष जि.आई., एच.डी.पी.ई फिटिङ्स भल्व टुल्सको खरिद पटक पटक फरक प्याकेज बनाई बोलपत्रको मध्यम द्धारा खरिद गरेको देखियो । वार्षिक खरिद योजना बनाई सोअनुसार विधि तथा प्रक्रिया तोकी खरिद गरेमा प्रतिशपर्धा भै मितव्ययी रुपमा खरिद कार्य हुनसक्ने हुँदा त्यतर्फ ध्यान दिनुपर्दछ ।

७. **वार्षिक खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरिएको ढाँचा बमोजिम वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न कार्यक्रममा पाइप, फिटिङ्गसलगायतका सामान खरिद गरेकोमा नियमावलीको व्यवस्थाबमोजिम खरिद योजना तयार गरेको छैन ।

८. **चौमासिक तथा आषाढ महिनाको खर्च :** कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी २०७२।७३ अनुसार प्रथम, दोस्रो तथा तेस्रो तीनवटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निधांरण गरिएकोमा कार्यालयले तेस्रो चौमासिकमा मात्र विभिन्न कार्यक्रममा ६५.९३ प्रतिशत तथा असार महिनामा मात्र ४१.२९ प्रतिशत खर्च गरेको पाइयो । चौमासिक लक्ष्यअनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

९. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ को व्यवस्था छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चमा २.५ प्रतिशत र सानातिना अन्य खर्चमा २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष कन्टिन्जेन्सीमा रु.७६ लाख ९४ हजार खर्च देखाएकोमा रु.२८ लाख ६० हजार विभाग पठाएको छ । कार्यालयले कन्टिन्जेन्सीको खर्च इन्धन, मर्मत, भ्रमण खर्च अदिमा खर्च गरेको छ । कन्टिन्जेन्सी खर्च गर्दा स्पष्ट कार्यविधि बनाई खर्च गरिनुपर्दछ ।

१०. **कार्यक्रम बेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ ले कार्यक्रम स्वीकृत गरेर मात्र खर्च गर्ने व्यवस्था छ। यो वर्ष जिल्ला परिषद् चितवनबाट पारित नभएको एक खानेपानी आयोजनामा रु.१,९२,०००। खर्च गरेको देखियो । जिल्ला परिषद्ले पारित नगरेको योजनामा कार्यक्रम संशोधन बेगर खर्च गर्नु नियमित देखिदैन ।

११. **आयोजना हस्तान्तरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाइं नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त प्रगति विवरण अनुसार विगतमा सम्पन्न भएका ३ आयोजनाहरु हालसम्म पनि हस्तान्तरण भएको पाइएन ।

१२. **बढी खपत :** नेपाल सरकार (सचिव स्तर) को मिति २०६२/११/८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३/१/३ को परिपत्रअनुसार पाइप तथा फिटिङ्ग/औजार अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट

मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख छ। लेखापरीक्षणका लागि पेश भएका आयोजनाहरुका जिन्सी खाता तथा नापी किताबअनुसार आयोजनामा जिन्सी खाताबाट खर्च लेखेको पाइपको परिमाण १३९९६५.८ मिटर रहेकोमा सम्बन्धित आयोजनाहरुको नापी किताबअनुसार २९५२९ मिटर मात्र जडान भई रु.९८,५०,१७६। मूल्यका ११०४३६ मिटर पाइप (जी.आई. तथा एच.डी.पी.ई) जडान भएको छैन ।

१३. **मौज्दात :** नेपाल सरकार (सचिव स्तर) को मिति २०६२/११/८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको च.नं.१४९९ मिति २०६३/१/३ को परिपत्र अनुसार पाइप तथा फिटिङ्ग/औजार खरिद गर्ने सम्बन्धमा गतविगतको मौज्दातको ख्याल गरि सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयबाट प्राप्त पाइप तथा फिटिङ्गको गत वर्षको खरिद र विभिन्न आयोजनामा खपत तथा अन्तिम मौज्दातको विवरण अनुसार यस वर्षको अन्तमा रु.१२,०१,९२१।- मूल्यको पाइप तथा फिटिङ्गस मौज्दात रहेको पाइयो । कार्यालयले पाइप तथा फिटिङ्सको आवश्यक परिमाण यकिन गरेर मात्र खरिद गर्नु पर्दछ ।

१४. **बिल बेगर रकम भुक्तानी :** निर्माण सेवा सँग भएको सम्झौताको दफा (जीसीसी) को १०.२ (डी) मा डे वर्कस् अन्तर्गत ज्यामी ज्याला र उपकरणको रकम भुक्तानी गर्दा पूर्वस्वीकृति लिई त्यस अन्तर्गत भएका कार्यको अभिलेख राख्नुपर्ने र प्रोभिजनल समको रकम भुक्तानी गर्दा कर विजक पेश गर्नुपर्ने उल्लेख गरेकोमा २ ओभरहेड टैंकी निर्माण कार्यका निर्माण सेवालाई सो बेगर डे वर्कस्को रु.५६,५००।- र प्रोभिजनल सम अन्तर्गत इन्धनको रु.८५,८८०।- समेत जम्मा रु.१,४२,३८०।- भुक्तानी गरेको छ। डे वर्कस् अर्न्तगत ज्यामी ज्याला र उपकरणको रकम भुक्तानी गर्दा पुर्व स्वीकृति लिई त्यस अर्न्तगत भएका कार्यको अभिलेख राख्नुपर्ने उल्लेख गरेकोमा २ वटा ओभरहेड टैंकी निर्माण कार्यका निर्माण सेवालाई सो बेगर डे वर्कस्को रु.३१,०२०।- र प्रोभिजनल सम अर्न्तगत इन्धनको रु.६६,१०५।- समेत जम्मा रु.९७१२५।०० भुक्तानी गरेको छ। कर विजक तथा खर्चको अभिलेख र प्रमाण कागजात बेगर भुक्तानी गरिएको रकम अनियमित देखिएको छ।

**१५. बढी भुक्तनी तथा व्ययभार :** पिठुवा खानेपानी आयोजनाको अफिस बिल्डिङ निर्माण कार्यका लागि रु.२६,०३,३८४।-को लागतमा एक निर्माण सेवासँग २०७२/२/३० मा सम्पन्न गर्ने गरी २०७२/१०/११ मा सम्झौता भएको थियो। निर्माण कार्य बापत तेस्रो बिलसम्म रु.२०,०२,१४०।- भुक्तनी भएकोमा निम्नानुसार देखिएको छ :

१५.१ चौकिदार क्वाटर तथा अफिस बिलडङको ड्रइङ तथा लागत अनुमानअनुसार ५ वटा ढोकाको लागि ५.५०×०.०८×०.१० साइजले ०.२२ क्युविक मिटर र ६ वटा झ्यालमा ५.४०×०.०८×०.१० साइजले ०.२६ क्युविक मिटर समेत जम्मा ०.४८ क्युविक मिटर मात्र खर्च लाग्ने देखिएकोमा कार्यालयले प्रथम बिलको भुक्तानी गर्दा ०.५६ क्युविक मिटरको प्रति क्युविक मिटर रु.२,०७,०४८। का दरले भुक्तानी गरेको पाइयो। कार्यालयले स्टीमेट भन्दा बढी हुने गरी ०.०८० क्युविक मिटरको मू.अ.कर समेत रु.१८,७१७- बढी खर्च लेखी थप व्ययभार परेको छ।

१५.२ चौकीदार क्वाटरमा १:४ को इट्टाको गाह्रो लगाउने कार्यको २६.८८ घ.मि.मा झ्याल ढोकाको भागको ४.३७ घ.मि. र पिलरको भागको ३.१५ घ.मि.घटाएर हुन आउने १९.३६ घ.मि.को प्रति घ.मि. रु.१३,२२०।- का दरले भुक्तानी दिनु पर्नेमा पिलरको भाग नघटाई झ्याल ढोकाको भाग मात्र घटाई २२.५० घ.मि.को भुक्तानी दिएको पाइयो । इट्टाको गाह्रोमा ३.१५ घ.मि.बढी को मू.अ.कर समेत रु.४७,०५७- बढी भुक्तानी भएको असुल गर्नुपर्दछ।

१६. **अधुरो कार्य :** सार्वजनिक खरिद नियमावली ०६४ को नियम १२० ले खरिद सम्झौताको म्याद थपको लागि काबु बाहिरको परिस्थिति उत्पन्न भएको समयमा कार्य सम्पन्न गर्ने प्रयास भएको र एक हप्ता पहिले निवेदन दिएको हुनुपर्ने व्यवस्था छ । पिठुवा खानेपानी योजनाको चौकीदार क्वाटर/अफिस बिल्डिङ निर्माण कार्यको म्याद २०७२/२/३० सम्म रहेकोमा निर्माण सेवाले

२०७३/५/३० सम्म म्याद थप गरेको पत्र कार्यालयमा दर्ता नभएको र कार्यालयबाट म्याद थप समेत नभएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको व्यवस्थाबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

१७. **नापी तथा भुक्तानी** : निर्माण कार्यको नापी तथा भुक्तानी स्वीकृत नर्म्सबमोजिम हुनुपर्दछ। स्वीकृत गरेको नर्म्सअनुसार खानेपानी संरचनामा प्रयोग हुने छडको लागि ल्याप्स चियर वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्समा नै थप गरेको अवस्थामा दुई खानेपानी आयोजनाका ओभरहेड टैंकी निर्माण कार्यको बिल भुक्तानी गर्दा रि-इन्फोर्समेन्ट कार्य अर्न्तगत कुल नापी मध्ये कटपिस उल्लेख गरि थप ११७७ के.जी.को मू.अ.कर समेत रु.१,३४,८०१।- भुक्तानी गरेको पाइयो । नर्म्स बेगरको भुक्तानी  भएको उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

**१८. असुली** : ठेक अंक रु.१०९२५४९८।- (मू.अ.कर बाहेक) कबोल अंक भएको कठार खानेपानी योजनाको २२५ घ.मि. क्षमताको ओ.एच.टी.निर्माण कार्यको लागि मिति ०७४/२/६ मा सम्पन्न गर्ने गरी एक निर्माण सेवासँग २०७२/२/६ मा सम्झौता भएको थियो । निर्माण कार्य बापत निर्माण सेवालाई ५ औं बिल सम्म रु.७५,१३,०८८।-  (मू.अ.कर बाहेक) भुक्तानी भएको सम्बद्ध नापी किताब परीक्षण गर्दा देखिएको व्यहोरा यसप्रकार छन् :

१८.१ पाँचौ बिलको रकम भुक्तानी गर्दा भऱ्याङ्गतर्फ १३ मिटरदेखि १६ मिटरसम्मको ५.३६ ब.मि.को फर्माको आइटममा प्रति ब.मि. रु.१२००। का दरले भुक्तानी दिनुपर्नेमा रु.१,६००।- का दरले दिएकोले मू.अ.कर समेत बढी भुक्तानी भएको रु.२४२३। असुल हुनुपर्दछ ।

१८.२ कार्यालयले २२५ घ.मि.क्षमताको ओभर हेड टैंकी निर्माण कार्यको पाँचौ बिलबाट आइटम नं.७ को अर्थ फिलिङ्गको प्रति घ.मि. १९५ का दरले १३७.७० घ.मि.को मू.अ.कर समेत रु.३०,३४२।- निर्माण सेवाको नाममा भुक्तानी खर्च लेखेकोमा नापी किताबअनुसार उक्त कार्य भएको पाइएन । नभएको कार्य समेत भएको भनि रनिङ्ग बिलबाट खर्च देखाएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१९. **पाइपको भन्दा वोरोहोल र ड्रिलिङ्गको लम्बाई बढी** : चैनपुर खानेपानी योजनाको १२० मिटर गहिरो डिपवेल निर्माण कार्यका लागि एक प्रा.लि.सँग मिति २०७२/११/५ मा सम्झौता तथा कार्यदेश भएकोमा २०७३/१/३० मा निर्माण सम्पन्न देखाएको उल्लेख गरी कार्यालयले प्रथम तथा अन्तिम बिलको रु.१४,८५,११६।- मूल्याङ्कन गरी यो वर्ष रु.७,९०,८३१।- भुक्तानी दिएको पाइयो । निर्माण कार्यको नापी किताब र सम्बद्ध रनिङ्ग बिल परीक्षण गर्दा सम्पन्न निर्माण कार्यको Material supply तर्फ २५० एम एम को पाइप ६०.३२ मिटर, २०० एम एम को पाइप २० मिटर र २०० एम एम को स्लोटेड जाली ३० मिटर समेत गरी जम्मा ११०।३२ मिटर पाइप र जाली खपत भएकोमा Drillilng work र Electric loging of borehole को कार्यमा १२० मिटरको खर्च लेखी भुक्तानी दिएको पाइयो । सामान्यतया प्रयोग भएको पाइपको लम्बाईअनुसारकै ड्रिलिङ्ग कार्यको लम्बाई हुनुपर्नेमा प्रयोग भएको पाइपको लम्बाईभन्दा २ आइटममा ९.६८ मिटर बढी देखाई मू.अ.कर सहित रु.७०,००५।- बढी खर्च लेखेको आधार तथा प्रमाण पेश हुनुपर्दछ ।

२०. **पाइप को भन्दा ड्रिलिङ्गको लम्बाई बढी** : सौराह बछ्यौली खानेपानी योजनाको भौगोलिक सर्भेअनुसार १२० मिटर को डिप ट्युवेल कार्यको लागि रु.२३,००,४१०।- मा ठेक्का सम्झौता भै निर्माण कार्य पश्चात अन्तिम मूल्याङ्कनबाट रु.२२,६५,०१०।- को काम भएको नापी किताबमा देखाइएको पाइयो । निर्माण कार्यको नापी किताब र सम्बद्ध रनिङ्ग बिल परीक्षण गर्दा निर्माण सामग्री सप्लाई तर्फ २५० एम एमको पाइप ६०.५० मिटर, २०० एम एमको पाइप २१ मिटर र २०० एम एमको जाली ३० मिटर समेत जम्मा १११.५ मिटर जाली तथा पाइप खपत भएकोमा ड्रिलिङ्ग कार्य १२० मिटर गरेको उल्लेख गरी भुक्तानी दिएको छ । सामान्यतया प्रयोग भएको पाइपको लम्बाई अनुसारकै ड्रिलिङ्ग कार्यको लम्बाई हुनुपर्नेमा पाइपको लम्बाईभन्दा ड्रिलिङ्ग कार्यको

८.५ बढी कार्य गराएको उल्लेख गरि प्रति मिटर ड्रिलिङ्गको रु.६,०००।- ले मू.अ.कर समत रु.५७,६३०।- बढी खर्च लेखेको आधार प्रमाण पेश हुनुपर्दछ ।

२१. **मूल्य समायोजन** : मेघौली दोस्रो साना शहरी खानेपानी सरसफाई आयोजना सञ्चालन गर्न रु.१७,४२,०८,८८९।- ठेक अंकमा प्रथम चरणको निर्माण कार्य १४ जुलाई २०१४ र दोस्रो चरणको सञ्चालन र मर्मत अवधि १४ जुलाई २०१५ मा सम्पन्न गर्ने गरी २०६९/९/८ मा एक जे.भी.सँग सम्झौता भएको थियो । प्रथम चरणको water supply र sanitation को निर्माण कार्य सम्पन्न बापत निर्माण सेवालाई १३ औं रनिङ्ग बिल सम्म रु.१५,२२,१९,७७९।- भुक्तानी भएको छ । उक्त भुक्तानी खर्च मध्ये लागत साझेदारीको सम्झौता अनुसार १३औं बिलसम्म मूल्यवृद्धि समेत नेपाल सरकारको ५० प्रतिशतले रु.७,६७,४१,३७९।- र स्थानीय उपभोक्ता र टि.डि.एफ ऋण तर्फको रु.७,५४,७८,४००।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा यसप्रकार छन्:

२१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाईको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । मेघौली दोस्रो साना शहरी खानेपानी आयोजनाको कार्यको लागि रु.१७,४२,०८,८८९।- को सम्झौता भई कार्य शुरु भएको र आयोजनाको सम्पन्न गर्ने अवधि १४ जुलाई २०१४ रहेको देखियो । महानिर्देशकबाट १४ जनवरी २०१५ सम्म १८० दिन म्याद थप भएकोमा सो अवधिमा निर्माण कार्य हुन नसकेको उल्लेख गरी परामर्शदाताको सिफारिसशमा दोस्रो पटक म्याद थप माग गरेको छ । दोस्रो पटकको म्याद थप माग उपर प्रथम चरणको ठेक्का सम्झौताको दफा नं. २६ र ४१ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) बमोजिम म्याद थपकै कारणबाट नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी महानिर्देशकबाट २०७२/६/२४ को निर्णयले बैशाख ३०, २०७२ सम्म म्याद थप स्वीकृत भएको देखिन्छ । दोस्रो पटकको म्याद थप अवधि बैशाख ३०, २०७२ रहेता पनी निर्माण सेवाले प्रथप चरणको निर्माण कार्य २९ आषाढ २०७३ मा सम्पन्न देखाएको पाइयो । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले निर्माण सेवालाई दोस्रो म्याद थप अवधिमा १२औ आई.पी.सी.बाट रु.७,६५,१६४।- मूल्य वृद्धि दिएकोमा १३औं आई.पी.सी.मा रु.७७,३३९।- घटाएकोले जम्मा रु.६,८७,८२५।- नपाउने मूल्य वृद्धि भुक्तानी भएको देखिन्छ । थप आर्थिक दायित्व नपर्ने गरी दोस्रो पटकको म्याद थपको निर्णय भएकोमा समेत सो निर्णयको पालना नगरी मूल्य वृद्धि भुक्तानी गर्दा नेपाल सरकारलाई मू.अ.कर थप समेत रु.७,७७,२४२।- थप व्यय भार पर्न गएको रकम असुल हुनुपर्ने देखिएको छ ।

२१.२ मेघौली साना शहरी खानेपानी आयोजनाको लागि स्थानीय सेवा प्रदायक संस्थासँग कार्यालयले सम्झौता गर्दा प्रोभिजनल सम अन्र्तगतको रकम खर्च गर्दा त्यस अन्र्तगत भएका कार्यको संस्थाले अभिलेख राखी बीजकसहित कार्यालयमा शोधभर्ना माग गर्नुपर्ने उल्लेख छ । कार्यालयले स्थानीय सेवा प्रदायक संस्थाको परामर्श सेवा बापत छैटौं आइ.पी.सी.बाट रु.४,९३,२४५।- (भ्याटसहित) खर्च लेखेको मध्ये प्रोभिजनल सम अन्तर्गत १०.२ को *ward cluster level mass meeting* को बिल बमोजिमको रु.६,७५८।- को खर्च भुक्तानी दिनुपर्नेमा रु.२२,५००।- लेखेको र *workshop /seminar orientation* को बिलबिनाको रु.३०,०००।- भुक्तानी दिएको पाइयो । बिलभन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२२. **कार्य सम्पन्न** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) बमोजिम कार्य सम्पन्न भए पछी त्यस्तो निर्माण कार्य ड्इङ्ग डिजाइन अनुसार भए नभएको बुझ्नलाई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । दुई बजेट उपशीर्षकबाट दुई योजनामा रु.६,५४,३५०।- को कार्य भई भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिवेदन तयार नगरेकोले तयार गर्नुपर्दछ ।

२३. **सामान खरिद तथा मौज्दात** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम सार्वजनिक निकायले कुनै खरिद कारबाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ । पानी टैंकी, हैण्डपम्प लगायत रु.११,५७,२४२।- मूल्यका सामान खरिद गरी भण्डारण गरेको देखिएकोले नियमावलीमा भएको प्राबधान बमोजिम सामान खरिद गर्दा आवश्यकताको पहिचान गरेको देखिएन ।

२४. **कन्टिन्जेन्सी खर्च** : सरसफाई अन्तर्गत वार्षिक बजेट रु.२४,६७,०००।- स्वीकृत भएको र सो को ५ प्रतिशत रु.१,२३,०००।- कन्टिन्जेन्सी खर्च छुट्याएकोमा जम्मा बजेट खर्च रु.१९,९९,४२३।- भएकोले सो को ५ प्रतिशतले हुने रु.९९,९७१।- मात्र कन्टिन्जेन्सीमा खर्च लेख्नुपर्नेमा रु.१,६५,४४१।- खर्च लेखेको हुँदा नियममा व्यवस्था भएको भन्दा रु.६५,४६९।- बढी खर्च लेखेको नियमित देखिएन ।

२५. **वील भर्पाइ** : रेडक्रस भवनमा सौचालय निर्माण कार्यको लागत अनुमान रु.२,७५,०१४।- रहेकोमा रु.२,६९,६९४।- को कार्य सम्पन्न गरी सोही रकम भुक्तानी भएको छ । सोमध्ये बजेट अभावको कारण जनाई रु.२७,८६९। भुक्तानी बाँकी राखी यस भौचरबाट (बिल रकम रु.२४,६६३।- र मू.अ.कर रु.३,२०६।- समेत) भुक्तानी गरेकोमा मू.अ.कर बिल पेश भएको देखिएन । यसरी बिलबेगर भुक्तानी भएको रकम अनियमित देखिएको छ ।

२६. **बढी भुक्तानी** : मोहना र देवघाटमा सौचालय निर्माण कार्य एक कन्स्ट्रक्सन मार्फत गराई मूल्याङ्कन गरेकोमा नापी किताब अनुसार रु.३,५८,५७२।- उल्लेख भएको तर ठेक्का बिलमा रु.३,६०,५५९।- उल्लेख गरी सोही रकम भुक्तानी गरेको हुँदा बढी भुक्तानी रु.१९८७।- असुल हुनुपर्दछ ।

पिठुवा जुटपानी गुणस्तर सुधार आयोजनाको काम उपभोक्ता समिति मार्फत गराएको र सम्झौता बमोजिम लागत अनुमान रु.५,९८,७२९।- मध्ये कार्यालयबाट रु.३,९८,७२९।- व्यहोर्ने उल्लेख छ । उपभोक्ता समितिले काम सम्पन्न गरी रु.६,३७,७२२।- को बिल पेश गरे बमोजिम रु.४,३५,६७१।- भुक्तानी गरेको देखियो । सम्झौतामा उल्लेख भएभन्दा बढी भुक्तानी भएको रु.३६,९४२।- असुल गर्नुपर्ने देखिएको छ ।

२७. **पुर्ननिर्माण** : भूकम्पबाट क्षतीग्रस्त खानेपानी तथा सरसफाई संरचना र प्रणालीहरुको पुनर्स्थापना तथा पुननिर्माण कार्यको लागि २०७३।१।१३ मा अख्तियारी प्राप्त भै रु.२,५५,२५,६७६।- खर्च भएकोमा निम्नानुसार देखिएको छ ।

२७.१ उक्त कार्यक्रम अन्तर्गत भूकम्पबाट क्षतीग्रस्त संरचना र प्रणालीको कार्यालयले अभिलेख राखेको देखिएन । क्षतिग्रस्त योजनाको अभिलेख राखी सोमध्ये प्राथमिकताको आधारमा योजना छनौट गरी पुनर्निर्माणको कार्य गर्नुपर्नेमा नगरेकोले छनौट कार्यमा आश्वस्त हुने अवस्था देखिएन ।

२७.२ अख्तियारीमा भूकम्पबाट क्षतिग्रस्त खानेपानी तथा सरसफाई संरचना र प्रणालीहरुको पुनर्स्थापना तथा पुनर्निर्माण गर्ने उल्लेख छ । कार्यालयले खानेपानी योजना समेत सोही आधारमा छनौट गर्नुपर्नेमा सो भन्दा फरक हुने गरी खानेपानी योजना छनौट गरी खर्च गरेको देखियो । भूकम्पबाट क्षतिग्रस्त आयोजनामा खर्च गर्नुपर्ने रकम स्पष्ट कार्ययोजना र आधार बेगर खर्च गरेको देखिदा लक्षित उद्दश्य बमोजिम खर्च भएको बिषयमा आश्वस्त हुने अवस्था देखिएन । यस सम्बन्धमा छलफल गर्दा मुल सुकेको स्थानमा नयाँ योजना सञ्चालन गर्नु परेको कार्यालयबाट जवाफ प्राप्त भएको छ ।

२८. **उपभोक्ता समितिको अंश** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ले रु.६० लाख सम्म लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराँउदा उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम समेत खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरी कार्य गराउन सक्ने व्यवस्था गरेको छ । कार्यालयले दुई उपभोक्ता समितिबाट कार्य गराई रु.१२,२१,६३८।-

भुक्तानी गरेको देखिन्छ । त्यसरी कार्य गराउँदा उपभोक्ताले व्यहोर्ने रकम खुलाएको र उपभोक्ताले आफ्नो अंश व्यहोरेको देखिएन । नियमावलीको व्यवस्थाबमोजिम कार्य गराउनुपर्दछ ।

२९. **रीतपूर्वकको बिल :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा कर वीजक सम्बन्धी व्यवस्था छ । एक आपुर्तकको बिल भुक्तानी गर्दा बीजक नम्बर प्रिन्टेड नभएको अवस्थामा समेत रु.२,२९,७२८।- मू.अ.कर भुक्तानी भएको देखिएकोले मूल्य अभिवृद्धि कर दाखिला गरेको वा कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

३०. **राजस्व तर्फ :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ ले सरकारी नगद रकम सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले पानी परीक्षण शुल्क बापत रु.४,४०,२७५।- आम्दानी गरेकोमा ऐनको व्यवस्थाबमोजिम तोकिएको समयमा दाखिला गरेको देखिँदैन । प्राप्त राजस्व दैनिक राजस्व आम्दानी किताबमा पोष्टिङ्ग गरी तोकिएको अवधिमा बैंक दाखिला गर्नुपर्दछ ।

३१. **धरौटीतर्फ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ मा कार्यालयले धरौटी कारोबारको अनुसूची १० बमोजिमको ढाँचामा गोश्वारा खाता र अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता राखी अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । धरौटी कारोबारको स्रेस्ता परीक्षण गर्दा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरेको देखिदैन । नियमको व्यवस्था बमोजिम अभिलेख दुरुस्त गर्नुपर्दछ ।

३२. **मौज्दात रकम :** नारायणगढ–मुग्लिङ्ग सडक खण्ड बिस्तारको क्रममा खानेपानीको पाइप साबिक स्थानबाट स्थानान्तरण गर्ने कार्यको लागि यो वर्ष सम्झौताबमोजिम रु.१,०९,९१,३७४।- प्राप्त भएकोमा पाइप/फिटिङ्सलगायतको कार्यमा रु.८५,६९,५२४।- खर्च गरेको छ । काम सम्पन्न पश्चात बाँकी रकम फिर्ता गर्नुपर्ने देखिएको छ । कार्यालयले यो वर्ष बाँकी कार्य भैरहेको जनाएको छ ।

३३. **बेरुजू फछ्र्यौट :** आन्तरिक लेखापरीक्षणबाट निम्नानुसारका बेरुजू औंल्याएकोमा अन्तिम लेखापरीक्षण गर्दाको अवधिसम्म पनि असुल फछ्र्यौट नगरेकोले निम्नानुसार असुल फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

३३.१ नारायणी पाइप इण्डट्रिजलाई इष्टिमेटअनुसार रु.२,९६,६०६।- भुक्तानी गर्नुपर्नेमा रु.२,९७,३५२।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.७४८।- असुल गर्नुपर्दछ ।

३३.२ चारगाँउ खानेपानी योजना तथा उपभोक्ता संस्थाको अध्ययन अवलोकन गर्दा रु.३५,०००।- भाडा भुक्तानी भएकोमा भुक्तानीमा १०% कर कट्टी नभएकोले रु.३,५००।- असुल गर्नुपर्दछ ।

३३.३ पिप्ले खानेपानी आयोजनाको रिजर्भवायर ट्यांकी निर्माण उपभोक्त समिति मार्फत गराई भुक्तानी गर्दा जोड जम्मा फरक पारी रु.५,०००।- र दर फरक पारी रु.३,३९९।- समेत रु.८३,९९।- बढी भुक्तानी भएको असुल गर्नुपर्दछ ।

३३.४ अयोध्यापुरी खानेपानी आयोजनाको अन्तिम तथा तेस्रो बिल भुक्तानी गर्दा नापी किताबअनुसार रु.११,३४,३२१।- भुक्तानी गर्नुपर्नेमा रु.११,४७,८८१।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१३,५६०।- असुल गर्नुपर्दछ ।

३३.५ अयोध्यापुरी खानेपानी आयोजनाको पाइप लाइन सम्बन्धी कार्यको एक निर्माण सेवालाई नापी किताब बमोजिम रु.२,६४,७२६।- भुक्तानी गर्नुपर्नेमा रु.२,६७,२५४।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२,५२८।- रकम असुल गर्नुपर्ने देखिएको छ ।

३४ **पेश्की बाँकी :** आर्थिक वर्षको अन्त सम्म एक निर्माण सेवाको नाममा रहेको पेश्की रु.१,२०,०००।- फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कायांन्वयन गनुं पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, भ्रमण अभिलेख खाता नराखेको, खरिद योजना नवनाएको, कर्मचारीको कार्य विवरण तयार नगरेको, कार्यालयको सम्भावित जोखिम पहिचान नगरेको, कन्टिन्जेन्सी खर्च एक प्रतिशत विभागले कट्टी गरी अख्तियारी दिने गरेको जस्ता आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाइं प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **चौमासिक खर्च विवरण** : चौमासिक पुंजीगत खर्च विवरणअनुसार समयमा अख्तियारी र कार्यक्रम नआउंदा र कतिपय अवस्थामा वार्षिक खरिद योजनाको कार्यान्वयन नहुंदा कार्यतालिका अनुसार कार्यालयले काम गराउन नसक्दा बजेट खर्च समानुपातिक रुपमा हुन सकेको छैन । विशेषत तेस्रो चौमासिकमा मात्र त्यसमा पनि असार महिनामा ५०.४३ प्रतिशत खर्च भएको छ । यसले गर्दा काममा गुणस्तरीयता कायम गर्न नसकिने, वर्षको अन्त्यमा कामको चाप बढ्ने देखिन्छ । यस्तो प्रवृत्तिलाई सुधार गर्ने तर्फ कार्यालयले तदारुकता देखाई नियमको पालनामा जोड दिनुपर्ने देखिन्छ ।

३. **लक्ष्य तथा प्रगति** : कार्यालयले उपलब्ध गराएको वार्षिक प्रगति विवरणअनुसार ९ बजेट उपशीर्षकका ८१ कार्यक्रममा ७५ प्रतिशतभन्दा बढी देखिएको छ । कार्यालयले उक्त प्रगति भएको जनाए तापनि भरतपुर उप महानगरपालिकामा दरै सामुदायिक भवन निर्माण गर्ने, खैरहानि गा.बि.स.खैरहानि बजार क्षेत्रमा ढल निर्माण गर्ने र अयोध्यापुरी माडीस्थित बैकुण्ठेश्वर महादेव मन्दिर निर्माण गर्ने लगायतका कतिपय काममा कुनै प्रगति भएको देखिएन ।

४. **फरक शिर्षकवाट खर्च :** करार सेवामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक सेवा परामर्शबाट भुक्तानी हुनुपर्ने व्यवस्था छ । यस वर्ष डिभिजनले तलव शीर्षकबाट नै पारिश्रमिक रु.१,१०,७६०।- भुक्तानी गरेकोले अनियमित देखिएको छ ।

५. **उपभोक्ता समितिबाट भएको काम :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ताबाट निर्माण भएको काम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने र उपनियम १५ मा उपभोक्ताले कोष खडा गरी सोही कोषबाट निर्माण कार्यको सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने उल्लेख छ । कार्यालयले काम गराउने उपभोक्ता समिति सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने, आयव्ययको लेखा परीक्षण हुनुपर्ने भएतापनि अधिकांश उपभोक्ता समिति कानुन अनुसार दर्ता भई वैधानिकता प्राप्त नभएको, लेखापरीक्षण नगराएको, योजना हस्तान्तरण गरेको भएपनि त्यसको अपनत्व बेवारीसे अवस्थामा रहेको देखियो । सडक स्तरोन्नति, ढल निर्माण, सडक निर्माणजस्ता कार्य उपभोक्ता समितिबाट गराउदा गुणस्तरमा समेत असर पर्ने हुँदा यस प्रकारको कार्य गर्न नियन्त्रण गर्नुपर्दछ ।

६. **कन्टेन्जेन्सी :** कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची-१ मा उल्लिखित व्यवस्थाबाहेक अन्य कुनै आधार देखिंदैन । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन ।

महालेखा नियन्त्रक कार्यालयले २०७१ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नं.बाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च, फर्निचर, गाडी मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेको रु.३३ लाख ३१ हजार समेत खर्च संकेत नं.२९६११ सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन

उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

७. **नापी किताब** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार कार्यालयले निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी किताबमा कार्य सम्पन्न भइसकेका कार्यक्रमको एकीकृत गरी राख्नुपर्दछ । कार्यालयले सम्पन्न भएका आयोजनाहरुको समेत नापी किताब गोश्वरा भौचर तथा बिलसँगै लुज सिटमा राखेको देखियो । अतः नापी किताब कार्य सम्पन्न भइसके पछि बाइन्डिङ्गका साथै प्रमाणित गरी जिन्सी आम्दानी जनाउनुपर्ने देखिन्छ ।

८. **डण्डीमा बढी भुक्तानी** : निर्माण कार्यको नापी तथा भुक्तानी स्वीकृत नर्म्स बमोजिम हुनुपर्दछ । भवन निर्माण विभागले स्वीकृत गरेको नर्म्सअनुसार भवन निर्माणमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको लागि ल्याप्स चियर वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्स बमोजिम नै थप गरी दर विश्लेषण गरेको (१.०५ के.जी. वरावर १ के.जी.) अवस्थामा दुई निर्माण कार्यको बिल भुक्तानी गर्दा रि-इन्फोर्समेन्टको आइटमको नापी अनुसारको कूल खपत भएको कार्य परिमाण (के.जी.) मा कटपिस/ल्यापिङ्ग उल्लेख गरी २८०९ के.जी.को थप नापी गरी मू.अ.कर समेत २,७६,१८३।- भुक्तानी दिएको पाइयो । नर्म्स अनुसार दर विश्लेषण गर्दाकै बखत ५ प्रतिशत थप गरे पश्चात पुन नर्म्स बेगर ल्यापिङ्ग उल्लेख गरी थप के.जी.को रकम भुक्तानी दिन नमिल्ने देखिएकोले रु.२,७६,१८३।- असुल गर्नुपर्ने देखिएको छ ।

९. **बी.ओ.क्यूमा जिप भाडा** : सार्वजनिक लेखा समितिको मिति २०६९।१।८ को निर्णय अनुसार निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारी साधन तथा मेसिनरी सामान खरिद तथा भाडा समावेश गरी ठेक्का सम्झौता गर्न नपाउने निर्णय गरेको छ । लेखा परीक्षणको छनौटमा परेका ५ वटा निर्माण कार्यको स्रेस्ता परिक्षण गर्दा बिल अफ क्वान्टिटीमा सुपरभिजन कार्यका लागि भनी ड्राइभर, मर्मत, इन्धन र बीमा सहितको गाडी भाडा व्यवस्था सहित सम्झौता गरी रु.३,८४,३३८। रनिङ्ग बिलबाट भुक्तानी गरेको कारण निर्माण कार्यको लागत वृद्धि भएको र लेखा समितिको निर्णयको कार्यान्वयन भएको पाइएन ।

१०. **अधुरो ठेक्का** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने, नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण समयमा काम सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति लिने र नियम १२८ मा खरिद सम्झौताको अन्त गर्न सकिने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय चितवनले पल्ही स्वास्थ्य चौकीको भवन निर्माण कार्यका लागि एक जे.भी.सँग रु.७,२२,२१,३१०।- लागतमा ०७३।८।२३ मा सम्पन्न गर्ने गरी २०७१।८।२४ मा सम्झौता गरी २०७३ आषाढ मसान्त सम्म १,६२,९६,८८८।- भुक्तानी भएकोमा निर्माण कार्य सम्पन्न भएको देखिएन भने निर्माण सेवालाई दिइएको कार्य परिचालन पेश्की रु.९८,१६,०००।- बाँकी नै रहेको देखियो । ठेक्काको म्याद समाप्त भई सकेको र म्याद थपको प्रक्रिया भएको नदेखिएकोमा सार्वजनिक खरिद नियमावली २०६४ तथा सम्झौताको व्यवस्था बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

११. **कार्य सम्पन्न नभएको** : कार्यालयले चितवनको कोराकमा स्वास्थ्य चौकी भवन निर्माण गर्न एक प्रा.लि. सँग २०७०।१२।८ मा कार्य सम्पन्न गर्ने गरी २०६८।१२।९ मा रु.१,२४,२९,१२४।२७ (मू.अ.कर बाहेक) को सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीले सामग्री अभाव, बन्द, बाटो अबरुद्ध आदिको कारण देखाई म्याद थप माग गरेकोमा आर्थिक व्ययभार नपर्ने गरी २०७२।२।३१ सम्म महानिर्देशकबाट पछिल्लो पटक म्याद थप भएकोमा तत्पश्चात म्याद थप समेत भएको देखिएन । उक्त निर्माण व्यवसायीले मू.अ.कर बाहेक २०७१।०७२ सम्म रु.१,०१,५५,७५२।- भुक्तानी लिएकोमा तत्पश्चत भुक्तानी लिएको देखिदैन । २०७१।०७२ सम्म ७०% भौतिक प्रगति भएको

उल्लेख गरे तापनि तत्पश्चातको प्रगति स्थिति यकिन गर्ने अवस्था छैन । बैंक जमानतको म्याद सन् २०१८।३।१२ सम्म रहेको देखिंदा सम्झौताको शर्त बमोजिम कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

रत्ननगर नगरपालिकामा निर्माण भएको ढल प्रशोधन केन्द्र सञ्चालनमा ल्याउन आवश्यक पूर्वाधार निर्माण गर्ने कार्य बापतको रकम एक निर्माण सेवालाई कार्य स्वीकार प्रतिवेदन बेगर नै रु.२३,१८,०५३।- अन्तिम भुक्तानी भएको कानुन सम्मत देखिएन ।

१२. **चेपाङ्ग परिवार १५० घर निर्माण** : डिभिजनले क्रमागत योजनामा परेका चेपाङ्ग परिवारको १५० घर निर्माण कार्य ०७१।०७२ देखि सुरु गरी ०७२।०७३ मा सम्पन्न देखाएको छ । स्थानीय ढुङ्गा, बाँस, काठ प्रयोग गरी २ कोठे घर निर्माण गर्न कार्यालयले प्रति परिवार रु.१,८५,०५५।- दिने निर्णय गरी कामको प्रगतिको अनुगमन गरी पहिलो किस्ता २५ प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत, तेस्रो किस्ता ३५ प्रतिशत र बाँकी १० प्रतिशत निर्माण सम्पन्न भए पछि दिने कार्यक्रम रहेको निर्देशिकामा उल्लेख छ । कार्यालयले दिएको विवरण अनुसार १७ उपभोक्ता समिति मार्फत १४७ घर परिवारलाई ५५ प्रतिशत र ३ परिवारलाई २५ प्रतिशत रकम समेत यस आ.व.मा १५० घर निर्माण सम्पन्न भएको देखाई कन्टिजेन्सी रकम समेत यस आ.व. मा रु.१,४५,९७,०६७- उपलब्ध गराएको छ ।

१३. **नयाँघर निर्माण** : यस आर्थिक वर्षमा चेपाङ्ग घर परिवारको लागि स्थानीय ढुङ्गा, बाँस, काठ प्रयोग गरी २ कोठे १०० घर निर्माण गर्न कार्यालयले प्रति परिवार १,९५,०००।- दिने निर्णय गरी कामको प्रगतिको अनुगमन गरी पहिलो किस्ता २५ प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत, तेस्रो किस्ता ३५ प्रतिशत, बाँकी निर्माण कार्य सम्पन्न भए पश्चात १० प्रतिशत दिने र ट्वाइलेट समेतको कार्य सम्पन्न भए पश्चात थप १०,०००।- उपलब्ध गराउने निर्देशिकामा उल्लेख छ ।

कार्यालयले उपलब्ध गराएको विवरणअनुसार ११ उपभोक्ता समिति मार्फत ९२ घर परिवार र व्यक्तिगत रुपमा ८ वटा घर परिवार सँग घर निर्माण कार्यको सम्झौता गरी यस आ.व.मा रु.१,७४,३५,४८४।- उपलब्ध गराएको छ । २०७२।०७३ मा ९५.९० प्रतिशत भौतिक प्रगति देखाएको मा ९० आबासको गाह्रोको कार्य सम्पन्न भएको, १० आवासको छाना तथा झ्याल ढोकाको कार्य सम्पन्न भएको प्रगति विवरणमा उल्लेख छ ।

१४. **जनता आवास कार्यक्रम नवलपरासी** : यस आ.व.मा नवलपरासी जिल्ला स्थीत दलित बस्तीमा १० नयाँ घर बनाउने कार्यक्रम रहेको थियो । घर निर्माण कार्यको लागि समिति गठन गर्नुपर्ने र सो समितिले दलित घर परिवार छनौट गरी घर निर्माण सम्झौता गर्नुपर्ने व्यवस्था जनता आवाश कार्यक्रम निर्देशिकामा उल्लेख छ । तर समिति गठन भएर पनि सदस्य बिच विवाद भई बैठक वस्न नसकेको कारण दलित परिवार छनौट तथा सम्झौताको कार्य नभै प्रगति शून्य रहेको विवरण पेश भएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ बमोजिम भौतिक र वित्तिय पक्षको समिक्षा सहित प्रगति कम हुनाका कारणहरु पहिचान गरी तालुक मन्त्रालय/विभागबाट कारबाही गर्नुपर्ने व्यवस्था भएता पनि तदनुरुप गरेको छैन ।

१५. **मूल्यवृद्धि** : नवलपरासी कारागार भवन निर्माण (तेस्रो चरण) कार्यको तेस्रो रनिङ्ग बिलको रकम रु.५६,४६,६९७- मा १.०४ फ्याक्टरले गणना गरी कार्यालयले तेस्रो रनिङ्ग बिलको रु.२,२५,८६८।- मूल्य वृद्धि भुक्तानी दिएको छ । निर्माण कार्यको लागि निर्माण सेवाले लिएको मोबिलाइजेशन पेश्की मध्ये तेस्रो रनिङ्ग बिलबाट रु.११,४०,०००।- फर्छ्यौट गरेको देखाएकोमा फर्छ्यौट भएको मोबिलाइजेशन रकम घटाएर मूल्य वृद्धि गणना गर्दा रु.१,८०,२६८।- मात्र मूल्य वृद्धि भुक्तानी हुने देखिंदा मूल्य अभिवृद्धि कर समेत रु.५१,५२८।- थप व्यय भार पारेको रकम असूल गर्नु पर्दछ ।

१६. **पेश्की बाँकी** : आर्थिक वर्षको अन्त्यमा पाँच निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेश्की रु.८४,६४,०००।- नियम अनुसार फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

# जिल्ला वन कार्यालय, चितवन

१. **आन्तरिक नियन्त्रण** : कार्यालय विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा स्वीकृत दरबन्दी अनुसार प्रदपूर्ति नभएको, समयमै अख्तियारी प्राप्त नभएको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, भ्रमण अभिलेख खाता नराखेको, खरिद इकाई गठन भएकोमा खरिद योजना नबनाएको, कार्यविवरण तयार गरी लागू नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्दछ । यस कार्यालयमा कार्यक्रम/पुँजिगततर्फ ६ बजेट उप शीर्षकहरुमा भएको कुल खर्च रु.१,९२,७५,५९८।- मध्ये ७६.९८ प्रतिशत तेस्रो चौमासिकमा र कुल खर्चको ४७.३४ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । वर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मूल्याङ्कन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अवस्था रहेकोले स्वीकृत कार्यक्रमबमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नुपर्दछ ।

३. **बन अतिक्रमण** : कार्यालयबाट प्राप्त विवरण अनुसार जिल्लास्थित बन क्षेत्रमध्ये १ हजार ६८८ हेक्टर क्षेत्रमा बन अतिक्रमण भएको मध्ये यो वर्ष कुनैपनि क्षेत्रबाट वन अतिक्रमण हटाउन सकेको छैन । वन अतिक्रमणले वन क्षेत्रमा ह्रास आउने देखिएकोले यस्तो अतिक्रम हटाउन कार्य योजना बनाइ पहल गर्नुपर्दछ । कार्यालयले केही क्षेत्रमा अतिक्रमण हटाउन प्रयास भएको जनाएको छ ।

४. **अन्य प्रयोजन** : कार्यालयले उपलब्ध गराएको अभिलेख अनुसार वन क्षेत्रको ११४.१९ हेक्टर जग्गा अन्य क्षेत्रलाई उपलब्ध गराएको देखिन्छ । यसरी वन क्षेत्रको जग्गा उपलब्ध गराइएको कतिपय आयोजानहरुले सम्झौता बमोजिम गर्नुपर्ने क्षतिपूर्ति बृक्षारोपणको कार्य गरेको देखिएन ।

५. **बिरुवा उत्पादन र वितरण** : कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम विभिन्न कार्यक्रम अन्तर्गत २० स्थानमा बिरुवा उत्पादन गरेको उल्लेख छ । बिरुवा उत्पादन तर्फ गत वर्षको मौज्दात समेत यो वर्ष जम्मा ९६३६४३ बिरुवा उत्पादन भएकोमा ८८६२६६ वितरण भै ७७३७७ मौज्दात बाँकी रहेको देखियो । मौज्दात बिरुवा लामो समय नर्सरीमै रहदा रोपण योग्य नहुन सक्ने हुँदा समयमै रोपण कार्यको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । त्यसै गरी रोपण भएका बिरुवाको उचित संरक्षण र सम्बर्द्धनको व्यवस्था गर्नुपर्दछ ।

६. **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम** : कार्यालयबाट उपलब्ध विवरण अनुसार यो वर्ष नर्सरी मर्मत, बिरुवा उत्पादन, तारवार, गोडमेल, जि.पि.एस.आदिमा रु.१९,२३,३६०।- खर्च भएको देखिन्छ । बृक्षारोपण गरिएको क्षेत्रमा उचित संरक्षण तथा सम्बर्द्धनको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

८. **सेवा खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट गराउन नसकिने र गराएमा समिति वा समुदाय सँग भएको सम्झौता तोडी बाँकी काम ऐन नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । कार्यालयले समुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्य योजना कार्यान्वयनको लागि रुख मापन तथा नक्सांकन कार्यक्रम सञ्चालन गर्नको लागि विभिन्न ५ सामुदायिक वन उपभोक्ता समिति सँग रु.३,००,०००।- का दरले नक्सांकन तथा रुख मापन कार्य गर्न सम्झौता गरी रु.१,५०,०००।- का दरले पेश्की समेत उपलब्ध गराएकोमा पाँचवटै उपभोक्ता समितिले सार्वजनिक खरिद नियमावलीको उपर्युक्त प्राबधान बिपरित

एक बन प्राविधिक समाजसँग पुन सम्झौता गरी कार्य गराई रु.१४,९४,९९०।- खर्च लेखेको नियम सम्मत देखिदैन । यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ ।

९. **भुक्तानीमा कर कट्टी :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ ले भुक्तानीमा कर कट्टी गर्न पर्ने व्यवस्था गरेको छ । कार्यालयले विभिन्न ६ भुक्तानीमा कर कट्टी नगरेको रु.१३,३८०।- राजस्व छुट भएकोले असुल गर्नुपर्ने देखिएको छ ।

१०. **काठ दाउराको गुणस्तर :** प्रगति विवरण अनुसार २०७२।७३ को अन्तमा जिल्ला वन कार्यालय, टि.सि.एन. र आपूर्ति समितितर्फ कुल १ लाख ४१ हजार ४४४.७८ क्यू.फिट काठ मौज्दात भएकोमा सो मौज्दात मध्ये २७८९.७२ घ.फि. काठ कार्यालयले हैसियत बिग्रन गएका काठको वर्गीकरण मा राखेको छ । हैसियत बिग्रिएका काठ दाउरा बिक्री नभई कुहिने अथवा चल्तिको मूल्यभन्दा कममा बिक्री भई राजस्वमा कमी आउने स्थिति रहन्छ । वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिकामा उल्लिखित प्रक्रिया पुरा गरी समयमै लिलाम बिक्री गर्नुपर्ने देखिन्छ ।

११. **स्थायी लेखा नम्वर :** यस जिल्लामा  वन नियमावली २०५१ अनुसार ८७ सामुदायिक वन उपभोक्ता समूह मध्ये कुनै पनि उपभोक्ता समूह सामुदायिक वन उपभोक्ता समूह आयकरमा दर्ता भएको देखिएन । वन नियमावली २०५१ को नियम २७(६) अनुसार दर्ता हुने सामुदायिक वनहरु आयकर ऐन, २०५८ बमोजिम व्यक्तिको परिभाषा भित्र पर्ने  हुँदा आयकर प्रयोजनका लागि  स्थायी लेखा नम्वर लिनुपर्ने देखिएको छ ।

१२. **कार्य योजना नवीकरण :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार उल्लिखित ८७ सामुदायिक वन उपभाक्ता समूह मध्ये १५ को कार्य योजनको अवधि समाप्त भइसकेकोले ती समूहको कार्य योजना पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

१२.१ बन ऐन २०४९ बमोजिम सामुदायिक बन उपभोक्त समूहले कार्य योजना बमोजिम आर्जन गरेको आयबाट कम्तिमा २५ प्रतिशत रकम सामुदायिक बनको विकास संरक्षण व्यवस्थापन कार्यमा र ३५ प्रतिशत रकम आयमूलक कार्यमा खर्च गर्नुपर्ने र बाँकी रकम अन्य विकास कार्यमा खर्च गर्न सक्ने उल्लेख छ । तत् सम्बन्धमा कार्यालयबाट अनुगमन एवं निरीक्षण गरी त्यसको प्रतिवेदन तयार नगरेकोले यकिन गर्न सकने अवस्था रहेन ।

१२.२ वन ऐन, २०४९ को दफा ४४ अनुसार सामुदायिक वन उपभोक्ता समितिले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था अनुसार आंशिक उपभोक्ता समितिले मात्र पेश गराएको कार्यालयले जनाएको छ ।

१२.३ सामुदायिक बन उपभोक्ता समूहले वन नियमावली, २०५१ को नियम ३६(२) अनुसार आफनो आम्दानी खर्चको वार्षिक लेखा परीक्षण गराई सो प्रतिवेदनको एक प्रति जिल्ला वन कार्यालयमा पेश गर्नुपर्नेमा सो अनुसारको प्रतिवेदन प्राप्तिको अभिलेख अद्यावधिक गरी नराखेकोले लेखापरीक्षणको अवस्था यकिन गर्न सकिएन ।

१२.४ सामुदायिक वनको स्वीकृत कार्य योजना बमोजिम वार्षिक कटान गर्न सकिने परिमाण र यो वर्ष ती समूहहरुलाई कटान स्वीकृति दिएको परिमाण खुल्ने अभिलेख व्यवस्थित गरी नराखेको कारण कार्य योजनामा तोकिएको परिमाण भित्रै रही कटान स्वीकृति दिए नदिएको सम्बन्धमा यकिन गर्ने सकिएन ।

१३. **राजस्वको लगत कायम :** कार्यालयले बिक्री गर्न बाँकी काठको मूल्याङ्कन गरी सो मूल्य राजस्वको आर्थिक विवरणको लगत महलमा उल्लेख गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको काठ दाउराको वार्षिक विवरणअनुसार २०७३ असार मसान्तमा जिल्ला वन कार्यालय, जिल्ला वन पैदावार आपूर्ति समिति र टि.सि.एन.तर्फ १ लाख ४१ हजार ४४४.७८ क्यू.फिट काठ र ६२.२५ चट्टा दाउरा मौज्दात देखिएको छ । सो मध्ये २७८९(७२ घ.मि. काठ हैसियत बिग्रेको उल्लेख छ । उक्त बाँकी

काठको मूल्याङ्कन गरी सोको मूल्य राजस्वको आर्थिक विवरणको लगत बाँकी महलमा देखाएको छैन । मौज्दात बाँकी काठको मूल्याङ्कन गरी लगत कायम नगरिएको अवस्थामा काठको लगत नै लोप भई राजस्व असुलीमा असर पर्न सक्ने देखिएको छ। त्यसै गरी विगत वर्षको लगति राजस्वलाई कार्यालयले यो वर्षको अशुलीमा नदेखाई दाखिलामा मात्र देखाएको छ । विगतको लगति राजस्व भिडान तथा असुली देखिने अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

१४. **विविध खाता** : उक्त खातामा रु.४५,५८,०००।- खर्च भएको मध्ये रु.२९,१७,३७०।- को खर्चको बिलभरपाई सम्बन्धित निकायमा पठाउने गरी खर्च गरेको कारण लेखापरीक्षण गरेको छैन ।

१५. **निर्णयमा ढिलाई** : वन पैदावर लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० को नियम १७ ले रित पुगेका बोलपत्र मध्ये बढी सकार गर्ने तीन जनाले राखेको धरौटी रोकी सबै भन्दा बढी मूल्य सकार गर्ने बोलपत्रदाताको बोलपत्र सो खोलिएको सात दिन भित्र कुनै उजुरी परे सो समेतलाई विचार गरी अधिकार प्राप्त अधिकारीले स्वीकृत गर्ने व्यवस्था गरेको छ । कार्यालयको लिलाम बिक्री सम्बन्धि फाइल परीक्षण गर्दा २ महिनादेखि १० महिनासम्म ढिला गरी लिलाम स्वीकृत भएको देखियो। उक्त स्थितिले काठको गुणस्तरमा ह्रास आउने र राजस्व समेत ढिलो दाखिला हुने भएकोले कार्यविधिको व्यवस्था पालना गर्नुपर्दछ ।

१६. **ढिलो छोडपुर्जी** : वनपैदावर लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० को नियम २३ ले बोलपत्र स्वीकृत भएपछि १० दिन भित्र रकम दाखिला गर्ने व्यवस्था गरेको छ । त्यसैगरी नियम २५ मा कबोल अंक दाखिला भई सकेपछि घाटगद्धि रहेको वन पैदावर उठाउन ७ दिन भित्र छोडपुर्जी दिने व्यवस्था गरेको छ । कार्यालयको लिलाम बिक्री रजिष्टर परीक्षण गर्दा लिलाम बिक्री गर्ने निर्णय भन्दा ढिलो गरि छोडपुर्जी दिएको देखियो । यस सम्बन्धि केही उदाहरणहरु देहाय अनुसार छन् :

| लट नं. | सकार रकम | लिलाम सदर मिति | छोडपुर्जी मिति | रकम दाखिला मिति |
|---|---|---|---|---|
| १२ साल | ५४२०००।०० | २०७२/३/२७ | २०७२/६/१० | २०७२/५/२५ |
| ३ साल | ५८६०००।०० | २०७२/९/२३ | २०७२/११/२ | २०७२/१०/२४ |
| ६ साल | ५६४९००।०० | २०७२/९/२३ | २०७२/१/१६ | २०७२/१/१३ |

नियमावलीको व्यवस्थाबमोजिम रकम दाखिला गराउने र छोडपुर्जी दिने कार्यमा ढिलाई भएको देखिएकोले काठको गुणस्तरमा ह्रास आउने र राजस्व ढिलो दाखिला हुने देखिएकोले कार्यविधिको व्यवस्था बमोजिम कार्य सम्पादन गर्नु गराउनु पर्ने देखिन्छ ।

१७. **रुख कटान** : जिल्ला वन कार्यालयले टि.सि.एन.सँग सम्झौता गरी निम्न प्लटका रुखहरु २०७३ जेष्ठ १५ भित्र कटान गर्न सम्झौता गरि वन प्रवेश इजाजत दिएकोमा तोकिएको समयमा कटान मुछान गरि घाटगद्धि गरेको देखिएन । त्यस सम्बन्धि केही उदाहरण निम्नानसार छन् :

| पलटको नाम | रुख | अनुमानित परिमाण घ.फि. | कटान गर्न बाँकी रुख | उत्मादन भएको पमिाण घ.फि. |
|---|---|---|---|---|
| उदयपुर ढ.प | २७२ विभिन्न | १७०१९.४२ | १३७ | ९८५७.७४ |
| पञ्चकन्या ढ.प | ७१ साल | २८८२.१६ | २० | २८८९.१८ |
| रानी खोला ढ.प | ७० साल अन्य | ६३३५.४२ | ४ | ६१२५.८९ |
|  | ४१३ | २६२३७ | १६१ | १८८७२.८१ |

सम्झौताबमोजिम अनुमानित ७३६४.१९ घ.फि.काठ रुख कटान नभएको कारण सङ्कलन हुन नसकेको अवस्था छ । सम्झौताबमोजिम रुख कटान मुछान नहुँदा काठको गुणस्तरमा ह्रास आई राजस्व प्राप्तिमा समेत असर पर्ने हुँदा सम्झौताबमोजिम कार्यसम्पादन गर्नु गराउनुपर्दछ ।

१८. **लिलाम बिक्रीमा प्रतिस्पर्धा** : लिलाम बिक्रीमा पर्याप्त प्रतिस्पर्धा भएमा राजस्व असुली समेत वृद्धि हुन जान्छ । लिलाम बिक्री गरेका केही फइलको परीक्षण गर्दा वन कार्यालयले लिलाम बिक्री गरेको साल ए ग्रेड काठको तुलनामा सामुदायिक वनको साल ए ग्रेड काठ लिलाम बिक्री गर्दा

सोही ग्रेडिङको काठ घटी मूल्यमा लिलाम बिक्री भएको देखिन्छ । त्यस सम्बन्धि केही उदाहरण देहायबमोजिम छन्:

| वन कार्यालयले गरेको लिलाम बिक्री स्थिति | | | सामुदायिक वन तर्फको | | |
|---|---|---|---|---|---|
| लट नं. | परिमाण घ.फि. | प्रति घ.फि. सकार मूल्य | सा.व.न. समूह तथा लट | परिमाण घ.फि. | प्रति घ.फि. सकार मूल्य |
| ७ | १८३.७० | २४६२.०० | रानी खोला लट नं १ | ११३५.१८ | १४४०.३० |
| ३ | २८६.८१ | ३२६५.०० | वागेश्वरी लट नं १ | १९२.५३ | १४२८.३५ |

पर्याप्त प्रतिश्पर्धा भएमा समुदायिक बन उपभोक्ता समूहको आम्दानी वृद्धि हुने र सामुदायिक वन तर्फको साल काठ बिक्री हुँदा त्यस बाट १५ प्रतिशत राजस्व सरकारलाई प्राप्त हुने हुँदा कार्यालयले लिलाम बिक्रीको प्रतिस्पर्धामा ध्यान दिनु पर्ने देखिएको छ ।

१९. **लक्ष्य प्रगति** : कार्यालयले पेश गरेको विवरणअनुसार आपूर्ति समितिको काठ बिक्रीको प्रगति ४६.७६ प्रतिशत मात्र रहेकोले प्रगति स्थिति सन्तोषजनक देखिँदैन ।

२०. **समितिको खर्च** : समितिले पेश गरेको खर्च विवरणअनुसार विकास कार्यक्रमतर्फ यो वर्ष रु.५५,५४,६४५। खर्च भएको छ । उक्त खर्च अन्तर्गत भवन निर्माण, वन कार्यालयको पर्खाल निर्माण, कम्प्युटर खरिद, जिल्ला वन कार्यालयको मर्मत सम्बन्धि खर्च आदि समावेश छन् । जिल्ला वन कार्यालयले विनियोजित शीषकबाट गर्नुपर्ने खर्च समितिबाट गरेकोले त्यस प्रकारको खर्च विनियोजन खर्चको सिद्धान्त अनुकुल देखिदैन ।

२१. **राजस्व दाखिला** : जिल्ला वन कार्यालयले संकलन गरेको गोलिया काठ आपूर्ति समितिको माग बमोजिम उपलब्ध गराई समितिले चिरान गरी घरकाज र विकास निर्माणको लागि उपलब्ध गराएको देखिन्छ । सो बापत जिल्ला वन कार्यालयलाई काठको ग्रेड अनुसार राजस्व प्राप्त भएको देखिन्छ । त्यसैगरि सामुदायिक वनको काठ समूह बाहिर अन्तर समूहमा बिक्री गर्दा समेत रकम सिधै वन कार्यालयमा दाखिला नभै आपूर्ति समितिमार्फत जिल्ला वन कार्यालयमा जम्मा हुने गरेको छ । अशुल गरेको राजस्व समयमै दाखिला हुने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२२. **अभिलेख व्यवस्था** : आपूर्ति समिति मार्फत बिक्री वितरण भएको काठ दाउराको राजस्व आपूर्ति समिति मार्फत जिल्ला वन कार्यालयमा प्राप्त हुने गरेकोमा बिक्री, उपभोक्ता समूह, राजस्व दाखिला, लगायत सबै विवरण खुल्ने गरी अभिलेख राखि आन्तरिक नियन्त्रण प्रणाली सवल गर्नुपर्ने देखिन्छ ।

२३. **रकम दाखिला** : समितिले कार्यालयबाट प्राप्त रकम समयमै दाखिला गर्नुपर्दछ । गत वर्षबाट यो वर्ष जिम्मेवारी सारेको नगद रु १४,२०३।- दाखिला गर्न बाँकी देखिएकाले उक्त रकम राजस्वमा दाखिला गर्नुपर्ने देखिएको छ ।

२४. **आयकर** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्कमा १५ प्रतिशत कर कट्टी गर्ने व्यवस्था छ । कम्प्युटरको सेवा शुल्क बापत एक ट्रेडर्सलाई रु.२४,०००।- भुक्तानी गर्दा १५ प्रतिशत ले रु.३,६००।- भुक्तानी मा कर कट्टी गर्नुपर्नेमा रु.३६०। मात्र कट्टी गरेकोले बाँकी रु.३,२४०। असुल गर्नुपर्ने देखिएको छ ।

२५. **बढी भुक्तानी** : काम सम्पन्न पश्चात नियमानुसार धरौटी रकम सम्बन्धितलाई फिर्ता गर्नुपर्दछ । एक निर्माण सेवा लाई धरौटी बापत रु.२८,०००।- फिर्ता गर्नुपर्नेमा रु.३८,०००।- फिर्ता गरेको देखिएकोले बढी भुक्तानी भएको रु.१०,०००।- दाखिला गर्नुपर्ने देखिएको छ ।

२६. **पेश्की बाँकी** : एक निर्माण सेवालाई भवन निर्माण बापतको मोबिलाइजेशन पेश्की रु.११,००,०००।- असार मसान्त सम्म फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

## चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एंव कार्यविधिमा उल्लेख भएका कार्यालयको काम सँग सम्बन्धित आन्तरिक नियन्त्रणका व्यवस्था कार्यालयले पालना गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा अख्तियारी तोकिएको समयमा प्राप्त नभएको, ठेक्का व्यवस्थापन

कार्य प्रथम चौमासिकमा हुने नगरेको, वार्षिक खरिद योजना नभएको, केही जिन्सी मालसमानको लिलाम/मर्मत नभएको तथा पुराना मालसमानको मूल्य नखुलाएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, पेश्की समयमा फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरण नगरेको, घरजग्गाको लगत राखे तापनि जग्गा धनी प्रमाण पुर्जा नभएको, चौमासिक लक्ष्य अनुसार प्रगति तथा खर्च नभएको, बेरुजू अभिलेख अद्यावधिक नगरेको, वरामति सामानको अभिलेख अद्यावधिक नगरेको, तालिम सम्बन्धी नर्म्स तयार नगरेको, दरबन्दी अनुसार पदपूर्ति नभएको आदि व्यहोरा देखिएकोले सुधार गरी नियन्त्रण व्यवस्था सवल वनाउनु पर्दछ ।

२. **लक्ष्य प्रगति :** कार्यालयले सबै कार्यमा ९० प्रतिशत भन्दा बढी प्रगति भएको जनाएको छ। राजस्व असुली गत वर्ष रु.२४,६५,२८,६८०।- भएकोमा यो वर्ष रु.११,६८,५३,७१०।- असुली भई ५२.६ प्रतिशत घटेको छ । भूकम्पको कारण पर्यटकको आगमनमा कमी भै राजस्व घटी असुल भएको कार्यालयको भनाई रहेको छ ।

३. **बढी भुक्तानी :** सहायक संरक्षण अधिकृत लाङटाङ राष्ट्रिय निकुञ्जबाट सरुवा भै २०७२।४।२४ मा हाजिर भएको देखिएकोमा श्रावण ३२ सम्मको राशन खर्च भुक्तानी लिएको देखिएकोले हाजिर नभएको दिन २३ को दैनिक रु.१०७.९९ ले हुने रु.२,४८३।- असुल गर्नुपर्ने देखिएको छ ।

४. **जोडजम्मा फरक :** सीप विकास तालिम तथा नियन्त्रण व्यवस्थापन तालिममा रु.३,००,०००।- खर्च लेखेकोमा बिल भरपाईको जोडजम्मा रु.२,९७,५८४।- मात्र भएको हुँदा बढी भुक्तानी भएको रु.२,४१६।- असुल गर्नुपर्ने देखिएको छ ।

५. **भ्रमण भत्ता :** यस निकुञ्ज कार्यालयबाट ५ कर्मचारी विभिन्न कार्यालयमा सरुवा भै जाँदा निजहरुले पाउने सरुवा भ्रमण खर्च रु.३२,०००। भुक्तानी लिएको देखियो । निजहरुको रमाना पत्रमा दैनिक भ्रमण भत्ता पेश्की नलिएको भनी उल्लेख गरेको देखियो । सो अनुसार सरुवा भ्रमण खर्च दोहोरो पर्न सक्ने हुँदा सरुवा भएको कार्यालयबाट भुक्तानी नभएको प्रमाण पेश गर्ने अन्यथा सो रकम असूल गर्नुपर्दछ ।

६. **शीर्षक फरक पारी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)क बमोजिम बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ । निकुञ्जको वेवसाइट सम्बन्धी परामर्श दिएबापतको रकम एक सर्भिसलाई अन्य सेवा शुल्कबाट भुक्तानी गर्नुपर्नेमा संचार महशुल शीर्षकबाट रु.२२,६००। खर्च लेखेको रकम नियमित देखिएन ।

७. **जिन्सी दाखिला नगरी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम कार्यालय प्रमुखले खरिद गरी वा नगरी जुनसुकै प्रकारले प्राप्त सामान मूल्य समेत खुलाई ७ दिन भित्र जिन्सी दाखिला गराउनु पर्ने व्यवस्था छ। कार्यालयले खरिद गरेका कार्पेट, कार्टेज लगायतका सामानहरु खरिद गरी रु.४४,०४६।- भुक्तानी गरेको देखियो। नियमानुसार कार्यालयले प्राप्त सामान दाखिला भएपछि भुक्तानी गर्नुपर्नेमा जिन्सी खातामा दाखिला नगरी भुक्तानी भएको रकम नियमित देखिएन ।

८. **बिल भरपाई पेश नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम यस नियमावली अनुसार खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। कर दाखिला, भरपाई, धरौटी दाखिला समेत रु.२,९५,७०२।- को बिल भरपाई तथा प्रमाण संलग्न नभएकोले प्रमाण पेश हुनुपर्ने देखिएको छ ।

९. **कार्यालय भवन :** ठेक अंक रु.३,२४,३६,९७२।- (मू.अ.कर बाहेक) भएको चितवन राष्ट्रिय निकुञ्ज, कसराको तिन तलाको कार्यालय भवन निर्माण कार्यको लागि लागत अनुमान भन्दा २२.७२ प्रतिशत घटी अंक कबोल गर्ने एक निर्माण सेवासँग मिति २०७३।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७२।१।१० मा सम्झौता भएको थियो । निर्माण सेवालाई गत वर्ष रु.४२,९५,१९२।- र यस

आ.व.मा दोस्रो देखि चौथो रनिङ्ग बिल सम्म रु.२,२१,२५,०९०।- समेत मू.अ.कर बाहेक रु.२,६४,२०,२८२।- भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छन् :

९.१ कार्यालयले भवन निर्माण कार्यको बीमा, एज बिलड ड्रइङ्ग (नक्सा), ल्याव टेष्ट, डिटेल जियोलोजिकल इन्भेष्टिगेशन आदि लगायत कार्यका लागि लाग्ने रु.१३,२१,१७३।- प्रोभिजनल सममा राखी शोधभर्ना भुक्तानी गर्ने गरी निर्माण सेवा सँग सम्झौता गरेको पाइयो । निर्माण सेवालाई चौंथो रनिङ्ग बिलको भुक्तानी गर्दा उक्त प्रोभिजनल सम अन्तर्गतको वीमाको प्रिमियम तिरेको रु.५६,५०१।- र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) बमोजिम निर्माण सम्पन्न भएको ३० दिन भित्र  एज बिलड ड्रइङ्ग (नक्सा) पेश भएपछि भुक्तानी हुने रकम काम सम्पन्न नभएको अवस्थामा रु.१,९६,०००।- समेत जम्मा रु.२,५२,५०१।- को बिल पेश गरेकोमा कार्यालयले रु.४,५४,०००।- भुक्तानी गरेको छ । कार्य सम्पन्न भएको ३० दिन भित्र  एज बिलड ड्रइङ्ग (नक्सा) पेश गरेपछि भुक्तानी हुने रकम चौंथो बिलमा भुक्तानी दिन मिल्दैन । बिल बमोजिमको रु.५६,५०१।- मात्र भुक्तानी दिनुपर्नेमा रु.४,५४,०००। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.३,९७,४९९।- मा मू.अ.करथप समेत रु.४,४९,१७४।- असुल गर्नुपर्ने देखिएको छ ।

९.२ निर्माण कार्यको भुक्तानी गर्दा वास्तबिक भएको कामको मूल्याङ्कन तथा नापी गरिनुपर्दछ । कार्यालयले भवन निर्माण कार्यको चौंथो रनिङ्ग बिलको भुक्तानी गर्दा बिल अफ क्वान्टिटीको आइटम नः १३ को रु.६,४५,०००।- मूल्यको विभिन्न प्रकारका ६३ थान फर्निचर, रु.४,५०,०००।- मूल्यका ९१२ स्क्वायर मिटर यति कार्पेट र रु.२४,०००।- मूल्यका ४ थान कमोडको २३.५० प्रतिशत डिस्काउण्टपछि मू.अ.कर समेत रु.९,७५,१००।- रकमको सामान सप्लाई गरी जडान भएको नापी किताबमा प्रविष्टि गरी भुक्तानी गरेकोमा उक्त सामान कार्यालयमा सप्लाई तथा जडान भएको देखिएन । लेखापरीक्षण अवधि २०७३।११।८ सम्म बिल भुक्तानी भएको करिव ७ महिना ८ दिन व्यतित हुँदा समेत फर्निचर तथा सेनिटरी सामान प्राप्ती तथा जडान नभएको अवस्थामा समेत भुक्तानी दिएको पाइएकोले उक्त भुक्तानी नियम सम्मत देखिएन ।

९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० ले खरिद सम्झौताको म्याद थपको लागि कावु बाहिरको परिस्थिति उत्पन्न हुनुपर्ने एंव समयमा काम सम्पन्न गर्ने प्रयास गरिएको हुनुपर्ने, एक हप्ता पहिला निवेदन दिनुपर्ने व्यवस्था गरेको छ । भवन निर्माण कार्यको सम्झौता गर्दा निर्माण सेवाले २०७२।१।१० मा सुरु गरी २०७३।३।१५ मा सम्पन्न गर्ने उल्लेख भएकोमा सम्पन्न भएको छैन । कार्यालयले म्याद थपको लागि विभागमा फायल पठाएको जवाफ दिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौता बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरी काम सम्पन्न गराउनु पर्दछ ।

१०. **प्रोभिजनल समको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वगई माडी सेक्टर अफिस निर्माण कार्यका लागि प्रथम तथा अन्तिम बिलबाट एक प्रा.लि.लाई रु.५९,७५,१४६।- भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत राखी सम्झौता गरेको बीमाको रु.८७,०००।- मा मू.अ.कर थप समेत रु.९८,३१०।- भुक्तानी दिएकोमा बीमाको प्रिमियम तिरेको बिल पेश नभएकोले असुल गर्नुपर्ने देखिएको छ । साथै कार्यालयले इच्छानगर रेञ्जपोष्टको निर्माण कार्य एक निर्माण सेवा मार्फत गरी रु.२७,७९,२२७।- खर्च लेखेकोमा विमाको वील वेगर रु.३३,९००।- अन्तिम बिलमा ठेकेदारलाई वीमा वापत भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको छ ।

११. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा अनुसूची ५ बमोजिमको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निकुञ्जको विभिन्न स्थानमा २९ कि.मि. वनपथ मर्मत दरभाउपत्रको माध्यम बाट गराएको छ । एक निर्माण सेवा द्वारा उक्त वनपथ मर्मत गराएको भनि रु.४,९६,१३७।- भुक्तानी गरेकोमा पेश भएको कर बीजक

नम्बर प्रिन्टेड नभएकोले भुक्तानी भएको रु.५७,०७७।- मू.अ.कर दाखिला वा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

१२. **मू.अ.कर दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.५०००। भन्दा बढीको खरिद मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्म सँग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मूल्य अभिवृद्धि करमा दर्ता नभएको एक छापाखाना सँग रु.५१,९८०। को छपाई गरेकोले नियमसम्मत देखिएन ।

१३. **राजस्व आम्दानी र दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा भोली पल्ट दाखिला गर्न व्यवस्था छ । कार्यालयले विभिन्न २७ स्थानबाट राजस्व असुली गरेकोमा प्रत्येक स्थानबाट राजस्व असुली तथा दाखिलाको अभिलेख राखेको देखिदैन । विभिन्न पोष्ट तथा सेन्टरबाट दाखिला भएको बैंक भौचरको आधारमा मात्र राजस्व आम्दानी देखाइएको छ । प्रत्येक स्थानबाट असुली भएको राजस्व नगदी रसिद अनुसार म.ले.प.फा. नः १०८ मा पोष्टिङ्ग नगरिएकोले राजस्व असुली तथा दाखिला सम्बन्धमा आस्वस्त हुने अवस्था देखिदैन । तोकिए बमोजिमको अभिलेख राखी असुली तथा दाखिला सुनिश्चित गरिनुपर्दछ । छपाई भएका रसिद नियन्त्रण खाता समेत प्रमाणित गरी अद्यावधिक गर्नुपर्दछ ।

१४. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ ले नेपाल सरकारले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवाको बिक्री गर्दा कर असुल गर्ने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष डुङ्गाद्धारा पर्यटक घुमाउने कार्यको लागि विभिन्न व्यक्ती तथा फर्मसँग सम्झौता गरी रु.३०,६६,०००।- असुल गरेकोमा ऐनको व्यवस्था बमोजिम १३% ले हुने रु.३,९८,५८०।- मू.अ.कर असुल नगरेकोले असूल गर्नुपर्दछ ।

१५. **कबोल अंक असुल नभएको :** डुङ्गाद्धारा पर्यटक घुमाउने कार्यको लागि २०७२।७३ मा सम्झौता भए मध्ये दुई फर्मसँग कबोल गरेको रकम मध्ये रु.४,७३,४९०।- दाखिला नगरेकोले सम्झौताको शर्तअनुसार २०% ले हुने हर्जना समेत असुल गर्नुपर्ने देखिएको छ ।

१६. **हर्जना असुल :** विभिन्न स्थानमा डुङ्गाद्धारा पर्यटक घुमाउने कार्यको लागि व्यक्ति तथा फर्म सँग सम्झौता भएको देखिन्छ । सम्झौतामा कबोल अंक ४ किस्तामा बुझाउनुपर्ने समयमा नवुझाएमा पहिलो महिना १० प्रतिशत, दोस्रो महिना १५ प्रतिशत र तेस्रो महिना २० प्रतिशतले हर्जना समेत तिर्नुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७२।७३ मा विभिन्न ३ फर्मले किस्ता बापतको रकम ढिलो दाखिला गरेकोमा रु.१,२०,७००।- हर्जना असुल गर्नुपर्ने देखिएको छ ।

१७. **लगती राजस्व :** विभिन्न मुद्दा बापत जरिबाना असुल गर्न बाँकी रहेकोमा राजस्वको आर्थिक विवरणमा लगति राजस्व कायम गरेको छैन । उठ्न बाँकी रकम सम्बन्धमा मुद्दा सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । उपर्युक्त स्थितिमा राजस्वको आर्थिक विवरणले यथार्थ चित्रण गरेको देखिदैन । लगति राजस्व सम्बन्धी लभिलेख अद्यावधिक गरी आर्थिक विवरणमा समावेश गर्नुपर्दछ ।

१८. **जग्गाको लगत :** मध्यवर्ति क्षेत्रमा वसोवास गरेको ११ उपभोक्ता समितिभित्रका ४५ घर परिवारको ४ बिगाह, ४ कठ्ठा, ४.५ धुर जग्गा नदी कटानमा परेको उल्लेख गरी जिल्ला मालपोत कार्यालय भरतपुर, चितवनको मूल्याङ्कनबमोजिम रु.७३,३६,०००।- क्षतिपूर्ति वितरण गरेको छ । कार्यालयले पेश गरेको विवरणमा गत विगत वर्ष नदी कटानमा परी भुक्तानी बाँकी रहेका घर परिवार र यस आ.व.मा नदी कटान भएका परिवारको लगत अद्यावद्यिक नराखेकोले क्षतिपूर्ति रकम यकिन गर्न सकिएन । नदी कटान भएको परिवार र जग्गाको क्षेत्रफल यकिन गरेर मात्र क्षतिपूर्ति वितरण गरिनुपर्दछ ।

१९. **कार्ययोजना संसोधन र वन विकास खर्च :** मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०५२ बमोजिम मध्यवर्ति सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजनाको अवधि समाप्त भए पश्चात सामुदायिक

वनको कार्ययोजामा समय सापेक्षित हेरफेर गरी संसोधन गर्नुपर्दछ । कुल हस्तान्तरण भएका ६५ मध्ये म्याद समाप्त भएको १२ वटाको नविकरण भएको छैन ।

२०. **असुल गर्नुपर्ने** : कार्यालय परिसर अपग्रेडिङ्गको काम बापत रु.२,७९,९२७।- खर्च लेखिएकोमा सोसँग सम्बन्धित बिल भरपाईको जोड जम्मा गर्दा रु.२,७८,३२१।- मात्र देखिएकोले नपुग रु.१,६०६।- असुल गर्नुपर्दछ ।

२१. **भुक्तानीमा कर कट्टी नगरेको** : कार्यालयले एक दस्तावेज तयारी तथा डिजाइन बापत परामर्शदातालाई रु.१,४८,०००।- भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा १५ प्रतिशत कर कट्टी नगरेकोले रु.२२,२००।- असुल गर्नुपर्ने देखिएको छ ।

२२. **खर्चको सार्वजनिककरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेमा यस वर्ष सशर्त चालु अनुदान तर्फ २२ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिलाई अनुदान निकासा रु.५,३३,१८,८६५।- दिएकोमा लेखापरीक्षण नभएको र खर्चको सार्वजनिकीकरण नभएको कारण खर्चको वास्तविकता र पारदर्शिता यकिन गर्न सकिएन ।

२३. **पेश्की बाँकी** : बर्षान्त सम्म विभिन्न ११ उपभोक्ता समितिलाई रु.७३,३६,०००।- उपलव्ध गराएको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको देखिएकोले फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

२४. **वन अतिक्रमण** : कार्यालयले पेश गरेको विवरण अनुसार निकुञ्जको विभिन्न स्थानमा खेतिबाली, धार्मिक क्षेत्र, मन्दीर विद्यालय, आश्रम, पक्की भवन कार्यालय, गोठ तथा घर निर्माण, सामुहिक बस्ती आदि कारणबाट ११८८.८१ हेक्टर अतिक्रमण भएकोमा अतिक्रमण हटाएको देखिएन ।

२५. **मुद्दा** : सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा १५ बमोजिम यस ऐन वा प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने व्यवस्था छ । साथै वन पैदावार तथा वन्यजस्तु सम्वन्धि मुद्दा २ वर्ष भित्र फछ्र्यौट गर्नुपर्ने समेत व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार २०७२।७३ सम्म ८ मुद्दा फछ्र्यौट बाँकी रहेको देखिन्छ ।

२६. **धरौटीको कच्चावारी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६४ बमोजिम जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा ४०४ व्यक्ति, निर्माण व्यवसायी, आपूर्तिकर्ताको धरौटी रु.१,७३,५०,५५३।- विगत देखिको धरौटी बाँकी रहेको देखियो । विगत वर्षहरुको धरौटी रकम बाँकी रहेकोमा म्याद समाप्त भएको यकीन गरी सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

२७. **स्रेस्ता** : ख ६ समूहको आयव्यय विवरणमा समावेश भएको तराई भूपरिधि कार्यक्रम (ताल), हरियो वन, गैंडा व्यवस्थापन र राहतको स्रेस्ता एवं फाँटवारी र प्रगति विवरण खर्च पश्चात् सम्बन्धित कार्यालयबाट लेखापरीक्षण हुने भनी लेखापरीक्षणको लागि पेश भएको छैन । IDA तर्फ जम्मा आम्दानी रु.४३,९५,५४५।- र खर्च रु.१७,३८,९०२।- को मात्र लेखापरीक्षण भएको छ ।

२८. **बजेट बेगर खर्च** : आईडीएतर्फको *Strengthing wildlife protection of implementing project* को सेक्सन डीमा भेहीकल र मोटरसाइकल मर्मत खर्च व्यवस्था गरेको देखिन्छ । कार्यालयले उक्त शीर्षकबाट इन्धन खर्च लेखी बिल बेगर एक आयल डिष्ट्रिव्युटर्सलाई भुक्तानी गरेको रु.१,०३,७६५।- नियम सम्मत देखिएन ।

२९. **पेश्की बाँकी** : बर्षान्त सम्म एक कर्मचारीको नाममा रहेको रु.१,७०,०००।- पेश्की फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना नवनाएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, चल्ति मेसीन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नः २ मा अभिलेख नराखेको, राजस्व तर्फ रसिद अनुसार दैनिक खाता १०८ (क) मा चढाउने नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) अनुसार जिल्ला स्थित कार्यालयहरुले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पास गरेर मात्र तलव खर्च लेख्नुपर्नेमा पारीत नगरी रु.९१,२७,७१८।- तलव खर्च लेखेको छ ।

३. **दैवी प्रकोप उद्धारकोषतर्फ :** भूकम्प पीडित राहत अन्तर्गत कार्यालयले पूर्ण क्षति हुनेहरुका लागि रु.१५,०००।- र आंशिक क्षति हुनेहरुका लागि रु.३,०००।- वितरण गर्ने गरी यो वर्ष विभिन्न १७ नगरपालिका र गाँउ विकास समितिको सम्बन्धित खातामा रकम जम्मा गरेको छ । उक्त रकम पेश्की जनाएको पनि छैन र खर्चको बिल भरपाई पनि पेश गरेको छैन । सबै गाउँ विकास समिति र नगरपालिकाहरुको पूर्ण क्षति भएको र आंशिक क्षति भएका घर परिवारको विवरण सम्म पनि राखेको छैन । ८ नगरपालिका र ९ गा.वि.स.लाई भूकम्प पीडितको लागि रु.७९,८७,०००।- र न्यानो कपडा वितरणको लागि रु.३,७२,५०,०००।- समेत रु.४,५२,३७,०००।- निकासा पठाएको छ । उपलब्ध गराएको रकमको वील भरपाई समेत अद्यावधिक गरी राखेको छैन । राहत रकम मध्ये नगद फिर्ता भएकोमा कुन आर्थिक वर्षको हो सो समेत खुल्न आएन । राहत रकम सम्बन्धित व्यक्तिले प्राप्त गरेको आश्वस्त हुने तरिकाले अभिलेख राख्नुपर्ने देखिन्छ ।

३.१ ख ६ विविध खातावाट नेपाल विद्युत प्राधिकरण हेटौडा भरतपुर ३२० के.भी. प्रसारण लाइन आयोजनाको मुआव्जा क्षतिपूर्ति तर्फ रु.२,२९,७२,१२९।- खर्च र बाँकी रु.८४१७३६०।- को स्रेस्ता आयोजनाले नै लेखापरीक्षण गराउने भनि लेखापरीक्षणमा पेश भएको छैन । आय व्ययमा उक्त रकम समावेश छ र पूर्वी चितवन १३२ के.भी. सव स्टेशन भण्डाराको लागि २०७३।३।२६ मा रु.३,४६,८०,८००।- निकासा भएको रकम मौज्दात रहेको देखियो ।

३.२ दैवी प्रकोप खातामा स्थानीय स्तरमा जम्मा भएको रकम रु.२६,६९,२०२।६१ मौज्दात देखिएकोछ । उक्त रकम केन्द्रिय दैवी प्रकोप उद्दार कोषमा जम्मा गरी निकासा भए अनुसार निर्देशिका बमोजिम मात्र खर्च गर्न सकिनेमा केन्द्रिय खातामा जम्मा नगरी मौज्दात राखेको छ । स्थानीय स्तरमा रकम संकलन गरी खर्च गर्ने कार्यविधि स्वीकृत भएको नदेखिएकोले केन्द्रिय खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।

४. **भवन निर्माण :** कार्यालयले भवन निर्माण कार्यको लागि एक जे.भी.सँग २०६९।१।३१ मा गरको सम्झौता अनुसार रु.५,६२,५७,३०५।- को लागतमा २०७१।४।३० सम्म सम्पन्न गर्नुपर्ने देखिन्छ । उक्त कार्यको विगत वर्ष सम्म सातौं रनिङ बिल को रु.४१,५१,५७८१।- भुक्तानी भै सकेको देखिन्छ । शहरी विकास भवन निर्माण डिभिजन कार्यालय चितवनको २०७२।३।२५ को जिल्ला प्रशासन कार्यालयलाई लेखेको पत्र अनुसार २०७१ माघ मसान्तमा म्याद थप भएको उल्लेख भए पनि म्याद थप सम्वन्धि निर्णय तथा म्याद थप गरेको पत्र सम्म पनि ठेक्का फाइलमा देखिएन । भवन निर्माण कार्य सम्पन्न नभएको, म्याद थप सम्बन्धी निर्णय पनि नभएको र भुक्तानी पनि नभएको अवस्था रहेकोमा निर्माण व्यवसायीले लगेको रु.२२,१२,०००।- मोबिलाइजेशन पेश्की फछ्र्यौट हुन बाँकी रहेको छ । कार्यालयले २०७२।७।२९ मा प्राइम कर्मसियल बैंक लि. विरा कम्प्लेक्स, काठमाण्डौलाई परफमेन्स बण्ड रोक्का गर्न पत्राचार गरे पनि रकम प्राप्त भएको छैन । सार्वजनिक खरिद

नियमावली, २०६४ को नियम १२१ अनुसार पुर्व निर्धारित क्षतिपूर्ति सहित कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ ।

कार्यालयले यो वर्ष भवन निर्माणको लागि रु.५०,००,०००।- बजेट स्वीकृत भएकोमा निर्माण कार्यको बिल भुक्तानी नगरेको भए पनि सुपरभाईजर लगाएतको रु.३,४४,९९४।- कन्टेन्जेन्सी खर्च गरेको छ । कन्टेन्जेन्सी खर्चको अभिलेख राखी लागत अनुमानको सिमाभित्र तोकिएका कार्यमा मात्र खर्च गर्नुपर्नेमा भवन निर्माणको भुक्तानी नभएको अवस्थामा कन्टेन्जेन्सी खर्च लेखेको छ ।

५. **राजस्व** : कार्यालयले यो वर्ष रु.९ कारोड ६० लाख ६२ हजार राजस्व असुली तथा दाखिला गरेकोमा राहदानी दस्तुर मात्र रु.९ कारोड ३३ लाख ८ हजार रहेको छ । कार्यालयले राहदानी वितरणको फोटा सहितको रजिष्टरमा अभिलेख राखेको छैन । राहदानी वितरण र राजस्व असुलीको विवरण भिडान हुनेगरी लगत नराखेकोले रु.५ हजार दस्तुर तिर्ने र रु.१० हजार दस्तुर तिर्नेको संख्या यकिन गर्ने अवस्था देखिँदैन । राहदानी वितरणको लगत व्यवस्थित नभएर फाईलमा फोटो सहितको फाराम राखेको छ । जसले गर्दा लामो समयसम्म रेकर्ड राख्न कठिनाई हुने देखिन्छ ।

५.१ राजस्व तर्फ र.न. १२७४ देखि १३०७ सम्म रु.८१,२५०।, र.न. १३४३ देखि १३६२ सम्म रु.३९,४५०।- र र.नः १३९१ देखि १४१२ सम्म रु.२८,४००।- को जम्मा रु.१,४९,१००।- राजस्व आम्दानी भएको देखिएकोमा दाखिला रु.२,०१,६००।- भई आम्दानी भन्दा रु.५२,५००।- बढी दाखिला भएको देखिन्छ । रसिद अनुसार म.ले.प.फा.नः १०८ (क) मा प्रबिष्ट गरी यथार्थ राजस्व दाखिला गर्नुपर्दछ ।

५.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा मूल्य अभिवृद्धि कर उठाउने व्यवस्था छ । कार्यालयको विभिन्न सामान मिति २०७३।३।१० मा एक उद्योगले लिलामी सकार गरी सो बापत रु.१३,८००।- कार्यालयमा दाखिला गरेकोमा सो को १३% ले हुने मू.अ.कर रकम १,७९४।- असुल गर्न छुट भएकोले असूल गर्नु पर्दछ ।

६. **धरौटी** : धरौटी स्रेस्ता अनुसार धरौटी बाँकी रु.१,३६,४४,९००।- भएकोमा बैंक अनुसारको बाँकी रु.१,३५,८७,३१६।- भई रु.५७,५८४।- आर्थिक वर्ष २०४६।४७ अगावै सापटी गएको रकम फिर्ता प्राप्त गरी हिसाव मिलान गरेको छैन ।

चालु आ.व.मा धरौटी तर्फ प्रयोग भएको नगदी रसिदअनुसार रु.५९,६८,५४०।- नगद आम्दानी भै सो अनुसार बैंक दाखिला गर्नुपर्नेमा रु.५९,५०,२४०।- मात्र दाखिला भएको देखिएकोले दाखिला गर्न बाँकी रकम रु.१८,३००।- बैंक दाखिला गर्नुपर्ने देखिएको छ ।

## कारागार कार्यालय

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरिक्षण गराई प्रतिवेदनको कार्यान्वयन नगरेको, कर्मचारीको कार्यविवरण तयार नगरेको, कार्यालयले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भाबित जोखिम पहिचान गरी निराकरण नगरेको, आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची १४ तयार गरी तालुक कार्यालयमा नपठाएको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **क्षमता भन्दा बढी कैदी** : बन्दीहरुको मासिक विवरण अनुसार मासिक न्युनतम ५७६ देखि ६१४ सम्म बन्दी रहेको उल्लेख छ । बन्दी गृहको मासिक क्षमता २५५ मात्र रहेकोमा औसतमा ५९५ जना कैदी रहने गरेको कार्यालयले पेश गरेको विवरणबाट देखिएकोले क्षमता भन्दा बढी कैदी बन्दी रहेको देखियो ।

# जिल्ला प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण :** विभिन्न ऐन, नियम एंव कार्यविधिमा उल्लेख भएका कार्यालयको काम सँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणलीको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐन, नियम बमोजिम खरिद योजना एंव खरिद इकाई गठन नगरेको, खर्च गर्ने अख्तियारी समयमै प्राप्त नभएको, केही जिन्सी मालसमानको लिलाम/मर्मत नभएको तथा पुराना मालसमानको मूल्य नखुलाएको, कार्यालयको उद्देश्यमा आईपर्ने जोखिमको पहिचान नगरेको, ठेक्का व्यवस्थापन कार्य प्रथम चौमासिकमा नगरेको आदि व्यहोराहरु देखिएकोले सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउनु पर्ने देखिन्छ।

२. **चौमासिक खर्च :** स्वीकृत वार्षिक कार्यक्रमअनुसार चौमासिक रुपमा खर्च गर्दा तोकिए बमोजिमको बजेट खर्च गर्नुपर्दछ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा ९९.२८ प्रतिशत र आषाढ महिनामा मात्र ५५.८२ प्रतिशत खर्च गरेको देखिन्छ। बर्षान्तमा खर्च गर्दा गुणस्तरमा प्रभाव पर्न सक्ने हुँदा स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च गर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिएको छ।

३. **दरबन्दी पदपूर्ति तथा काज :** कार्यालयले आफ्नो उद्देश्य हासिल गर्न जनशक्ति समेत सोहीअनुसार व्यवस्थापन गर्नुपर्दछ। कार्यालयबाट प्राप्त विवरणअनुसार ७४५ जनाको दरबन्दी रहेकोमा ६७५ जना मात्र पदपूर्ति भएको र १८९ जना उपत्यकालगायत अन्यत्र काजमा गएको देखियो। तोकिएको दरबन्दी पदपूर्ति नहुने तथा काजमा राख्ने स्थितिले कार्यालयको उद्देश्य प्राप्तिमा कठिनाई आउने हुँदा जनशक्तिको उचित व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

४. **पेश्की बाँकी :** बर्षान्त सम्म एक निर्माण सेवाको नाममा रहेको रु.५२,१०,७०७- मोबिलाइजेशन पेश्की फछ्र्यौट हुन बाँकी रहेकोले फछ्र्यौट गर्नुपर्ने देखिएको छ।

५. **राजस्व असुली :** कार्यालयले पेश गरेको आर्थिक विवरणअनुसार अन्य बिक्रीतर्फ रु.१२,९१,१६४।- राजस्व असुल भएको देखियो। उक्त असुली सम्बन्धमा परीक्षण गर्दा विभिन्न उद्योग तथा व्यक्तिले ढुवानी गरी ल्याएको पेट्रोलियम पदार्थ अनुसन्धानको लागि पक्राउ गरेको र सो को राजस्व असुल गरी जिम्मा जमानीमा छाडिदिएको पाइयो। त्यस प्रकारको सामान सम्बन्धित निकायमा दाखिला गरेको देखिएन। त्यसैगरी उक्त सामानमा कुन दरमा राजस्व असुल गरेको हो सो समेत स्पष्ट हुन आएन।

६. **अभिलेख :** कार्यालयले प्राप्त भएको राजस्व बैंक भौचरको आधारमा म.ले.प.फा.नः १०८ (ख) मा पोष्टिङ्ग गरेको देखियो। राजस्व दैनिक राजस्व आम्दानी किताबमा देखाउनुपर्नेमा सोको अभिलेख राखेको छैन। त्यसैगरी नगदी रसिद नियन्त्रण खाता समेत राखेको देखिएन। प्राप्त भएको सबै राजस्व तोकिएको समयमा बैंक दाखिला भएको सुनिश्चित हुने गरी अभिलेख राख्नुपर्दछ।

७. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा नेपाल सरकारले मूल्य अभिवृद्धि लाग्ने वस्तु वा सेवाको बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष निशान पिक अप लगायत विभिन्न १२ प्रकारका पुराना सामान लिलाम बिक्री गरी सकारकर्ताबाट रु.२,३८,९००।- दाखिला गराएको देखियो। उक्त मूल्यमा मूल्य अभिवृद्धि कर रु.३१,०७५।- असुल भएको नदेखिएकोले असुल गर्नुपर्दछ।

८. **निर्माणमा ढिलाई :** इलाका प्रहरी कार्यालय माडी चितवनको कार्यालय भवन लगायतका निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग मू.अ.कर समेत रु.१,१४,७५,०७५।- को २०६९।१०।२३ मा सम्झौता भएको देखियो। उक्त निर्माण कार्य २०७०।७।२२ मा सम्पन्न गर्नुपर्नेमा तेस्रो तथा अन्तिम रनिङ्ग बिलको भुक्तानीको लागि रु.७,९८,९५५।- को कर बीजक जारी गरी भुक्तानी दिएको छ। नापी किताबमा काम सम्पन्न भएको मिति उल्लेख गरेको छैन। मध्य क्षेत्रीय प्रहरी कार्यालय हेटौंडाले २०७२ भाद्र मसान्त सम्म म्याद थप भएको जानकारी प्रहरी सञ्चार माध्यमबाट गराए तापनि

म्याद थप सम्बन्धमा निर्माण व्यवसायीले समयमै निवेदन दिए नदिएको खुल्न आएन । निर्माण व्यवसायीले कार्य सम्पन्न भै सकेको भनी २०७२।५।१० मा निवेदन दिएको उल्लेख छ । अन्तिम बिल सम्म निर्माण बापत रु.१,१३,८९,८७०।- भुक्तानी भएको छ ।

९. **सपिङ्ग कम्प्लेक्स तर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार सबै कारोबारको आन्तिरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सपिङ्ग कम्प्लेक्स तर्फको आय व्ययको आन्तरिक लेखा परीक्षण गराएको छैन । नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

## मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र

१. **खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा बढी रकमको खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष पुँजीगत तर्फ रु.११ लाख ९७ हजार खर्च गरेकोमा खरिद योजना तयार गरेको पाइएन ।

२. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी मालसामानको संरक्षण गर्ने र तिनीहरुको संभार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । प्राप्त प्रतिवेदनमा जिन्सी सामानको मूल्य खुलेको छैन । नियमावलीको व्यवस्थाबमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम लिलाम बिक्री तथा मर्मत संभार गरी जिन्सी व्यवस्थापन दुरुस्त गर्नुपर्ने देखिएको छ ।

३. **दरबन्दी तथा काज** : कार्यालयले उपलब्ध गराएको विवरणअनुसार यस तालिम केन्द्रमा विभिन्न पदका १६५ जनाको दरबन्दी भएकोमा सबै पदपूर्ति भएको देखियो । उक्त दरबन्दी मध्ये १०३ जना उपत्यका लगायत विभिन्न स्थानमा काजमा रहेको उल्लेख छ ।

४. **लागत अनुमान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम सञ्चालन गर्नुपर्दा लागत अनुमान तयारी गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कर्मचारी तालिममा रु.१७ लाख ५१ हजार खर्च गरेकोमा तालिम कार्यक्रमहरुको लागत अनुमान स्वीकृत गरेको पाइएन । उक्त व्यवस्थाको पालनातर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५. **राजस्व दाखिला** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) मा जिम्मेवार व्यक्तिले आपनो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । राजस्व कारोबारको नमूना छनौट गरी परीक्षण गरिएकोमा कार्यालयले आम्दानी गरेको राजस्व केही दिन बिलम्ब गरी बैंक दाखिला भएको पाइयो । ऐनले तोकेको म्याद भित्र राजस्व दाखिला गर्नुपर्दछ ।

## सशस्त्र प्रहरी बल गढीमाई गण

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन, नियम एंव कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणलीको मूल्याङ्कन गर्दा अख्तियारी समयमा प्राप्त नभएको, वार्षिक खरिद योजना तयार नगरेको, कार्यालयमा आईपर्ने संभावित जोखिम पहिचान गरी निराकरण नगरेको, पूँजीगत खर्च चौमासिक लक्ष्य अनुसार नगरेको आदि व्यहोराहरु देखिएकोले सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउनु पर्ने देखिन्छ ।

२. **जग्गाको स्वामित्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ मा घर जग्गाको लगत राख्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार कार्यालयले घर जग्गाको लगत राखेता पनि गढको मूख्य कार्यालय रहेको घर जग्गाको स्वामित्व कृषि विकास मन्त्रालय तथा किम्बु नर्सरी तथा मत्स्य विकास केन्द्रको नाममा रहेको छ ।

३. **दरबन्दी तथा काज** : कार्यालयले उपलब्ध गराएको विवरणअनुसार विभिन्न ११ पदमा ७६१ को दरबन्दी रहेकोमा ७४२ को पदपूर्ति भएको देखियो । त्यसै गरी विभिन्न दर्जाका १४१ जना उपत्यका

लगायत विभिन्न स्थानबाट यस गणमा काजमा आएको र ४४८ जना उपत्यका लगायत विभिन्न स्थानमा काजमा गएको देखियो । यस सम्बन्धमा छलफल गर्दा प्रधान कार्यालयको स्वीकृतिबमोजिम काजमा रहेको जवाफ प्राप्त भएको छ ।

४. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा लगत खडा गरी राखिएका सरकारी जिन्सी मालसामानको संरक्षण गर्ने र तिनीहरुको संभार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्य खुलेको छैन । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमका सामानहरु नियमावलीको व्यवस्थाबमोजिम मर्मत तथा लिलाम बिक्री गर्नुपर्ने देखिन्छ ।

## शसस्त्र प्रहरी बिपद् व्यवस्थापन तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन, नियम एंव कार्यविधिमा उल्लेख भएका कार्यालयको काम सँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा खरिद इकाई गठन नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, समयमा अख्तियारी प्राप्त नभएको, जिन्सी निरिक्षण भए तापनि प्रतिवेदनमा उल्लेख भए बमोजिमका सामानको मर्मत तथा लिलाम बिक्री मिन्हा नभएको, कार्यक्रमगत खाता राखी (निर्माण तर्फ) सो अनुसार अभिलेखिकरण नगरेको, कार्यालयको उद्धेश्यमा आइपर्ने जोखिमको पहिचान नगरेको आदि व्यहोराहरु देखिएकोले सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउनु पर्ने देखिन्छ ।

२. **जग्गा खरिद** : तालिम केन्द्र कुरिनटारको लागि आवस्यक भएको जग्गा करिव २ बिगाह २ कट्ठा खरिद गर्न शसस्त्र प्रहरी वल प्रधान कार्यालयबाट २०७३।०३।१९ मा वार्षिक बजेट छुट्याई तालिम केन्द्रलाई थप बजेट निकासा वारे जानकारी तथा अख्तियारी दिएको देखियो । कार्यालयले जग्गा प्राप्तीको लागि २०७३।०३।३० मा गोरखापत्रमा सूचना प्रकाशन गरे तापनि खरिद कार्य सम्पन्न हुन सकेको देखिएन । वार्षिक कार्यक्रम वारे आषाढ महिनामा मात्र अख्तियारी दिई तोकिएको कार्य सम्पन्न हुन नसक्नु उचित देखिएन ।

३. **चौमासिक खर्च** : स्वीकृत कार्यक्रमअनुसार चौमासिक रुपमा कार्य गर्दा तोकिएबमोजिमको बजेट खर्च गर्नुपर्दछ । कार्यालयले पेश गरेको विवरणअनुसार दोस्रो चौमासिकमा ६१.२५ प्रतिशत र तेस्रो चौमासिकमा ३८.५ प्रतिशत खर्च भएको देखियो । समयमै अख्तियारी प्राप्त गरी चौमासिक कार्यक्रम बमोजिम कार्य सम्पन्न गर्नुपर्दछ ।

४. **दरबन्दी पदपूर्ति तथा काज** : कार्यालयले आफ्नो उद्देश्यअनुसार कार्य गर्न सोको लागि चाहिने जनशक्ति समेत उपलब्ध भएको हुनुपर्दछ । यस कार्यालयको लागि ११५ जना दरबन्दी रहेकोमा २०७३ आषाढमा १०९ जनाको मात्र पद पूर्ति भएको देखियो । त्यसै गरी २०७३ आषाढको काज सम्बन्धि विवरण परीक्षण गर्दा उपत्यका लगायत विभिन्न स्थानबाट ८७ जना काजमा आएको र १८ जना उपत्यका लगायत विभिन्न स्थानमा काजमा गएको देखिन्छ ।

५. **लागत अनुमान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम सञ्चालन गर्नु पर्दा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कर्मचारी तालिममा रु.५ लाख ८४ हजार खर्च गरेकोमा लागत अनुमान स्वीकृत गर्ने गरेको देखिएन । त्यसैले उक्त व्यवस्थाको पालना तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा अनुसूची ५ बमोजिमको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐम्बुलेन्स मर्मत गराएको भनि रु.२,४१,७१८। को बिल रकम एक पार्टीलाई भुक्तानी गरेकोमा पेश भएको कर बीजक नम्वर प्रिन्टेड नभएकोले भुक्तानी भएको मू.अ.कर रु.२७,८०८। दाखिला वा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

## सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय, चितवन

१. **आन्तरिक नियन्त्रण :** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा समयमै अख्तियारी प्राप्त नभएको, पुँजीगत खर्च तेस्रो चौमासिकमा मात्र गर्ने गरेको, वार्षिक खरिद योजना तयार नगरेको आदि व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **दरबन्दी तथा काज :** कार्यालयले उपलब्ध गराएको विवरणअनुसार यस कार्यालयका विभिन्न १० पदमा ३३७ कर्मचारीको दरबन्दी संख्या रहेकोमा २०७३ आषाढ मसान्तमा ३१३ जनाको पदपूर्ति भएको देखिन्छ। प्राप्त विवरण अनुसार यस कार्यालयका विभिन्न दर्जाका ३३ सशस्त्र प्रहरी कर्मचारी विभिन्न स्थानबाट विगत वर्षदेखि काजमा आएको र ३८ कर्मचारी उपत्यका लगायत विभिन्न स्थानमा विगत देखि काजमा गएको देखिन्छ । काजमा रहने परिपाटी नियन्त्रण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

३. **टेण्डर रद्ध गरिएको :** सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय, चितवन हाता भित्र ए.पि.एफ. मौला काली फ्यूल स्टेशनको लागि भवन, सेड आदि निर्माण गर्न २०७२।७।१८ मा सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्रबाट सूचना प्रकाशन भएको देखियो । बोलपत्रको सूचना प्रकाशित र बोलपत्र बिक्री पश्चात सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्रले रकम अभाव भएको भन्ने आधारमा २०७२।११।२७ मा टेण्डरको सूचना रद्ध गरेको देखिन्छ ।

४. **जग्गाको स्वामित्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ मा प्रत्येक कार्यालयले घर जग्गाको लगत राख्नुपर्ने व्यवस्था छ । प्राप्त विवरणअननुसार कार्यालयले घर जग्गाको लगत राखे तापनि सिमा सुरक्षा कार्यालयको प्रयोजनमा उपयोग भएको जग्गाको स्वामित्व वन तथा भु संरक्षण मन्त्रालयको नाममा रहेको पाईयो ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ७२ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र १३ कार्यालयको सम्वन्धित निकायबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार ३६ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस वर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३८ मध्ये निम्न १५ कार्यालयको रु.२,४१,१०,४२६। बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला प्राविधिक कार्यालय | विभिन्न | भ्रमण प्रतिवेदन पेश नभएको, मर्मत अभिलेख नराखेको, सार्वजनिक निर्माणमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको, पेश्की फछ्यौट नभएको रु.२०८६०००।, प्राबिबधिक मुल्यांङन भन्दा बढि भूक्तानीको कारण नखुलाएको, पुराना जिन्सी सामान लिलाम बिक्रि नभएको । | सैद्धान्तिक |
| २ | वधौडा अस्पताल चितवन | विभिन्न | घर जग्गाको लगत नराखेको, तलबी प्रतिवेदन पारित नभएको, जिन्सी निरिक्षण नभएको, पुराना जिन्सी लिलाम नगरेको, भ्रमण अभिलेख खाता नराखेको | सैद्धान्तिक |
| ३ | कृषि तथा वन विज्ञान विश्वविद्यालय कृषि संकाय | विभिन्न | वोलपत्र नगरी सोझै खरिद गरेको रु १५४०४५५।, लेखा शिर्षक फरक पारी खर्च लेखेको रु ४२६८४९। पूजीगत खर्चलाई संचालन खर्चमा लेखांकन गरेको रु १४५६७२।<br>गतवर्षको खर्च यसवर्ष लेखेको, मु.अ.कर बिजक बाट खरिद नभएको, नियमानुसार आयकर कट्टि नगरेको, पुरानो पेश्की फछ्र्यौट नभई नयां पेश्की दिएको, समयमा पेश्की फछ्र्यौट नभएको, म्याद नाघेको पेश्कीमा ब्याज समेत असुल नगरेको, आयकर कट्टि रकम तथा कर्मचारी संचय कोष कट्टि रकम समयमा दाखिला नगरेको, जिन्सी खाता अध्यावधिक नभएको, स्थिर सम्पतीको रजिस्टर तयार नभएको, खरिद इकाई गठन नभएको । | २७९०२४४।<br>सैद्धान्तिक |
| ४ | कृषि तथा वन विज्ञान विश्वविद्यालय अनुसन्धान तथा प्रसार निर्देशनालय | विभिन्न | मु.अ.कर बिजक बाट खरिद नभएको रु १५३६९।, खर्चको यथेष्ट प्रमाण नभएको रु १९२८९।, लागत अनुमान तयार नगरी खरिद तथा मर्मत कार्य गराएको रु २६०७३९।,<br>नियमानुसार आयकर कट्टि नगरेको, नियमानुसार आयकर कट्टि नगरेको,पुरानो पेश्की फछ्र्यौट नभई नया पेश्की दिएको, लेखाका कर्मचारीलाई संचालन पेश्की दिएको, समयमा पेश्की फछ्यौट नभएको, विद्यार्थीलाई संचालन पेश्की दिएको, सानो नगदी कोष खाता तयार नपारेको, जिन्सी रजिस्टर खाता अध्यावधिक नभएको, जिन्सी निरिक्षण प्रतिवेदन तयार नपारेको, खरिद एकाईको गठन नगरेको । | ३५५१६४।<br>सैद्धान्तिक |
| ५ | कृषि तथा वन विज्ञान विश्वविद्यालय<br>पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय | विभिन्न | बजेट भन्दा वढी खर्च गरेको ,मू.अ. कर बिजक बेगर खरिद गरेको,पूजिंगत खर्चलाई संचालन खर्चमा लेखाङ्कन गरेको लागत अनुमान तयार नगरी खरिद तथा मर्मत कार्य गराएको<br>वोलपत्र नगरी सोझै खरिद गरेको, रकम भुक्तानी गरेकोमा भर्पाइ नभएको,सम्झौताभन्दा बढी भूक्तानी गरेको, साइकल स्टेण्ड निर्माणमा बढि भूक्तानी गरेको, तलवमा आयकर कट्टि नभएको, लेखाका कर्मचारीलाई संचालन पेश्की दिएको, समयमा पेश्की फछ्र्यौट नभएको, ज्यालादारी कर्मचारीलाई तलब पेश्की दिएको, विद्यार्थीलाई संचालन पेश्की दिएको, म्याद नाघी फछ्यौट भएको पेश्कीमा ब्याज असुल नगरेको, कर कट्टि रकम तथा कर्मचारी संचय कोष कट्टि रकम समयमा दाखिला नगरेको, एकै प्रकृतीको बैठक तथा सो को भत्ता खर्च लेखेको, जिन्सी निरिक्षण नगरेको, स्थिर सम्पतिको लगत तयार नपारेको, खरिद एकाईको गठन नगरेको । | ७३९५७९३।<br>सैदान्तिक |
| ६ | सिंचाई व्यबस्थापन निर्देशनालय | ३५७१०२४ | अख्तियारी मिति २०७२।११।२ मा प्राप्त भए तापनि उक्त कार्य टुक्रा टुक्रा गरी तिन ओटा दरभाउपत्र लिई खरिद गरी जम्मा रु.१८,७५,८०९। भुक्तानी गरेको | सैद्धान्तिक |

| | | | | |
|---|---|---|---|---|
| ७ | जुनियर प्रहरी अधिकृत शिक्षालय | ३१४०२७४ | मोबिलाइजेशन पेश्की फछ्र्यौट हुन बाँकी देखिएको | १,२१,४५,५९८।- |
| ८ | ईलाका प्रहरी कार्यालय, गितानगर | विभिन्न | लिलाम नगरेको छैन । | सैद्धान्तिक |
| | | विभिन्न | बिल भरपाइहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित नभएको | सैद्धान्तिक |
| ९ | महिला कार्यालय | विभिन्न | पुरानो तथा टुटफुट भई काममा आउन नसक्ने सामान यो वर्ष लिलाम नगरेको | सैद्धान्तिक |
| १० | सशस्त्र वन रक्षक तालिम केन्द्र | ३२९१०६३ | भेरिएसन बेगर सम्झौता भन्दा बढी भुक्तानी भएको देखिएको | १३,६२७।- |
| | | ३२९१०६४ | एक जे.भी.को नाममा आ.व.को अन्त सम्म बाँकी रहेको पेश्की फछ्र्यौट हुनुपर्ने | १४,००,०००।- |
| | | ३२९१०६४ | नापी किताब राख्नु पर्नेमा लुज सिटमा नापी किताब राखिएको नियमित देखिएन | सैद्धान्तिक |
| ११ | किम्वु नर्सरी व्यबस्थापन केन्द्र | ३१२१०६३ | किसानलाई सोझै अनुदान दिनुपर्ने रकम कर्मचारीले पेश्की लिई वितरण गरेकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम नियम सँगत देखिएन | सैद्धान्तिक |
| | | ३१२१०६४ | कार्यक्रम नः८.६.२१.६ मा कम्पाउण्ड निर्माण कार्यको लागि रु.१०,००,०००। बिनियोजन भएकोमा उक्त कार्य शिलवन्दी दरभाउपत्र मार्फत हुनुपर्नेमा तिन ओटा दरभाउपत्र लिई खरिद गरी जम्मा रु.९४६,९५०।०२ भुक्तानी दिएको | सैद्धान्तिक |
| १२ | मत्स्य विकास केन्द्र | ३१२११०३ | कार्यालय प्रमुख लाई सञ्चार महशुल शीर्षकबाट रु.५३,०००। भुक्तानी गरिएकोमा रु.४३,०००। को मात्र बिल पेश भएको देखिएकोले नपुग बिलको रकम रु.१०,०००। निजबाट अशुल गर्नुपर्ने रु.. | १०,०००।- |
| १३ | राष्ट्रिय पन्छी रोग अन्वेषण कार्यालय | धरौटी | सरकारी कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेमा सो नगरेकोले नगद कारोबारलाई निरुत्साहित गरी बैंक मार्फत नै कारोबार गर्नुपर्दछ । | सैद्धान्तिक |
| १४ | राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम | विभिन्न | वार्षिक लक्ष्य रहेकोमा सतप्रतिशत प्रगति भएको र सम्पत्ति तथा सामान खरिद तर्फ ९७.९४ प्रतिशत प्रगति भएको, समयमा अख्तियारी प्राप्त नभएमा चौमासिक कार्य सम्पन्न नभै अन्तिम चौमासिकमा खर्च बढ्न जाने हुंदा समयमै अख्तियारी प्राप्त गर्नुपर्ने, वीमा, नक्सा एवं भौतिक ल्याव परीक्षण गराउने तर्फ निर्माण व्यवसायी तथा कार्यालयले ध्यान दिनुपर्ने, निर्माण तथा सुधार कार्यको लागत अनुमान तयार गर्दा दर विश्लेशण सम्बन्धी कागजात पेश नभएको | सैद्धान्तिक |
| | | विभिन्न | त्रुटी सच्याउने अवधि भन्दा १ महिना पछी सम्मको हुनुपर्नेमा घटी अवधिको भएकोले नियममा व्यबस्था भए अनुसार अवधि कायम गर्नुपर्ने, तोकिएको समयमा कार्य सम्पन्न भएको आधार खुल्न आएन । नियमावलीको व्यबस्था बमोजिम अनिवार्य रुपमा मिति उल्लेख गर्नुपर्ने, तलवी प्रतिवेदन आर्थिक वर्षको अन्तमा मात्र केन्द्रीय कार्यालयबाट प्राप्त भएको, कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत भुक्तानी प्रणाली (TSA) लागू भए पश्चात पनि दायित्व तर्फ रु.३,००,२२४।५२ कार्यालयको वैंक खातामा मौज्दात रहेको, पूँजीगत सामानको सम्पत्ति रजिष्टर तयार गरेकोमा रजिष्टरको पाना सकिएको च्यातिएकोले प्रमाणित बेगर नयाँ सम्पत्ति रजिष्टर खडा गरेको | सैद्धान्तिक |
| | | विभिन्न | दोस्रो चौमासिकसम्म विभिन्न अनुसन्धानात्मक एवं उत्पादन मुलक कार्यक्रमहरुबाट रु.५०,२९,८६९।६५ प्राप्त गरेको, धरौटी स्रेस्ता परीक्षण गर्दा यस आ.व. भरीमा रु.२७,६३,४०५।८२ धरौटी रकम प्राप्त गरेको | सैद्धान्तिक |
| १५ | जैबिक बिबिधता संरक्षण केन्द्र | विभिन्न | जिन्सी सामानको पहिचान संकेत नभएको, गैंडा स्थान्तरणको लागि लागत अनुमान गर्न कठिन हुने अवस्थामा पेश्की उपलब्ध गराएको, कारोबारमा खर्च पुष्ट्याई गर्ने कागजात संलग्न हुनुपर्नेमा तालिम खर्च मध्ये रु.१२,१४०। को पुष्टि गर्ने कागजात संलग्न नरहेको, हरियो वन कार्यक्रमको मूल्य अभिबृद्धि खर्च देखाउन नपाउनेमा देखाएकोले रु.१,९५०। मू.अ.कर फिर्ता गर्नुपर्ने, एक सामुदायीक रेडियो लाई रु.६,०००। भुक्तानी गरेकोमा कर छुटको प्रमाण पत्र तथा प्रसारण प्रमाण पत्र संलग्न नरहेको | सैद्धान्तिक |
| | | विभिन्न | उपभोक्ता समितिलाई किस्ता बापतको रु.६,५०,०००। भुक्तानी भएकोमा Bridger insight watchlist Report संलग्न रहेको नदेखिएको | सैद्धान्तिक |
| | | | जम्मा : | २४११०४२६। |

(जीवनप्रसाद सुवेदी)
**नायब महालेखारीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला विकास समिति | ० | ० | ० | १५९१० | १५९१० |
| २. | जिल्ला जनस्वास्थ्य कार्यालय | १५०६ | १४ | ४ | ८ | १५३२ |
| ३. | वि पि काइराला क्यान्सर अस्पताल | १५५७० | ० | ० | ० | १५५७० |
| ४. | भरतपुर अस्पताल विकास समिति | १७६७ | १०२ | १०१ | २२५८ | ४२२८ |
| ५. | मालपोत कार्यालय | १८७ | ९४१५ | २ | १०१ | ९७०५ |
| ६. | तथ्यांक  कार्यालय | ६० | ० | ० | ० | ० |
| ७. | स्कुल अफ हेल्थ साइन्स | ८०० | ० | ३ | ५ | ८०८ |
| ८. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ९१ | ० | ० | ० | ९१ |
| ९. | सैनिक स्टड फर्म | २४२ | ० | १६ | ० | २५८ |
| १०. | दि फेमस महिन्द्र दल गण | २४४६ | ८ | २९ | ० | २४८३ |
| ११. | वीरेन्द्र वहुमुखी क्याम्पस | ८२५ | ० | ० | ३९६ | १२२१ |
| १२. | परीक्षा नियन्त्रक कार्यालय (कृ.तथा वन वि) | २१४ | ० | ० | ० | २१४ |
| १३. | कृषि तथा पशु विज्ञान अध्ययन सस्थान | ३१३ | ० | ० | ० | ३१३ |
| १४. | स्थानीय विकास कोषको सचिवालय | १५१ | ० | ० | ० | १५१ |
| १५. | कृषि तथा वन विज्ञान विश्वविद्यालय | ३७५६ | ० | ० | ० | ३७५६ |
| १६. | शैक्षिक तालिम केन्द्र | ११३ | ० | ० | ० | ११३ |
| १७. | जिल्ला शिक्षा कार्यालय | १३७७७ | १६४ | १ | ५५ | १३९९७ |
| १८. | आन्तरिक राजश्व कार्यालय | २३५ | १२१३८८ | १२५५ | १२८ | १२३००६ |
| १९. | जिल्ला अदालत | ४१९ | २१५ | ६९७ | २ | १३३३ |
| २०. | प्रविधिक शिक्षा तथा व्यवसायीक परिषद मध्य क्षेत्र क्षेत्रीय कार्यालय | १२२३ | ० | ० | ० | १२२३ |
| २१. | सिंचाई विकास डिभिजन | ९८३ | १ | ६६ | ० | १०५० |
| २२. | जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय | १५८७ | १ | १४७ | ० | १७३५ |
| २३. | नारायणी लिफ्ट, सिंचाई व्यबस्थापन डिभिजन | १०१७ | १ | १९ | ० | १०३७ |
| २४. | भूमिगत जल सिंचाई निर्देशनालय | ३५० | २ | १३ | ० | ३६५ |
| २५. | भूमिगत जल सिंचाई विकास डिभिजन | ४८० | १ | ११ | ६ | ४९८ |
| २६. | जिल्ला कृषि विकास कार्यालय | ५९३ | १ | १० | ४९ | ६५३ |
| २७. | जिल्ला पशु सेवा कार्यालय | ५४३ | ३ | ३ | १८ | ५६७ |
| २८. | राष्ट्रिय मकैवाली अनुसन्धान कार्यक्रम | ८३२ | ६१ | १४ | ० | ९०७ |
| २९. | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ११६ | ६ | ० | ० | १२२ |
| ३०. | डिभिजन सडक कार्यालय | ९७८६ | ५९ | ९८० | २७७३ | १३५९८ |
| ३१. | नारायणघाट मुग्लिङ्ग सडक आयोजना | ७५०७ | ० | २७१ | ० | ७७७८ |
| ३२. | यातायात व्यबस्था सेवा कार्यालय | ३१ | २८४६ | ० | ० | २८७७ |
| ३३. | यान्त्रीक कार्यालय | ५१ | ९ | ११ | ३० | १०१ |
| ३४. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २४९६ | १३ | २४० | १९७ | २९४६ |
| ३५. | शहरी विकास तथा भवन निर्माण विभाग, डि. का | १३७३ | ० | १५३ | ० | १५२६ |
| ३६. | जिल्ला वन कार्यालय | ६२४ | ४७२ | १२२ | १५४२ | २७६० |
| ३७. | चितवन राष्ट्रिय निकुञ्ज | २०८३ | ११६९ | २०८ | ५०१ | ३९६१ |
| ३८. | जिल्ला प्रशासन कार्यालय | १९६ | ९६१ | १७१ | २३६५ | ३६९३ |
| ३९. | जिल्ला कारागार कार्यालय | २५८ | ० | ८ | ३ | २६९ |
| ४०. | जिल्ला प्रहरी कार्यालय | १३२४ | १६ | २० | ३४ | १३९४ |
| ४१. | मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र | ५१३ | ४ | २२ | ० | ५३९ |
| ४२. | सशस्त्र प्रहरी वल गढीमाई गण | २३३१ | ० | ६ | ० | २३३७ |
| ४३. | सशस्त्र प्रहरी विपद् व्यबस्थापन तालिम केन्द्र | ४३० | ० | ३१ | ० | ४६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४. | सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय | १०६१ | ० | २ | ० | १०६३ |
| ४५. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ७५ | ० | ० | ० | ७५ |
| ४६. | इलाका प्रहरी कार्यालय माडी | १६२ | ० | ० | ० | १६२ |
| ४७. | वडा प्रहरी कार्यालय नारायणगढ | ३५२ | ० | ० | ० | ३५२ |
| | **जम्मा** | **८०७८९** | **१३६९३२** | **४६३६** | **२६३८१** | **२४८७३८** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | घरेलु तथा साना उद्योग विकास समिति | १२६ | १८३ | ६ | २ | ३१७ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ४३ | ४ | २ | ० | ४९ |
| ३. | श्री सिंह नाथ गण | २४४१ | ० | २८ | ० | २४६९ |
| ४. | श्री जंग गण | २७१३ | ० | २० | ० | २७३३ |
| ५. | श्री नं २ वन तथा पर्यावरण सुरक्षा गण | १६२१ | ० | २२ | ० | १६४३ |
| ६. | श्री वन तथा पर्यावरण सुरक्षा निर्देशनालय | ५३१ | ० | ७ | ० | ५३८ |
| ७. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १६३ | १ | ३ | ० | १६७ |
| ८. | नापी कार्यालय | १७२ | १०० | १ | ० | २७३ |
| ९. | वकुलर रत्ननगर स्वस्थ्य अस्पताल | १४५ | ० | ५ | ० | १५० |
| १०. | भुकम्प आपत्कालीन सहायता आयोजना | ६ | ० | ० | ० | ६ |
| ११. | जिल्ला निर्वाचन कार्यालय | ४६ | ० | ० | ० | ४६ |
| १२. | जिल्ला नारायणी वेशिन कार्यालय | ९७ | ० | ० | ० | ९७ |
| १३. | वघौडा अस्पताल | ९९ | ० | १ | ० | १०० |
| १४. | सैनिक आवसिय महाविद्यालय | ५१ | ० | ० | ८१७ | ८६८ |
| १५. | अनुसन्धान तथा प्रसार नि. (कृ तथा वन वि) | ५५५ | ० | ० | ० | ५५५ |
| १६. | पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय | ७३७ | ० | ० | ० | ७३७ |
| १७. | कृषि संकाय | ८५७ | ० | ० | ० | ८५७ |
| १८. | २ नं. विपद व्यवस्थापन गण | १९२ | १ | २२ | ० | २१५ |
| १९. | जिल्ला प्राविधिक कार्यालय | २१७ | १ | ११ | ० | २२९ |
| २०. | सशस्त्र वर रक्षक तालिम केन्द्र | १५७ | ० | ६ | ० | १६३ |
| २१. | जैबिक बिबिधता संरक्षण केन्द्र | ० | ० | ० | २९७ | २९७ |
| २२. | भूमिगत जलश्रोत विकास समिति | १७६ | ० | २३ | १ | २०० |
| २३. | सिंचाई व्यबस्थापन निर्देशनालय | ७९ | ० | ० | ० | ७९ |
| २४. | राष्ट्रिय पन्छी रोग अन्वेषण कार्यालय | ८६ | ० | ० | ६ | ९२ |
| २५. | राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम | ६०२ | ० | ३६ | ० | ६३८ |
| २६. | मौरीपालन विकास कार्यालय | २०६ | १ | ४ | ० | २११ |
| २७. | मत्स्य विकास केन्द्र | १६८ | ३१ | ६ | ० | २०५ |
| २८. | किम्वु नर्सरी व्यबस्थापन केन्द्र | १८२ | २३ | ३ | ० | २०८ |
| २९. | इलाका प्रहरी कार्यालय गितानगर | ११० | ० | ० | ० | ११० |
| ३०. | इलाका प्रहरी कार्यालय भण्डारा | ९३ | ० | ० | ० | ९३ |
| ३१. | इलाका प्रहरी कार्यालय खैरहनी | १४२ | ० | ० | ० | १४२ |
| ३२. | इलाका प्रहरी कार्यालय टाँडी | ३०४ | ० | ० | ० | ३०४ |
| ३३. | इलाका प्रहरी कार्यालय मुग्लिङ्ग | १३५ | ० | ० | ० | १३५ |
| ३४. | इलाका प्रशासन कार्यालय माडी | ९ | ० | ० | ० | ९ |
| ३५. | जिल्ला ट्राफिक कार्यालय चितवन | ० | २९७ | ० | ० | २९७ |
| ३६. | जुनियर प्रहरी अधिकृत शिक्षालय | ६८७ | ० | ४ | ० | ६९१ |
| ३७. | महिला तथा वालवालीका कार्यालय | २३५ | ० | ० | ० | २३५ |
| ३८. | जिल्ला हुलाक कार्यालय | ३४५ | ७५ | ९ | ० | ४२९ |
| | **जम्मा** | **१४५२८** | **७१७** | **२१९** | **११२३** | **१६५८७** |
| | **कूल जम्मा** | **९५३१७** | **१३७६४९** | **४८५५** | **२७५०४** | **२६५३२५** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला अदालत | ८ | ७८ | ३ | ७२ | ५ | ४ | २ | ० | ६ | ० | ० | ० |
| २ | आन्तरिक राजश्व कार्यालय | ५८ | १६४४३९ | ३६ | ० | २२ | १६४४३९ | ० | ० | १६४४३९ | ० | ० | ० |
| ३ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ४ | ६४ | ० | ० | ४ | ० | ६४ | ० | ६४ | ० | ० | ० |
| ४ | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान (त्रि.वि) | १० | ५३०१ | १ | ० | ९ | ८ | ५२९३ | ० | ५३०१ | ० | ० | ० |
| ५ | कृषि तथा वन विज्ञान विश्व विद्यालय | ४० | ५७३ | २५ | ५२० | १५ | ११ | १०८२ | ० | १०९३ | ० | ० | ० |
| ६ | वीरेन्द्र वहुमुखी क्याम्पस | १५ | १६६० | ६ | १२०५ | ९ | ० | २८६५ | ० | २८६५ | ० | ० | ० |
| ७ | जिल्ला विकास समिति | ७३ | ४१६०७ | २८ | ० | ४५ | ४७१ | १६६२६ | २४५१० | ४१६०७ | ० | ० | ० |
| ८ | जिल्ला शिक्षा कार्यालय | ११ | १०३९५६ | ३ | ७०६ | ८ | ७०६ | १०३२५० | ० | १०३२५० | २७९ | ० | २७९ |
| ९ | शैक्षिक तालिम केन्द्र | ६ | ३७ | २ | ० | ४ | ३७ | ० | ० | ३७ | ० | ० | ० |
| १० | जिल्ला जनस्वास्थ्य कार्यालय | ४२ | ४,४३७ | २८ | ० | १४ | ९६ | ३७५५ | ५८६ | ४४३७ | ० | ० | ० |
| ११ | स्थानीय विकास कोषको सचिवालय | ३ | सैद्धान्तिक | १ | ० | २ | ० | ० | ० | ० | १० | ० | १० |
| १२ | स्कुल अफ हेल्थ साइन्स | ८ | सैद्धान्तिक | ५ | ० | ३ | ० | ० | ० | ० | २९ | ० | २९ |
| १३ | मालपोत कार्यालय | २२ | ९९९ | ७ | ३४ | १५ | ९४९ | १६ | ० | ९६५ | १६ | ० | १६ |
| १४ | भरतपुर अस्पताल विकास समिति | २२ | ७३५८ | ३ | ० | १९ | ४१०९ | २७६५ | ४८४ | ७३५८ | ० | ० | ० |
| १५ | विपि कोईराला क्यान्सर अस्पताल | ५८ | २५२०७ | २९ | ० | २९ | २२१३५ | १३२९ | १७४३ | २५२०७ | ० | ० | ० |
| १६ | जिल्ला प्राविधिक कार्यालय | ६ | सैद्धान्तिक | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० |
| १७ | सैनिक आवसिय माहाविद्यालय | ५ | सैद्धान्तिक | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | बघौडा अस्पताल | ५ | सैद्धान्तिक | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| १९ | कृषि तथा वन विज्ञान विश्व विद्यालय, कृषि संकाय | २२ | २७९० | १० | ० | १२ | ० | २७९० | ० | २७९० | ० | ० | ० |
| २० | ,, ,, ,, अनुसन्धान तथा प्रसार निर्देशनालय | २२ | ३५६ | १० | ० | १२ | ५ | ३५१ | ० | ३५६ | ० | ० | ० |
| २१ | ,, ,, ,, पशु चिकित्सा तथा मत्स्य विकास संकाय | ३१ | ७३९६ | २० | ० | ११ | ६९ | ७३२७ | ० | ७३९६ | ० | ० | ० |
| २२ | ,, ,, ,, परीक्षा नियन्त्रक कार्यालय | २५ | १०६ | १६ | ० | ९ | १४ | ९२ | ० | १०६ | ० | ० | ० |
| २३ | सिंचाई विकास डिभिजन | ११ | १११६५ | १ | ४ | १० | ० | ४४७२ | ६६८९ | १११६१ | ० | ४ | ४ |
| २४ | जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय | ११ | ११०७७ | ३ | ० | ८ | ० | ५४७७ | ५६०० | ११०७७ | ० | ० | ० |
| २५ | नारायणी लिफ्ट, खगेरी सिंचाई व्यबस्थापन डिभिजन | १५ | ३६९० | ६ | ० | ९ | १०७ | ३५८३ | ० | ३६९० | ० | ० | ० |
| २६ | भूमिगत जल सिंचाई निर्देशनालय | १२ | ४७० | ० | ० | १२ | २ | ४६८ | ० | ४७० | ० | ० | ० |
| २७ | भूमिगत जल सिंचाई विकास डिभिजन | ११ | २२०६ | ३ | ० | ८ | ० | २२०६ | ० | २२०६ | ६ | ० | ६ |
| २८ | जिल्ला कृषि विकास कार्यालय | १८ | १११२ | १ | ० | १७ | ७३ | १०३९ | ० | १११२ | ० | ० | ० |
| २९ | जिल्ला पशु सेवा कार्यालय | २८ | ४१३१ | १४ | २७६ | १४ | ० | ८५५ | ३००० | ३८५५ | ० | २ | २ |
| ३० | राष्ट्रिय मकैवाली अनुसन्धान कार्यक्रम | २९ | १०० | १४ | ० | १५ | १०० | ० | ० | १०० | १ | ० | १ |
| ३१ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ८ | सैद्धान्तिक | ३ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ३२ | डिभिजन सडक कार्यालय | ८५ | २१३९६६ | ४८ | ४३९७ | ३७ | १३५५७ | २३२३१ | १७२७८१ | २०९५६९ | ० | ० | ० |

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| ३३ | नारायणघाट मुग्लिङ्ग सडक आयोजना | ३२ | १६७६३४ | १९ | ० | १३ | ११५ | ४३१३३ | १२४३८६ | १६७६३४ | ० | ० | ० |
| ३४ | यातायात व्यबस्था सेवा कार्यालय | ८ | सैद्धान्तिक | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ३५ | यान्त्रीक कार्यालय | १० | सैद्धान्तिक | ६ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ३६ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३६ | १२५६५ | २ | ० | ३४ | ११२४ | ११३२१ | १२० | १२५६५ | - | - | ० |
| ३७ | शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन | १८ | ९२८६ | २ | ० | १६ | २७६ | ५४६ | ८४६४ | ९२८६ | २ | ० | २ |
| ३८ | जिल्ला वन कार्यालय | ३१ | ११४१ | ५ | ० | २६ | ४१ | ० | ११०० | ११४१ | २ | ० | २ |
| ३९ | चितवन राष्ट्रिय निकुञ्ज | ३६ | १२२७८ | ७ | ० | २९ | १४७१ | १७७१ | ९०३६ | १२२७८ | ० | ० | ० |
| ४० | जिल्ला प्रशासन कार्यालय | १५ | २० | ९ | ० | ६ | २० | ० | ० | २० | ० | ० | ० |
| ४१ | जिल्ला कारागार कार्यालय | ५ | २२ | ३ | ० | २ | ० | २२ | ० | २२ | ० | ० | ० |
| ४२ | जिल्ला प्रहरी कार्यालय | १५ | ५२४२ | ६ | ० | ९ | ३१ | ० | ५२११ | ५२४२ | ० | ० | ० |
| ४३ | मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र | ६ | सैद्धान्तिक | १ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ४४ | सशस्त्र प्रहरी वल गढीमाई गण | ६ | सैद्धान्तिक | २ | ० | ४ | ० | ० | ० | ० | ५२ | ० | ५२ |
| ४५ | सशस्त्र प्रहरी विपद् व्यबस्थापन तालिम केन्द्र | ८ | २८ | २ | ० | ६ | ० | २८ | ० | २८ | ३६ | ० | ३६ |
| ४६ | सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय | ५ | सैद्धान्तिक | १ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ४७ | सशस्त्र वर रक्षक तालिम केन्द्र | ३ | १४१४ | ० | ० | ३ | ० | १४ | १४०० | १४१४ | ० | ० | ० |
| ४८ | इलाका प्रहरी कार्यालय गितानगर | ८ | सैद्धान्तिक | ५ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ४९ | सिंचाई व्यबस्थापन निर्देशनालय | १ | सैद्धान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ५० | महिला तथा वालवालिका कार्यालय | ७ | सैद्धान्तिक | ६ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ५१ | मत्स्य विकास केन्द्र | १ | १० | ० | ० | १ | १० | ० | ० | १० | ० | ० | ० |
| ५२ | जुनियर प्रहरी अधिकृत शिक्षालय | १ | १२१४६ | ० | ० | १ | ० | ० | १२१४६ | १२१४६ | ० | ० | ० |
| ५३ | किम्वु नर्सरी व्यबस्थापन केन्द्र | २ | सैद्धान्तिक | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ५४ | जैबिक बिबिधता संरक्षण केन्द्र | ६ | सैद्धान्तिक | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ५५ | राष्ट्रिय पन्छी रोग अन्वेषण कार्यालय | १ | सैद्धान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ५६ | राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम | १४ | सैद्धान्तिक | ९ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **९९९** | **८३६०६७** | **४२३** | **७२१४** | **५७६** | **२०९२७४** | **२४५७७३** | **३७७२५६** | **८३२३०३** | **४३३** | **६** | **४३९** |

द्रष्टव्यः ** बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगति दुवैको जम्मा संख्या समावेश छ।*

** प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्यौंट एवं समायोजन गरी अनुसुचिमा बाँकी दफा कायम गरिएको छ।*

अनुसूची ३

# जिल्ला विकास समितिको एकिकृत आय व्यय विवरण

| आय शीर्षक | रकम | व्यय शीर्षक | रकम |
|---|---|---|---|
| क) शुरु बैक मौज्दात | | क) चालु खर्च | |
| १) बाह्य अन्य स्रोत (भारतीय दुतावास) | २०४८९०८२.८ | १) केन्द्रीय विनियोजन | ४२९७८८२१४.१ |
| २) बिषेश कोषहरु | ६०४७३५६.१४ | २) बाह्य अन्य स्रोत (भारतीय दुतावास) | ११७१५७०४५ |
| ३) राजश्व बांडफांड | १५१२३०७८.४१ | ३) बिषेश कोषहरु | ३७९९१३८ |
| ४) आन्तरिक आयः कर शुल्क, दस्तुर, बिक्रि | १४००१९९५.८४ | ४) आन्तरिक आयः कर शुल्क, दस्तुर, बिक्रि | ११९७५६९० |
| ख) धरौटी | ४१११४४७.५१ | ५) अन्य आय /कन्टेन्जेन्सी | ० |
| शुरु बैक मौज्दात जम्मा | ५९७७२९६०.७ | **जम्मा खर्च** | **५६२७२००८७** |
| ग) निकासा | | ख) पुंजीगत खर्च | |
| १) केन्द्रीय विनियोजन | ५८५५४५१७९.१ | १) केन्द्रीय विनियोजन | १५६६२३२७६ |
| २) बाह्य अन्य स्रोत (भारतीय दुतावास) | १५८३९०४५४ | २) बाह्य अन्य स्रोत (भारतीय दुतावास) | ११६४४८०६ |
| ३) बिषेश कोषहरु | ५०९१०११.४१ | ३) राजश्व बांडफांड | ३४१८१७७५ |
| ४) राजश्व बांडफांड | २०४४११७० | ४) आन्तरिक आयः कर शुल्क, दस्तुर, बिक्रि | ६४६००० |
| ५) आन्तरिक आयः कर शुल्क, दस्तुर, बिक्रि | ३६६७९७४१.३५ | **जम्मा पुजीगत खर्च** | **२०३०९५८५७** |
| ६) अन्य आय /कन्टेन्जेन्सी | ० | **कुल चालु र पूजींगत खर्च (खुद र पेश्की)** | **७६५८१५९४४** |
| घ) धरौटी | ५२०९९९८.२ | ग) धरौटी | ३९४६३३२.२ |
| निकासा | ८११३५७५५४.१ | घ) बैक मौज्दात बांकी | **१०१३६८२३८** |
| | | १) बाह्य अन्य स्रोत (भारतीय दुतावास) | ४९२११३७४.८ |
| | | २) बिषेश कोषहरु | ७३३९२२९.५५ |
| | | ३) राजश्व बांडफांड | १६७०३४७३.४१ |
| | | ४) आन्तरिक आयः कर शुल्क, दस्तुर, बिक्रि | २२७३९०४७.१९ |
| | | ५) धरौटी | ५३७५११३.५१ |
| **कुल जम्मा** | **८७११३०५१५** | **कुल जम्मा** | **८७११३०५१५** |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि नं | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | जिल्ला अदालत | श्री गेहेन्द्र राज पन्त | श्री शिवलाल भट्टराई |
| २. | आन्तरिक राजश्व कार्यालय | श्री टिकाराम भुषाल | श्री विरेन्द्र प्रसाद घिमिरे |
| ३. | भरतपुर अस्पताल विकास समिति | श्री रुद्र प्रसाद मरासिनी | श्री हरीहर तिवारी |
| ४. | वीरेन्द्र बहुमुखी क्याम्पस | श्री केशव भक्त सापकोटा | श्री हरीहर रेग्मी |
| ५. | बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल | श्री चिन वहादुर पुन | श्री पिताम्वर उपाध्याय |
| ६. | परीक्षा नियन्त्रण कार्यालय ( कृ.तथा व. वि) | श्री जगत लाल यादव | श्री ज्ञानेन्द्रेशवर पौडेल |
| ७. | जिल्ला विकास समिति | श्री श्रवण कुमार पोखरेल | श्री शरद चन्द्र शर्मा भट्टराई |
| ८. | जिल्ला जनस्वस्थ्य कार्यालय | श्री मधुसुदन कोइराला | श्री मदन गौतम |
| ९. | कृषि तथा वन विश्वविद्यालय केन्द्रीय कार्यालय | श्री मनराज कोलाक्षपति | श्री विष्णु देवान |
| १०. | मालपोत कार्यालय | श्री टंक प्रसाद उपाध्याय | श्री चुडामणी पौडेल |
| ११. | कृषि तथा पशु विज्ञान अध्ययन सस्थान (त्रि.वि) | श्री श्याम सुन्दर पन्त | श्रीसन्तराम दराइ |
| १२. | शैक्षिक तालिम केन्द्र | श्री हिम शर्मा पौडेल | श्री रामकृष्ण पौडेल |
| १३. | स्कुल अफ हेल्थ साइन्स (सिटिभिटी) | श्री अच्युत राज दाहाल | श्री रामहरी खनाल |
| १४. | जिल्ला शिक्षा कार्यालय | श्री गोविन्द प्रसाद अर्याल | श्री धर्मभक्त वस्याल |
| १५. | स्थानीय विकास कोषको सचिवालय | श्री अरुण कुमार पोखरेल | श्री शरद चन्द्र शर्मा भट्टराई |
| १६. | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री शिव प्रसाद पन्थी | श्री वासु राज विष्ट |
| १७. | कृषि तथा वन विज्ञान विश्व विद्यालय, कृषि संकाय | श्री डिल्लीराम बराल | श्री भिम सापकोटा |
| १८. | पशु विज्ञान, पशु चिकित्सा र मत्यस विज्ञान संकाय | श्री इश्वरचन्द्र प्रकास तिवारी | श्री लिलाधर पौडेल |
| १९. | अनुसन्धान तथा प्रसार निर्देशनालय | प्रा.डा. श्री नवराज देवकोटा | श्री ज्ञानेन्द्रश्वर पौडेल |
| २०. | सैनिक आवसीय महाविद्यालय | श्री शशीकुमार कार्की | श्री नारायण बहादुर कार्की |
| २१. | बच्चौडा अस्पताल | श्री तेजमणी महत्तो | श्री मदन गौतम |
| २२. | जिल्ला प्राविधिक कार्यालय | श्री संजिव श्रेष्ठ | श्री उमाकान्त गौतम |
| २३. | सिंचाई विकास डिभिजन | श्री रोशन कुमार प्रधान | श्री हरिशचन्द्र अर्याल |
| २४. | जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय | श्री कृष्णराज पाठक | श्री राजेन्द्र दराई |
| २५. | नारायणी लिफ्ट, खगेरी सिंचाई व्यबस्थापन डिभिजन | श्री खेम वहादुर पाठक | श्री हिम वहादुर के.सी. |
| २६. | भूमिगत जल सिंचाई निर्देशनालय | श्री दिपक घिमिरे | श्री बिष्णु प्रसाद भुसाल |
| २७. | भूमिगत जल सिंचाई विकास डिभिजन | श्री राजेन्द्र न्यौपाने | श्री लक्ष्मण अधिकारी |
| २८. | जिल्ला कृषि विकास कार्यालय | श्री सोमनाथ घिमिरे | श्री रामभक्त रानाभाट |
| २९. | जिल्ला पशु सेवा कार्यालय | श्री रामकुमार कार्की | श्री यदुनाथ ढकाल |
| ३०. | राष्ट्रिय मकैवाली अनुसन्धान कार्यक्रम | श्री गोबिन्द के.सी. | श्री बिनोदचन्द्र अधिकारी |
| ३१. | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | श्री भिम प्रसाद तिवारी | श्री मंगलराम दराई |
| ३२. | डिभिजन सडक कार्यालय | श्री मुकुन्द राज अधिकारी | श्री कृष्ण बहादुर अधिकारी |
| ३३. | नारायणघाट मुग्लिङ्ग सडक आयोजना | श्री चन्द्र नारायण यादव | श्री हरेन्द्र कुमार श्रेष्ठ |
| ३४. | यातायात व्यवस्था सेवा कार्यालय | श्री देवी प्रसाद आचार्य | श्री वद्रीनाथ सापकोटा |
| ३५. | यान्त्रीक कार्यालय | श्री नगेन्द्र बहादुर थापा | श्री कृष्ण प्रसाद आचार्य |
| ३६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री चक्रपाणी शर्मा आचार्य | श्री रिठ्ठे दर्जि |
| ३७. | शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय | श्री शरद कुमार मानन्धर | श्री हेम प्रसाद सिलवाल |
| ३८. | जिल्ला वन कार्यालय | श्री गणेश राय | श्री नारायण प्रसाद लम्साल |
| ३९. | चितवन राष्ट्रिय निकुञ्ज | श्री रामचन्द्र कंडेल | श्री आनन्द शर्मा |
| ४०. | जिल्ला प्रशासन कार्यालय | श्री बिनोद प्रकाश सिंह | श्री उमाकान्त गौतम |
| ४१. | जिल्ला कारागार कार्यालय | श्री कमल प्रसाद काफ्ले | श्री भिष्मकान्त अधिकारी |
| ४२. | जिल्ला प्रहरी कार्यालय | श्री बसन्त बहादुर कुँवर | श्री रामसिंह पुजारा |
| ४३. | मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र | श्री रमेश खरेल | श्री उत्तम प्रसाद पौडेल |
| ४४. | सशस्त्र प्रहरी वल गढीमाई गण | श्री कुमार न्यौपाने | श्री मनोज गुरुङ्ग |
| ४५. | सशस्त्र प्रहरी विपद् व्यबस्थापन तालिम केन्द्र | श्री राजुराज सुवार | श्री जगदिश्वर कार्की |
| ४६. | सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय | श्री बिदुर खड्का | श्री बिकास शर्मा |
| ४७. | सिंचाई व्यबस्थापन निर्देशनालय | श्री नियाज जासिर | श्री होम नाथ पौडेल |
| ४८. | किम्वु नर्सरी व्यबस्थापन केन्द्र | श्री परशुराम अधिकारी | श्री चिन्तामणी शर्मा |
| ४९. | मत्स्य बिकास केन्द्र | श्री भागवत प्रसाद | श्री श्याम थापा बिजय |
| ५०. | राष्ट्रिय पन्छीरोग अन्वेशण | श्री पुरुषोत्तम प्रसाद त्रिपाठी | श्री फणिन्द्र खनाल |

| सि नं | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| ५१. | राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम | श्री माधव प्रसाद आचार्य | श्री लक्ष्मी देवी पराजुली |
| ५२. | जुनियर प्रहरी अधिकृत शिक्षालय | श्री रमेश प्रसाद खरेल | श्री उत्तम प्रसाद पौडेल |
| ५३. | इलाका प्रहरी कार्यालय गितानगर | श्री बद्री पाण्डे | श्री दिनेश पराजुली |
| ५४. | शसस्त्र वन रक्षक तालिम केन्द्र | श्री धन व. थापा | श्री माधव प्र. उप्रेती |
| ५५. | महिला तथा वालवालिका कार्यालय | श्री शान्ता कुमारी पौडेल | श्री नोड व.के.सी. |
| ५६. | जैविक बिबिधता संरक्षण केन्द्र | श्री चिरन्जिवी प्रसाद पोखेल | श्री राजु चौधरी |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np